अभिलेख
ABHILEKHA

वर्ष ३८ २०७७ पूर्णाङ्क ३८

राष्ट्रिय अभिलेखालय

रामशाहपथ, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिलेख
ABHILEKHA

वर्ष ३८ ✿ २०७७ ✿ पूर्णाङ्क ३८

प्रधान सम्पादक
सौभाग्य प्रधानाङ्ग

सम्पादक
राजु रिमाल
मनिता न्यौपाने
रज्जु हाडा

दुई शब्द

राष्ट्रिय अभिलेखालय अभिलेख भण्डारण गर्ने मुख्य थलो हो । दैनिक प्रशासन सञ्चालनका क्रममा सिर्जना भएका राष्ट्रिय महत्त्वका कागजातहरू संरक्षण तथा व्यवस्थापन गर्नका लागि कानुनी अधिकार प्राप्त यो निकाय देशकै एकमात्र कार्यालय हो । यहाँ संरक्षण गरिएका हरेक सामग्री अध्येता, अनुसन्धानका लागि अत्यन्तै महत्त्वपूर्ण छन् । पुर्खाले हस्तान्तरण गरेका यी ज्ञान राशीलाई जस्ताको तस्तै भावी पुस्तालाई हस्तान्तरण गर्नु हाम्रो दायित्व वा कर्तव्य हो ।

खोज तथा अनुसन्धानबाट नयाँ नयाँ तथ्यहरू पत्ता लाग्ने हुनाले अनुसन्धान निरन्तर चलिरहनु आवश्यक छ । अभिलेखको सुरक्षा, यसको चिनारी तथा यसको प्रचारप्रसार गर्ने उद्देश्यका साथ अभिलेख पत्रिका प्रकाशन गरिदै आएको छ । विगतका वर्षहरूमा झैं यो वर्ष पनि शिलालेख, ताम्रपत्र, हस्तलिखित ग्रन्थ आदिमा रहेका ज्ञानराशिलाई पाठक समक्ष पुर्‍याउन अनुसन्धानमूलक लेखहरूलाई प्राथमिकता दिई यो पत्रिकाको नयाँ अंक प्रकाशन गरिएको छ । यस अंकमा छापिएका लेखहरूले देशको अभिलेख खोजी गर्ने अथवा भनौ अध्ययन, अन्वेषण गर्ने विद्‌वानहरूका अतिरिक्त अभिलेखालयका बारेमा चासो राख्ने सबैलाई सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अघिल्लो वर्ष झैं यो वर्ष पनि कोभिड महामारीको दोस्रो लहरबाट विश्व नै आक्रान्त बनिरहेको छ । जसले गर्दा मानवीय जीवनयापनमै संकट देखा परेको छ । यसको प्रकोपका कारण अस्वस्थ भई घर तथा अस्पतालमा रहनु भएका सबैमा शीघ्र स्वास्थ्यलाभको कामनाको साथै मृतकहरू सबैमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

अन्त्यमा, यस अंकमा आफ्ना लेखहरू दिई पत्रिका प्रकाशनको निरन्तरताका लागि सहयोग गर्नुहुने विद्‌वान तथा विदुषीहरूमा हृदयदेखि नै आभार प्रकट गर्दछु । यस कार्यमा सहयोग पुर्‍याउनु हुने सहकर्मी साथीहरूमा धन्यवाद व्यक्त गर्न चाहन्छु । यसलाई स्तरिय र अझ उपयोगी बनाउन प्रयास गर्दा गर्दै पनि कतिपय त्रुटि भएका हुन सक्छन् । हामीले नचाहेर पनि सम्पादनका क्रममा भएका त्रुटिहरू औंल्याइं रचनात्मक सुझाव दिनुहुनेछ भन्ने आशा लिएको छु ।

सौभाग्य प्रधानाङ्ग
निमित्त महानिर्देशक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशक : राष्ट्रिय अभिलेखालय
फोन नं. : ०१- ४२००८५६, ४२००८४५, ४२००८४६
Website : narchives.gov.np
E-mail: mail@narchives.gov.np
प्रकाशन मिति : वि. सं. २०७७
प्रकाशित प्रति : ५००
मूल्य रु. : १००/-
मुद्रक : कोशी प्रिन्टिङ्ग प्रेस, बबरमहल, काठमाडौं
फोन नं. : ४२२५६९६, ४२५१८३३

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय-सूची

विषय	लेखक	पृष्ठ संख्या

मरुटोलको एउटा उपेक्षित शिलापत्र

- डा. महेशराज पन्त १

मन्थलीमा भेट्टिएका महेश्वर र लिच्छविकालीन मुद्रा

- प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठ..........................१३

श्री श्री श्री वीरशमशेरको रुक्का

- डा. भूपहरि पौडेल.......................................२३

ऐतिहासिक चिठीपत्रहरूमा देखिएको प्यूठानको सामरिक महत्त्व

- डा.महेश कुमार आचार्य.........................२९

जिह्वाशोधनविधि:
(शिशुको वाक्शुद्धि, वाक्पटुता, सुकवित्व र पाण्डित्य सिद्धिका लागि गरिने जिह्वाशोधनविधि)

- डा. छत्रपति दाहाल.....................................४४

फस्कुस्थित चट्टान लिच्छवि र अन्य अभिलेखहरू

- प्रकाश दर्नाल..५५

रानीपोखरीको सत्यतथ्य आधार

- श्यामसुन्दर राजवंशी.............................७२

तेन्युर ग्रन्थमालामा उल्लेखित नेपाली लेखक तथा अनुवादकहरूको संक्षिप्त विवरण

- पुण्य प्रसाद पराजुली................................१०१

काठमाडौ उपत्यकास्थित मन्दिरहरूका शिलालेखहरूको लगत अध्ययन ....

- निरणकुमार राजवंशी...............................१०६

गोर्षा भाषा प्रकाशन समितिको ऐतिहासिक पक्ष

- रमेशजङ्ग सिजापति..........................१३९

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रतापसिंह शाहले आफ्ना भाइ बहादुर शाहलाई लेखेका केही पत्र

- मनिता न्यौपाने................................१५२

राष्ट्रिय अभिलेखालयमा भएका तिब्बती ग्रन्थहरूको विवरण

- कल्पना पराजुली..............................१६३

कौसी तोषाखानाबाट प्राप्त लालमोहर १६८

आर्थिक वर्ष २०७६/०७७ को वार्षिक गतिविधि १८८

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मरुटोलको एउटा उपेक्षित शिलापत्र

– डा. महेशराज पन्त*

उदाहार

१. काठमाडौँ मरुटोलमा दशावतार देखाउने देवल भनी प्रसिद्ध, छाने शैलीको त्रैलोक्यमोहन मन्दिरको ठीक पछाडि एउटा ढुङ्गे मन्दिर छ । वि.सं. २०७२ को महाभूकम्पमा पनि नभत्केको यो मन्दिर काष्ठमण्डपको मोहडाबाट पूर्वतिर सडक काटेपछि लगत्तै आउँछ । हनूमान्ढोकादरबार र त्यसको सेरोफेरोको विषयमा लेख्दा र त्यताका अभिलेखका पाठ छपाई अलग्ग पुस्तक छपाउँदा पनि गौतमवज्र वज्राचार्य (२०३३)ले न यस मन्दिरको विषयमा लेखेका छन् न यहाँको शिलापत्र नै छपाएका छन् । हुन त गौतमवज्र वज्राचार्यको त्यो पुस्तक छापिनुभन्दा झण्डै साढे सात वर्षअगाडि नै आफ्नो वंशावली प्रकाश गर्दा लवबहादुर प्रधान "कपिल"ले यस मन्दिरको र यहाँको शिलापत्रको चर्चा गरी (२०२५: i) यसको पाठ दिए पनि त्यो पाठ धेरै ठाउँमा मूलअनुसारको नभई अर्थ बुझ्न निकै हम्मे हम्मे पर्छ (उहीः क-ग) । त्यसैले यस शिलापत्रको मूलपाठ, उल्था र यसको विषयमा जानेबुझेसम्मको कुरा तल लेखिएको छ ।

२. यस शिलापत्रअनुसार यस शिवालयको स्थापना विमलेश्वरले गरेका हुन् । यिनलाई संस्कृत खण्डमा पद्यमा **विमलेश्वर** (शिलापत्रका ३,४,६,८,९ पङ्क्ति) र गद्यमा **विमलेश्वरदास** (१५ पङ्क्ति) तथा नेवारी खण्डमा **विमलेश्वर भारो** (३१ पङ्क्ति) लेखिएको छ । विमलेश्वरका बाबुको नाउँ **योगेश्वर** (४,५ पङ्क्ति), आमाको नाउँ **कौशल्या** (३ पङ्क्ति), एक जना भाइको नाउँ **बाहादुर** (६ पङ्क्ति), अर्को भाइको नाउँ **चक्रसिंह** (७ पङ्क्ति) र पत्नीको नाउँ **लक्ष्मी** (८ पङ्क्ति) भनी लेख्नुभन्दा बढी यिनको कुलको विषयमा यस शिलापत्रमा केही छैन । विमलेश्वरको ठेगाना खुलाउँदा **श्रीयग्लभूमिमा** (काठमाडौँ शहरको दक्षिणी भागमा) **रहेको मण्डपेरकमा** (मरुटोलमा), **बाटेको उत्तरपट्टि रहेको घरमा बस्ने** (१४-१५ पङ्क्तिबाट उल्था) भनी लेखिएकोले उनले जहाँ मन्दिर बनाए, त्यसकै आसपासमा उनको घरवास भएको बुझिन्छ ।

३. विमलेश्वरका बाबु योगेश्वरको विषयमा लेख्दा **दरिलो योगले युक्त उहाँ योगेश्वरले पहिले जुन कठिन तपस्या गर्नुभयो, त्यसैबाट लक्ष्मी रुचि र धैर्यले युक्त, सुशील विमलेश्वर भन्ने छोरा जन्मे** (५-६ पङ्क्तिबाट उल्था) भनी यहाँ लेखिएकोले योगेश्वर आध्यात्मिक प्रकृतिका देखिन्छन् ।

*संशोधनमण्डलमा आबद्ध हुनुहुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४. **पृथ्वीका इन्द्र भूपालेन्द्रको चरणकमलको सेवामा लागेका** (२ पङ्क्तिबाट उल्था), **नाना देशमा बस्ने मन्त्रीहरूको गणना गर्ने वेलामा अगाडि गनिने** (३ पङ्क्तिबाट उल्था), **राजाका मन्त्री** (४ पङ्क्तिबाट उल्था), **भाइहरूसँगै राजाको सेवामा लागेका** (४ पङ्क्तिबाट उल्था) भनी विमलेश्वरलाई यस शिलापत्रमा लेखिएकोले काठमाडौँका राजा भूपालेन्द्र मल्ल (वि.सं. १७३६-१७५७, राज्यकाल वि.सं. १७४४-१७५७)का यिनी मन्त्री भन्ने देखिए पनि अरू तात्कालिक लेखमा खुद यिनको, यिनका बाबु र भाइहरूको चर्चा अन्त आएको मैले देखेको छैन । इत्यादि कारणले गर्दा यिनी चौतारा अर्थात् प्रधानमन्त्री त अवश्यै भएनन् भनी ठोकेर भन्न सकिन्छ । विमलेश्वरको यस्तो बयान पढ्दा यो शिलापत्रभन्दा १३६ वर्षअगाडिको अभिलेखमा कुसुमराज भन्ने ज्योतिषीको विषयमा **वीर राजा श्रीश्रीनरेन्द्र मल्लका अत्यन्त पत्यारिला, मन्त्री, सल्लाह दिनमा सिपालु** भन्ने लेखी उनलाई नरेन्द्र मल्ल किंवा अमर मल्ल (वि.सं. ?-१६१७, राज्यकाल १५८६-१६१७)का मन्त्री भनी बयान गरेको कुराको सम्झना आउँछ (महेशराज पन्त २०३४:७३) । कुसुमराजको विषयमा लेख्दा **अहिलेको अर्थमा उनी खास मन्त्री नभई राजालाई सल्लाह दिन सक्ने हैसियतका मान्छे देखिन्छन्** (उही २०६९ क:१४७) भनी मैले लेखेको कुरा यी विमलेश्वरको हकमा पनि लागू हुने देखिन्छ ।

५. लवबहादुर प्रधान "कपिल"ले प्रकाश गरेको हुर्छें प्रधानहरूको वंशावली (२०२५:२१, र) मा विमलेश्वरका बाबु र उनका दाजुभाइहरूको नाउँ दिइए पनि यस शिलापत्रमा दिइएका नाउँसँग ती नाउँ मेल खाँदैनन् । खुलाएर भन्दा, शिलापत्रअनुसार विमलेश्वरका बाबुको नाउँ **योगेश्वर** हो त त्यस वंशावलीअनुसार भने **नारायण** ।[1] यसै गरी, शिलापत्रमा उनका दुइ जना भाइ **बाहादुर** र **चक्रसिंह**को नाउँ लिइएकोमा त्यस वंशावलीमा भने विमलेश्वरका तीन जना दाजु, अनि खुद विमलेश्वर र उनका एक जना भाइसमेत पाँच भाइको नाउँ लिइएको छ, शिलापत्रमा नाउँ काढिएका भाइहरूको भने चर्चै छैन ।

५.१. यही वंशले बनाएको भनी प्रख्यात, नाउँ पनि उस्तै उस्तै भएको, अर्को शिवालय पनि त्यतैतिर छ । खुलाएर भन्दा, वि.सं. २०७२ को महाभूकम्प जानुभन्दा अगाडिसम्म काष्ठमण्डपको उत्तर-पश्चिममा, मरुहिटीतर्फबाट आउँदा उकालो काटेपछि दायाँपट्टि त्यो मन्दिर साबूत थियो । भैँचालोले हनूमान्ढोकादरबारवरिपरि भत्केका मन्दिरका काष्ठकलाकृतिको विषयमा खोजीनिधी गर्ने सिलसिलामा मुकुन्दराज अर्याल र शुक्रसागर श्रेष्ठले त्यस मन्दिरको विषयमा लेख्दा **चक्रसिंह**ले आफ्ना बाबु **विश्वेश्वर** र काका **विमलेश्वर**को नाउँमा यो मन्दिर बनाएका हुन् भनी लेखेका छन् (२०७३:बी/के १९६) । अहिले प्रकाश गर्न लागेको शिलापत्रअनुसार विमलेश्वर र चक्रसिंह दाजुभाइ भएकाले विमलेश्वरलाई चक्रसिंहको काका भनेको मिल्दैन ।

---

१. [...] **पुर्ख्यौलीको वंशबृक्षमा श्री नाय कचेली लेखेको हुनसक्तछ । मैले यस बंशावलीमा श्री नाय कचेलीको बदला श्रीनारायण कचेली हो कि भनी अडकल गरी छाप्नु भूल हुनआएको छ** भनी लवबहादुर प्रधान "कपिल"ले **भूमिका**मा लेखेकाले (२०२५: i) आफ्नो वंशका मूल पुरुषको नाउँको विषयमा उनलाई धरमर भएको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५.२. त्यस मन्दिरको चर्चा लवबहादुर प्रधान "कपिल"ले पनि गरेका छन् । [...] **श्री विश्वेश्वर कचेलीले नेपाल सम्बत ८४४ मा श्री बिमलेश्वर कचेली निसन्तान भएकाले नीज र आफ्नै नाममा मरुयेल स्थित पुरानो घर अगाडि एक ठूलो मन्दिर बनाई शिवलिङ्ग स्थापना गर्नु भएको रहेछ । यस बारेको शिलापत्र परिशिष्टमा छापेको छु । यसबाट प्रष्ट्हुन्छ की हाम्रा पुर्खाहरूको सप्रमाण परिचय मिल्दछ** (२०२५:२२) भनी उनले लेखे पनि उनको त्यस पुस्तकमा ने.सं. ८४४ को शिलापत्र छापिएको छैन ।

५.३. यस वंशका प्राचीन पुरुषका नाउँ र तिनीहरूको परस्परको नाता लवबहादुर प्रधान "कपिल"ले निक्यौल गर्न नसके पनि हामीले अहिले प्रकाश गर्न लागेको शिलापत्रमा विमलेश्वरको ठेगाना खुलाउँदा उनलाई **श्रीयग्लभूमिमा** (काठमाडौँ शहरको दक्षिणी भागमा) **रहेको मण्डयेरकमा** (मरुटेलमा), **बायेको उत्तरपट्टि रहेको घरमा बस्ने** (१४-१५ पङ्क्तिबाट उल्था) भनी लेखिएको कुराको अर्थ माथि उद्धरण गरिएको उनको वाक्यबाट लाग्छ । यसैले, नाउदेवल भनी प्रसिद्ध, अहिले भैँचालोपछि भग्नावशिष्ट शिवालयको उत्तरपट्टि सडकमै जोडिएको, प्रधानहरूको घर नै विमलेश्वरको घर हुनुपर्छ ।

६. संस्थापकको नाउँको पछाडि **ईश्वर** शब्द जोडी शिवलिङ्गको नाउँ राख्ने परम्परा भएकोले विमलेश्वरले स्थापना गरेको यस शिवलिङ्गलाई यस शिलापत्रमा **विमलेश्वरेश्वर** भन्ने नाउँले पुकारिएको छ (५,१५,१६,३१ पङ्क्ति), तर मानिसहरूले यस मन्दिरलाई **विमलेश्वर** मात्र भन्ने हुनाले यो शिलापत्र नपढेसम्म **विमल** भन्ने नाउँ भएका कसैले स्थापना गरेको मन्दिर यो हो भनी मैले ठानेको थिएँ, **विमलेश्वर** यो नाउँ वास्तवमा **विमलेश्वरेश्वर**को छोटकरी रहेछ भन्ने त पछि मात्र बुझेँ ।

७. यस शिलापत्रमा यस शिवालयको पूजाआजा चलाउनको लागि विमलेश्वरले जग्गा गूठी राखेको कुरा पनि लेखिएको छ । संस्कृतमा लेखिएको गद्यवाक्यमा पौने ३२ रोपनी जग्गा (**पादोनद्वात्रिंशद्रोपनीपरिमितं क्षेत्रं**) गूठी राखेको कुरा छ (१५-१६ पङ्क्ति) । त्यही कुरा नेवारीमा लेख्दा यी यी ठाउँका यति यति जग्गा गूठी राखेको भनी खुलाइएको छ (१६-१९ पङ्क्ति), ती जोड्दा ३१ रोपनी मात्र आएकोले यो विचारणीय छ ।[२] यस

---

२. दथुगालमा खेत ४ रोपनी ३ चुल
खन्तिदोलमा खेत २ रोपनी
वगालमा खेत २ रोपनी २ चुल
खन्तिदोलमा खेत ४ रोपनी २ चुल
लोहोदिमा बारी १ कर्ष
जगदोलमा खेत ४ रोपनी
क्षेलसिमा खेत ६ रोपनी
धर्मस्थलीमा खेत ३ रोपनी
ठाउँ नखुलेको खेत ४ रोपनी
१ चुलमा ४ आना हुन्छ । यस कारण ४ चुल × ४ = १६ आना = १ रोपनी हुन्छ ।
१ कर्षमा ४ आना हुन्छ । यस कारण ४ कर्ष × ४ = १६ आना = १ रोपनी हुन्छ (शङ्करमान राजवंशी २०२१:३०-३३) ।
यस कारण ३० रोपनी १२ आना खेत र ४ आना बारी गूठी राखेको देखिन गएको छ । जम्माजम्मी ३१ रोपनी जग्गा गूठी राखिएको देखिए पनि संस्कृतमा लेख्दा पौने ३२ रोपनी गूठी राखिएको भनी लेखिएकोले १२ आना जग्गा अपुग देखिन गयो ।
सामान्यत: कर्षको अर्थ ४ आना भए पनि सबै ठाउँमा यो हिसाब लागू नहुने कुरा देखिएको छ ।
ने.सं. ८७३ तदनुसार वि.सं. १८१० भाद्रपूर्णिमाको, राजा जयप्रकाश मल्ल (वि.सं. ?-१८२६, राज्यकाल वि.सं. १७९२-१८२५)को ताम्रपत्रमा खेतको नापो दिँदा **बु ओर पंचाशकर्षपरिमितं क्षेत्रांकतोपि ओर कर्ष ५० बु रो १४** लेखिएकोले **ओर कर्ष ५० बराबर रोपनी १४ हुन्छ** भन्ने बुझिँदा **१ रोपनीमा ४ कर्ष हुन्छ** भन्ने सिद्धान्त सबै ठाउँमा एकनासले नलाग्ने देखिन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शिलापत्रमा ने.सं. ८१४ तदनुसार वि.सं. १७५० कार्तिकशुक्लद्वादशीको दिन शिवलिङ्ग स्थापना गरेको (१, १३-१५, ३०-३२ पङ्क्ति) र त्यही मितिमा जग्गा गूठी राखेको (१३-१६ पङ्क्ति) भए पनि उनले जग्गादानचाहिँ सूर्यग्रहण लाग्दा राखेको बुझिन्छ (१५-१६ पङ्क्ति) ।

८. ९ ठाउँका जग्गा गूठी राखिएका भए पनि ५ ठाउँ त साँखुको इलाकाका छन् (१७,१८ पङ्क्ति) । बाँकी ४ ठाउँमध्ये एउटा जगडोलको (१८ पङ्क्ति) र अर्को धर्मस्थलीको (१९ पङ्क्ति) छ त झन् अर्को दथुगालको (१७ पङ्क्ति) छ । एउटा ठाउँको त दातालाई नै नाउँ थाहा नहुँदा नाउँ भर्न भनी ठाउँ खाली छोडिएको छ (१९ पङ्क्ति)।

९. **नेपाल** बुझाउन **नयपाल** शब्द पनि चौधौँ शताब्दीमै चलिसकेको र **न्यायपाल**चाहिँ पन्ध्रौँ शताब्दीमा एक ठाउँमा देखिएकोमा (महेशराज पन्त २०६९:२०८-२०९) **नेपाल** लेख्नुपर्दा छन्दोऽनुरोधले यस शिलापत्रमा **नेमपाल** (१ पङ्क्ति) लेखेको चाखलाग्दो छ । यस शिलापत्रमा **संवत्** बुझाउन **सम्मत** शब्द (१ पङ्क्ति) लेखिएको देख्दा यसै अर्थमा प्रताप मल्ल (वि.सं. १६८०-१७३१, राज्यकाल वि.सं. १६९८-१७३१)का अभिलेखमा पद्यमा र उनका अनौरस छोरा मान्धाता सिंहको काव्यमा मात्र नभई (महेशराज पन्त २०७६:२१) तिरहुतका, शुद्ध संस्कृतमा गद्यमा लेखिएका कानूनी लिखतमा पनि यही शब्द भएको सम्झना हुन्छ (उही २०५३:१६३ पृ.मा २३ टिप्पणी) ।

१०. धेरैजसो अभिलेखमा पञ्चमहापातकको नाउँ किट्दा **ब्रह्महत्या गोहत्या स्त्रीहत्या बालहत्या** र **गुरुहत्या** भनी लेखिने गरेकोमा[3] यस शिलापत्रमा चाहिँ **गुरुहत्या**को ठाउँमा **मित्रहत्या** लेखिएको (२७-२८ पङ्क्ति) चाखलाग्दो छ ।

***

११. यस शिलापत्रको शिरोभागको बीचमा शिवलिङ्ग छ । शिवलिङ्गको शिरोभागमा भएको, तल पूरै नजोडिएको माला माथिसम्म आएको छ । शिवलिङ्गको दायाँपट्टि सूर्य र बायाँपट्टि चन्द्र छन् । सूर्यको तल नन्दी र चन्द्रको तल डमरुसहितको त्रिशूल छ । त्रिशूलको दायाँपट्टि षट्कोण भएको मण्डल छ । शिलापत्र चारैतिरबाट दुइ थरी रेखाले घेरिएको छ र ती रेखाको बीचमा फूलबुट्टा पूरै हालिएको छ । दोस्रो रेखापछि पात जस्तो देखिने बुट्टा पूरै हालिएको छ । शिवलिङ्गले जति ठाउँ ओगटेको छ, त्यसकै ठीक मुनि मात्र अर्को बुट्टा हालिएको छ । त्यसपछि तेर्सो गरी दायाँदेखि बायाँसम्म तीन लहरमा बुट्टा हालिएका छन् । तीनै थरी बुट्टा फरक फरक छन् । पहिलो लहरको बुट्टाभन्दा दोस्रो लहरको बुट्टा सानो छ, तेस्रो लहरको बुट्टा भने सबभन्दा ठूलो छ ।

१२. यस शिलापत्रका अक्षर सामान्यतया स्पष्ट नै छन् तापनि कहीँ कहीँ ढुङ्गा खिइँदा अक्षर अलि अस्पष्ट भए पनि पढ्नै नसकिने अवस्थामा पुगेका छैनन् ।

यस शिलापत्रमा ५ पङ्क्तिको पुछारमा अलि तल, १२, १९ र २० पङ्क्तिको पुछारमा चिह्न हालिएका छन् । १२ र २० पङ्क्तिमा आएको

गएको छ (बेर्न्हार्त कोल्फर र महेशराज पन्त छापिन बाँकीबाट)। यस कारण हामीले अहिले प्रकाश गर्न लागेको शिलापत्रमा आएको **कर्ष**को अर्थ पनि केही फरक भएको देखिएको छ ।

३. उदाहरणको लागि गौतमवज्र वज्राचार्य र महेशराज पन्त २०१८:१० मा मूलका ३६-३७ पङ्क्ति, उही:२२ मा ८-९ पङ्क्ति ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चिह्न यस्तो ⸬ छ त ५ र १९ पङ्क्तिमा भने यस्तो चिह्न = छ । यी सन्दर्भमा यी चिह्नको अर्थ मलाई स्पष्ट भएन ।

१३. जम्मा ३२ पङ्क्तिको यस शिलापत्रमा **शुभ** ।। **श्रेयोस्तु** ।। (१ पङ्क्ति)पछि ३ थरी छन्दमा लेखिएका ८ श्लोकले ९ पङ्क्ति ओगटेको छ । त्यसपछि सङ्कल्पवाक्य लेखिएको छ । त्यसले ७ पङ्क्ति ओगटेको छ (१०-१६ पङ्क्ति) । अनि सबभन्दा बढी ठाउँ ओगटेको नेवारी खण्ड आउँछ (१६-३२ पङ्क्ति) । अन्त्यमा **शुभमस्तु** ।। **श्रीरस्तु** ।। लेखिएको छ ।

१४. अब केही कुरा शिलापत्रको कुँदाइको विषयमा ।[४] ठाउँठाउँमा एउटा अक्षरको ठाउँमा अर्को अक्षर कुँदिदा **देश**को ठाउँमा **येश** (३ पङ्क्ति), **केषां**को ठाउँमा **केपां** (५ पङ्क्ति) र **समन्तान्निशया**को ठाउँमा **समनान्निशया** (८ पङ्क्ति) हुन गएको छ । ठाउँठाउँमा अक्षर टुटाइँदा **मृडदत्त**को ठाउँमा **मृदत्त** (७ पङ्क्ति) र **मन्वन्तरे**को ठाउँमा **मन्वरे** (१० पङ्क्ति) हुन गएको छ । यस शिलापत्रको कुँदाइको अर्को दोष एकार छुट्ट्याउन कहीँ कहीँ निकै गाह्रो पर्छ । २ ठाउँमा त एकार ठ्याम्मै छँदै छैन– **गाम्भीर्य्ये** हुनुपर्नेमा **गाम्भीर्य्य** (२ पङ्क्ति), **विमलेश्वरेश्वर** हुनुपर्नेमा **विमलेश्वरश्वर** (१५ पङ्क्ति) । हलन्त गर्नुपर्नेमा अक्षरको खुट्टा नकाटेको पनि नदेखिएको होइन– **यत** (५ पङ्क्ति), °**कल्पितवान** (१६ पङ्क्ति) । अक्षरको माथि अनुस्वार हाल्नुपर्नेमा छुटाएको– °**कामस्सकल्पित**° (१६ पङ्क्ति)– र कहीँ कहीँ दीर्घको ठाउँमा ह्रस्व, ह्रस्वको ठाउँमा दीर्घ लेखिएको छ– **जम्बुद्वीपे** (१०-११ पङ्क्ति) **पुण्यभुमौ** (१३ पङ्क्ति), °**मूहुर्त्ते** (१३ पङ्क्ति), °**प्रिति**° (१६ पङ्क्ति) ।

१५. अब केही कुरा शिलापत्रको लेखाइको विषयमा । सामान्यतः समपादको अन्त्यमा दण्ड राख्ने चलन छ । तर पहिलो श्लोकको दोस्रो पाउमा यस चलनमा व्यतिक्रम छ । समपादको अन्त्यमा **मकार** आएमा हलन्त **म्** लेख्नुपर्ने भए पनि यहाँ आम तर अशुद्ध चलनअनुसार सर्वत्र अन्तिम वर्णमा अनुस्वार हालिएको छ ।[५] नित्य परसवर्ण गर्नैपर्नेमा यहाँ आम तर अशुद्ध चलनअनुसार अनुस्वार हालिएको छ ।[६] दुइटा भिन्नाभिन्नै पदमा परसवर्ण विकल्पले गरिने भए पनि यहाँ **व** लाई **ब** पढी परसवर्ण गरेको देखिएको छ ।[७] **क्** पर भएमा विसर्ग– साँच्चै भन्ने हो भने जिह्वामूलीय-को ठाउँमा विकल्पले **ष्** हुने वा विसर्ग नै कायम हुने नियम भए पनि यहाँ एक ठाउँमा विसर्ग नै कायम राखिएको[८] र अर्को ठाउँमा **ष्** गरिएको[९] छ । **प्** पर भएमा विसर्ग– साँच्चै भन्ने हो भने उपध्मानीय–को ठाउँमा विकल्पले **ष्** हुने वा विसर्ग नै कायम हुने नियम भए पनि यहाँ कहीँ **ष्** गरिएको छ[१०] त कहीँ विसर्ग नै कायम गरिएको[११] छ[१२] । **श्** पर भएमा विसर्गको ठाउँमा विकल्पले **श्** हुने वा विसर्ग नै कायम हुने नियम भए पनि पनि यहाँ **श्** नै गरिएको छ ।[१३] **स्** पर भएमा विसर्गको

---

४. यो र यसपछिका विवेचना शिलापत्रको संस्कृत खण्डमा सीमित छन् ।

५. १ श्लोक र ३ श्लोकको अन्त्यमा, ५ श्लोकको दोस्रो पाउको अन्त्यमा ।

६. **लिंगं** (९ पङ्क्ति), °**शिवलिंग**° (१५ पङ्क्ति) ।

७. **वीर्य्यवताम्वरिष्ठो** (६ पङ्क्ति) ।

८. °**कालाग्रगन्यः कृती** (३ पङ्क्ति) ।

९. °**कीर्त्तिष्किल** (७ पङ्क्ति) ।

१०. **वाग्मत्याष्पश्चिमकूले** (११-१२ पङ्क्ति) ।

११. **प्रथितः पृथिव्यां** (६ पङ्क्ति), **कलेः प्रथमपादे** (१० पङ्क्ति) ।

१२. **विष्णुमत्या पूर्व्वकूले** (१२ पङ्क्ति) कुँदिएकोले यहाँ विसर्ग टुटेको हो कि **ष्** टुटेको हो, भन्न सकिएन ।

१३. **वामभ्रुवश्शौर्य्य**° (६ पङ्क्ति) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ठाउँमा विकल्पले **स्** हुने वा विसर्ग नै कायम हुने नियम भए पनि यहाँ सर्वत्र **स्** नै गरिएको छ ।[१४] रेफदेखि व्यञ्जन पर हुँदा व्यञ्जनको द्वित्व विकल्पले हुने भए पनि सर्वत्र यहाँ द्वित्व गरिएको छ ।[१५] सन्धिको कारणले महाप्राणको ठाउँमा अल्पप्राण हुने अवस्थामा चाहिँ **धमा**[१६] बाहेक अन्त द्वित्व गरिएको छैन[१७] ।

१६. यहाँ ठाउँठाउँमा मूर्धन्य वर्णको ठाउँमा दन्त्य– °**कालाग्रगन्यः** (३ पङ्क्ति), **कथिनं** (५ पङ्क्ति), **रिपूनां** (६ पङ्क्ति)– र एक ठाउँमा **ल**को ठाउँमा **र**– **तुरराशिगते** (१४ पङ्क्ति)– लेखिएकोले नेवारी उच्चारणको प्रभाव यहाँ देखिएको छ । यसै गरी, एक ठाउँमा **य**को ठाउँमा **ज**– **जदीयो** (७ पङ्क्ति)– र **ष**को ठाउँमा **ख**– **देशभाखा** (१६ पङ्क्ति)– लेखिएकोले **य**को उच्चारण **ज** गर्ने र **ष**को उच्चारण **ख** गर्ने चलनको प्रभाव यहाँ देखिन्छ ।

१७. अब यस शिलापत्रको संस्कृतभाषाको विषयमा। **अपि माषं मषं कुर्याच्छन्दोभङ्गं न कर्हिचित्** अर्थात् **माषलाई मष लेख्नुपरे पनि कहिल्यै छन्दोभङ्ग नगर्नू** भन्ने उक्तिको अनुसरण गरेर होला, यस शिलापत्रमा छन्द मिलाउन ठाउँठाउँमा अशुद्धि हुने गरी अनावश्यक पद वा अक्षर थपिएको छ र कहीँ धेरै अक्षर भएको शब्द छोट्याइएको छ । अघिल्लो कुराको पुष्टि गर्न **भूपालेन्द्रधरामरेन्द्रचरणाम्भोजसेवापरो** लेखे पुग्नेमा **भूपालेन्द्रधरामरेन्द्रचरणाम्भोजातसेवापरो** (२ पङ्क्ति) र विमलेश्वरकी पत्नीको नाउँ लेख्दा **लक्ष्मीति** लेखे पुग्नेमा **लक्ष्मिनीति** (८ पङ्क्ति) लेखेकोतर्फ र दोस्रोको लागि **विमलेश्वरो** लेख्नुपर्नेमा **विमलेशो** (२ पङ्क्ति) लेखेकोतर्फ आँल्याउनुपर्छ ।

१७.१. यस शिलापत्रको संस्कृत प्राञ्जल त छँदै छैन, ठाउँठाउँमा च्युतसंस्कृतिले पनि दूषित छ । यसका केही दृष्टान्त यस्ता छन्– पुंलिङ्गी **विमलेश्वरेश्वर**को द्वितीयाको एकवचनमा **विमलेश्वरेश्वरं**को विशेषण भई आएको **इदम्** शब्दको पुंलिङ्गको द्वितीयाको एकवचनमा **इमं** लेखिनुपर्नेमा **विमलेश्वरेश्वरमिदं संस्थाप्य** (४-५ पङ्क्ति) लेखिएकोले अशुद्धि पर्न गएको छ । प्रथमाको बहुवचन **आहताः**को विशेष्य **नृ** शब्द पनि प्रथमाकै बहुवचन **नरः** हुनुपर्नेमा **येनाहता ना** (६ पङ्क्ति)मा लेखिएकोले र कर्मवाच्यमा पुंलिङ्गी **देवालय** शब्द प्रथमान्त भई त्यसको विशेषण **अश्ममय** पनि प्रथमान्त हुनुपर्नेमा यहाँ **देवालयं चाश्ममयं व्यधायि प्रायो मृडानुग्रहभावितेन** (९ पङ्क्ति) भनी लेखिँदा व्याकरण बिग्रिएको छ । **दीनानेकदयोरिपक्षविजयो** (४ पङ्क्ति)मा **अनेक** शब्द **दीन**को अगाडि राखी **विजयो**को ठाउँमा **विजेता** लेखिएको भए अर्थ स्पष्ट हुन्थ्यो, त्यसो गरेको भए उता छन्द भने बिग्रन्थ्यो ।

---

१४. °**युक्तस्सुतस्सुशीलो** (५-६ पङ्क्ति), **चक्रसिंह-स्सिंहोपमस्संयति** (७ पङ्क्ति), °**कामस्सकल्पित**° (१६ पङ्क्ति) ।

१५. **कार्त्तिके** (१ पङ्क्ति), **गाम्भीर्य्य** (२ पङ्क्ति), °**धैर्य्य**° (२,५ पङ्क्ति), °**सुरार्च्चा**° (३ पङ्क्ति), **पूर्व्व**° (५ पङ्क्ति), **वीर्य्य**° (६ पङ्क्ति), °**कीर्त्ति**° (७ पङ्क्ति), **धर्म्म**° (८ पङ्क्ति), **चतुर्य्युगस्य** (१० पङ्क्ति), **आर्य्यावर्त्तदेशे** (११,१२ पङ्क्ति), **पूर्व्वकूले** (१२ पङ्क्ति), **कार्त्तिकमासे** (१३ पङ्क्ति), °**मूहुर्त्ते** (१३ पङ्क्ति), °**पर्व्व**° (१४ पङ्क्ति), **मार्ग्गोत्तर**° (१४-१५ पङ्क्ति), **सूर्य्योपरागे** (१६ पङ्क्ति) ।

१६. °**परार्द्धे** (१० पङ्क्ति) ।

१७. °**गणैर्भूमीन्द्र**° (४ पङ्क्ति), °**पूजार्थ**° (१५ पङ्क्ति) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मूलपाठ

१. १ शुभ ।। श्रेयोस्तु ।।
मनुवसुमिलितेस्मिन्सम्मते नेमपाले
शिववितरणदक्षे कार्त्तिके शुक्लपक्षे
रवितिथिपरमर्क्षे चोत्तरे वज्रयोगे
शशिनि च
२. विमलेशोस्थापयल्लिङ्गमैशं ।। [१][१८]
भूपालेंद्रधरामरेन्द्रचरणाम्भोजातसेवापरो
गाम्भीर्य्ये[१९] रमितोतिधैर्य्यपदवीं प्राकोपि रत्नाकरः ।
ना-
३. नायेश[२०]निवासिमन्त्रिगणनाकालाग्रगन्यः कृती
विख्यातो विमलेश्वरोवनिसुराच्चार्सक्तचित्तो बभौ ।। [२]
कौशल्यातनयोतिचारुविनयो
४. भूपालमन्त्रालयो
दीनानेकदयोरिपक्षविजयो योगेश्वरस्यात्मजः ।
विख्यातो विमलेश्वरोनुजगणैर्भूमीन्द्रसेवापरो
नो[२१] तेन वि-
५. मलेश्वरेश्वरमिदं संस्थाप्य केपां[२२] मुदं ।।[३]
योगेश्वरोसौ दृढयोगयुक्त-
श्चचार पूर्व्वं कथिनं तपो यत ।
तेनाजनि श्रीरुचिधैर्य्ययुक्त-
स्सुत- =
६. स्सुशीलो विमलेश्वराख्यः ।।[४]
यस्यानुजो वीर्य्यवताम्वरिष्ठो
बाहादुरसौ प्रथितः पृथिव्यां ।
येनाहता नौ प्रधने रिपूनां
वामभुवशौर्य्य-
७. गुणान्गृणन्ति ।।[५]
विख्यातकीर्त्तिष्किल चक्रसिंह-
स्सिंहोपमस्संयति योति-
धीरः ।
विप्रातिभक्तो निजलोकरक्तो-
नुजो जदीयो मृदत्त[२३]-
८. चित्तः ।[६]
प्रिया यदीया खलु लक्ष्मिनीति
प्रेमान्विता धर्म्मरतातिभक्ता ।
ययान्वितोसौ विमलेश्वराख्यो
बभौ समनान्निशया[२४] शशीव ।.[७]
९. तेनातिभक्त्या विमलेश्वरेण
संस्थाप्य लिंगं खलु शैवमत्र ।
देवालयं चाश्ममयं व्यधायि
प्रायो मृडानुग्रहभावितेन ।। ।।[८]
१०. ॐ अद्य ब्रह्मणो द्वितीयपरार्द्धे श्वेतवाराहकल्पे वैवस्वतमन्वरे[२५] अष्यविंशतितमे चतुर्य्युगस्य कलेः प्रथमपादे जम्बुद्वी-
११. पे भरतखण्डे भारतवर्षे आर्य्यावर्त्तदेशे हिमवद्दक्षिणपादे नेपालमण्डले श्री ३ पशुपतिसन्निधाने वासुकिक्षेत्रे वा-
१२. ग्मत्याष्पश्चिमकूले श्री ३ विष्णुमत्या पूर्व्वकूले श्रीगाङ्गुलपत्तने आर्य्यावर्त्तदेशे श्रीमत्कान्तिपुरमहानगरे इहैव ॰
१३. पुण्यभुमौ ।। कार्त्तिकमासे शुक्लपक्षे द्वादश्यान्तिथौ उत्रभाद्रनक्षत्रे वज्रयोगे यथाकरणमुहूर्त्ते सोमवासरे ।।
१४. तुरराशिगते सवितरि मीनराशिगते चन्द्रमसि ।। एतस्मिन्महापर्व्वदिने श्रीयग्लभूमिस्थितमण्डटेरके मार्गोत्त-
१५. रभवनस्थितविमलेश्वरदासः स्वस्थापितश्री ३ विमलेश्वरश्वर[२६] शिवलिंगनित्यपूजार्थं पादोनद्वात्रिंशद्रोपनीप-
१६. रिमितं क्षेत्रं सूर्य्योपरागे श्री ३ विमलेश्वरेश्वरशिव-प्रतिकामस्सकल्पितवान ।।
अतः परं देशभाखा
स्थान-

---

१८. मूल शिलापत्रमा नभए पनि सुविधाको लागि यस्तो कोष्ठ [ ]मा श्लोकसङ्ख्या हालेको छु ।
१९. गाम्भीर्य्ये हुनुपर्ने ।
२०. °देश° हुनुपर्ने ।
२१. यो पाठ सन्दिग्ध छ ।
२२. केषां हुनुपर्ने ।
२३. मृडदत्त हुनुपर्ने ।
२४. समन्तान्निशया हुनुपर्ने ।
२५. वैवस्वतमन्वन्तरे हुनुपर्ने ।
२६. विमलेश्वरेश्वर° हुनुपर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१७. स्य पश्चिमदिक्प्रदेशे दथुमाल[२७] बु रो ४ चुल ३ भुय सक्व खन्तिदोल बु रो २ भुय सक्व वगाल बु रो २ चुल २ भुय
१८. सक्व खन्तिदोल बु रो ४ चुल २ भुय सक्व लोहोदि वल कर्ष १ भुय जगदोल बु रो ४ भुय सक्व क्षेलसि बु रो ६ भु-
१९. य धर्म्माथलि बु रो ३ भुय[२८] बु रो ४ थ्वते बुया वलसानन दव थे दुदुपात १ धलिपात १ घेल कस्ति साखर =
२०. स्वतन अष्य १ हाम्ल अक्षत चित सिन्दुर स्वान जजोमका पु ५ सओपिमधि ता १ नैवेद्ययात गोच बा ग्वड × ꣸
२१. गुग्गुल चेकन बा अष्य × मत बियके श्वलवा पर छि छुचुनि कुड ५ घेल कुड २ साखल कु १× लक्षिलक्षियातन
२२. मधि छुतकेमाल खेहुसायात खदि कू १।। शिवरात्रि कुह्नु पंचामृत दयकाओ पूजा याय चाक्रमत छोयकेमा-
२३. ल ।। इन्द्रयात्रा जोर छि ह्निन चेकन कुड २ तिन चाक्रमत छोयकेमाल ।। प्ल छि जोरण जज्ञसामाग्री दय-
२४. काओ बुसाधन यायमाल थ्व कुह्नं रात्रिस चेकन कुड २ थ्वतेन चाक्रमत छोयकेमाल श्रीब्राह्मणजु जोसी
२५. आचार्य्य भाजुस यातकेमाल गुथिकतकन भक्षभोजन यातकेमाल थ्व श्री ३ महादेवया मधि पेह्नुस छ-
२६. ह्नुया श्रीपूजावालि ब्राह्मणजुयात परसखन[२९] मुङाओ थ्व दामन देवल सङ ह्नोनेमाल थ्व पतिभाखा थे
२७. व्रतिवर्षस[३०] अच्छिद्रण निस्त्रपेमाल थ्व पतिभाखा थे मनिस्त्रपं लोभ याकाले ब्रह्महत्या गोहत्या स्त्रिहत्या
२८. बालहत्या मित्रहत्या थ्वते पंचमहापातक लाक फल जुरो थ्व पतिभाखा थे अच्छिद्रण निस्त्रपं हकाले
२९. जनधनलक्ष्मिसंततिसंतानवृद्धिरस्तु थ्व देवल सुनानं सेनकलसा पंचमाहापातक लाक जुरो ।।
३०. थ्वते भाखाया दृष्टसाक्षी जावच्चन्द्रार्क्कमेदनी ।। संम्वत् ८१४ कार्त्तिकशुक्लद्वादशी उत्तरभद्रनक्ष-
३१. त्र वज्रयोग सोमवार थ्व कुह्नु विमलेश्वर भारोन थ्व श्री ३ विमलेश्वरेश्वर स्थापन याङा दिन जु-
३२. लो ।। शुभमस्तु ।। श्रीरस्तु ।।

उल्था

शुभ ।। कल्याण होओस् ।

ने.सं. ८१४ मा, शिवलाई दिन दक्ष[३१] कार्तिकमा, शुक्लपक्षमा, सूर्यको तिथि (द्वादशी)मा, ठूलो नक्षत्र उत्तर[भाद्र]मा, चन्द्रमा वज्रयोगमा भएमा, विमलेशले शिवजीको लिङ्गको स्थापना गरे ।१

पृथ्वीका इन्द्र भूपालेन्द्रको चरणकमलको सेवामा लागेका, गाम्भीर्यमा रमाएका, अत्यन्त धैर्यमा पुगेका [विमलेश्वरले] समुद्रलाई कुपित पारे ।[३२] नाना देशमा बस्ने मन्त्रीहरूको गणना गर्ने वेलामा अगाडि गनिने, प्रख्यात, विद्वान्, ब्राह्मणहरूको सत्कारमा चित्त लगाएका, विमलेश्वर सुहाएका छन् ।२

कौशल्याका छोरा, अत्यन्त राम्रो विनय[ले युक्त], राजाका मन्त्री, अनेकन् दुःखीलाई दया गर्ने, शत्रुपक्षलाई जित्ने, योगेश्वरका छोरा, भाइहरूसँगै राजाको सेवामा लागेका, प्रख्यात ती विमलेश्वरले उहाँ विमलेश्वरेश्वरको स्थापना गर्दा कसलाई खुशी लागेन र ।३

दरिलो योगले युक्त उहाँ योगेश्वरले पहिले जुन कठिन तपस्या गर्नुभयो, त्यसैबाट लक्ष्मी रुचि र धैर्यले युक्त, सुशील विमलेश्वर भन्ने छोरा जन्मे ।४

जसका भाइ, पराक्रमीहरूमा श्रेष्ठ, यी बाहादुर पृथ्वीमा प्रख्यात छन् । यिनले लडाइँमा शत्रुका मानिसहरू मारे । स्वास्नीमान्छेहरू [यिनका] सुन्याइका गुणको बखान गर्छन् ।५

जसका भाइ प्रख्यात कीर्ति भएका, लडाइँमा सिह जस्ता, ज्यादै धीर, ब्राह्मणका अतिभक्त, आफ्ना मानिसमा रमाएका

---

२७. **दथुगाल** हुनुपर्ने ।

२८. ठाउँको नाउँ राख्न केही ठाउँ छोडेको ।

२९. **परसेखन** हुनुपर्ने ।

३०. **प्रतिवर्षस** हुनुपर्ने ।

३१. माथि शब्दशब्दको अर्थ गरिए पनि विवक्षित अर्थ बुझ्न सकिएन ।

३२. यहाँ लवबहादुर प्रधान "कपिल"को पाठमा **प्राप्तोपि** (२०२५:क) भए पनि बीचको अक्षर **प्तो** नभई **को** भएकोले मैले **प्राकोपि** पढेको हुँ । **प्राप्तोपि** पढे पनि अर्थसङ्गति मिलाउन त्यति सजिलो छैन, **प्राकोपि** पढ्दा त व्याकरणमा पनि गडबड हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शिवजीमा दत्तचित्त जुन चक्रसिंह छन् ।६

जसका (विमलेश्वरका) अतिप्रेमालु, धर्ममा लागेकी, अतिभक्त लक्ष्मी भन्ने पत्नी छिन् । जसद्वारा पछि लागिएका विमलेश्वर नाउँ भएका यी चारैतिर रातद्वारा चन्द्रमा जस्तै सुहाएका छन् ।७

शिवजीको अनुग्रह पाएका ती विमलेश्वरले ज्यादै भक्तिले यहाँ शिवजीको लिङ्गको स्थापना गरेर पत्थरको देवल बनाए ।८

ॐ आज ब्रह्माको दोस्रो परार्धमा, श्वेतवाराहकल्पमा, वैवस्वतमन्वन्तरमा, अट्ठाइसौँ चतुर्युगमध्ये कलिको पहिलो पाउमा, जम्बूद्वीपमा, भरतखण्डमा, भारतवर्षमा, आर्यावर्तदेशमा, हिमालयको दक्षिणपट्टिको पहाडमा, नेपालमण्डलमा, श्री ३ पशुपतिको नजीकै, वासुकिक्षेत्रमा, वाग्वतीको पश्चिमी किनारमा, श्री ३ विष्णुमतीको पूर्वी किनारमा, श्रीगाङ्गुलपत्तनमा, आर्यावर्तदेशमा, श्रीकान्तिपुरमहानगरमा, यही नै पुण्यभूमिमा, कार्तिक महीनामा, शुक्लपक्षमा, द्वादशी तिथिमा, उत्तरभाद्रनक्षत्रमा, वज्रयोगमा, पर्नुपर्ने करण र मुहूर्तमा, सोमवारमा, तुलाराशिमा सूर्य गएमा, मीनराशिमा चन्द्रमा गएमा, महापर्वको यस दिनमा श्रीयग्लभूमि (काठमाडौँ शहरको दक्षिणी भाग)मा रहेको मण्डटेरक (मरुटेल)मा, बाटेको उत्तरपट्टि रहेको घरमा बस्ने विमलेश्वरदासले आफूले स्थापना गरेको श्री ३ विमलेश्वरेश्वर शिवलिङ्गको नित्यपूजाको लागि पौने बत्तीस रोपनी खेत सूर्यग्रहणमा श्री ३ विमलेश्वरेश्वरको प्रीतिको कामनाले सङ्कल्प गरे ।

यसपछि देशको भाषा ।

स्थान (शासन चलाउन खडा गरिएको स्थानीय अड्डा)[३३]को पश्चिम दिशाको प्रदेश दथुगालमा खेत रोपनी ४ चुल ३, फेरि सक्व (साँखु) खन्तिदोलमा खेत रोपनी २, फेरि सक्व (साँखु) वगालमा रोपनी २ चुल २, फेरि सक्व (साँखु) खन्तिदोलमा खेत रोपनी ४ चुल २, फेरि सक्व (साँखु) लोहोदिमा बारी कर्ष १, फेरि जगदोलमा खेत रोपनी ४, फेरि सक्व (साँखु) क्षेलसिमा खेत रोपनी ६, फेरि धर्म्माथलि (धर्मस्थली)मा खेत रोपनी ३, फेरि खेत रोपनी ४ ।

यति खेतको आयस्ताले पुगे जति दूध भाँडो १, दही कहतारो १, घिउ मह सक्खर तीनै थरी अष्या १ (छयक १), तिल अक्षता अबीर सिन्दूर फूल जजमका, सओपि रोटी वय १, नैवेद्यको लागि गोजा (निफन्दा आउने धूलो चिउरा मुछेर बनाइने वस्तु) आधा $\frac{१}{२}$, गुग्गुल, तेल आधा अष्या (छयक आधा) $\frac{१}{२}$, बत्ती दिन (बाल्न) सरुवा चामल पल (पाउ १), गहुँको पीठो कुरुवा ५, घिउ कुरुवा २, सक्खर कुरुवा १ $\frac{१}{२}$ महीना–महीनाको लागि रोटी पकाउनुपर्छ । मुख पुछ्ने रुमालको लागि खाडी हात १ ।। शिवरात्रिको दिन पञ्चामृत बनाएर पूजा गर्ने, चाक्रमत (मन्दिरको वरिपरि झिक्न नमिल्ने गरी राखिएको, धातुको दीयो) बाल्नुपर्छ । इन्द्रजात्राभरि दिनमा तेल कुरुवा २ जतिले चाक्रमत बाल्नुपर्छ । पल (पाउ) १ यज्ञसामग्री बनाएर बुसाधन (मन्दिरस्थापना भएको दिन बर्सेनि मनाइने उत्सव) गर्नुपर्छ । त्यस दिन राति तेल कुरुवा २ यतिले चाक्रमत बाल्नुपर्छ । श्रीब्राह्मणज्यू जोशी आचार्य भाजुलाई [भोजन] गराउनुपर्छ । गुठियारले भोजन गर्नुपर्छ । उहाँ श्री ३ महादेवको रोटी ४ दिनमा १ दिनको श्रीपुजारी ब्राह्मणज्यूलाई बाँकी रहेको जम्मा गरेर यस दामले देवल मर्मत गर्नुपर्छ । यस लिखतको बेहोराअनुसार बर्सेनि नटुटाईकन गर्नुपर्छ ।

यस लिखतको बेहोराअनुसार नगरी लोभ गरेमा ब्रह्महत्या गोहत्या स्त्रीहत्या बालहत्या मित्रहत्या यति पञ्चमहापातक लागोस् ।

यस लिखतको बेहोराअनुसार नटुटाई गऱ्यो भने जन-धन-लक्ष्मी-सन्ततिसन्तानको बढिबढाउ होओस् । यो देवल कसैले बिगाऱ्यो भने पञ्चमहापातक लागोस् ।

यस बेहोराका दृष्टसाक्षी चन्द्र सूर्य पृथ्वी रहुञ्जेल ।

संवत् ८१४ कार्तिकशुक्लद्वादशी उत्तरभाद्रनक्षत्र वज्रयोग सोमवार यो दिन विमलेश्वर भारोले उहाँ श्री ३ विमलेश्वरेश्वरको स्थापना गरेको दिन भयो ।

शुभ होओस् । श्री होओस् ।

---

३३. महेशराज पन्त २०६४:२०२-२०४ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यो लेख तयार पार्दा काम लिइएका साधनको तालिका

गौतमवज्र वज्राचार्य २०३३

= वि.सं. २०३३ मा काठमाडौँबाट त्रिभुवन विश्वविद्यालयको नेपाल र एशियाली अध्ययन संस्थानद्वारा प्रकाशित, गौतमवज्र वज्राचार्यको *हनूमान्ढोका राजदरबार*।

गौतमवज्र वज्राचार्य र महेशराज पन्त २०१८

= वि.सं. २०१८ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित, गौतमवज्र वज्राचार्य र महेशराज पन्तको *अभिलेख-संग्रह* ३ भाग।

बेर्न्हार्त कोल्फर र महेशराज पन्त छापिन बाँकी

= दिनेशराज पन्त, काशीनाथ तमोट र जनकलाल वैद्यसँग मिली बेर्न्हार्त कोल्फर र महेशराज पन्तले तयार गरेको *इन्डोइङ् टेम्प्ल्ज् इन् नेपाल्: अ सेलेक्शन् अफ् हिस्टोरिइक्ल् डक्युमेन्ट्स्* (मन्दिरहरूमा चढाइएका गूठी–इतिहाससम्बन्धी लिखतहरूको छनौट)।

महेशराज पन्त २०३४

= वि.सं. २०३४ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित *पूर्णिमा* ३८ पूर्णाङ्कका ७२-७४ पृष्ठमा छापिएको, महेशराज पन्तको *नरेन्द्र मल्लका मन्त्री कुसुमराजले स्थापना गरेको धातुको चतुर्मूर्ति विष्णुको अप्रकाशित अभिलेख*।

महेशराज पन्त २०५३

= ई.सं. १९९७ (वि.सं. २०५३) मा म्युनिखबाट एर. ओल्डेन्बुर्ग फेर्लागद्वारा प्रकाशित, एलीसाबेथ म्यूलर-लुक्नरसँग मिली बेर्न्हार्त कोल्फरले सम्पादन गरेको *रेख्त्, स्तात् उन्द् फेर्वल्तुङ् इम् क्लासिशेन् इन्दिएन्/ द स्टेट्, द ल, यान्ड् याड्मिनिस्ट्रेशन् इन् क्ल्यासिक्ल् इन्डिअ* (भारतवर्षमा राज्य, कानून र शासन)का १५९-१९४ पृष्ठमा छापिएको, महेशराज पन्तको *सिक्स् १५न्थ्– यान्ड् १६थ्– सेन्ट्युरइ डीड्ज् फ्रम् तिर्हुत् रिकर्डइङ् द पर्चस् अफ् स्लेभ्ज्* (पन्ध्रौँ र सोह्रौँ शताब्दीका, कमाराहरू किन्दा लेखिएका, तिरहुतका ६ वटा लिखत)।

महेशराज पन्त २०६४

= *पूर्णिमा* १२७ पूर्णाङ्कका १९०-२०९ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यमा ब्राह्मण– अर्को एउटा पत्र- भूपालेन्द्र मल्लको ने.सं. ८२० (वि.सं. १७५६) चैत्रपूर्णिमाको पत्र*।

महेशराज पन्त २०६९

= वि.सं. २०६९ मा प्रकशित *पूर्णिमा* १३४ अङ्कका ८७-३५४ पृष्ठमा छापिएको, महेशराज पन्तको *इटुंबहालको प्रज्ञापारमिता–खस-नेवारसम्पर्कको नतीजा*।

महेशराज पन्त २०६९ क

= वि.सं. २०६९ मा प्रकशित *पूर्णिमा* १३८ पूर्णाङ्कका १२९-१७४ पृष्ठमा छापिएको, महेशराज पन्तको *नयाँ ठ्यासफू*।

महेशराज पन्त २०७६

= वि.सं. २०७६ मा काठमाडौँबाट राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित *अभिलेख* ३६ पूर्णाङ्कका १३-४८ पृष्ठमा छापिएको, महेशराज पन्तको *मान्धाता सिंहको गीतकेशव*।

मुकुन्दराज अर्याल र शुक्रसागर श्रेष्ठ २०७३

= वि.सं. २०७३ मा मुकुन्दराज अर्याल र शुक्रसागर श्रेष्ठद्वारा प्रस्तुत *अ रिपोर्ट् अन् द स्याल्भिज्इङ्, स्क्रीनइङ् यान्ड् इन्भेन्टरइङ् अफ् काभ्र्ई वुड्न् इल्इमेन्ट्स् अफ् हनुमान् ढोका प्यालेस् कम्प्लेक्स्* (हनूमान्ढोकादरबार र वरपरका कपिएका काठका कलाकृतिको उद्धार, जाँचबुझ र लगत राख्ने कामको रिपोर्ट)। (अनलाइनमा पोष्ट गरिएको)

लवबहादुर प्रधान "कपिल"२०२५

= वि.सं. २०२५ मा काठमाडौँबाट लवबहादुर प्रधान "कपिल"द्वारा प्रकाशित, उनैको *न्हुच्छें प्रधान परिवारको वंशावली*।

शङ्करमान राजवंशी २०२१

= वि.सं. २०२१ मा प्रकाशित *पूर्णिमा* १ पूर्णाङ्कका ३०-३३ पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *कर्षको अर्थ*।

□□

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



फोटो- रोशनी श्रेष्ठ
विमलेश्वरेश्वरमन्दिर, पछाडि त्रैलोक्यमोहनमन्दिर (वि.सं. २०७२ को महाभूकम्पभन्दा अघिको)

फोटो- चिनीकाजी महर्जन: विमलेश्वरेश्वरमन्दिर वर्तमान अवस्थामा

फोटो- चिनीकाजी महर्जन : मरुटेलको भग्नावशिष्ट शिवालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



फोटो- चिनीकाजी महर्जन : विमलेश्वरेश्वरमन्दिरको शिलापत्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मन्थलीमा भेटिएका महेश्वर र लिच्छविकालीन मुद्रा

–प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठ*

चित्र संख्या १ : मन्थलीका महेश्वर

पूर्वप्रसङ्ग

२०७४ साल फागुन ११ गते, शुक्रबारको दिन। ख्वप कलेज, संस्कृति विषयको, स्नातक तहका विद्यार्थीहरूसहित एकदिने स्थलगत अध्ययनका क्रममा, स्थानीय बासिन्दाहरूको अनुरोधमा, प्रथमपल्ट मन्थलीको महेश्वर महादेवस्थान पुगेको एक उल्लेख्य दिन । भक्तपुर शहरदेखि करीब ४ कि.मि. दक्षिणमा, सूर्यविनायक नगरपालिका वडा नं ७ मा मन्थली नामको बस्ती छ । सो बस्तीदेखि केही पाइलामात्र पश्चिममा खेतैखेत भएर ओरालो लागेर गएपछि 'महेश्वर' महादेवस्थानमा पुगिन्छ (चित्र संख्या १) ।

महेश्वरमहादेवस्थानदेखि पूर्वमा डोलेश्वर, नन्दीकेश्वर, आशापुरेश्वर, पश्चिममा सुवर्णेश्वर, उत्तरमा लिखानारायणस्थान र सूर्यविनायकमन्दिर र दक्षिणमा वृद्धगंगा+महादेवखोला+अनन्तलिङ्गेश्वर रहेका छन् । विचारणीय कुरा के छ भने लिच्छविकालतिरै शैव स्थलका रूपमा प्रसिद्ध रहिआएका आशापुरेश्वर, डोलेश्वर, सुवर्णेश्वर लगायत अनन्तलिङ्गेश्वरका पाषाण लिङ्गहरूसदृश महेश्वरमहादेवको लिङ्ग पनि उस्तै प्रकृति उत्पन्न स्वयम्भूलिङ्ग स्वरूपमा छ । यताबाट महेश्वरमहादेव पनि वरपरका शैव स्थलहरूजस्तै लिच्छविकालतिरै प्रसिद्ध प्राचीन देवस्थल/तीर्थस्थल थियो भन्ने कुरा ज्ञात हुन्छ ।

* स्वतन्त्र अनुसन्धाता

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महेश्वरमहादेवस्थान र यसको नजिकै दक्षिणमा रहेको अनन्तलिङ्गेश्वर लगायत आसपासका अन्य देवस्थल एउटै सांस्कृतिक भूगोलभित्र देखापर्छन् जसको ढुकढुकी अनन्तलिङ्गेश्वर देवस्थल र त्यहीँ रहेको लिच्छविकालका एक प्रसिद्ध राजा नरेन्द्रदेवले वि.सं.७१३ तिर राख्न लगाएको शिलाभिलेखमा अनुभूत हुन्छ । अनेक दृष्टिले महत्त्वपूर्ण रहेको सो शिलाभिलेखमा हंसगृहद्रङ्ग, गोयुद्ध, वराहयात्रा, लोकपालस्वामी र त्यसैगरी ब्राम्हणलगायत चाण्डालसम्मका कुरा परेका छन् (धनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख, कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धान केन्द्र, २०५३, पृष्ठ ४८५-४८६) । प्राचीनकालमा शहरविशेषलाई 'द्रङ्ग' भनिन्थ्यो । यताबाट महेश्वरमहादेवस्थान समेत समाहित आजको अनन्तलिङ्गेश्वरभेकमा उहिले 'हंसगृह' नामको व्यापारकेन्द्र रूपको विकसित द्रङ्गबस्ती आबाद रहेको थियो, चारै वर्णका, अनेक जातका मानिसहरूको बसोबास यहाँ थियो, आजका अनन्तलिङ्गेश्वर उसबेला 'लोकपालस्वामी', 'हंसगृहदेव' कहलिएका थिए, यहाँका खेत मैदानमा गोयुद्ध उत्सव हुन्थ्यो, वराहयात्रा चल्दथ्यो भन्ने इत्यादि कुरा थाहा पाइन्छ (वज्राचार्य, २०५३, पृष्ठ ४८८-८९, पुरुषोत्तमलोचन श्रेष्ठ, अनन्तलिङ्गेश्वर : एक सांस्कृतिक अध्ययन, भक्तपुर : अमनलोचन श्रेष्ठ, २०६४, पृष्ठ १६४-६५) । यताबाट प्रकारान्तरमै अनन्तलिङ्गेश्वर देवस्थल समीपका महेश्वरमहादेव पनि लिच्छविकालदेखि नै धार्मिक-सांस्कृतिक दृष्टिले महत्त्व पाउँदै आएका उच्चतम देवता थिए भन्ने कुरा निश्चित रूपले थाहा पाइन्छ ।

महेश्वरमहादेवको स्वयम्भूलिङ्ग चौकुने पोखरी(३८x४९फीट)को बीचमा छ । सो पोखरी सुकिसकेको छ । पोखरीको चारैतिर इँटाको पर्खाल उठेको छ । पोखरीको पानी रहने तह पनि इँटाले छापेको छ । पोखरीको मध्यभागमा एक तह उठेको षट्कोणाकार आसन छ । सोही आसनको मध्यभागमा महेश्वरमहादेव प्रतिष्ठापित रहेको छ । पोखरीको किनारामा गुम्बजशैलीको मन्दिरको भैँ लाग्ने सो मन्दिरको प्रस्तरद्वार, स्तम्भ, आदि अवशेषहरू देखापर्छन् । ती अवशेषलाई हेर्दा उक्त पोखरीको माभमा अनन्तलिङ्गेश्वर, डोलेश्वर मन्दिर हरूका पुराना गुम्बजशैलीको जस्तै सुन्दर मन्दिर थियो जुन मन्दिरको गर्भस्थानमा महेश्वरमहादेव रहेको दृष्टिगोचर हुन्छ । त्यसैगरी शिरविहीन बसाहा (३८x२६ से.मि., ई.सं. आठौँ-नवौँ शताब्दी), आकृतिविहीन मूर्तिहरू देखापर्छन् । पोखरीको उत्तरपूर्व कुनामा सुकिसकेको एउटा कुवा छ । त्यहीँ मकराकृतियुक्त ढुङ्गेधाराको टुटो पनि छ । पछिल्लोकालमा कुनै भक्तले राखिदिएको गणेशको सानो धातुमूर्ति पनि बसाहासँगै स्थापित रहेको छ, ससाना घण्टहरू प्रस्तरथामहरूमा भुण्ड्याइएका छन् ।

महेश्वरमहादेवसँगै पूर्वपट्टि सानो थुम्कोमा देवीथान छ (चित्र संख्या २) । सो थुम्को इँटा, ढुङ्गाले पुरिएर घाँस, भारपात उम्रेर रहेको अवस्थामा देखापर्छ । पुरातत्त्वका दृष्टिले यस्ता थुम्का/ढिस्का महत्त्वपूर्ण मानिन्छन् । किनभने पुरातात्त्विक अवशेषहरू यस्तो ढिस्कामा पुरिएर रहेका हुनसक्छन् । पुरातात्त्विक स्थल पत्ता लगाउने अन्वेषणको एउटा परम्परागत विधि यस्तै ढिस्का र बालीसंकेत पनि हुन् । स्थानीय राज कार्की, कृष्णबहादुर कार्की दिनेश कार्की लगायतका स्थानीय बासिन्दाहरूका अनुसार 'पहिले त्यहाँ एउटा पाटी थियो जुन पछि भत्कियो । महादेवस्थानको पोखरी नै पनि पुरिएको अवस्थामा थियो, सेनालाई आग्रह गरेपछि उनीहरू आएर माटो भारपात पन्छाएर सफा गरिदिए । यहाँ रोपेको रूख बिरुवा पनि राम्ररी नहुर्कने र रूद्राक्षको बोट ल्याएर रोप्दा पहेँलो भई सुकेर जान्छ' ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यही कुरा मलाई राज कार्कीले यहाँ आउनुपूर्व नै भनेका थिए । त्यही कुरा देखाउन पनि मैले मेरो साथमा विद्यार्थीहरूलाई यस दिन लिएर आएको थिएँ । हामीलाई लाग्यो 'अनन्तलिङ्गेश्वर देवस्थलमा जस्तै यहाँ पनि आसपासमा कतै लिच्छविकालीन शिलाभिलेख पुरिएर रहेको हुनुपर्छ ।'



चित्र संख्या २ : महेश्वर महादेवस्थानको उत्तरपूर्व कुनामा रहेको कुवा, त्यसदेखि माथि ढिस्को, र त्यहाँ अवस्थित देवीथान ।

यसरी महेश्वरमहादेवको अवस्थान र उनको प्राचीनतातिर दृष्टिगत गरी 'यिनको बारेमा प्रकाश पार्ने कुनै शिलाभिलेख हुनु पर्ने त हो' भनी हामीले त्यहाँ आसपासमा खोज्यौँ, तर कहीँ पनि भेट्टाएनौ । त्यस दिनमा, राज कार्कीको संयोजकत्वमा महादेवस्थानमा स्थानीय बासिन्दाहरू पनि जम्मा भइसकेका थिए । हामीले उहाँहरूसित यस विषयमा जिज्ञासा राख्दा उत्तीखेरै राज कार्की र कृष्णबहादुर कार्कीहरूले एउटा शिलाभिलेख ल्याएर हाम्रो सामु राख्दै भने 'यो शिलाभिलेख पहिले देवीथानमा थियो, नियतिले गर्दा यो नजिकैको खेतमा फालिएर रहेको अवस्थामा देखेपछि घरमा ल्याएर सुरक्षित गरी राखेका हौं ।' त्यहीँ सबैका सामुन्नेमा मैले सो शिलाभिलेख पढेँ । संवत्.८४६ मिति उत्कीर्ण सो शिलाभिलेखमा भक्तपुर तेखाचोटेलका मनोहरले यिनै 'श्रीश्रीमह्यश्वर'लाई प्रीति गरी सत्तलसहितको पाटी बनाउन लगाई त्यस बारे राख्न लगाएको शिलाभिलेख यो हो । तर विडम्बना भनौं, मैले त्यसबेला पढेको सो पाठमा गल्तिले 'मह्यश्वर'लाई 'मश्येश्वर' पढ्न पुगेछु । त्यही कुरा स्थानीय बासिन्दाहरूले पत्याए, र अहिले चार वर्षपछि उनै महादेवको बारेमा, यो पंक्ति लेख्दासम्म पनि सबैले 'मश्येश्वर' भनी पुकार्दै आएका छन् । संयोग पनि कस्तो भइदियो भने शिलाभिलेखको सो पाठ पढ्नुअघिसम्म स्थानीय बासिन्दाहरूले यी महादेवलाई 'मशानेश्वर' भनी मान्दै आएका रहेछन् । उनीहरूका अनुसार एक दशक अघि त्यहाँ आएका एकजना साधु-सन्यासीले यी महादेवलाई 'मशानेश्वर' भनीदिएपछि त्यही नाम चलेर आएको रहेछ । सो पाठ पढ्नुअघिसम्म हामी सबैले 'मशानेश्वर' मान्दै थियौँ त्यो भने होइन रहेछ । यसरी चार वर्षपछि अहिले गहिरिएर सो शिलाभिलेखको पाठ पढेपछि एउटा तथ्य कुरा पत्ता लाग्न आयो यिनी न त 'मशानेश्वर' थिए, न त मैले अघि पढेजस्तो 'मस्येस्वर' नै देखिए । विज्ञान र प्रविधिको अहिलेको यो युगमा चार वर्ष अघि आफूले खिचेको सो शिलाभिलेखको फोटो कम्प्युटर स्क्रिनमा जुम गरी हेरेपछि पनि धमिलो नै आएपछि राज कार्कीलाई सो शिलाभिलेखको फोटो पठाइदिन अनुरोध गरेँ । उनले तत्काल भाइबरमार्फत फोटो पठाइदिए । सो फोटोमा अभिलेखका पाठ पढ्दै जाँदा उहिले पढेको जस्तो 'मस्येश्वर' नभएर त्यहाँ 'मह्यश्वर' पढ्नमा आयो । शंका लागेर आफ्ना लिपिविज्ञ मित्रहरूलाई पनि देखाएपछि सबैले पढेको पाठ 'मह्यश्वर' नै देखिन आयो । यसरी असलमा यिनी 'महेश्वर' रहेछन् । अघि आधा अक्षर 'ह्' लाई 'स्' ठानेर गलत पाठ पढ्नपुग्दा 'मस्येश्वर'/मत्स्येश्वर भनी प्रचार हुनगएकोमा मलाई थकथक भएको छ । तर जे होस् सही कुरा पत्ता लाग्न आएकोमा सन्तोष मिलेको छ । सो शिलाभिलेखको पाठ (चित्र संख्या ३) यस प्रकार छ :

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महेश्वरमहादेवस्थान, पाटीको ने.सं.८४६ को शिलाभिलेख

यस शिलाभिलेखको शिरोभागको बीचमा आभरणसहितको त्रिशूल र त्यसको दायाँ बायाँ सूर्य र चन्द्र अंकित छन् । अभिलेख १५ पंक्ति छन् । लिपि : नेपाललिपि ।

चित्र संख्या ३ : ने.सं.८४६ को शिलाभिलेख, १८x२८ से.मि.। केही अक्षर अस्पष्ट छन् । फोटो साभार : राज कार्की ।

१. स्वस्ति ।। ॐ अद्य वैशाखमासे, कृष्णपक्षे सप्त-
२. म्यातिथौ ।। धनेष्ठा नक्षेत्रे ।।ऐन्द्रयोगे ।। यथा-
३. करण मुहुर्त्तके ।। वृहस्पतिवासरे ।। वृष-
४. स्थिते सुर्ज्ज(?)कुंभराशिस्थिते चन्द्रमसि ।। शि-
५. शु शशधर भाल्व : प्राल्ल सद्यालमाल : परि-
६. ङ्गत रतकाल : अम्वरां रापिकाल : नटन
७. विधिरसाल शुभ(?)दितयकाल त्रिभुवन,
८. जनपाल : या सु(?)वाऽसौ जगत ऽ।। संयाते र-
९. स वेद वारण मिते (?) नैपालिके हायने ज्येष्ठ-
१०. मास्यसिते दिवावारे तिथौ, वध्यख्यताज्ञा(?)न्पि (?)
११.ते ऐन्द्रयोगे वरे विधांय विधि वद्विश्राम-
१२.शालां मुदा जीवस्यान्हि मनोहरस्यम क-
१३.राजित्वाः प्रतिष्ठां कृती ।। तेषाचोटोलया म-
१४.नोहोलन, श्रीश्रीमह्यश्वर प्रीतिन दयका
१५.फलेचा, चपालसहितन ।। सं ८४६ शुभ ।।

संक्षिप्त अनुवाद : तेखाचोटोलका मनोहरले ने.सं.८४६ मा तीनवटै लोकका समुदायको पालना गरिरहेका श्रीश्रीमहेश्वरलाई प्रीति गरी सत्तलसहितको पाटी बनाइदिएका हुन् । कल्याण होस् ।

व्याख्या

भक्तपुर शहरको एक पुरानो टोलबस्ती तेखाचो पनि हो । भक्तपुर राजदरबारदेखि यो दक्षिण-पश्चिममा छ । यस शिलाभिलेखमा आएका मनोहर सोही तेखाचोटोलका हुन् । मन्थलीको महेश्वरमहादेवस्थानमा सिमेन्ट प्लाष्टर लाएको एक नयाँ पाटी देख्न सकिन्छ । त्यहाँ पहिले पुरानो पाटी 'फलेचा' हुनुपर्छ जुन मनोहरले बनाउन लगाएका हुन् भन्ने कुरा यस शिलाभिलेखबाट जानिन्छ । त्यसैगरी देवीथानमा इँटा र ढुङ्गा पुरिएर रहेको थुम्कोमा उनै मनोहरले बनाउन लगाएको सत्तलको अवशेष हुनुपर्छ । मनोहरले महेश्वरलाई प्रीति गरी सत्तलसहितको पाटी बनाउन लगाएको मूल प्रसङ्गले उनी महेश्वरका उपासक थिए भन्ने कुरा जानिन्छ ।

नेपालमा शैवधर्मको विशेषगरी माहेश्वर परम्पराको इतिहास जान्न मन्थलीका महेश्वर महादेव र यो शिलाभिलेख पनि उत्तिकै महत्त्वपूर्ण देखिन आएको छ । यस शिलाभिलेखमा यिनलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

'महेश्वर' भनी सम्बोधन गरिएको छ । यस कुराले विशेष महत्त्व राख्छ । यस शिलाभिलेखको प्राप्तिले यस्तो प्रतीत हुन्छ मानौ कैयन कालसम्म परित्यक्त अवस्थामा रही नामसमेत विस्मृतिको गर्भमा बिसाइएर रहनुपरेका यी महादेव आफ्नो असली नाम स्वरूपमा हाम्रा सामु पुनः प्रकट भएका छन् र हामीले उनलाई महेश्वर' रूपमा दर्शनपुजन गर्न पाएका छौँ । यो हामी सबैका लागि गौरवको कुरा हो ।

शिवलाई कहने साझा नाम 'शिव' हो । महेश्वरले (महेश्वर-शिव) शिवको विशेष रूप एवं सम्प्रदाय, शैव परम्पराको स्मरण हुन्छ । पछिल्लो, मल्लकालकै भएपनि यस शिलाभिलेखमा आएका 'महेश्वर' र उनका उपासक मनोहरले हामीलाई महेश्वरमहादेवस्थान समीपैको अनन्तलिङ्गेश्वर देवस्थलमा शिलाभिलेख राख्ने, विक्रमको आठौँ शताब्दीतिरको प्रथमचरणतिरका उनै प्रख्यात लिच्छवि राजा नरेन्द्रदेवलाई पनि संझाएको छ । किनकि शैवधर्मानुयायी नरेन्द्रदेव पनि महेश्वरका परम उपासक थिए । यिनको समयमा पनि शैवधर्मको विशेष उन्नति भएको थियो । शैव धर्ममा पनि शिवका विशेष स्वरूपहरूलाई मान्ने स्वतन्त्र रूपका शैव सम्प्रदाय उपसम्प्रदायहरू त्यसबखत भारत तथा नेपालमा चलेका थिए जसको सांस्कृतिक ढुकढुकी भने पूर्वकालदेखि पाशुपतक्षेत्र नेपाल नै रहिआएको विदित हुन्छ । महाभारतकालमा यसै पशुपतिक्षेत्र 'माहेश्वरपुर' कहलिन पुगेको कुरा पनि यहाँनिर स्मरणीय छ (डा.गोविन्द टन्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन, श्रीझरेन्द्र शम्शेर ज.ब.रा.तथा श्रीमती मञ्जु राणा, काठमाडौं : २०५३, पृष्ठ ३१-३२) । शिवलाई 'महेश्वर-शिव'को रूपमा मान्ने सिद्धान्त वैशेषिकहरू, शिव सिद्धान्त सम्प्रदायका एक शाखा भारतमा नवौं शताब्दीतिर अस्तित्त्वमा रहेको देखिन्छ (भि.एस पाठक, शैव कल्ट्स इन नर्थन इण्डिया, डा.रामनरेश वर्मा, वाराणसी : १९६०, पृष्ठ ४०) । ललितपुर यागबहाल र पशुपति वज्रघरका नरेन्द्रेवका अभिलेखहरूमा उनले ' भगवत्पशुपतिभट्टारकपादानुगृहित' भन्ने विशेषणका साथै 'परममाहेश्वर' भन्ने विशेषण पनि धारण गरेका छन् (वज्राचार्य, २०५३, पृष्ठ ४९६, ४९९, ५०२) । देउपाटनको अंशुवर्माको वि.सं. ६७२ को अभिलेखमा उनकी भान्जी भाग्यदेवीले स्थापना गरको 'लडितमहेश्वर' को उल्लेख छ (वज्राचार्य, २०५३, पृष्ठ ३५७) । नरेन्द्रदेवको पालाको भक्तपुर टौमढीटोलको भैरवमन्दिरभित्रको ढुङ्गे जलपात्रको संवत ८८/वि.सं.७२१ को अभिलेखमा 'ललितमहेश्वर' को उल्लेख आएको छ (योगेशराज, 'तवमधि भैरवमन्दिरभित्रको लिच्छविकालीन अभिलेख, पासुका, ३/६/१०५६, पृष्ठ ८-९) । सोही जलपात्र रहेको चोकमा इनारसङ्गैं उमा-महेश्वरको सातौँ-आठौँ शताब्दीतिरको प्रस्तरमूर्ति छ । सो जलपात्रमा वर्णित ललितमहेश्वरले हामीलाई उही उमा-महेश्वरको मूर्तिलाई स्मरण गराउँछ । लिच्छविकालमा स्वतन्त्ररूपले चलेका अनेक शैव सम्प्रदायहरूमध्ये एक माहेश्वर सम्प्रदाय भक्तपुरभेकमा नरेन्द्रदेवको पालामा विशेष लोकप्रिय अवस्थामा रहेको कुरा यताबाट जानिन्छ (पुरुषोत्तमलोचन श्रेष्ठ, 'भक्तपुरका असुरक्षित अभिलेख', प्राचीन नेपाल, १४७/२०५८, पृष्ठ २६) प्रकारान्तरमै पनि यस कुराको थप प्रामाणिक पुष्टि मन्थलीका महेश्वर महादेवबाट पनि मिल्छ । त्यसैगरी सातौँ-आठौँ शताब्दीदेखि पछिल्ला समयहरूमा पनि मन्थलीका महेश्वर महादेव शैवधर्मानुयायीहरूको पवित्र तीर्थस्थलको रूपमा रहिआएको कुरा दृष्टिगोचर हुन्छ । त्यस कुराको प्रत्यक्ष साक्ष भएर मल्लकालको उत्तरार्द्धका मनोहर यस शिलाभिलेखमा हाम्रा सामु उभिन आएका छन् ।

ऋग्वैदिक कालभन्दा पनि अघिदेखिका शिव त्यस युगमा रौद्र रूप धारण गर्दै रूद्रशिवका रूपमा देखा परेका थिए भने त्यसपछिको उत्तरवैदिक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

युगमा आइपुग्दा विश्वसृष्टिको शक्तिकै रूपमा, परमब्रम्ह परमात्माका रूपमा पुकार्दै आएको विदित हुन्छ । यसरी चलेर आएका उनका अनेक नाम रूपमध्येको एक सबैको कल्याण गर्ने महेश्वर नाम रूपमा पनि लोकप्रिय हुनपुगेको ज्ञात हुन्छ । लिङ्गपुराणअनुसार प्रधान परमेश्वर महेश्वर हुन् । लिङ्गको आधार-स्तम्भ महादेवी उमा हुन् भने लिङ्ग महेश्वर हुन् टि.ए.गोपीनाथ राव, एलिमेन्ट्स अफ हिन्दु आइकोनोग्राफि, २/१, मोतीलाल बनारसीदास, दिल्ली : पृष्ठ ५९)। यही भाव आकारविहीन महेश्वर शिवलिङ्गमा पनि दर्शनीय हुन्छ । लिङ्गपुजनका प्रसङ्गमा, शिवलिङ्गको फेद 'ब्रम्हा', मध्यभाग 'विष्णु' र शिर्षभागलाई 'महेश्वर'भावले दर्शनपुजन गर्ने परम्परा रहिआएको विदित हुन्छ। त्रिमूर्तिको एकाकार 'रूपमा दर्शनीय हुने 'ब्रम्हा+विष्णु+महेश्वर' मा ब्रम्हा र विष्णु महेश्वरका सहायकका रूपमा देखापर्छन् भने मूलदेवताका रूपमा उनै महेश्वरमहादेव, सृष्टि, स्थिति र संहारका आदि रूप आधार ! देवता मानव र दानव सबैका परमप्रभुको मान्यता उनलाई मात्र प्राप्त रहिआएको जानिन्छ (टण्डन, २०५३, पृष्ठ ७९) ।

पशुपतिपुराणमा (सं. नरहरिनाथ, श्रीमत्पशुपतिपुराणम्, भीमप्रसाद उपाध्याय, काठमाडौं : २०११, पृष्ठ २०८) चौँसठ्ठी शिवलिङ्गको यात्रावर्णनका क्रममा बयालिसौँ शिवलिङ्गको रूपमा वर्णित विश्वरूपेश्वरको अवस्थान अनन्तलिङ्गेश्वरदेखि पश्चिम भक्तपुर तर्सागाल भनिएको छ। यस बारेको तर्क एवं विचार अनन्तलिङ्गेश्वर एक सांस्कृतिक अध्ययनमा पनि परेको छ (श्रेष्ठ, २०६४, पृष्ठ ७७-७८) । अनुसन्धानको अन्त्य छैन, जहाँ अन्त्य छ, त्यहीँबाट आरम्भ हुन्छ । प्राप्त प्रमाणहरू एवं त्यसबारेमा पुनर्विचार गर्दा मन्थलीका महेश्वर नै वृद्धगंगा विश्वरूपेश्वरका हाम्रा सामु दर्शनीय हुन आउँछ । हिमवत्खण्डमा वृद्धगंगा विश्वरूपेश्वरको माहात्म्यबारेको वर्णनमा 'तीनशिरधारी मनुष्यदेह भएका त्रिशिराले वृद्धगंगामा स्नान गरी जलफूलले त्यस लिंगलाई पुजा गरेपछि वैशाख पूर्णिमाको दिन महेश्वरको आविर्भाव हुनुभयो' भनिएको छ (सं. योगि नरहरिनाथ र अरू हिमवत्खण्ड:, गोरक्षटिल्लाकाशी, २०१३, अध्याय १३१,) । यो कुरा विचारणीय छ । हिमवतखण्डमा यसरी महेश्वरको आविर्भाव भएको बारेमा स्थाननामको उल्लेख आएको छैन, लिंगमहात्म्यको वर्णनक्रममा विमलेश्वर, अनन्तलिङ्गेश्वर र त्यसपछि वृद्धगंगा विश्वरूपेश्वरको वर्णनमा त्यसरी महेश्वरको आविर्भावको कुरा आएको छ। अनन्तलिङ्गेश्वरभेकमा 'महेश्वर' नामले पुकारिएको एकमात्र शिवलिङ्ग मन्थलीका 'महेश्वर' मात्र देखिन आएका छन्। माथि उल्लेखित अभिलेखीय प्रमाणबाट यस कुराको पुष्टि मिल्छ । यताबाट हिमवत्खण्डमा वर्णित वृद्धगंगा विश्वरूपेश्वर नै मन्थलीका महेश्वर हुन् भन्ने अनुभूत हुन्छ। यस बारेमा बेग्लै अनुसन्धान हुन सकेमा थप नयाँ कुरा प्रकाशमा आउने आशा छ ।

प्रतीकवाद नेपाली धर्म-संस्कृतिको अतुल्य विशेषताको रूपमा रहिआएको छ । मनले मान्ने भाव र विचार ठूलो कुरा हो । मानसपुजा यस कुराको अनुपम उदाहरण हो। नेवारीमा एउटा भनाई छ 'अ:खुं तीर्थ क:सि काशी' अर्थात् मनले मानेमा करूवाको जल पनि तीर्थ, कौशी पनि काशी! मानसभावले पुजा गर्दा अञ्जुलीभरीको जलमा पनि कैलाश मानसरोवर अटाउँछ, र सोही अनुरूप दर्शनपूजन हुन्छ। यसैले हाम्रो संस्कृतिमा शक्तिको प्रतीक कलश थापना गरी पूजा गर्ने परम्परा छ । मनको भावले त्यही कलशमा तीनवटै लोक अटाएको हुन्छ, सप्तपाताल, गुह्यश्वरी, अन्नपूर्णा, सम्पूर्ण देवीदेवता लगायत कैलाश। कुरा कलशको होस् वा कुण्ड (जलाशय)को, त्यहाँ कैलाशभावको दर्शन मिल्छ। प्रसिद्ध शैव तीर्थस्थलहरू जल वा जलकै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

समीपमा रहेका पाइन्छन् । प्रसिद्ध शिवलिंगहरू जलाशयमाझमा स्थापित रहेको पाइन्छ । किनकि शिव जलेश्वर पनि हुन् । जलका ईश्वर जलेश्वर ७७ जलेश्वर, कुम्भेश्वर, गोसाईकुण्ड, अनन्तकुण्ड (अनन्तलिङ्गेश्वर) कैलाश मानसरोवर लगायत हाम्रा महेश्वर पनि जलाशयकै माझमा छन् । यस दृष्टिले यिनको भौतिक अवस्थानतिर मनको भावले दर्शन गर्दा हामीलाई त्यहीँ उनको जलेश्वर रूपको पनि दर्शन मिल्छ, जलका मूल स्रोत हिमालय पर्वत कैलाशेश्वरको दर्शन मिल्छ, संसारका सारा सनातनी शैवहरू/हिन्दुहरूको सांस्कृतिक शिर पशुपतिनाथको दर्शन मिल्छ । मन्थलीका जलाशयमाझ बसेका महेश्वरको दक्षिणमा बहने वृद्धगंगामा स्नान गर्न आएका सप्त अप्सराहरूलाई देखेर दीर्घतया नामक महात्माको वृद्धगंगामा स्खलन भएको निर्मल वीर्यलाई भेरुण्डा नामक पंक्षिराजले त्यहाँ पानी पिउन आउँदा निलेपछि उनको पत्नी गर्भवती हुँदा तीन शिर भएको बालकको जन्म भएको र उनै मानव देहधारी त्रिशिराले विश्वरूपेश्वर लिङ्गको दर्शन गरेपछि वैशाख पूर्णिमाको दिनमा महेश्वर आविर्भाव भएको हिमवतखण्डमा वर्णित माहात्म्यको आधारमा पनि महेश्वरको एक नामविशेष वृद्धगंगा विश्वरूपेश्वर रहेको कुरा पनि यसै प्रसङ्गमा जानिन्छ ।

जस्तो महादेव उस्तै महेश्वर ७७ जसरी देवताहरूका पनि देवता महादेवता भएको हुँदा उनी 'महादेव' कहलिए, उसरी नै ईश्वरहरूका पनि ईश्वर महाईश्वर भएको हुँदा उनी 'महेश्वर' कहलिएका हुन् । उनै महेश्वरको दर्शन हामीलाई मन्थलीका महेश्वरमा मिल्छ । कलशरूपी जलाशयमाझ बसेका महेश्वरमा हामीलाई शक्तिसहितको महेश्वरको दर्शन मिल्छ ।

लिच्छविकालीन मुद्राहरू (चित्र संख्या ४,५)



चित्र संख्या ४ : अग्रभाग बायाँबाट १.श्रयंशुवर्मा, २.१ से.मि २.पशुपति २.१ से.मि. ३. पशुपति १.५ से.मि. ४ पशुपति १.८ से.मि. ।



चित्र संख्या ५ : ऐजनको मुद्राका पृष्ठभाग ।

माथि चित्रमा प्रस्तुत चार थरीका लिच्छविकालीन मुद्राहरू मन्थलीका स्थानीय दिनेश कार्कीले वि.सं.२०४८ सालमा आफ्नो घर बनाउन जग खन्दा भेटिएका हुन् । यी मुद्राहरू उनले हामीलाई मन्थलीको महेश्वर महादेवस्थानमा स्थलगत अध्ययनमा आउँदा देखाएका हुन् । यसको निमित्त उनलाई विशेष धन्यवाद छ । यी मुद्राको प्राप्तिले यस भेकको विशेष महत्त्व रहेको कुरा निश्चित रूपले जानिन्छ । प्राप्त मुद्राहरूमा 'श्र्यंशुवर्मा' र 'पशुपति' मुद्राहरू छन् ।

१. श्र्यंशुवर्मा मुद्रा

मन्थलीमा भेटिएका चारथरीका मुद्रामध्ये माथि उल्लेखित १ संख्याको मुद्रा स्वतन्त्र शासक अंशुवर्माको समयको (वि.सं.६६२-६७७), उनले प्रचलनमा ल्याएका अनेक प्रकारका मुद्राहरूमध्येको एक हो । यस मुद्राको अग्रभागमा अंकित आकृति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्राय: चिन्नै नसकिने भएका छन् । अत: अंशुवर्माले प्रसारणमा ल्याएका अन्य मुद्राहरूलाई समेत तुलनात्मक अध्ययनको आधार बनाएर (हरिराम जोशी, उत्तरप्राचीनकालीन मुद्रा, साझा प्रकाशन, काठमाडौं : २०३३, पृष्ठ ७२-८३, जोशीले अंशुवर्माका दश प्रकारमा मुद्राहरूको सचित्र-विवेचन गरेका छन् । त्यस आधारमा यो मुद्रा उनले विवेचन गरेको पाँचौं प्रकारको मुद्रासित मेल खान्छ ।, सत्यमोहन जोशी, नेपाली राष्ट्रिय मुद्रा, साझा प्रकाशन, पुलचोक : २०४२, पृष्ठ ४९ जोशीले पाँच किसिमका मुद्राको उल्लेख गरेका छन् जसमध्ये यो उनको दोस्रो किसिमको मुद्राको विवेचनसित मेल खान्छ ।), हेरेको खण्डमा यसको अग्रभागमा विन्दुयुक्त घेराको माझमा बायाँ फर्केर उभिरहेको सिंहको अस्पष्ट आकृति देखापर्छ । सिंहका पखेटा छन् । यिनले शिरमा राजमुकुट धारण गरेको र दायाँ पञ्जाले कुनै खास कुरा च्यापी माथि उठाएका छन् जहाँ यिनले राष्ट्रिय ध्वजा फहराइरहेको प्रतीत हुन्छ । यिनको माथि उत्कीर्ण अक्षर नदेखिने भएका छन् तर ती अक्षरमा 'श्र्यंशुवर्मा' नाम कुँदिएको कुरा निश्चित रूपले जानिन्छ ।

उक्त मुद्राको पृष्ठभागका आकृति अग्रभागको तुलनामा चिन्न सकिने अवस्थाको छ । यस भागमा पनि बिन्दुयुक्त घेरामाझमा (ज्ञान, बुद्धी, विवेक, कुटनीति आदि बहुअर्थ राख्ने २५ संख्याका विन्दुहरू) बायाँ फर्केर उभिरहेको, तर पखेटा नभएको, एक फूर्तिलो सिंह छ । यी सिंहले पनि आफ्नो दायाँ पञ्जाले केही खास वस्तु च्यापी माथि उठाएका छन् जस्तो मलाई लाग्छ । यी सिंहको माथि चन्द्रमा अङ्कित छ । यहाँ कुनै अभिलेख छैन ।

लामो कालदेखि लिच्छवि राजाहरूलाई नाममात्रको तुल्याई सर्वेसर्वा भएर शासन गरिरहेका आभीर गुप्तहरूलाई सत्ताच्यूत गर्न लिच्छवि राजा शिवदेव प्रथम (वि.सं.६४७-६६१) ले आफ्ना भान्जा अंशुवर्मालाई राजसत्ताको संसारमा ल्याएका थिए । अनि मामाको साथ पाएर माथि उठ्ने अवसर पाएका योग्य र चतुर सामन्त अंशुवर्माले सजिलैसित भौमगुप्तहरू पन्छाउन सफल भए । त्यसपछि गुप्तहरूले भन्दा बढी अधिकार लिएर सामन्तबाट महासामन्त हुँदै आफ्नो मामाको साथमा सहायक शासक भएर संयुक्त शासन गरे । शिवदेवले राज्यत्याग गरी बौद्ध भिक्षु भएर विहारमा गएपछि भने वि.सं.६६२ देखि स्वतन्त्र शासक भएर उनले शासन गरे (वज्राचार्य, २०५३, पृष्ठ २३५-२३८, २९२) । यसरी स्वतन्त्र शासक भएर शासन गर्दा नेपालले चौतर्फी उन्नति गरेको थियो । नेपालको धाक छिमेकी मुलुकहरूमा समेत जम्न पुगेको थियो । यसरी नेपालको इतिहासमा त्यही समृद्ध स्वर्णिम युग ल्याउने श्रेय पाएका उनै अंशुवर्माले त्यो वैभवपूर्ण युगमा, त्यही कारणले प्रसारणमा ल्याउनुपरेको अनेक थरीका मुद्राहरूमध्येको एक मन्थलीमा भेटिएको यो तामाको मुद्रा पनि हो । माथि प्रस्तुत तीन थरीका पशुपति मुद्राहरू पनि उक्त कुराको पुष्टिका लागि उदाहरणस्वरूप छन् ।

अंशुवर्माका सिंहाकृति अंकित मुद्राहरूमा मानदेव प्रथमको 'श्रीमानाङ्क' मुद्राको अनुकरण-प्रभाव परेको देखिन्छ । एक किसिमको श्रीमानाङ्क मुद्रामा बायाँ फर्केको, पञ्जाले च्यापी राष्ट्रिय ध्वजा फहराइरहेको सिंह छ । अंशुवर्मा अघिका लिच्छवि राजाहरूले प्रसारणमा ल्याएका मुद्राहरूमा सिंहाकृतिमाथि चन्द्रमाको अभाव छ, अंशुवर्माको मुद्रामा भने छ । यो कुरा विशेष महत्त्वको छ । लिच्छविहरू सूर्यवंशी थिए, अंशुवर्मा चन्द्रवंशी थिए । हरिराम जोशीका अनुसार 'अंशुवर्माका मुद्रामा सिंहको आकृतिमाथि अंकित चन्द्रमाले त्यही यथार्थतालाई दर्शाउने प्रयास गरेको स्पष्ट छ' (जोशी, २०३३, पृष्ठ ६७-६९,७७) । मुद्रामा अंकित झण्डा र सो झण्डा उचालिरहेको सिंहमा सार्वभौमसत्तासम्पन्न, बलियो अखण्ड राष्ट्र, सिंहजस्तै शक्तिशाली स्वतन्त्र शासकका प्रतीकभाव स्मरण हुन्छन् । प्राचीनकालदेखि नै सिंह राजसत्ताको प्रतीक रहिआएको विदित हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२.३.४.पशुपति मुद्राहरू

माथि उल्लेखित २, ३ र ४ संख्याका तामाका पशुपति मुद्राहरूको अग्रभागमा १८ संख्याको बहुअर्थ लाग्ने विन्दुयुक्त घेराको माझमा सानो सूर्य आकृति अंकित छ । सो सूर्यलाई द्वादश आदित्यका प्रतीक स-साना बाह्रवटा थोप्लाले सूर्यकै किरणको रूपमा प्रज्वलित हुने गरी घेरिएको छ । त्यसपछि मुद्राको चारै दिशामा एक एक अक्षर र प्रत्येक अक्षरसँगै तीन तीन थोप्लासहित (जम्मा गरी १२ थोप्ला) गरी उत्तरलिच्छवि लिपि (कुटलाक्षार) मा 'प' 'शु' 'प' 'ति' अभिलेख अंकित छ । सूर्य पनि शिवकै एक अवतार हो । उनी सर्वत्र व्याप्त छन् । यसरी यही भाव यस भागको सो सूर्यआकृतिको चारैतिर फैलाएर उत्कीर्ण गरिएको 'पशुपति'बाट पनि मिल्छ ।

माथि उल्लेखित मुद्राका पृष्ठभागमा पनि १८ संख्याको विन्दुयुक्त घेरामाझ दायाँ फर्केर उभिरहेका साँढे छन् । तीनवटै साँढेहरूका माथि चन्द्रमा अंकित छन् ।

नेपालको मौद्रिक इतिहासमा उत्तरलिच्छवि-कालदेखि पूर्वमध्यकालसम्म गरी दुईवटा कालखण्डमा, लामो समयसम्म चलेको सर्वाधिक रूपमा प्राप्त, एकै नामको मुद्राका पनि अनेक किसिम भएका मुद्राहरूमा एकमात्र पशुपति मुद्रा देखिन आउँछ । यताबाट उद्योग एवं व्यापार अत्यधिक मात्रामा फैलिएर, चौतर्फी उन्नति गरेर समृद्धिको चरमोत्कर्षमा पुगेको देशको स्वर्णिम युग यही रहेको अनुभूत हुन्छ ।

मुद्रामा 'पशुपति' अंकित भएको हुँदा यी मुद्राहरू 'पशुपति-मुद्रा' कहलिएका हुन् । प्रशारण गर्ने शासकको नाम अंकित नहुँदा पशुपति मुद्रा कसले प्रचलनमा ल्यायो भन्ने कुरामा विज्ञहरूबीचमा एकमत रहेको छैन । तथापि यो मुद्रा भगवान् पशुपतिनाथको सम्मानमा प्रचलनमा ल्याइएको कुरामा भने दुईमत पनि छैन ।

अभिलेखमा 'पशुपति' को उल्लेख सर्वप्रथम पशुपति भस्मेश्वरको संवत् ४५५ (वि.सं.५९०) को अभिलेखमा आएको छ ('भगवत: पशुपते: क्षेत्रे' (भगवान् पशुपतिको क्षेत्रमा), वज्राचार्य, २०५३, पृष्ठ १५५) । यताबाट पशुपतिक्षेत्र पाशुपत/ कापालिकहरूको आविर्भावकालदेखि नै अति पवित्र, मूल आदर्शस्थलको रूपमा रहिआएको जानिन्छ । योगसाधना, तन्त्रमन्त्र र अनुष्ठानतर्फ उन्मुख तान्त्रिक स्वरूपका अनेक स्वतन्त्र शैव पाशुपत/ कापालिक सम्प्रदाय उप-सम्प्रदायहरू नेपाल र भारतमा एकसाथ चलेको देखिन आएको छ । 'मुण्डशृङ्खलिक', 'शृङ्खलिक', 'दान', 'वश', 'लकुलीश', 'माहेश्वर', 'वीरशैव', 'मिश्रशैव', 'शिवसिद्धान्त' लगायत 'सोमसिद्धान्त' उदाहरणस्वरूप छन् । तन्त्रपद्धतिमा सम्प्रदायभेद गौण हुने र सिद्धिका लागि शक्तिको साथ पनि अपरिहार्य रूपमा रहने हुँदा एक सम्प्रदायको अर्को सम्प्रदायसित सम्बन्ध रहिआएको पनि जानिन्छ । कापालिक सम्प्रदायको सान्निध्यता सोमसिद्धान्त सम्प्रदायसित रहेको थियो (भि.एस.पाठक, १९६०, पृष्ठ ३)। पशुपति छत्रचण्डेश्वरको अभिलेखको आधारमा एकसाथ अनेक शैव पाशुपत सम्प्रदायहरूका साथमा सोमसिद्धान्त सम्प्रदाय एवं तिनका आचार्य, मण्डली, र अनुयायीहरू त्यसबखत थिए भन्ने ज्ञात हुन्छ (वज्राचार्य, २०५३, पृष्ठ ४२६-२७) । शिरमा सोम (चन्द्रमा) धारण गर्ने पार्वती जस्ती रूपवती शक्तिलाई आलिङ्गनमा लिइरहेका शिवशक्ति स्वरूपका चण्डेश्वर/चन्द्रशेखरलाई मुख्य देवताको रूपमा पूजा उपासना गर्ने सम्प्रदाय 'सोमसिद्धान्त' कहलिएको थियो (भि.एस. पाठक, १९६०, पृष्ठ २५) । माथि पनि वर्णित छत्रचण्डेश्वरको अभिलेख लगायत साँगाको विकटेश्वर महादेवस्थानको अंशुवर्माको अभिलेखमा आएको विकट रूपका महादेवको स्तुतिवर्णनले मुण्डशृङ्खलिक पाशुपत सम्प्रदायको अस्तित्त्वलाई दर्शाएको छ (वज्राचार्य, २०५३, पृष्ठ) । नेपालमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शैव-पाशुपत सम्प्रदाय स्वतन्त्र शासक अंशुवर्माका पालासम्म आइपुग्दा राजकीयस्तरमै लोकप्रिय हुन पुगको आभास यताबाट मिल्छ । त्यही लोकप्रियताको एउटा सुन्दर उदाहरण पशुपति मुद्रा पनि हो । साँढे शिवको वाहन मात्र नभएर स्वयं शिव नै पनि हुन् । मन्थली नजिकैको नंखेलका नन्दीकेश्वरमहादेव उदाहरणस्वरूप छन् । पशुपति मुद्राहरूमा साँढेको आकृतिमाथि दर्शाइएको चन्द्रमाको चिन्हले हामीलाई शिव-पशुपतिको, चण्डेश्वर/चन्द्रशेखर महादेवको स्मरण गराएको छ । पशुपतिका परम अनुयायी अंशुवर्माले बनाउन लगाएको कैलाशकूटभवन उनै कैलाशपति भगवान् शिवको बासस्थानको नामबाट राखिएको छ । लिच्छविकालका शिलाभिलेखहरूको शिरोभागमा अंकित आकृतिहरूतिर दृष्टि दिँदा नक्साल भन्सारहिटीको यिनकै शिलाभिलेखको शिरोभागमा प्रथमपल्ट बसिरहेको साँढेको सुन्दर आकृति देखापर्न आएको छ । यही परम्परालाई उनीपछिका नरेन्द्रदेव लगायत परवर्ती कालका शासकहरूले पनि अनुकरण गरेको विदित हुन्छ । पशुपति मुद्राहरूका अभिलेख उत्तरलिच्छवि लिपिमा छन् । अंशुवर्माको समयका अभिलेखका लिपितिर दृष्टि दिँदा यिनकै समयदेखि उत्तरलिच्छवि लिपि (कुटिलाक्षर) प्रचलनमा आएको देखिन्छ । यसरी माथिका प्रसङ्गहरूतिर विचार गर्दा यिनकै पालादेखि पशुपति मुद्रा प्रचलनमा आएको प्रतीत हुन्छ जसलाई उनीपछिका शासकहरूले पनि निरन्तरता दिँदै लगे जुन परम्परा पूर्वमध्यकालका शासक शिवदेवको पालासम्म पनि चलिरहेको विदित हुन्छ । मन्थलीमा फेला परेका यी पशुपति मुद्राहरूले हामीलाई यिनै कुरा संझाएको छ ।

मुद्रा सभ्यता र समृद्धिको चिन्ह हो । मुद्रा सार्वभौमसत्तासम्पन्न स्वतन्त्र राष्ट्रको प्रतीक हो । यी मुद्राहरू हाम्रा प्राचीन राष्ट्रिय मुद्राहरू हुन्, धर्म संस्कृतिका प्रतीक हुन् । प्राचीन इतिहास जान्ने महत्त्वपूर्ण पुरातात्त्विक साक्ष-आधार पनि हुन् । यी मुद्राहरूको प्राप्तिले मन्थली र मन्थलीका महेश्वरको प्राचीनतालाई मात्र नभएर सिङ्गो अनन्तलिङ्गेश्वरभेकको प्राचीन सभ्यता र संस्कृतिलाई पनि एकसाथ अनुभूत गराएको छ । मन्थलीमा मात्र नभएर माथि अनन्तलिङ्गेश्वर देवस्थल, गुण्डुको तिथली लगायत यसको दक्षिणपूर्वमा रहेको नंखेलस्थित नन्दीकेश्वरमहादेवस्थानबाट पनि यस्ता लिच्छविकालीन मुद्राहरू फेला परेको कुराले पनि विशेष महत्त्व राख्दछ । मन्थलीका महेश्वरमहादेवस्थान उत्तरप्राचीनकालदेखि नै यस भेकका अन्य देवस्थलजस्तै प्रसिद्ध देवस्थल, तीर्थस्थलको रूपमा रहिआएको थियो भन्ने कुरा यी मुद्राहरूको प्राप्तिबाट पनि थप पुष्टि मिल्छ ।

यसरी मन्थलीमा भेटिएका महेश्वर, शिलाभिलेख र मुद्राहरूको प्राप्तिले पनि आजको अनन्तलिङ्गेश्वरभेकमा उहिले अस्तित्त्वमा रहेको, बृहत् भूभागमा फैलिएर रहेको प्रसिद्ध हंसगृहद्रङ्ग शैवहरूको प्रमुख तीर्थस्थल रहेछ भन्ने कुरा ज्ञात हुन्छ ।

पछाडि फर्केर नहेर्ने कालको प्रकृति र नियति परिवर्तन हो । लिच्छविकालमा प्रसिद्ध रहेको हंसगृहद्रङ्गको नियति पनि यस्तै रहेको विदित हुन्छ । इतिहासको कालप्रवाहमा हंसगृहद्रङ्ग उजाड हुनपुग्दा यसभेकका कतिपय प्रख्यात स्थानहरू पनि स्थानीयतामा मात्र सीमित हुँदै ओझेलमा पर्न गएको आभास हुन्छ । अनन्तलिङ्गेश्वरभेकका प्राचीन सम्पदा लगायत मन्थलीका महेश्वरमहादेवले पनि हामीलाई यी कुरा झल्झली संझाइरहेको छ । आफ्ना आदरणीय गुरु इतिहासकार धनवज्र वज्राचार्यको निम्न भनाईले उक्त कुरालाई झनै बल्झाएर संझाइरहेको छ :

उहिलेका कति प्रसिद्ध बस्ती अहिले उजाड भइसकेका छन् । अहिलेका कति बस्ती उहिले थिएनन् ।

(धनवज्र वज्राचार्य, 'लिच्छविकालिक बस्ती', **पूर्णिमा**, १८/२०२५, पृष्ठ ११)

❑❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्री श्री श्री वीरशमशेरको रुक्का

–डा. भूपहरि पौडेल*

विषयप्रवेश

नेपालको लिच्छवि, मल्ल, शाहवंशीयका साथै बाइसी, चौबीसी, सेनवंशी, चौदण्डी तथा विजयपुरे राजाहरूको शासनकालमा जारी भएका आधारभूत र महत्त्वपूर्ण विषयका तामापत्र, शिलालेख, सनद, सवाल, तिर्जा, रुक्का आदि प्रशस्त पाइन्छन् । विभिन्न कालखण्डका राजाहरूले जारी गरेका र जारी गर्न लगाएका उपर्युक्त लेख्य सामग्रीहरू अभिलेखीय ऐतिहासिक सामग्री हुन् । नेपालका अभिलेखीय ऐतिहासिक दुर्लभ सामग्रीहरूको अन्वेषण, अध्ययन, अर्थप्रकाश, व्याख्या, विश्लेषण र समीक्षात्मक प्रस्तुतिमा इतिहासशिरोमणि बाबुराम आचार्य, योगी नरहरिनाथ, धनवज्र बज्राचार्य, गौतमवज्र बज्राचार्य, भोलानाथ पौडेल, रामजी तिवारी, ज्ञानमणि नेपाल, महेशराज पन्त, दिनेशराज पन्त, मोहनप्रसाद खनाल, पूर्णप्रकाश नेपाल 'यात्री' तथा पुण्यप्रसाद पौडेलको महत्त्वपूर्ण योगदान रहेको पाइन्छ । लिच्छविकालदेखि शाहकाल हुँदै १०४ वर्षको राणाहरूको शासनकालमा जारी भएका ऐतिहासिक सामग्रीहरू अझै पनि अन्वेषणको विषय रहेका छन् । वास्तवमा ऐतिहासिक अभिलेखीय सामग्रीहरू समीक्षात्मक र विवेचनात्मक इतिहास लेखनका मूल स्रोतसामग्री हुन् । सोत-सामग्रीहरूको अभावमा इतिहासलेखन कार्य प्राय: असम्भव हुन्छ । अनेकौं विषय र सन्दर्भका ऐतिहासिक सामग्रीमध्ये रामेछाप जिल्लाको तिल्पुङमध्ये काभ्रे गाउँका मुखिया जनकलाल पाध्या र रामचन्द्र पाध्याका नाउँमा वनको संरक्षणका निम्ति जारी भएको श्री श्री श्री वीरशमशेरको रुक्का ऐतिहासिक अभिलेख हो ।

वनको ऐतिहासिक परम्परा

वन र मानिस तथा मानिसइतर प्राणीहरू जस्तै : वन्यजन्तु, सिंह, बाघ, भालु, चितुवा, मृग, कस्तूरी मृग, कालिज, डाँफे तथा अनेकौं जातका चराचुरुङ्गीहरू एवं घरपालुवा जनावरहरू : गाई, भैंसी, भेंडा, बाख्राहरूकाबीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । वन र पानीका स्रोतहरू भएनन् भने कुनैपनि प्राणीको जीवन सकस र सङ्कटपूर्ण हुन्छ । त्यसकारण वनको उत्पादन र विकासबाट पानीका स्रोतहरू फुट्छन् । वन्यजन्तुका निम्ति वासस्थान र आहाराको जोहै, घरपालुवा पशुपन्छीका निम्ति घाँस, सोत्तर, स्याउला र आहालको व्यवस्था, मानवसमाजका निम्ति घरका झयाल, ढोका, निदाल, दलिनका साथै छानु छाउने खर, डाँडाभाटाका निम्ति घाँस, रूखका हाँगाबिगाँ र काठका चिरपट, टाँड, वस्तु बाँध्ने गोठ र भेंडा बाख्रालाई घाँस झुन्ड्याउन गोठ टाङ्नु बनाउन पनि बाँस-काठकै आवश्यकता पर्छ । त्यसकारण मानव र मानवेतर प्राणीका लागि प्राचीनकालदेखि नै वनको महत्त्व रहँदै आएको छ ।

*अनुसन्धानकर्ता

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हाम्रा ऋषिमुनिहरूले वन र ओडारहरूमा तपस्या गरेर अमोघ ज्ञान प्राप्त गरेका थिए । सिद्धि प्राप्त गरेका थिए । न्याय, वेदान्त, ज्योतिष, व्याकरण साहित्य, धर्मशास्त्र, कामशास्त्रजस्ता दिव्यज्ञानका ग्रन्थहरू लेखेका थिए । अहिलेपनि शहरिया मानिसहरू फुर्सदिला दिन बिताउन पहाड र जङ्गलको यात्रामा रमाउन थालेका छन् भने रुसोको 'प्रकृतितिर फर्क' पनि वनकै आकर्षणसँग सम्बन्धित छ। वन भनेको विभिन्न जातका वृक्षहरू झाङ्गिएको, पोथ्राहरू आकाश ताकेर अग्लिदैं गरेका सुरिला र युवा झाङहरू, झारपातहरूको समूह हो। त्यसकारण वनमा विभिन्न जात र थरका शिशु, बालक, किशोर, युवा, प्रौढ र वृद्धवयका वृक्ष, वनस्पति र झारपात पाइन्छन्। त्यतिमात्र हो र ? मानिस र पशुपक्षींलाई निरोगी बनाउने अमूल्य औषधीजन्य जडिबुटी पनि वनमै पाइन्छ । त्यसकारण वनमा के पाइँदैन ? सबै विषय पाइन्छ। वन एकान्त ठाउँको क्षेत्र हो। एकान्त ठाउँ अध्ययन गर्न, अनुसन्धान, ध्यान, जप, लेखन, ब्रह्मचिन्तन गर्न अत्यन्त उपयोगी थलो हो। त्यसैले नेपालको विद्वतपरम्परामा धेरैजसो विद्वानहरू विद्यार्थी अवस्थामा जङ्गलमै अध्ययन गर्थे । एउटा रमाइलो कुरा कोट्याइँ हालौं । अचेलका युवक-युवतीहरू जङ्गलमा रूखबुट्यानमुनि बसेर प्रेम गर्छन् र शहरमा आएर पछुताउँछन् । ज्ञान र सिद्धि प्राप्त गर्ने थलोका रूपमा सुप्रसिद्ध वनक्षेत्र मानिसको अज्ञानता र उपभोगवादी सभ्यताको विकास हुँदै गएको हुनाले लोप हुँदै गएको छ।

'वन देशको धन'

मानवसभ्यताको प्रारम्भिक चरणदेखिनै वनलाई गाउँ, क्षेत्र र देशको मुख्य धनको रूपमा मानिएको छ । वनका रूखहरू, झारपातहरू पनि मानिसकै जस्तो प्राण भएका जैविक तत्त्व हुन्। त्यसैले वनलाई 'नबोल्ने प्राणी' भनिन्छ । राणाकालभन्दा पहिलेको वनव्यवस्था के-कस्तो थियो र मुलुकमा के कति क्षेत्र वनले ढाकेको थियो भन्ने कुरा तथ्याङ्कगत रूपमा यकिन नभए पनि राणाकालपछि भने वनलाई मनोरञ्जनस्थल र धनआर्जन गर्ने क्षेत्रका रूपमा लिइएको पाइन्छ । राणाकालमा शाह राजा र राणा परिवारका सदस्यहरूका साथै विदेशबाट नेपाल घुम्न र अध्ययन तथा अनुसन्धान गर्न आएका पर्यटकहरू समेत नेपालका सुप्रसिद्ध जङ्गलहरूमा शिकार खेल्ने बहानामा निर्दोष वन्यप्राणीहरूको वध गरिन्थ्यो । शिकारको बहाना बनाएर मनोरञ्जनका शौखिनहरू वनका निर्दोष बाघ, सिंह, भालु, मृग, चित्तल, घोरल बन्दुकले हानेर ढलाउँदा खुशी र रमाइलो मानेर भोज खान्थे । नारायणहिटी र राणाहरूका दरबारहरूका बैठक कोठामा जङ्गली जनावरको शिकार गरेर मासुको भोज गरेपछि हाडखोरका अवशेषहरू सजाएर राखिएका भेटिन्थे । अहिले पनि निकुञ्जहरूमा लाइसेन्स पाएकाहरूले तोकिएका जनावरको शिकार गर्न पाउने सुविधा उपलब्ध गराइएको छ। वास्तवमा वन र वन्यजन्तुहरू मास्नु राम्रो पक्ष होइन। किनभने, देशमा मानिसको जनसङ्ख्याको सन्तुलित वृद्धिलाई सकारात्मक पक्ष मानिएजस्तै वन र वन्यजन्तुको सङ्ख्यात्मक अभिवृद्धिले देशको गौरव र इज्जत बढाउन सहयोग पुर्याएको हुन्छ।

राणाकालमा वन र वन्यजन्तु

राणाकालमा वन र वन्यजन्तुको उपयोग घरायसी प्रयोजन, देशमा ठूलाठूला भवनहरूको निर्माणको साथै विदेशमा काठपातको निकासीका लागि गरिन्थ्यो भने वन्यजन्तुहरूको उपयोग शिकार गर्ने र मासु खाने प्रयोजनका निम्ति गरिन्थ्यो । वन्यजन्तुमध्ये बाघ, गैंडा, मृगको शिकार गरेर तिनीहरूका प्रत्येक अङ्गहरूको उपयोग गरिन्थ्यो । राणा र शाहपरिवारका निम्ति वन्यजन्तुहरूको शिकार खुल्ला थियो । तर, गाउँघरमा वन मासिंदै गएको र गाउँका सर्वसाधारणबाट वन्यजन्तुको अवैध शिकार बढ्दै गएको व्यहोरा राणासरकारमा जाहेर

 CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भयो भने तात्कालिक समयमा प्रचलित 'वन कानून' लगाएर सजाय गर्ने चलन थियो । ठूलाबडाले गरेका वन्यजन्तुको शिकार र वनविनाशको भने कहीं कतै सुनुवाइ र सजाय हुँदैनथ्यो ।

रामेछापका प्रमुख वनक्षेत्र

वि.सं. २०२० सालसम्म रामेछापका सबैजसो गाउँमा बाक्लै वनक्षेत्र थियो भने मानिसमा वनक्षेत्र मास्ने र वन्यजन्तुको शिकार गर्ने प्रवृत्ति विकसित भएपछि अरूअरू ठाउँको जस्तै रामेछापको वनक्षेत्र पनि मासिँदै गयो । केही दशकअघिदेखि गाउँघरका युवासमुदायमध्ये कोही सुविधासम्पन्न शहरबजारमा अध्ययन गर्न, कोही बनीबुतो गरेर पैसा जोहो गर्न, कोही अड्डाअदालतमा योग्यता र अनुभवअनुसार जागिर खान र कोही भने आकर्षक तलबसुविधाको लोभ र आफ्नो मुलुकमा पर्याप्त मात्रामा रोजगारीका अवसरहरू उपलब्ध हुन नसकेका हुनाले युवा जनशक्ति विदेश पलायन हुन थाल्यो । त्यसपछि गाउँघरमा घर रूँगेर बस्ने बूढाबूढी मात्र रहन थाले । उनीहरूले खेतीपाती गर्न र वस्तुबाखा पाल्न सक्ने कुरा पनि भएन । घरबारी र खेत अधियाँमा कमाउन दिने गर्न थाले । अन्ततोगत्वा अधियाँमा खेतबारी कमाउने जनशक्ति पनि उपलब्ध हुन छोड्यो । त्यसपछि घरबारी क्रमशः रूखबुट्यान, सोत्तर घाँसहरू पलाएर ढपक्क ढाक्न थाल्यो । धान, गहुँ, मकै, कोदो, भटमास, गहत, सखरखण्ड, पिँडालु, पुष्टकारी फल्ने खेतबारी वनले ढाक्न थाल्यो । वनक्षेत्र बाक्लिँदै गएपछि वन्यजन्तुहरू पनि बाक्लै आवतजावत गर्न थाले । अचेल पहाडतिरको वनक्षेत्र पहिले पहिलेकै घनाजङ्गलको अवस्थामा पुग्ने अवस्था देखापरिसकेको छ ।

रामेछापको सन्दर्भमा वनक्षेत्रको चर्चा गर्ने हो भने २०२० सालभन्दा पहिलेनै धेरैजसो गाउँवस्तीमा वनक्षेत्र बाक्लो देखिन्थ्यो । यसरी भाङ्गिएका वनक्षेत्रमध्ये सैपूको भोर्लिनीको वन, सोलावन, सुनुवारपानीको वन, नवलपुरको वन, भस्मेको वन, रानीटारको वन, थाक्लेको वन, चिलाउनेको वन, कठजोर ताप्केको वन, बाङ्गेसल्लाको वन, साण्डेको वन, चुचुरे क्षेत्रको वन, बेथानतिरको वन इत्यादि रामेछापका सानाठूला वनक्षेत्र हुन् । श्री श्री श्री (३) वीरशमशेरको पालामा तिल्पुंमध्ये काभ्रे गाउँको वनपाखो मासिंदै गएको बेहोरा तात्कालिक राणा प्रधानमन्त्री वीरशमशेर र उनीभन्दा मुनिका अधिकारप्राप्त सरोकारवालाकहाँ जाहेर अथवा उजुरी परेपछि सत्यतथ्य छानविन गरी आइन्दा वनक्षेत्र मासेमा अथवा मास्ने प्रयत्न गरेमा तत्काल प्रचलित वन कानूनबमोजिम दण्डसजाय र जरिवाना गर्ने प्रचलन थियो । स्थानीय तहका मुखिया, जिम्वाल मातहतको क्षेत्रमा वनपैदावरको सुरक्षा गर्ने/गराउने प्रयोजनका निम्ति सनद, सवाल, रुक्का जारी गरिन्थ्यो ।

तिल्पंमध्ये काभ्रे गाउँको वनक्षेत्रको सुरक्षा र रुक्का

रामेछाप जिल्लाको पुरानो बजार रामेछाप डाँडोबाट चारकोश पूर्व-उत्तर क्षेत्रमा तिल्पुं कठजोर पर्छ । त्यसअन्तर्गत काभ्रे गाउँ रैकर पाखोभित्रको वनक्षेत्रलाई मास्न नदिइ वनक्षेत्र र वन्यजन्तु खासगरी त्यस क्षेत्रमा अत्याधिक मात्रामा पाइने सालकको सुरक्षा गर्ने हेतुले तिल्पुंमध्ये काभ्रे गाउँका मुखिया जनकलाल पाध्या, रामचन्द्र पाध्याको नाम उल्लेख गरी यो रूक्का जारी गरेको बुझिन्छ । काभ्रे गाउँको भौगोलिक अवस्थिति, साँधसिमानाको बेहोरा, रुक्कामै लेखिएको छ । सोही रुक्काको प्रति यस लेखमा प्रस्तुत छ ।

निष्कर्ष

तात्कालिक तिल्पुं कठजोर समाजमा मुखिया जनकलाल पाध्या र रामचन्द्र पाध्याको निकै चडीखडी थियो भने चम्पाखर पाध्यालाई नचिन्ने तिल्पुं, कठजोर, ढयाङ्गे, कटहरे, टेकानपुर, अर्चले,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नवलपुर, सालु, द्यौराली, पाहुनाघर (ऐरम्बास भगवतीस्थान माथि), चिसापानी, रामेछाप बजारमा कोही थिएनन् । उनीहरूको प्रभाव श्री ३ राणा सरकारसम्म थियो। उनीहरूका कुरा पनि रूचि लिएर सुनिन्थ्यो । उनीहरूबाट उचित विषयक समस्याहरू प्रस्तुत गरिन्छन् भन्ने विश्वास राणाहरूमा थियो । त्यहींकारण तिल्पुंमध्ये का भ्रया गाउँको वन मासिंदै गएको हुनाले अब उप्रान्त त्यसको उचित संरक्षण गर्नु, वनका रूखहरू काटेर वनक्षेत्रलाई उजाड बनाउन सहयोग पुर्याउने ऐनबमोजिम दण्ड सजाय गर्नु भनेर थिति बाँध्ने ध्येयले श्री ३ वीरशमशेरले रुक्का जारी गरेको हुनसक्छ। ज्यादै दुःखलाग्दो कुरो के छ भने तिल्पुं कठजोरमा राणाकाल र त्यसभन्दा पूर्वको शाहकालका अनगिन्ती कागजपत्रहरू वामदेव अधिकारीको घरमा थिए। रामेछाप, कठजोर, तिल्पुं, खिम्ती, द्वपोङ्ग, कटहरेको इतिहास लेख्ने ऐतिहासिक कागजपत्रहरू वामदेव अधिकारीले डोकाका डोका काम लाग्दैनन् भनेर घुरेनमै फालेकै दिन वि.सं. २०३७ साल माघमा इतिहासको अनुसन्धानको क्रममा यो पङ्क्तिकार पुगेको थियो । घुरेनमा फालिएका ऐतिहासिक पत्रहरू टिपेर छानविन गरी आफूले लिने अनुमति नपाए पनि ऐतिहासिक मकैपर्वका नायक कृष्णलाल अधिकारीका विषयमा भने छिमेकी र वंशजका नाताले हृदयराम अधिकारी र वामदेव अधिकारीबाट केही जानकारी मिलेको थियो । नेपालका गाउँघरमा ऐतिहासिक महत्त्वका अभिलेखीय सामग्रीहरू सुरक्षित गर्ने र प्रकाशनको समुचित व्यवस्था मिलाउन सके इतिहासलेखनमा स्रोतहरू लोप हुनबाट जोगिने थिए । कठजोरको ठाँटीमुनिका अधिकारीका घरमा प्राप्त भएको प्रस्तुत अभिलेखले काभ्रे गाउँका वनको सुरक्षासम्बन्धी विषय प्रकाश प्रकाश पारेको छ ।

❑❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection





CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ऐतिहासिक चिठीपत्रहरूमा देखिएको प्यूठानको सामरिक महत्त्व

- डा.महेश कुमार आचार्य*

लेखसार :

आधुनिक नेपालको सामान्य प्रशासनिक एकाइ वा जिल्लाको रूपमा परिचित प्यूठान, कुनै समय एक महत्त्वपूर्ण राज्यको रूपमा रहेको थियो । पन्ध्रौँ शताब्दी आसपासमा स्थापना भएको यो राज्य सन् १७८६ मा नेपाल राज्यमा एकिकृत भएपछि आधुनिक नेपालको एक अंग बन्न पुगेको हो । नेपालको एकीकरण अभियान पूर्व र एकीकरण पछि पनि सामरिक रूपमा, व्यापारिक नाकाको रूपमा र पश्चिम नेपालसम्म पुग्ने आवागमन केन्द्रको रूपमा प्यूठानको महत्त्व रहेको थियो । यसो हुँदा हुँदै पनि नेपालमा क्षेत्रीय इतिहास लेखनको परम्परा पूर्ण विकास नभै सकेको हुँदा विगतकालमा प्यूठानले आधुनिक नेपालको निर्माणमा पुऱ्याएको ऐतिहासिक, सामरिक र आर्थिक योगदानको विषयमा खोजी हुन सकेको पाइदैन । ज्ञानको क्षेत्रमा रहेको यही कमीलाई पूरा गर्नु वान्छनीय भएको हुँदा आधुनिक नेपाल निर्माणको क्रममा प्यूठानको सामरिक योगदान के रहेको छ ? भन्ने प्रमुख शोध प्रश्नको उत्तर खोजी गर्ने उद्देश्यले यो आलेख तयार पारिएको हो । यस खोजीका लागि आवश्यक तथ्यहरू प्राथमिक स्रोत अन्तरगतका अप्रकाशित पुरालेखन सामग्रीहरूबाट संकलन गरिएको छ । अभिलेखालयमा संग्रहित अप्रकाशित ऐतिहासिक चिठीपत्रहरूको अध्ययन गरी प्यूठानसँग सम्बन्ध राख्ने दुर्लभ चिठीहरूबाट महत्त्वपूर्ण तथ्यहरू संकलन गरिएको छ । प्यूठान जिल्लाको क्षेत्रगत अवलोकनबाट पनि कतिपय तथ्यहरू संकलन गरिएको छ । यसैगरी पूर्व प्रकाशित इतिहासका पुस्तकहरू, लेखहरू र अनुसन्धान प्रतिवेदनहरूबाट पनि केही तथ्यहरू संकलन गरिएको छ । यी सबै तथ्यहरूलाई विषयवस्तु विश्लेषण गर्ने ऐतिहासिक अन्वेषण विधि अनुसार व्याख्या विश्लेषण गरेर आलेख तयार परिएको छ । उन्नाइसौँ शताब्दीको पूर्वार्धतिर आधुनिक नेपालमा गाभिए पछि बाँकी रहेको नेपाल एकीकरण अभियानमा र अंग्रेजसँगको युद्धको क्रममा प्यूठानले महत्त्वपूर्ण सामरिक योगदान पुऱ्याएको तथ्य यस अध्ययनबाट प्रकाशमा आएको छ । त्यसबेलाको प्यूठान आवतजावतको लागि एक विशेष सामरिक नाका वा पदमार्गको रूपमा रहेको, आधुनिक नेपाल निर्माणको क्रममा आवश्यक युद्ध सामग्रीहरू विशेष गरी बन्दुक, तोप, सङ्गिन,पत्थर बारुद एवं तोपगोला आदि निर्माणमा र भण्डारणमा

* सह प्राध्यापक नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व विभाग, त्रि.वि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्यूठानको योगदान रहेको, युद्ध सामग्रीको लागि आवश्यक कच्चापदार्थ फलामको आपूर्तिमा र सैनिक व्यारेकका बाँझो जग्गा खेतियोग्य तुल्याई सैनिकलाई खाद्यान्नमा आत्मनिर्भर पार्ने कार्यमा पनि प्यूठानले योगदान पुऱ्याएको तथ्य यस आलेखबाट प्रकाशमा आएको छ ।

शब्द कुञ्जी : ऐतिहासिक चिठीपत्र, प्यूठान राज्य, प्यूठानको फलामखानी, प्यूठानी मेगजिन, ऐतिहासिक युद्ध सामग्री

१. विषय परिचय :

नेपालको एकीकरणअघि प्यूठान एक स्वतन्त्र राज्यको रूपमा अस्तित्त्वमा रहेको थियो । यो राज्य त्यसबेलाको चौबीसे राज्य समूह भित्र पर्दथ्यो । इसाको पन्ध्रौँ शताब्दीतिर चन्द्रवंशी राजाले प्यूठानको भित्रिकोटमा राज्य स्थापना गरेका थिए र अन्यत्र जस्तै राज, सिंह, शाह तथा चन्द थर लेखाउने विभिन्न राजाहरूले यहाँ राज्यसंचालन गरेका थिए (गिरि, वि.सं. २०५२, पृ.१४) । प्यूठानको इतिहास पुस्तकका लेखक गितु गिरीले उल्लेख गरे अनुसार यस राज्यमा लटराज, पृथ्वीपति राज, मानिक चन्द, मोति चन्द तथा रुद्र प्रताप चन्द जस्ता शक्तिशाली राजाहरूले शासन गरेका थिए (वि.सं. २०५२,पृ.२०) । एक ऐतिहासिक सामग्रीबाट प्राप्त तथ्यअनुसार वि.सं १८४३ (सन् १७८६)मा यो राज्य आधुनिक नेपालमा एकिकृत भएको थियो (गिरी, वि.सं.२०५२,पृ.१०६) । आफ्नो करिब ४०० वर्ष आसपासको अस्तित्त्वकालमा प्यूठान राज्यले सांस्कृतिक, भौतिक र आर्थिक क्षेत्रमा राम्रो पूर्वाधार तयार पारिसकेको थियो ।

नेपाल राज्यमा गाभिएपछि एकीकरणको बाँकी अभियानमा र नेपाल अंग्रेजबीचको युद्धमा प्यूठान राज्यको योगदान विशेष उल्लेखनीय रहेको तथ्य त्यस समयका कतिपय ऐतिहासिक चिठीपत्रहरूबाट प्रकाशमा आएको छ । हाल अभिलेखालयमा अप्रकाशित ऐतिहासिक चिठीपत्रहरूको एक संग्रह रहेको छ । यस संग्रहमा DNA 2/89 मा सूचिकृत वि.सं.१८७२ (सन्१८१५) मा धर्मराज खत्रीले भिमसेन थापालाई लेखेको पत्र, DNA 3/21 मा सूचिकृत वंम शाहले वि.सं. १८७४ (सन्१८१७) मा तत्कालीन राजालाई लेखेको पत्र, DNA 3/86 मा सूचिकृत धर्मराज खत्रीले भिमसेन थापालाई वि.सं.१८८५ (सन् १८२८) मा लेखेको पत्र, DNA 1/93 मा सूचिकृत रणदल पाण्डेले वि.सं.१८९६(सन् १८३९) मा राजालाई लेखेको पत्र, DNA 2/6 मा सूचिकृत काशिदत्त पण्डितले कुनै चौतारियालाई लेखेको पत्र र DNA 00100021मा सूचिकृत राजा राजेन्द्रले काजी सिंह वीर पाण्डेलाई वि.सं. १८९८ माघ वदी ९ मा लेखेको पत्र प्यूठानको सामरिक महत्त्वसँग सम्बन्धित रहेका छन् । यी छ थान ऐतिहासिक पत्रहरू भिमसेन थापाको मुख्तियारीकालमा र उनको राजनैतिक पतनको लगत्तै पछिका हुन् । यीमध्ये केही पत्रहरू नेपाल र अंग्रेजबीचको युद्धको पूर्व सन्ध्यामा लेखिएका थिए । उन्नाइसौँ शताब्दीको पूर्वार्धका यी पत्रहरूबाट आधुनिक नेपालको निर्माणमा प्यूठान राज्यको सामरिक महत्त्व र प्यूठानले आधुनिक नेपालको निर्माणमा पुऱ्याएको सामरिक योगदान प्रकाशमा आउन सक्ने देखिएको हुँदा यस आलेखमा यी ऐतिहासिक चिठीपत्रहरूबाट प्यूठानको आधुनिक नेपालको निर्माणका के कस्तो योगदान रहेको थियो ? भन्ने विषयमा खोजी गर्ने प्रयास गरिएको हो ।

२. अध्ययन विधि :

प्यूठान राज्यले आधुनिक नेपालको निर्माणमा के कस्तो सामरिक योगदान पुऱ्याएको थियो ? भन्ने प्रश्नको उत्तर खोजीमा केन्द्रित रहेको यो अध्ययन, पूर्णरुपले ऐतिहासिक अध्ययन हो । यस अध्ययनले उन्नाइसौँ शताब्दीको पूर्वाधको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्यूठान राज्यको इतिहासका विषयमा प्रकाश पारेको छ । ऐतिहासिक विषयमा केन्द्रित गुणात्मक प्रकृतिको यस अध्ययनका लागि आवश्यक सूचना वा तथ्यहरू विशेष प्रकृतिका हुनु स्वभाविकै हो । अन्तरवार्ता, प्रश्नावली, समूहगत छलफल आदि विधिबाट यस प्रकृतिको अध्ययनका लागि तथ्यहरू प्राप्त गर्न सकिदैन । त्यसैले प्रस्तुत अध्ययनका लागि प्राथमिक र द्वितीय स्रोतहरूमा पर्ने विशेष ऐतिहासिक सामग्रीहरूबाट तथ्यहरू संकलन गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत राष्ट्रिय अभिलेखालयमा संग्रहित अप्रकाशित पुरालेखन सामग्रीहरूबाट अर्थात् त्यसबेला सरकारी कर्मचारीले प्यूठान वा प्यूठानको रेखदेख गर्ने नजिकका मुकामहरूबाट राज्य प्रमुख वा कार्यकारी प्रमुखहरूलाई लेखिएका पाँचवटा ऐतिहासिक पत्रहरू र राज्य प्रमुखबाट प्यूठान हेर्ने जिम्मा पाएको प्रशासकलाई लेखिएको एउटा समेत जम्मा छ वटा ऐतिहासिक पत्रबाट आवश्यक तथ्यहरू संकलन गरिएको छ । यस कार्यका लागि सर्वप्रथम यी ऐतिहासिक पत्रहरूको लिप्यन्तरण गर्ने र पत्रको भाव वा आशयको अध्ययन गरिएको छ । त्यस पछि यी चिठीहरूमा उल्लेख गरिएको विवरणको सत्यता परीक्षणका लागि कतिपय तथ्यहरू प्यूठानको स्थलगत अवलोकन भ्रमणबाट पनि संकलन गरिएको छ । द्वितीय स्रोत अन्तरगत प्यूठान राज्यको इतिहास बताइएका पुस्तक र उन्नाइसौँ शताब्दीको पूर्वार्धको नेपालको इतिहास र ऐतिहासिक घटनाहरूको वर्णन गर्ने पूर्व प्रकाशित पुस्तक, पत्रिका तथा अनुसन्धान प्रतिवेदनहरूबाट पनि कतिपय तथ्यहरू संकलन गरिएको छ । प्राथमिक श्रोत अन्तरगतका अप्रकाशित पत्रहरूमा वर्णन भएका तथ्यहरूको व्याख्या र विश्लेषण गर्ने काममा द्वितीय स्रोतहरूको विशेष उपयोग गरिएको छ । यी विभिन्न स्रोतहरूबाट प्राप्त तथ्यहरूलाई वर्णनात्मक शैलीमा विषयवस्तुको विश्लेषण गर्ने विधि अनुसार तथ्य विश्लेषण गरेर निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । यस आलेखमा अप्रकाशित छ वटा ऐतिहासिक पत्रहरूलाई नै तथ्य प्राप्तिको मुख्य आधार बनाइएको हुँदा यी पत्रहरूबाट प्राप्त सूचनाहरूलाई नै निष्कर्षमा पुग्ने प्रमुख आधार बनाइएको छ । यस अध्ययनमा ऐतिहासिक अनुसन्धानका अन्य स्रोतहरूको खोजी गर्न नसकिएको हुँदा प्यूठानले आधुनिक नेपाल निर्माणमा पुऱ्याएका सबै खालका योगदान यस अध्ययनमा नसमेटिने संभावना रहेको देखिन्छ । यस्तो कमजोरीलाई यस अध्ययनको सीमा (Limitation of the study) मानिएको छ । तत्कालीन प्यूठानले आधुनिक नेपाल निर्माणमा पुऱ्याएको योगदानको प्रसङ्ग बाहेक चिठी पत्रमा उल्लेख भएका अन्य प्रसङ्गहरूको पनि यस आलेखमा कुनै चर्चा गरिएको छैन । यो पनि यस आलेखको विषयगत सीमा रहेको छ । यसरी अप्रकाशित ऐतिहासिक पत्रहरूको सूचनालाई मुख्य आधार बनाएर तत्कालीन प्यूठानले आधुनिक नेपालको निर्माणमा पुऱ्याएको योगदानको खोजीको कार्य यस आलेखमा गरिएको छ ।

३. मुख्य प्राप्तिः

यस अध्ययनको मुख्य आधार राष्ट्रिय अभिलेखालयमा रहेका ऐतिहासिक पत्रहरूमा उल्लेख भएका ऐतिहासिक प्रसङ्गहरू हुन् । त्यसैले यस अध्ययनका लागि पत्रमा उल्लेख भएका चिठीहरूको पहिचानमा विषेश ध्यान दिइएको छ । यसै गरेर ती चिठीहरूमा उल्लेख भएका विषयवस्तुहरूको पनि सूक्ष्म अध्ययन गर्ने कार्य गरिएको छ। यी पत्रहरूका विभिन्न प्रसङ्गहरूबाट र केही प्रकाशित पुस्तकहरू तथा अवलोकनको क्रममा प्राप्त हुन आएका सूचनाहरूबाट तत्कालीन प्यूठानले आधुनिक नेपालको निर्माणमा पुऱ्याएको सामरिक योगदानका विभिन्न तथ्यहरू मुख्य प्राप्तिको रूपमा प्रकाशमा आएका छन् । यी तथ्य वा मुख्य प्राप्तिहरू निम्नानुसार रहेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्यूठान एक सामरिक पदमार्ग : उन्नाइसौँ शताब्दीको पूर्वार्धमा प्यूठान एक महत्त्वपूर्ण पदमार्गको रूपमा रहेको तथ्य उन्नाइसौँ शताब्दीको मध्यतिर प्यूठानबाट काठमाण्डौंस्थित कुनै भारदारलाई लेखिएको पत्रबाट खुल्न आएको छ । यस अध्ययनको एक महत्त्वपूर्ण स्रोतको रूपमा रहेको यो पत्र प्यूठानबाट काशिदत्त पण्डितले करुणनिधान साहेव सम्बोधन गर्दै सायद कुनै शक्तिशाली भारदारलाई लेखेको देखिन्छ। पत्रमा अल्मोडाबाट काठमाण्डौं आउने क्रममा प्यूठान हुँदै आएको र प्यूठानबाट यो पत्र लेखिएको उल्लेख गरिएको छ । पत्रमा लेख्रिएको छ : "तपाइको पत्र पाएको ७ दिनपछि साहेवान सित रोकसत (बिदा) भै अल्मोढाबाट हिडेर बैतडीमा १ मुकाम गरी सरासर साप्पा आइ २ मुकाम गरी श्री कर्णेल साहेवसित बिदा भै हजुरका मेहरकरुणाले आनन्द पूर्वक हिजो प्यूठाना आइ पुग्यौं ....." भनिएको छ (हेर्नुहोस् : पत्र नं १) । पत्रमा सरदार बलभाइ (बल्लभ भाइ पटेल ?) ज्यूको नाम उल्लेख गर्दै सबै हालखबर भेटेर बताउने उल्लेख भएको छ । यस पत्रमा काजी कुलमान सिंह बस्नेतका छोरा बिरामी भै प्यूठानकै विजवारमा बसेको र अलिक आराम भएकोले भोलि कूच गर्नु हुने भन्ने खबर पनि समावेश गरिएको छ ।

पत्रमा लेखिएका यी प्रसङ्गहरूले वर्ष उल्लेख नगरी माघ १४ गते मात्र उल्लेख भएको यो पत्रको समय अड्कल गर्न र प्यूठानको सामरिक पदमार्गको महत्त्व उजागर गर्न सहज भएको छ । यस पत्रमा काजी पदले सम्बोधन गरिएका कुलमान सिंह बस्न्यात बख्तवर सिंह बस्न्यातका छोरा थिए । बख्तवर सिंह बस्न्यात रणवहादुर शाहको वनारसबाट नेपाल फिर्ता हुनु पर्ने कुराको समर्थक भएको कारणले उनका छोरा कुलमान सिंह निरन्तर काजी पदमा नियुक्त भै रहेका थिए (Whelpton, 1987, p.62) । कुलमान सिंह बस्नेतको काजी पद सन् १८२४ देखि १८३९ सम्म रहेको थियो (Basnet family, n.d.) । यस तथ्यबाट यो पत्र कुलमान काजी पदमा रहेको समयमा लेखिएको देखिन्छ । यी पत्र लेखक काशिदत्त पण्डित सुगौली सन्धी पछिको अंग्रेज शासकहरूको कुनै खबर वा अंग्रेज बिरुद्ध भारतमा विकसित घटनाक्रमको खबर लिएर अल्मोडाबाट काठमाण्डौं आउँदै थिए भन्ने देखिन्छ । उनले बीच बाटोमा कुनै कर्णेललाई पनि भेट गरेको प्रसङ्ग पत्रमा देखिन्छ । यसरी कुटनैतिक समाचारवाहक पण्डित प्यूठानको बाटो हुँदै काठमाण्डौं आएको र तत्कालीन काजीका छोरा पनि प्यूठानकै बाटो हुँदै काठमाण्डौं आउने क्रममा बिरामी परी बिजुवारमा बसेको तथ्य यस पत्रबाट प्रकाशमा आएको हुँदा त्यसबेला प्यूठान पश्चिम नेपालबाट काठमाडौं आउने सामरिक महत्त्वको पदमार्गमा पर्दथ्यो भन्ने स्पष्ट भएको छ । प्यूठान राज्यको इतिहास लेख्ने लेखक गितु गिरीले पनि कर्कप्याट्रिकको वर्णन, तत्कालीन कागजातमा उल्लेखित साँधको रूपमा चर्चा पाएका बाटोहरू र अन्य इतिहासकारहरूको भनाइलाई आधार मान्दै त्यसबेला प्यूठान एक महत्त्वपूर्ण आवतजातको मार्गको रूपमा रहेको बताएका छन् (वि.सं.२०५२,पृ.५२) । यस कुराले पनि प्यूठानको पदमार्गको सामरिक महत्त्वलाई पुष्टि गर्दछ ।

यो समयमा आवतजावतको बाटोको विशेष सामरिक महत्त्व रहेको देखिन्छ । जुनसुकै ठाउँबाट आवतजावत गर्न नहुने र बाहिरियाहरूलाई आफूखुसी बाटो प्रयोग गर्न नदिने नीति पृथ्वीनारायण शाहले अख्तियार गरेको र त्यो राणाकालसम्म पनि यथावत रहेको कुरा एक ऐतिहासिक सामग्रीबाट प्रकाशमा आएको तथ्य एक इतिहास लेखकले उल्लेख गरेका छन् । उनको पुस्तकमा उल्लेख भए अनुसार त्यसवेला राज्यले एक जिल्ला अधिकारीलाई दिइएको आदेशमा भनिएको छ कि यदि कसैले आफ्नो क्षेत्रमा अनधिकृत बाटो बनाएको थाहा पायौ भने त्यसको खोजी गर, भत्काउ, रुख र काँडा लगाऊ जसले गर्दा त्यस्ता बाटोबाट अरु आवत जावत गर्न नसकुन् भनिएको छ (Sever,1993,p.21) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसबाट उक्त समयमा विशेष सुरक्षित र महत्त्वपूर्ण ठाउँहरूमा मात्र बाटो बनाइने र प्रयोग हुने गरेको देखिन्छ । यस्तो परिवेशमा यस पत्रले प्यूठान त्यस समयमा राज्यका अधिकारीहरू आवतजावत गर्ने सुरक्षित र सामरिक दृष्टिले समेत महत्त्वपूर्ण बाटो थियो भन्ने देखिएको छ । एकीकरणको अभियानको क्रममा सायद पश्चिम क्षेत्रमा भएका युद्धहरूमा युद्ध सामग्री, सूचना, खाद्य सामग्रीहरूको आपूर्ति तथा सैनिकहरूको आवागमनमा पनि यही प्यूठानको बाटोको प्रयोग भएको सहजै अनुमान गर्न सकिन्छ ।

प्यूठानको मेगजिन, पल्टन र खेतिपाति : अभिलेखालयको संग्रहमा रहेको अर्को एक पत्रबाट उन्नाइसौँ शताब्दीको आरम्भतिरको प्यूठानको मेगजिन, सैनिक पल्टन र उनीहरूले गरेको खेतिपाति एवं सिंचाइको व्यवस्था सम्बन्धी केही तथ्यहरूपनि प्रकाशमा आएको छ । धर्मराज खत्रीले श्री जनरल भिमसेन थापालाई सम्बोधन गरेर वि.सं. १८८५ वैशाख १४ (सन् १८२८) मा मुकाम प्यूठानबाट लेखिएको यस पत्रमा व्यापारी महाजनहरू भारतको लखनौमा जाँदा थाहा पाएको खबरको रूपमा अंग्रेजले पाँचकरोड लिएर एक नवावका छोरालाई गादिमा राखेको उल्लेख गरिएको व्यहोरा बाहेक मुख्य रूपले प्यूठानका सैनिक ब्यारेकका बाँभ्फो रहेका जग्गामा खोलामा बाँध बाँधेर, कुलो खनेर रोपाई गरिएको र कुलो खन्ने काम र रोपाई गर्ने काम जारी रहेको व्यहोरालाई मुख्य प्राथमिकताका साथ उल्लेख गरिएको छ । यस पत्रको मुख्य विषयको भाव यस्तो रहेको छ :

> प्यूठानाको चार कम्पनि र मेगजिनका गरी ५० /६० खेत बाँभ्फो रहेको छ । कुलो, बाँध, डुड र भकारी बनाउन लगाई रोपाउने काम गरियो । बाँकी खेतको कुलो धेरै बिग्रिएको हुँदा बनाउन सकिएन । अर्को वर्ष बनाउने काम गरौंला । धेरै खेत भित्रिकोट र माभ्फकोटमा रहेछ । बाँभ्फा खेत पनि धेरै र उनै जग्गामा खेत विह्राउ (खेतियोग्य बनाउने काम) भने विह्राउने खेत धेरै पनि त्यही छ । यी दुइ जग्गामा हुलाकको बन्दोबस्त गरिदिनु पर्ने रहेछ । मोहर गरी पठाइ दिनुभयो भने खेत बाँभ्फा हुने छैनन् । यसपालि १९ खेत विह्राइ पल्टनमा खोलो पैह्रोको भर्ना गर्ने काम गर्छौ । गुल्मी चन्द्रकोटको तारादल पल्टनको ६० मुरी खेत बाँभ्फो भएको हुँदा गाउँ घर लगाइ कुलो बनाई रोपाई गर भनी मानिस पठाएको हो । ५/६दिनमा कुलो सिद्धिन्छ । यहाँ छ पल्टनका अधिकांश खेत खोलो, पैह्रो, बाँभ्फो, कही रुखमात्र उम्रेको यस्तै मात्र रहेछ । जाँची ल्याए ...(हेर्नुहोस : पत्र नं. २) ।

यस पत्रबाट धर्मराज खत्रीको नेतृत्वमा त्यस समयमा प्यूठानमा एउटा हातहतियार र युद्ध सामग्री भण्डार गरिएको मेगजिन र चार पल्टन सैनिक व्यारेक रहेको देखिन्छ । अन्य ऐतिहासिक पत्रहरूमा धर्मराज खत्रीलाई सुवेदार भनिएको छ । त्यसैले उनी त्यस समयका प्यूठानका सैनिक छाउनी हेर्ने महत्त्वपूर्ण सैनिक प्रशासक रहेको देखिन्छ । त्यसबेला प्यूठानका सैनिक ब्यारेक विशेषगरी भित्रीकोट र माभ्फकोटमा विद्यमान थिए । यी ब्यारेक रहेको क्षेत्रका जग्गा बाँभ्फो थियो । अंग्रेजसँग भएको युद्ध समाप्त भएपछि खाली रहेका सैनिकलाई सकृय राख्न र राज्यकोष सुदृढ पार्न भिमसेन थापाले सैनिक ब्यारेक रहेको जग्गा खाली नराख्न र सिंचाइको बन्दोबस्त मिलाई खेति गर्ने आदेश दिए बमोजिम धर्मराज खत्रीले यसको बन्दोबस्त मिलाएको सहजै अनुमान गर्न सकिन्छ ।

इतिहासकारहरूले भिमसेन थापाको उपलब्धिको रूपमा उनले कृषि उत्पादनमा दिएको जोडलाई व्याख्या गरेको पाइन्छ । भिमसेन थापाले कीर्तिपुरको रानीवन स्थित पोखरी तालबाट कुलो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तयार पार्न लगाउनका लागि एक लालमोहर गरिदिएको र उक्त कुलो हेरचाहमा सातजना व्यक्तिको तैनाथीमा छोडिएको साथै उनीहरूले किसानसँग लिन पाउने पानी करको दर तोकिदिएको प्रसङ्ग उक्त मोहरमा उल्लेख छ (नेपाली, वि.सं.२०३५,पृ.१५६) । यसै पुस्तकमा उल्लेख भएअनुसार अर्को एक तैनाथी लालमोहरमा भिमसेन थापाले पाटन सुनागुठी, ठेचो, चापागाउँमा बाह्रै महिना चल्ने कुलो बनाउन द्वारेहरूलाई आदेश गरिएको छ (नेपाली, वि.सं.२०३५,पृ.५७) । यसै अभियान अन्तरगत भिमसेन थापाले तत्कालीन सेनाको भरणपोषणका लागि प्यूठानको जमिन पनि बाँफो राख्न नहुने नीति बनाएको हुनुपर्दछ ।

भिमसेन थापाले तोप, गोला, बारुद आदि युद्ध सामग्री नेपालमै बनाउनका लागि मेगजिन छाउनी खोल्न लगाएका थिए (मुनकर्मी, वि.सं. २०४४,पृ.४४) । आजभोलि त्यति प्रयोगमा नआउने मेगजिन शब्दले युद्ध सामग्रीहरूको निर्माण र भण्डारण गरिने सैनिक ब्यारेकलाई जनाउने गर्दछ । भिमसेन थापाले खोलेका मेगजिन मध्ये एक मेगजिन प्यूठानमा पनि खुलेको थियो भन्ने तथ्य यस पत्रबाट प्रकाशमा अएको छ । राजा राजेन्द्रले काजी सिंहवीर पाण्डेलाई वि.सं. १८९८ माघ ९ (सन् १८४१) मा लेखेको अर्को एक ऐतिहासिक पत्रमा पनि "प्यूठाना मेगजिनमा जगेडा राखेका बन्दुकहरू पिपा र खलासीहरूलाई बोकाई जो उठाउन सक्या सम्मका बन्दुक हाम्रा हजुरमा ल्याउनु " भन्ने व्यहोरा परेको छ (हेर्नुहोस् :पत्र नं ६) । यसबाट त्यस समयमा युद्ध सामग्री भण्डार गरिएको ठूलो मेगजिन प्यूठानमा रहेको देखिन्छ । अध्ययन भ्रमणको क्रममा प्यूठानको भित्रिकोटको फेदिमा रहेको पुण्यखोला क्षेत्रमा हालपनि सैनिक छाउनी रहेको छ । स्थानीय व्यक्तिहरू उक्त छाउनी उन्नाइसौँ शताब्दीको आरम्भदेखिनै एक मेगजिनको रूपमा रहेको विश्वास गर्दछन् । यस पत्रमा उल्लेखित मेगजिन पुण्यखोलाकै मेगजिन हुन सक्ने देखिन्छ । यसरी यस ऐतिहासिक पत्रबाट प्यूठान जिल्लाले आधुनिक नेपालको निर्माण अभियानमा सैनिकहरूलाई खाद्यान्न आपूर्ति गर्न र युद्ध सामग्रीको निर्माण तथा भण्डारणको काममा समेत योगदान पुऱ्याएको देखिएको छ ।

युद्ध सामग्रीको निर्माण र भण्डारण केन्द्रको रूपमा प्यूठान : उन्नाइसौँ शताब्दीको पूर्वार्धमा प्यूठानले देशलाई बन्दुक, तोप, तोपगोला बारुद, सङ्गिन एवं पत्थर जस्ता युद्ध सामग्रीहरू निर्माण गर्ने, संग्रह गर्ने र आपूर्ति गर्ने गर्दथ्यो भन्ने तथ्यहरू यस समयका केही ऐतिहासिक पत्रहरूबाट प्रकाशमा आएको छ । यी मध्ये पहिलो पत्र जर्नेल साहेव भिमसेन थापा र काजी साहेव रणध्वज थापालाई सम्बोधन गरी प्यूठान सिकुवा डाँडा मुकामबाट धर्मराज खत्रीले मिति वि.सं.१८७२ वैशाख ८ (सन् १८१५) मा लेखेको पत्र हो । यस पत्रमा धेरै विषयवस्तुहरू समेटिएको छ । यस पत्रमा बाहुनी विराउन्या पुनलाई र मगर्नी विराउन्या कामीलाई झुण्डाइएको व्यहोरा उल्लेख गरिएको छ । अर्को प्रसङ्गमा प्यूठानी राजा मानिक चन्दका छोरा लाल शाहीको विद्रोह, मधेस पलायन र उनको मधेस पलायनको खबर नगरेको अभियोगका अभियुक्त चाउरु पाध्यालाई नेलहाली राखेको जस्ता व्यहोराहरू पनि उल्लेख गरिएको छ । यस बाहेक प्यूठानका हात हतियार तथा युद्ध सामग्रीहरूको निर्माण र भण्डारणका विषयमा पनि यस पत्रमा सानो चर्चा गरिएको छ । पत्रमा उल्लेखित व्यहोरा यस प्रकार रहेको छ :

> पाल्पा कर्णेलबाट आएको नमुना बमोजिमका बन्दुक र ठाउँ ठाउँको हाल सुरथ मगाइ लेखी पठाउनु (भन्ने व्यहोरा अवगत भयो) । .....प्यूठानी मानिक चंद राजाका छोरा लाल शाही रत्या छ । यिनले निमक हराम गरे नगरेको पश्चिम मुहुडा श्री बुढा काजीबाट लेख्नु भएको चिठीले त्यहाँ मालुम भयो होला । .....गोरखपुरबाट लेख्याको चिठी खोज्न लागि रह्या छौ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मिल्यो भन्या चढाइ पठाउला । ....पश्चिम मुहडालाई बंदुक ७०, सङ्गिन ६५, धना ११०, पत्थर ४००० पठाइ दियौ । वहुत क्या लेखौ सब बातमा चरणको आधार छ .... (हेर्नुहोस : पत्र नं ३) ।

दोस्रो पत्र रणदल पाण्डेले तानसेन मुकामबाट तत्कालीन राज्य प्रमुखलाई लेखेको वि.सं.१८९६ प्रथम जेष्ठ सुदी १ मा (सन् १८३९) पठाएको पत्र हो । यसवेला राजा राजेन्द्र र चौतारिया पदमा पुष्कर शाह रहेका थिए । रणदल पाण्डे त्यसवेला प्यूठान समेत हेर्ने पाल्पाका प्रमुख प्रशासक रहेको बुझिन्छ । यो समय भिमसेन थापाको पतनको समय हो । यी रणदल पाण्डे भिमसेन थापाका विरोधी रहेको बुझिएको छ किनभने भिमसेन थापालाई विष काण्डमा फसाएको अभियोगमा माथवर सिंहको प्रधानमन्त्रित्व कालमा सन् १८४३ अप्रिल १८ मा उनलाई काटिएको थियो (शर्मा, वि.सं.२०५९, पृ.१४९) । अर्थात् मृत्यु हुनुभन्दा चार वर्ष अघि मात्र रणदल पाण्डेले यो पत्र लेखेको देखिन्छ । यस पत्रमा पनि प्यूठान क्षेत्रले त्यसवेला राष्ट्रलाई युद्ध सामग्रीको आपूर्तिमा योगदान पुऱ्याएको विषय उल्लेख भएको छ । यस पत्रमा रहेका प्रसङ्गहरू यस्ता रहेका छन् :

> हजार नाल बन्दुक तयारी गर्न्या मेगजिनको काम हालमा पूरा गर्न्या काम गर .... प्यूठानका बन्दुक यहाँ झिकाउनु पऱ्यो । बन्दुक बोकी यहाँ ल्याउन्या निमित्त त्याहा जो भएका पिपाहरू कप्तान नरवहादुर पाण्डे छेउ पिउठाना पठाउने काम गर भन्ने हुकुम भए बमोजिम हजार नाल बन्या मेगजिनको ताकिजि हालमा कुप् गर्न्या काम गऱ्यौ ।....हाल पिउठानमा बन्दुक लिन जान्या १०१ जना छन् । यहाँ वर्सात हुन लागेको आज १२ दिन भयो । दिनहुँ पानी पर्छ । वर्षाको याममा यस्तो रस्तामा बंदुकको संभार पुग्छ पुग्दैन । आजभोलि ञहावाट पिउठान मेगजिनमा पिपा पठाई सक्या सम्मका बन्दुकहरू ञाहा झिकाई वर्षा बाद ञहाबाट बन्दुक बोकाई चह्राउन्या काम गऱ्यौ । बन्दुकको स्यार संभार रहलाकि भन्या भ्कै लाग्छ । बन्दुक बोक्न्या पिपाहरू पठाउछु । बन्दुकहरू ञाहा झिकाउने की पिउठानबाट बोकाई सरासर हजुरमा चह्राइ पठाउन्या हो जो हुकुम (हेर्नुहोस् : पत्र नं.४) ।

माथि उल्लेखित पत्रहरूले त्यसबेला प्यूठान युद्ध सामग्री निर्माण र संग्रह गर्ने देशकै महत्त्वपूर्ण केन्द्र थियो भन्ने देखिन्छ जहाँबाट राजधानीमा र पश्चिमतर्फ समेत सामग्रीहरू पठाउने गरिन्थ्यो । प्यूठानमा बन्ने वा संग्रह गरी देशको पूर्व पश्चिम तर्फ पठाइने यस्ता सामग्रीहरूमा बन्दुक, सङ्गिन र पत्थरहरू रहेका हुन्थे । अर्को एक पत्रमा वंम्म साहले राजा (राजेन्द्र) लाई वि.सं.१८७४ मंसिर सुदी १ (सन् १८१७)मा पठाएका पत्रमा प्यूठानबाट तोप, बम गोला समेत पठाउनु भन्ने हुकुम भए बमोजिम पठाइएको व्यहोरा उल्लेख भएको छ (हेर्नुहोस् : पत्र नं. ५) । यसबाट प्यूठानमा त्यसवेला तोप, तोपमा प्रयोग हुने गोला र बमगोला पनि संग्रह हुने गरेको देखिन्छ । प्यूठानमा भिमसेन थापाकै समयमा युद्ध सामग्री निर्माण गर्ने मेगजिन स्थापना भएको प्रसङ्ग यस अघि नै उल्लेख भएको छ । यस आधारमा यहाँ बारुदजन्य पदार्थहरू पनि उत्पादन हुने गरेको अनुमान गर्न सकिन्छ । यी ऐतिहासिक पत्रहरूमा उल्लेख भएका प्रसङ्गहरूबाट आधुनिक नेपाल निर्माणमा प्यूठानले युद्ध सामग्री निर्माण, संग्रह र आपूर्तिमा समेत महत्त्वपूर्ण योगदान पुऱ्याएको तथ्य प्रकाशमा आएको छ ।

प्यूठानका फलामखानी र फलाम आपूर्ति : नेपालमा एकिकृत हुनु पूर्व नै प्यूठान राज्यमा धेरै ठाउँमा फलाम खानीहरू रहेको र प्रसस्त फलाम उत्पादन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुने गरेको थियो । त्यसबेलाको प्यूठान राज्यमा पर्ने जेलबाङ, सल्कुबाङ, कोरबाङ, बुधुरीवास आदि ठाउँका लेकहरूमा फलाम खानीहरू रहेका थिए (गिरी, वि.सं. २०५२,पृ.५१) । त्यस्ता खानीहरू अन्य स्थानमा पनि संचालनमा रहेको तथ्य स्थलगत अवलोकनको क्रममा पनि प्रकाशमा आएको छ । प्यूठानको माण्डवी गाउँपालिका वडा नं. ५ तिग्रा क्षेत्रमा हालसम्म "लल्ली खानी दुलो" नामले परिचित एक सुरुङ् रहेको छ । यो कुनै बेलाको फलाम खानी थियो भन्ने स्थानीयहरूको भनाइ रहेको छ । यी तथ्यहरूले प्यूठानको फलाम उत्पादनको विशिष्टतालाई उजागर गरेको छ । यही तथ्यलाई एक ऐतिहासिक पत्रले पनि पुष्टि गरेको पाइएको छ । वि.सं.१८७४ मंसिर सुदी १ (सन् १८१७) मा वंम्म शाहले तत्कालीन राजालाई मुकाम तलकोट साँघुबाट पठाएको पत्रमा पनि प्यूठानको फलामखानी र त्यसको राज्यले युद्ध सामग्री निर्माणमा गरेको उपयोगको चर्चा परेको छ । दुई पृष्ठ लामो यो पत्र सुगौलीसन्धी भए पछि अंग्रेजहरूको बारेमा प्यूठानबाट थाहा हुन आएको अंग्रेजहरूको हालखबर र उनीहरूको क्रियाकलाप आदि व्यहोरा समेटिएको छ । यसका साथै पत्रमा प्यूठानबाट तोप र तोपगोलाहरू पठाएको व्यहोरा पनि समेटिएको छ । यस पत्रमा प्यूठानबाट फलाम पठाउने विषयमा यस्तो व्यहोरा उल्लेख भएको छ :

> ....पिउठानाबाट फलाम झिकाई काममा लगाउन्या अर्थ गर्नू भनी हुकुम आयो । ठुनीको फलाम ताहाँ पठाई दिनु भनी धर्मराज खत्रीलाई मोहर आयो भनी चौतारिया जनरलका चिठीमा लेखी आयो । यो हुक्का लालमोहर आउने बित्तिकै यहाँबाट पनि फलाम वहार खाँचो भै रहेछ । चाँडो पठा भनी ताकिती लेखी पठाञौ । फलाम यहाँ पठायो भने आइ पुग्ने बित्तिकै काम लाउन्या अर्थ गरौला ..... (हेर्नुहोस् : पत्र नं ५) ।

यो पत्रको व्यहोराबाट र माथि उल्लेखित अन्य तथ्यहरूबाट उन्नाइसौँ शताब्दीको पूर्वार्धमा प्यूठानमा फलाम खानीहरू प्रशस्त संचालनमा आएका थिए । यहाँबाट उत्पादन हुने फलामहरू युद्ध सामग्रीहरूको निर्माणमा उपयोग हुन्थ्यो । तोप, बन्दुक, सङ्गिन, तरबार आदि युद्ध सामग्रीहरूको निर्माणमा राज्यले प्यूठानको फलाम उपयोग गर्दथ्यो भन्ने देखिएको छ । यसरी युद्ध सामग्री निर्माणको प्रमुख कच्चा पदार्थ मानिने फलाम उपलब्ध गराएर पनि प्यूठानले आधुनिक नेपालको निर्माणमा महत्त्वपूर्ण सामरिक योगदान पुऱ्याएको तथ्य प्रकाशमा आएको छ ।

४. छलफल तथा निष्कर्ष :

प्राप्ति खण्डमा चर्चा गरिएका तथ्यहरूलाई सूक्ष्मरूपले विश्लेषण गर्दा पन्ध्रौँ शताब्दी आसपासमा स्थापना भएको प्यूठान राज्य प्राकृतिक खानीहरूले संवृद्ध रहेको देखिन्छ । अन्य धातुका खानीको तुलनामा फलाम खानी प्यूठानमा पक्कै पनि अधिक रहेको थियो । प्यूठानी शासकहरूले पनि यी खानीबाट उपलब्ध हुने फलामको उपयोग गरी युद्ध सामग्री निर्माण गरे होलान् । प्यूठानमा प्रसिद्ध तरवार नृत्य (सरैयाँ नाच) गर्ने परम्परा तथा स्थानीय कालिगढहरूले हालसम्म बनाउदै आएका भरुवा बन्दुक र खुकुरी निर्माणको कलात्मक परिपक्वताले यस कुरालाई नै पुष्टि गर्दछ । युद्ध सामग्री निर्माणको कच्चा पदार्थ फलामको उपलब्धता र बन्दुक, तरबार तथा खुकुरी जस्ता अस्त्र निर्माणको सिप यथेस्ट मात्रामा हुँदा पनि प्यूठान राज्यले नेपाल एकीकरणको अभियानमा शसक्त प्रतिकार गर्न सकेन । विना कुनै युद्ध गोरखाली सैनिक समक्ष आत्म समर्पण गरेर बृहत् नेपालमा एकिकृत भयो । तर नेपाल राज्यमा एकिकृत भै सकेपछि भने प्यूठान राज्यले एकीकरणको बाँकी अभियान पूरा गर्न र अंग्रेजसँग भएका युद्धहरूमा देशलाई आवश्यक पर्ने पदमार्ग प्रदान गरेर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सहयोग पुऱ्यायो । प्यूठानको जग्गा जमिन आवाद गरी सिंचाईको समेत व्यवस्था मिलाएर जुन अनाज उत्पादन भयो यसले पनि सैनिकहरूलाई आवश्यक पर्ने खाद्य सामग्री आपूर्तिमा पक्कै मद्दत गऱ्यो होला । आधुनिक नेपालको निर्माणमा जुन निर्णायक लडाइहरू गर्नुपऱ्यो ती लडाइहरूमा प्यूठानले युद्ध औजार निर्माणको लागि आवश्यक पर्ने कच्चा पदार्थ फलाम राज्यलाई उपलब्ध गरायो । यस बाहेक प्यूठानका शिल्पीहरूले बनाएका बन्दुक, तोप तरवार र सङ्गिनहरू पनि राज्यले प्रशस्तमात्रामा उपयोग गऱ्यो भन्ने तथ्य यस अध्ययनले प्रकाशमा ल्याएको छ । प्यूठानका मेगजिनहरूमा निर्मित यस्ता युद्ध सामग्री पश्चिमतर्फ पठाएको र राजधानीतर्फ पठाएको व्यहोराहरूले यस कुरालाई पुष्टि गरेका छन् । देशको मध्यभागमा अवस्थित प्यूठान युद्ध सामाग्रीहरूको निर्माणमा मात्र होइन कि यस्ता सामग्रीहरूको भण्डारण स्थलको रूपमा पनि प्रसिद्ध थियो । यहाँको मेगजिनमा संग्रहित युद्ध सामग्रीहरूलाई नै योद्धा र सेना प्रमुखहरूले आवश्यक स्थानमा पठाउने व्यवस्था मिलाएको तथ्य पनि ऐतिहासिक चिठी पत्रहरूले बताएका छन् । यसरी यस अध्ययनको निष्कर्ष के रहेको छ भने प्राचीन प्यूठान राज्य सहजै नेपालमा गाभिएको भए तापनि सामरिक रूपमा प्यूठान कमजोर थिएन । बृहत् नेपालमा गाभिएपछि प्यूठानले बाँकी रहेको नेपाल एकीकरण अभियानमा र आधुनिक नेपालको निर्माणको क्रममा अंग्रेजसँग भएका युद्धहरूमा युद्ध सामग्री निर्माण, संग्रह तथा आपूर्ति व्यवस्थामा महत्त्वपूर्ण योगदान पुऱ्यायो । यसबाहेक सैनिकलाई चाहिने खाद्य सामग्री उपलब्ध गराएर पनि प्यूठानले त्यसबेला नेपाललाई महत्त्वपूर्ण सामरिक योगदान पुऱ्याएको थियो ।

सन्दर्भ सामग्री सूची

गिरी, गितु (वि.सं.२०५२).प्यूठान राज्यको ऐतिहासिक झलक. प्यूठान : जिल्ला विकास समिति प्यूठान ।

थापा, राजेश्वर (वि.सं.२०५९). उमराव बाघ भिमसेन थापा . काठमाण्डौं अभिमान प्रकाशन ।

नेपाली, चित्तरञ्जन (वि.सं.२०३५).जनरल भिमसेन थापा र तात्कालीन नेपाल .काठमाण्डौं : रत्नपुस्तक भण्डार ।

मुनकर्मी, लिलाभक्त (वि.सं. २०४४).नेपालको आधुनिक इतिहास. काठमाण्डौं : रत्नपुस्तक भण्डार ।

वैद्य, तुलसीराम र मिश्र, तीर्थप्रसाद (वि.सं.२०५४). आधुनिक नेपालको राजनैतिक इतिहास. काठमाण्डौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।

शर्मा, देविप्रसाद (वि.सं.२०५९) आधुनिक नेपालको इतिहास (छैटौ संस्करण) काठमाण्डौं : रत्नपुस्तक भण्डार ।

Basnet family (n.d.) Retrived on feb,3, 2021 From https://en.wikipedia.org/wiki/Basnyat_family

Landon, P.(1976) *Nepal(Vol. 1&2)* . Kathmandu : Ratna Pustak Bhandar

Sever, A. (1993) *Nepal under the Ranas*. New Delhi : Oxford & IBH publishing co.Pvt. Ltd.

Whelpton, J.(1987). *Nepal politics and the rise of Jang Bahadur Rana,1830-1857*). Un published PhD thesis submitted in school of Oriental and African studies, University of London. Retrived on

Feb,1 2021 from https://eprints.soas.ac.uk/28837/1/10673006.pdf

□□

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अध्ययनमा उपयोग भएका ऐतिहासिक चिठीहरूको प्रतिलिपि

पत्र नं. १ : काशिदत्त पण्डितले प्यूठानबाट तत्कालीन प्रशासकलाई लेखेको पत्र ।

स्रोत : राष्ट्रिय अभिलेखालय, ऐतिहासिक चिठीको सूचीपत्र, माइक्रो फिल्म नं DNA: 2/ 6

अर्जि ————————————————

उप्रान्त· गरीपरवर· करुणानिधानसाहेव वोलाहाटकोकरुणापत्र प्रग्याका ७
दिनपछि· साहेवानासित रोकसतभै· अल्मोडावाटकूचगरी आइ· वैतडिमा १ मु
कामगरीसरासर सोझ्या आइ २ मुकामगरि श्रीकर्णैलसाहेवसित विदाभै· हजू
रकामेहरकरुणाले· आनन्दपूर्वक हिजो प्युठाना आइपुग्यां· गरिपरवर· पश्चि
मकाखवरकाअर्थर· अघिपनिआयाको खवर श्रीकर्णैलसाहेवसित जाहेरग
र्‍या· उतैवाटलेखिदो हो· म अल्मोडा गयापछि पनि जोसुन्या जान्याको वाहि
रोखवरर· मानिभसित पसिनिस्कि पायाको असल खवर लेखिवक्स इच्छाउदैथि
न्या सोपनी हजूरमा जाहेर ऊदैरहदो हो· विशेषविस्तार खवर· अल्मोडामा भया
का अरुकामकुरा सब· म आइपुग्यापछि· हजूरमा जाहेर गरुला· सर्दारवल
भद्रज्यूर· वैतडिमा नालगैरह वुझन जान्या पगरि हरू सझ्यानाभेटियाथ्या· श्रीका
जि कुलमानसिंहवस्न्यातका छोरालाइ· वेराम ऊंदा विजवार मात्र काम भया
को रहेछ· अव अलिक आराम भयेछर· भोलि वुधवार कूच गर्नु ऊन्छ· गरिपरव
र· ज्यादा लेखि कतिहि जोगरु· मरिणआहि गरिव शुभचिन्तकको हाल सव हजू
रमा जाहेरैछ· विशेष रख्वल माति विस्तरै रा· मिति माघ शुदी १४ रोज ३ मुका
म प्युठाना वालिवला वशुभम् ————————————

सदाशुभचिन्तक गरिव ब्राह्मण काशिदत्त पण्डितको
चतुर्वेदोक्त शुभाशिर्वाद सहस्रकोटी ————

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पत्र नं.२ : धर्मराज खत्रीले भिमसेन थापालाई प्यूठानका सैनिक व्यारेकका जग्गामा सिंचाइको व्यवस्था गरी खेति गरेको जानकारी दिदै विंसं १८८५ वैसाख वदी १४मा लेखेको पत्र ।

स्रोत : राष्ट्रिय अभिलेखालय, ऐतिहासिक चिठीको सूचीपत्र, माइक्रो फिल्म नं DNA: 3/ 87

स्वस्ति श्री सर्वोपमा जोग्येत्यादि सकल गुण गरिष्ठ राजभारा धारण सामर्थ
श्री श्री श्री जनरल साहेब भिमसेन थापाका पाउ तल्नई त श्री धर्मराज षत्रि
कस्यापाईलागि सत सहस्र पूर्वक पत्र लिर्दई तनि कन्या हां पाउ कुसल भया हा
म्रो प्रतिपालउ धारहोला अत्रा गत्यां हांको समाचार भलो छ उप्रान्त प्युठाना
का व्यारकेपनि रमेगजिनका गारि ५०१६० बेत का सार राष्या का राष्या छ कुल्ला
वा घड्डू वाध माभकारि वनाईलाई रोप्याउन्या काम गरियो थाकि षेत पार
को कुल्लो अग्घात गरि विग्र्याको रहेछ यो सालभन्दा बनाउन सकियेन समय येसो
ल माबनाउन्या काम गर्रैला घेरषेत भन्या भित्र कोट मारु कोट मा रह्या
छ वाग षेत पनि धेरै उनेजगामा षेत विकाउ भन्या विक्राउन्या जगा पनि
नाहि छ ईउ ई जगा माऊ लोकको बन्दोवस्त गरिदिन पर्न्यो रहेछ मानि
स सेगव लउद गरि विक्रि गरि पठाउन्या रमोहर गराई पठाई वक्सेन भया मा
उ पनि एल्ल आरेफ्न्या छ षेत पनि वाझा रहन्या छन यो साल पाल्ता १९ षेत
विराई या पल्टन्न मा बोल्या पैठाको भर्नो गर्न्या काम गर्छौं ता एद्दले पल्
टनका षेत कल्ले मित्र कोट मा मुरि ६० वा म्हे रख्या कोर है छ गाउ घरलो
ग कुल्लो वनाई षेत रोप्या काम गर भनि मानिस पठायाको हो पाछ दि
नमा कुल्लो सिद्ध उन्यारहेछ मानेन छौं र त्याहा वातगयाका मानिस
फिरि आया छौं पल्टनका अधिकाषत्र षो तोपैहोवा मो फाहिरु भउ
भया का येते मा त्र रह्या छौ जाचित्या पार्या अब पारि मा हजन रुरुलष नो
जो दहा मिल्ने पनि सेलि षरिदगरि त्याईदिन भनि रुपया पठायाकाथि
या ईन हरुले त्यायाको षवर नवाफ गमुष्टिहर ईदर वाहादुर षस्या छैर
उनका छोरा नमुष्टिहर ईदर वाहादुर लाई फिरि गिल्ते ५ करोड रुपै पालि
गादि मा वसाल्ने छ अधिका पुराने त्यां न वाफ का जो मानिस थियाउ
न लाई सबैलाई छोरा या हिल्ले धनि राषेछ कसैलाई २०।२५ लाष रु
पया लिदेगा छौं दोरी गागल्ला मालिलाई २५ लाष रुपया लिया छौं पछि
८० लाष रुपया दे भन्दा गल्लो सेरी मरेछ मर्न्या पछि पानि उस्को दौलथ
जो थियो घरलुटि लिया छौ अजामिर लाई पनि धनि राष्याको छ येस्तो
दौलथ जो थियो अरजफत गरि लियाको छैन सहरमा फट्टक वन्दा
रि कुसेच्छे आलमास निकास नं भनि चौकि राष्याका रह्या छन रेसो हाजिन
हरुले भन्याको हिन्त्याउन पायेन छौं सो लिमात्र लि आया छौं वुझन का
ले षोसषवात माफ़ाक को अधार छ इति सम्वत १८८५ साल मिति वैसाष
वदि १४ रोज १ मुकाम प्युठाना आ शुभम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पत्र नं ३ : धर्मराज खत्रीले वि.सं.१८७२ वैशाख वदि ८ मा भिमसेन थापालाई प्यूठानको सिकुवा डाँडाबाट पश्चिमतर्फ युद्ध सामग्री पठाएको व्यहोरा उल्लेखित पत्र ।

स्रोत : राष्ट्रिय अभिलेखालय, ऐतिहासिक पत्र माइक्रो फिल्म नं DNA: 2/98



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पत्र नं ४ : रणदल पाण्डेले, तानसेन मुकामबाट वि.सं.१८९६ प्रथम जेष्ठ सुदी १ मा तत्कालीन राजालाई प्यूठान मेगजिनमा संग्रह भएका बन्दुकहरू काठमाण्डौ पठाउन पाल्पाबाट १०१ जना सिपाही प्यूठान पठाएको व्यहोरा उल्लेख भएको पत्र ।

स्रोत : राष्ट्रिय अभिलेखालय ऐतिहासिक पत्र, माइक्रो फिल्म नं. **DNA 1/ 93**

अर्जि

उप्रान्त· प्रथमज्येष्ठ वदि ९ रोज ३ का· मितिमाले षियाका ङ्कुम्‌को लाल मोहर· येव दि १४ रोज १
मा आई पुग्यो· हरफ हरफ पढि शिरचह्राञा· हजार नाल तयारि गर्न्या· मेगजिन्‌को काम· हाल्
माकुपुगर्न्याका मगर· त्यो कि रानिगोरालाई आउन नदिनु· तैंले फिराइ दिनु· अंगरेजले पठायाको
छ र थैलो १ वारुद्‌वकस २ वनात् गज १॥ तैंलाइ वक्स्यौं· लिन्याकामगर· बुटवल्‌माआउन्या· वभ
निका राजा· नवाफका चकलेदार संग मोर्चे न मिलि· भागि आयाका रह्याछन् कि· अंगरेज्‌संगप
निन मिलि आयाका रह्याछन्· तैंले वेस् गरि वुझि· विंतिगरि पठार· ये स्‌माफिक् गर भन्न्या ङ्कुम
वकसि पठाउंला· कुंडुल्याका कागत्या ङ्कुलाकि कानाभकोर· घाट घाटका माझिहरुका वंदोवस्तको
रुक्का रुक्का· मोहर गरि वक्सी पठायाको छ· पुग्‌ला· प्युठानाका वंदुक ञाहां झिकाउनु पऱ्यो· वंदुक्
वो कि ञाहां ल्याउना निमित्त· तांहां जो भयाका पिपा हरु· कपूतान नरवाहादूर पांडे छेउ· पिउठाना
पठाउन्याकामगर· सुवा· सिववक्स षुरिसित ९५ सालको वाकि कति छ· कति असूल भयो· जस्ताको
तस्तो वुझि· विंतिगरि पठाउन्याकामगर भन्न्या ङ्कुम भै आयावमोजिम· हज्जार नाल वन्न्या मेगजि
न्‌को ता किनि· हाल्· माकुपुगर्न्याकामगर्न्यां· कि रानि गोरालाइ पनि· उतै तिर फिराइ दिञा· सि
वानाको लडाहे र्न आउन्या अंगरेजले पठायाको सोगात· मलाइ वक्सनु भयाको लिञा· वभनिका
राजाकोर· नवाफ्‌को चकलेदार को· नवाफिकोडि मा न मिलि· तकरार्‌ हुंदा· लडाञि गरि· राजा
भागि आया पछि चकलेदारले लषनोव सन्या अंगरेज संग· तेस राजालाइ पक्राइ देउ भन्याको हो
भै छन्· आज भोलि र· उस चक्लेदारको पनि वदली भयो भन्न्या षवर आउंछ· राजार· हाम्रो जगा
षज हानि मागे वस्याका छन्· अंगरेजले आज सम्मत· षो जिगन्या जस्तो वुझि देन· राजा भन्न्या सर
रा पिंढामा आई रह्याछ· नवाफका अम्वल् मा मेरो वंदोवस्त होइ सक्‌नु कठिन् छ· केहि कालावंजर
जगा· ठिकाग रि वक्सनु भया· आफ्‌ना रैयत पनि· ञाहिं झिकाइ वसताउं· मेरो· यो अर्जि विंति·
··मा जाहेर गरिदेउ भनि· वारंवार ञाहां भनि पठाउंछन्· इनलाइ क्या जवाप दिन्या हो· जोङ्
कुम्· कुंडुल्याका ङ्कुलाङ्कको मोहर सौंपि दिञा· घाट घाटका मांझि हरुका गाउं मध्ये· ञाहां पल्टन्
मार· कजाञि षान्‌गि मादरियाको गाउं कोर· अरु दोभरा· विकायमको· जागिरदार हरुलाई चो
हिन्या सहाजगा समेत्‌को तेरिज उतारि चह्राइ पठायाको छ· भर्ना गरि वक्स्या· जागिरदारलाइ दि
न्या लिन्या कामगर्दा ङ्· ञाहां पल्टन मा· षिपा· षला सिजा मादार समेत· सबै ज्मा· ३५० भर्ना छन्
ये स्‌मध्ये· ञाहां वारुद्‌षाना· सिलषाना· मेगजिन्· तोपको कवायत्· पल्टनको कामकाम मार··
··का हाति घोडाको सह्यार संभार· गर्न्या घास काटन्या कामं· वगैंचामा १४६ जना रह्याका छन्
१०३ जना घर विदामा गयाका छन्· हाल· पिउठानामा वन्दुक लिन जान्या १०१ जना छन्· ञाहां
वर्सा दर्कनलाग्याको आज १२ दिन भयो· दिनं पानि पर्छ· वर्सा दर्कनला गिरहेछ· वर्षाको षाम्‌ञा
यो· रस्तामा· वंदुकको संभार पुग्छ· पुग्दैन· आज भोलि· ञाहां वाट· प्युठाना· मेगजिन्‌मा· षिपा
पठाई· सक्या सम्मका वन्दुक हरु· ञाहां झिकाई वर्षावाद· ञाहां वाट· वन्दुक वोकाई चह्राइ प
ठाउन्याकामगर्न्या· वन्दुकको सह्यार· संभार रहला कि भन्न्या झैं लाग्छ· वंदुक वोकन्या षिपाह
रु पठाउंछु· हाल् वन्दुक हरु ञाहां झिकाउन्या हो कि· पिउठानैवाट वोकाई सरासर हजूरमा
चह्राइ पठाउन्या हो· जो ङ्कुम्· सुवा शिववक्स षरिसित· ··मा· दाषिल गर्न्याको र· लालमोहर
ले तनुषाह भै आयामा· भर्ना गरि दियाको कति कति छ· लेषि पठाउ भनि चिठि पठाञा· सुवावा
टलेषि आया पछि· ९५ सालको· असूल वांकि को तफ्‌सील लेषि चह्राई पठाउन्याकामगरुंला·
विन्तप्रभुवरएाक मलेषकि माधिकं इति संवत् १८९६ साल मिति प्रथम ज्येष्ठ सुदी १ रोज ३ मुकाम तानसेन शुभम्

सदा सेवक रणदल पांडे कस्य कोटि कोटि कर्नेस साष्टांग दंडवत् सेवा सेवा सेवा सहस्रम· शुभम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पत्र नं. ५ : वंम्म शाहले तत्कालीन राजालाई वि.सं.१८७४ मंसिर सुदी १४ मा प्यूठानबाट फलाम, तोप र बमगोला पठाइएको व्यहोरा उल्लेखित पत्रको प्रथम पृष्ठ :

स्रोत : राष्ट्रिय अभिलेखालय ऐतिहासिक चिठीपत्र , माइक्रो फिल्म नं. DNA 3 /21


अर्जि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पत्र नं. ६ : तात्कालीन राजा राजेन्द्रले काजी सिंह वीर पाण्डेलाई वि.सं. १८९८ माघ वदी ९ मा , प्यूठान मेगजिनमा रहेका बन्दुकहरू ल्याउन भनी लेखेको आदेस पत्र ।

स्रोत : राष्ट्रिय अभिलेखालय, माइक्रो फिल्म नं. DNA 00100021


स्वस्तिश्रीमन्महाराजा[illegible]का
आगे·काजिसिंहविरपाँडेप्रति·प्युठानामेगजीनमा[illegible]
ड्कल्याउनुपर्‍यो·तसर्थ·वदलाव्गीषोसीन्या·नेरा[illegible]
पिपाषलासिजानिछन्·तिपिपाषलासिलाई·प्युठानापठाइ·तिन
कासंगमा१।२ पाकामानीससमेत·साथलगाइ ज्योउन्याउनस[illegible]
सम्मका·बंदुकवोकाई नलगाइ·नेपालहजुरमा·ल्याउ[illegible]
कामगर्‍ इतिसम्वत् १८९८ सालमितिमाघवदि९रोज[illegible]

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जिह्वाशोधनविधिः

(शिशुको वाक्शुद्धि, वाक्पटुता, सुकवित्व र पाण्डित्य सिद्धिका लागि गरिने जिह्वाशोधनविधिको सम्पादन तथा आज्ञा नेपाली टीका)

– डा. छत्रपति दाहाल*

श्रीगणेशायनमः ।

आज्ञा: श्री गणेशलाई नमस्कार छ ।

जिह्वाशोधनविधिः ।।

आज्ञा: जिह्वाशोधनविधि अर्थात् जिउरोका दोषहरू नहुन् भनेर जिउरोलाई शोधन गर्ने विधि वर्णन गरिन्छ ।

आदौ जलशोधनम् ।।

आज्ञा: पहिले जलशोधन बारे बताइन्छ ।

ॐ ह्रीं गन्धोदकेन हूं फट् ३ ।।

आज्ञा: ॐ प्रणवको उच्चारण, ह्रीं बीजमन्त्र र तीन पटक फट् उच्चारणका साथ ॐ ह्रीं गन्धोदकेन हूं फट् ३ यो मन्त्रले जलको शोधन गरिन्छ । ॐकारले आदिशक्ति, परमशक्ति, समस्त ऊर्जाको ईश्वर या ब्रह्मस्वरूपलाई जनाउँदछ । यसलाई आदिबीज पनि भन्दछन् । ह्रीं मायाबीज हो । यसमा ह्, र, नाद अनि बिन्दु रहेका हुन्छन् । ह् अक्षर शिवको बोधक हो । र प्रकृति या शक्तिको द्योतक हो । नाद जगन्माता महाशक्तिको बोधक हो । विन्दुको तात्पर्य दुःख या पापको नाश हो । शिवशक्ति र महाशक्तिको कृपाले पापनाश होस् भन्ने कामना ह्रीं बीजमन्त्रले गरेको छ । गन्ध र उदक शब्द मिलेर गन्धोदक शब्द बन्दछ । गन्ध अर्थात् चन्दन मिलाएपछि पानी शुद्ध हुन्छ । गन्धोदकमा प्रणव या परमशक्ति र महाशक्तिको आवाहन यस मन्त्रले गरेको छ । हूँ शक्तिबीज हो यसले सशक्त अहंकार या हुंकारको प्रतीत गराउँदछ । फट् भनेको अस्त्रशक्ति हो यसलाई अस्त्रबीज पनि भन्दछन् । यसरी प्रणव सहितको मायाबीज, शक्तिबीज र अस्त्रबीजको पुटले गन्ध अर्थात् चन्दन मिलाइएको जललाई मन्त्रोच्चारणको ऊर्जाले झन् शुद्ध र ऊर्जायुक्त बनाओस् यही नै यस मन्त्रको आशय हो । यसरी पवित्र र प्रभावकारी बनाइएको पानी जिह्वाशोधनका लागि अपनाइने विधि र प्रक्रियामा प्रयोग गरिन्छ ।

चितत्त्वेनाचम्य ।[1]

आज्ञा: आचमन पनि शोधनको एउटा विधि हो । यसमा पानी अचाउने काम गरिन्छ । पूजा आदि यज्ञकर्म शुरु गर्नुभन्दा पहिले आन्तरिक शोधन या आत्मशुद्धिका लागि ऊर्जाको कामना गर्दै हत्केलामा रहेको ब्रह्मतीर्थ, देवतीर्थ या पितृतीर्थमा पानी लिएर घाँटीभित्र नजानेगरी मुखले पानीका केही

*आयुर्वेद चिकित्सक

१ चितत्त्वेन ? त्रितत्त्वेन ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

थोपाहरू लिने प्रक्रियालाई आचमन गर्नु या पानी अचाउनु भनिन्छ । आचमन तीन पटक गर्नुपर्दछ । नारायणका तीन स्वरूप केशव, माधव र नारायणको नाउँमा ॐ केशवाय नमः, ॐ माधवाय नमः, ॐ नारायणाय नमः भनी तीन पटक गरिने आचमनले तीन तत्त्वलाई शोधन गर्दछ । यी तीन तत्त्व भू-भुव-स्व, स्वर्ग-मर्त्य-पाताल, ब्रह्मा-विष्णु-महेश, काली-शक्ति-सरस्वती, सत्व-रज-तम, वात-पित्त-कफ, अधिदेव-अधिभूत-अध्यात्म आदि रूपमा रहेको कुरा पूर्वीय दर्शनहरूले बताएका छन् । यिनै त्रितत्त्वको ध्यान वा सचेतताका साथ आचमन गर्नुपर्दछ ।

संकल्पं कुर्यात् ।

आज्ञाः पहिले जलशोधन गरियो । त्यसपछि आत्मशोधनका लागि त्यही शुद्ध जलले आचमन गरियो । अब त्रितत्त्वशोधन अर्थात् आत्मशोधन भएको अवस्थामा कर्ता कल्पना गर्न योग्य बन्दछ । आत्मशुद्ध व्यक्तिले कहिल्यै पनि खराब कल्पना गर्दैन । यस्तो कल्पना शुद्ध र पवित्र हुन्छ । यसैले यसलाई कल्पना होइन संकल्पना भनियो । संकल्पना भनेको सम्यक् अर्थात् राम्रो या असल कल्पना हो । यसैले हामी हरेक शुभकार्य संकल्पपूर्वक शुरु गर्दछौं । जिह्वाशोधन नामक शुभकार्यका लागि निम्नानुसारको संकल्प गर्नु आवश्यक छ ।

ॐ अद्येहेत्यादि ।।

आज्ञाः यहाँ अद्य र इह दुई शब्द प्रयोग भएका छन् । अद्य कालबोधक शब्द हो र इह देशबोधक शब्द हो । कुनै पनि शुभ संकल्प गर्दा हाम्रो सनातन संस्कृतिले देश काल र आफ्नो परिचय स्पष्ट रूपमा दिएर गर्नुपर्ने कुराको निर्देश गरेको छ । आयुर्वेदका आचार्य वाग्भटले कालको चित्रण यसरी गरेका छन् – **कालो हि नाम भगवाननादिनिधनो यथोपचितकर्मानुसारी यदनुरोधादित्यादयः खादयश्च महाभूतविशेषास्तथा तथा विपरिणमन्तो जन्मवतां जन्ममरणर्तुरसवीर्यदोष-देहबलव्यापत्सम्पदाञ्च कारणत्वं प्रत्ययतां प्रतिपद्यन्ते ।।३।। स मात्राकाष्ठाकलानाडिकामुहूर्त्तयामाहोरात्रपक्षमा-सर्त्वयनवर्षभेदेन द्वादशधा विभज्यते ।।४।।**

–अष्टांगसंग्रहः सूत्रस्थानम् ।।४।३-४।।

काल भनेको अनादिनिधन भगवान्को स्वरूप हो । जजसले जेजस्तो कर्म गरेका हुन्छन् तिनको जेजस्तो परिपाक हुन्छ त्यस्तै स्वभाव कालको प्रकट हुन्छ । कालकै प्रेरणाले आकाश आदि महाभूत परिणाम देखापर्दछ । यस लोकका प्राणधारीहरूका लागि जन्म, मरण, ऋतु, रस, वीर्य, दोष, देह, बल आदिको व्यापन्नता (अपूर्णता र विकृति) एवं सम्पन्नता (परिपूर्णता) कारकतत्त्वको रूपमा काल रहेको हुन्छ । अनादिनिधन हुँदाहुँदै पनि लोकव्यवहारमा बुझनका लागि सानोदेखि ठूलोसम्म काल मात्रा, काष्ठा, कला, नाडी, मुहूर्त्त, याम, अहोरात्र, पक्ष, मास, ऋतु, अयन र वर्ष गरी १२ भागमा विभाजित छ ।

यो भन्दा अझ ठूलो कालको खण्डलाई दशक, शताब्दी, युग, मन्वन्तर, कल्प र परार्द्धमा बुझ्नुपर्ने हुन्छ । सबभन्दा ठूलो काल परार्द्ध मानिएको छ । अहिलेको समय भनेको सृष्टिकर्ता ब्रह्माको दोस्रो परार्द्ध हो । अहिलेको कल्प श्वेतवराहकल्प हो । अहिलेको मन्वन्तर वैवस्वत मन्वन्तर हो । अहिलेको युग अठ्ठाइसौं कलियुग हो र यो समय कलियुगको प्रथम चरण हो । संकल्प गर्दा यी सबै कालको उल्लेख गर्नुपर्दछ ।

काललाई जस्तै देशलाई पनि विभिन्न भूगोलमा विभाजन गरिएको हुन्छ । हिमालयको काखमा रहेको हाम्रो देश नेपाल सात द्वीपमध्ये जम्बुद्वीपमा पर्दछ । यो भारतवर्षको भरतखण्डको आर्यावर्तमा रहेको हिमवत्खण्डको दक्षिण पार्श्वमा रहेको छ । संकल्प गर्दा यस अनुसार देशको समेत उल्लेख गनुपर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अमुकगोत्रस्य

आज्ञाः देश र काल उच्चारण गरेपछि आफ्नो गोत्र प्रवर र नाम उच्चारण गर्नुपर्दछ जस्तो वत्स गोत्र हो भने वत्सगोत्रस्य, वत्स-भार्गव-और्व-आप्नुवान-च्यवन-जामदग्न्येति पञ्चप्रवरस्य भनेपछि गोत्रको उच्चारण पुरा भएको मानिन्छ ।

अस्मज्जातस्य शिशोः

आज्ञाः अस्मत्-जातस्य शिशोः भनेको हामीबाट जान्मिएको शिशुको भन्ने अर्थ हुन्छ । सनातन धर्मावलम्बी गृहस्थहरूले जुनसुकै कर्म गर्दा पनि पति-पत्नी सँगसँगै रहेर गर्नुपर्दछ । वेदको यही निर्देशन छ । सपत्नीकोऽहं, सभ्रातृकोऽहं ,परिवारैः सह, आदि वाक्यांश कार्य गर्दाको उपस्थिति अनुसार उच्चारण गर्ने पनि चलन छ । यति भनेपछि कुन उद्देश्यले कार्य गरिएको हो सो बारेमा संक्षिप्त जानकारी दिनुपर्दछ ।

सुकवित्वपाण्डित्यसिद्ध्यर्थे

आज्ञाः सुकवित्व र पाण्डित्यसिद्धिका लागि । कवित्व भनेको वर्णन अर्थात् अभिव्यक्तिको सामर्थ्य हो । कवृ वर्णने धातुबाट कवि शब्द बनेको हो । राम्रो वर्णन गर्न सक्ने शक्ति होस् भन्ने सुकवित्वको आशय हो । आत्मा या ब्रह्मसम्बन्धि बुद्धिलाई पण्डा भनिन्छ । पण्डा भनेको अध्यात्मविद्या हो जो विद्याहरूमा सर्वश्रेष्ठ मानिएको छ । अध्यात्मविद्या विद्यानाम्-गीता । शिशुको अभिव्यक्ति र विद्या दुवैमा सिद्धि मिलोस् भन्ने कामना नै जिह्वाशोधनकर्मको मुख्य प्रयोजन हो ।

श्रीवागीश्वरीपूजनपूर्वकजिह्वाशोधनकर्माहं करिष्ये ।।

आज्ञाः वागीश्वरी भगवतीको पूजा समेत गरेर जिह्वाशोधन नामक कर्म गरिन्छ । वाक् शब्दको अर्थ वाणी, भाषा, विद्या र सरस्वती पनि हो । वाक्-ईश्वरी= वागीश्वरी । वाक्की ईश्वरी वागीश्वरी भगवती हुन् । यिनै सरस्वती पनि हुन् । शक्ति, काली र सरस्वतीमध्येकी एक वाङ्मयी महाशक्ति । वास्तवमा जिह्वा शुद्ध हुनका लागि ज्ञान र अभिव्यक्ति शक्ति दुवै चाहिन्छ । शिशुलाई विद्या र वाचकत्व दुवै होस् भनी सरस्वतीको आराधना गर्नु नै जिह्वाशोधन कर्म हो ।

संकल्पवाक्यको नमूना

हरिः ॐ तत्सत् । विष्णुः, विष्णुः, विष्णुः ।। अद्य श्रीमद्भगवतो महापुरुषस्य विष्णोराज्ञया प्रवर्त्तमानस्य सकलजगत्कारणस्य ब्रह्मणो द्वितीयपरार्द्धे श्रीश्वेतवाराहकल्पे वैवस्वत-मन्वन्तरेऽष्ठ्यविंशतितमे कलियुगेऽस्य प्रथमचरणे जम्बुद्वीपे भारतवर्षे आर्यावर्तान्तर्गत हिमवतो दक्षिणपार्श्वस्थे नेपालदेशे अमुकक्षेत्रे नगरे ग्रामे वैक्रमाब्दे अमुकसम्वत्सरे अमुक अयनगते श्रीसूर्ये अमुकऋतौ अमुकमासे अमुकपक्षे अमुकतिथौ अमुकवासरे अमुकनक्षत्रे अमुकयोगे अमुककरणे अमुकराशिस्थिते श्रीसूर्ये अमुकराशिस्थिते देवगुरौ शेषेषु ग्रहेषु यथायथास्थानस्थितेषु एवं गुणगणविशेषेणविशिष्टयां शुभपुण्यतिथौ शुभे पुण्यकाले अमुकप्रवरान्वित अमुकगोत्रोत्पन्नोऽहं श्रुतिस्मृतिवेदपुराणोक्तफलप्राप्तये अस्मज्जातस्य शिशोः सुकवित्वपाण्डित्वसिद्ध्यर्थे श्रीवागीश्वरीपूजनपूर्वकं जिह्वाशोधनकर्माहं करिष्ये ।

मूलमन्त्रमुच्चार्य

आज्ञाः मूलमन्त्र उच्चारण गरेर ।।

सूर्यलाई अर्घ्य दिँदा मूलमन्त्रको रूपमा गायत्री मन्त्र र सूर्यार्घ्यको लागि निर्धारित निम्न मन्त्रको उच्चारण गर्नुपर्दछ ।

ॐ एहि सूर्य सहस्रांशो तेजोराशे जगत्पते ।
अनुकम्पय मां भक्त्या गृहाणार्घ्यं दिवाकर ।।

दिनको उज्यालोका कारक, सहस्रौं किरण भएका,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तेजपुञ्ज र जगत्का पति हे सूर्यदेव ! मेरो आवाहन छ, यहाँ आउनुहोस् ममाथि कृपा गर्नुहोस् र मैले दिएको यो अर्घ्य स्वीकार गर्नुहोस् ।

ॐ एषोर्घः सूर्यनारायणाय नमः । इत्यनेन वाक्येन सूर्यार्घ्यं दद्यात् ।।

आज्ञा: यो अर्घ्य म सूर्यनारायणलाई दिन्छु । सूर्य नारायणलाई नमस्कार छ ।

ॐ एषोर्घः सूर्यनारायणाय नमः ।। यस वाक्यका साथ सूर्यार्घ्य दिनुपर्दछ ।

सूर्यार्घ्य दिइसकेपछि निम्न मन्त्रका साथ सूर्यपादोदकलाई अचाउँदै तीर्थ मानेर धारण गर्नुपर्दछ ।

ॐ अकालमृत्युहरणं सर्वव्याधिविनाशनम् ।
सूर्यपादोदकं तीर्थं जठरे धारयाम्यहम् ।।

सूर्यनारायणलाई अर्पण गरिएको सूर्यार्घ्यको जललाई सूर्यपादोदक भनिन्छ । सूर्यपादोदक अकालमा हुने मृत्युलाई हरण गर्ने र सबै किसिमका रोगव्याधिलाई नाश गर्ने खालको हुन्छ। तीर्थस्वरूपको यस सूर्यपादोदकलाई म आफ्नो जठर (उदर, पेट) मा धारण गर्दछु ।

श्रीगुरुं नमस्कृत्य ।

आज्ञा: श्री गुरूलाई नमस्कार गरेर ।

सूर्यार्घ्य दिइसकेपछि गुरूलाई वन्दन गर्नुपर्दछ ।

ॐगुरुर्ब्रह्मा गुरुर्विष्णुर्गुरुर्देवो महेश्वरः ।
गुरुः साक्षात् परं ब्रह्म तस्मै श्रीगुरवे नमः ।।
ध्यानमूलं गुरोर्मूर्त्तिः पूजामूलं गुरोः पदम् ।
मन्त्रमूलं गुरोर्वाक्यं मोक्षमूलं गुरोः कृपा ।।
अखण्डमण्डलाकारं व्याप्तं येन चराचरम् ।
तत्पदं दर्शितं येन तस्मै श्रीगुरवे नमः ।।
अज्ञानतिमिरान्धस्य ज्ञानाञ्जनशलाकया ।
चक्षुरुन्मीलितं येन तस्मै श्रीगुरवे नमः ।।

गुरु ब्रह्मा, विष्णु र महेश्वर सरहका पूज्य छन् । गुरु साक्षात् परब्रह्म स्वरूपका हुन्छन् । म त्यस्ता पूज्य गुरुदेवलाई नमस्कार गर्दछु ।।

गुरुको मूर्त्ति (शरीर) ध्यान गर्नलायक हुन्छ, गुरुका पाउ पूजा गर्नलायक हुन्छन्, गुरुका वचन मन्त्रवत् जप गर्नलायक हुन्छन् र गुरुको कृपा मोक्षदायक हुन्छ ।

परब्रह्मको स्वरूप कतै पनि खण्डित नहुनेगरी गोलो मण्डलाकार भएर रहेको हुन्छ । यो समस्त चराचर जगत्मा व्याप्त भएर रहेको हुन्छ । यस्तो ब्रह्मपदलाई दर्शन गराउने गुरु हुन् । म त्यस्ता पूज्य गुरुदेवलाई नमस्कार गर्दछु ।।

अज्ञानरूपी अन्धकारलाई ज्ञानरूपी अञ्जन (गाजल) भएको शलाका (आँखामा गाजल लाउँदा प्रयोग गरिने सलाईको जस्तै काँटी)को प्रयोगद्वारा जसले मेरो आँखा उघारिदिनुभयो म त्यस्ता पूज्य गुरुदेवलाई नमस्कार गर्दछु ।।

ॐगुं गुरवे नमः ।।

आज्ञा: प्रणव महाबीज ॐकार स्वरूप गुरुलाई मल या विकारनाशक गुं बीजमन्त्रका साथ नमस्कार गर्दछु ।

गँ गणेशाय नमः ।।

आज्ञा: मुखशोधनबीजमन्त्र गँ बीजमन्त्रका साथ गणेशलाई नमस्कार गर्दछु ।

ॐ ऐं वागीश्वर्यै नमः ।।

आज्ञा: प्रणव उच्चारणपूर्वक सरस्वती र दुःखनाशप्रधान ऐं बीजमन्त्रका साथ वागीश्वरी भगवतीलाई नमस्कार गर्दछु ।

यँ १० रँ १० वँ १० इति ऋष्यादि ।।

आज्ञा: बालकको चञ्चल मनलाई एकाग्र गराउने बीजमन्त्र यँ, उदरविकारनाशक बीजमन्त्र रँ, वातजनित विकारनाशक बीजमन्त्र वँ का साथ ऋषिहरूलाई नमस्कार गर्दछु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विनियोगः

ॐ अस्य श्रीमायापुटितदशाक्षरीवागीश्वरीमन्त्रस्य बृहस्पतिर्ऋषिर्विराट् छन्दो वागीश्वरीदेवता ऱ्हीँ बीजँ स्वाहाशक्तिः ॐ कीलकं मम पुत्रस्य सुकवित्वपाण्डित्यसिद्ध्यर्थे जपे विनियोगः ।

आज्ञा: ॐ । यस मायाबीजपुटित दश अक्षरवाला वागीश्वरी मन्त्रका ऋषि वृहस्पति, छन्द विराट्, देवता वागीश्वरी, ह्रीं बीज, स्वाहा शक्ति र हुन् र यिनलाई म मेरो पुत्रको सुकवित्व र पाण्डित्यका सिद्धिका लागि गरिने जपका लागि विनियोग गर्दछु ।

अंगन्यास

वृहस्पतिऋषये नमः ।। शिरसि ।।

आज्ञा: वृहस्पति ऋषिलाई नमस्कार गर्दछु । यस मन्त्रको उच्चारण गरेर शिरमा छुने ।

विराट् छन्दसे नमः ।। मुखे ।।

आज्ञा: विराट् छन्दलाई नमस्कार गर्दछु । यस मन्त्रको उच्चारण गरेर मुखमा छुने ।

वागीश्वरीदेवतायै नमः ।। हृदये ।

आज्ञा: वागीश्वरीदेवतालाई नमस्कार गर्दछु । यस मन्त्रको उच्चारण गरेर हृदयमा छुने ।

ह्रीं बीजाय नमः ।। गुह्ये ।।

आज्ञा: ह्रीं बीजमन्त्रलाई नमस्कार गर्दछु । यस मन्त्रको उच्चारण गरेर गुह्यस्थानमा छुने ।

स्वाहाशक्त्यै नमः । पादयोः ।।

आज्ञा: स्वाहाशक्तिलाई नमस्कार गर्दछु । यस मन्त्रको उच्चारण गरेर पाउमा छुने ।

ॐ कीलकाय नमः ।। सर्वांगे ।।

आज्ञा: ॐ कीलकलाई नमस्कार गर्दछु । यस मन्त्रको उच्चारण गरेर सबै अंगमा छुने ।

ततो महान्यासः ।।

आज्ञा: यसपछि महान्यासको वर्णन गरिन्छ ।

ॐ ह्रीं वँ नमः ।। शिरसि ।।

आज्ञा: ॐ ह्रीं वँ यी बीजहरूलाई नमस्कार गर्दछु। यस मन्त्रको उच्चारण गरेर शिरमा छुने ।

ॐ दँ नमः ।। दक्षिणे ।।

आज्ञा: ॐ दँ बीजलाई नमस्कार गर्दछु । यस मन्त्रको उच्चारण गरेर दाहिने कानमा छुने ।

ॐ वँ नमः ।। वामे ।।

आज्ञा: ॐ वँ बीजलाई नमस्कार गर्दछु । यस मन्त्रको उच्चारण गरेर बायाँ कानमा छुने ।

ॐ दँ नमः ।। दक्षनेत्रे ।।

आज्ञा: ॐ दँ बीजलाई नमस्कार गर्दछु । यस मन्त्रको उच्चारण गरेर दाहिने आँखामा छुने ।

ॐ वाँ नमः ।। वामनेत्रे ।।

आज्ञा: ॐ वाँ बीजलाई नमस्कार गर्दछु । यस मन्त्रको उच्चारण गरेर बायाँ आँखामा छुने ।

ॐ ग्वां नमः ।। दक्षनासापुटे ।।

आज्ञा: ॐ ग्वाँ बीजलाई नमस्कार गर्दछु । यस मन्त्रको उच्चारण गरेर दाहिने नाकको पोरामा छुने ।

ॐ दिँ नमः ।। वामनासापुटे ।।

आज्ञा: ॐ दिँ बीजलाई नमस्कार गर्दछु । यस मन्त्रको उच्चारण गरेर बायाँ नाकको पोरामा छुने ।

ॐ निँ नमः ।। वदने ।।

आज्ञा: ॐ निँ बीजलाई नमस्कार गर्दछु । यस मन्त्रको उच्चारण गरेर मुखमा छुने ।

ॐ स्त्राँ नमः ।। लिंगे ।।

आज्ञा: ॐ स्त्राँ बीजलाई नमस्कार गर्दछु । यस मन्त्रको उच्चारण गरेर लिंगमा छुने ।

ॐ ह्यँ नमः ।। गुदे ।।

आज्ञा: ॐ ह्यँ बीजलाई नमस्कार गर्दछु । यस मन्त्रको उच्चारण गरेर गुदद्वारमा छुने ।

ततो मातृकान्यासं कुर्यात् ।।

आज्ञा: त्यसपछि मातृकान्यास गर्नुपर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्थण्डिलो यथा ।।

आज्ञा: मातृकान्यासका लागि आवश्यकता अनुसारको वेदी तयार गर्नुपर्दछ ।

अष्टपत्रचतुर्द्वारम् ।।

आज्ञा: वेदीमा आठ पातवाला कमल वा अष्टदलयन्त्र राख्नुपर्दछ । यसमा चारवटा द्वार बनाउनुपर्दछ ।

मध्ये ।। ह्लौँ ।।

आज्ञा: कमलपत्रको मध्यभागमा हँ लँ बीज स्थापित गर्नुपर्दछ ।

केशरे ।। स्वराः ।।

आज्ञा: कमलकेशरमा स्वर अर्थात् अ, इ, उ, ऋ, ऌ, ए, ओ, ऐ, औ बीजलाई स्थापित गर्नुपर्दछ ।

ह्वौह्वौ ।। अँ आँ ।। अष्टपत्रे ।। कँ खँ गँ घँ ङँ ।। चँ छँ जँ झँ ञँ ।। टँ ठँ डँ ढँ णँ ।। तँ थँ दँ धँ नँ ।। पँ फँ बँ भँ मँ ।। यँ रँ लँ वँ ।। शँ षँ सँ हँ ।। लँ क्षँ ।।

हृदयकमलमध्ये ध्यायेत् ।।

आज्ञा: उपर्युक्त बीजमन्त्र संझदै हृदयकमलमा वागीश्वरीको ध्यान गर्नुपर्दछ ।

<u>ध्यानको मन्त्र</u>

तरुणशकलमिन्दो बिभ्रती शुभ्रकान्तिः ।
कुचभरनमितांगी संनिषण्णा सिताब्जे ।
निजकरकमलोद्यल्लेखती पुस्तकश्रीः ।
सकलविभवसिद्ध्यै पातु वाग्देवता वः ।।२।।

इति ध्यात्वा ।।

आज्ञा: तरुण अवस्थाका पूर्णचन्द्रको जस्तै कान्ति भएकी, भारले गर्दा जिउ निहुराउने शुभ स्तन भएकी, श्वेतकमलमा पूजा गर्नका लागि स्थापित गरिएकी, कमलजस्तै कोमल हातमा सूर्यजस्तै उज्यालो प्रकाश दिने लेखनीले श्रीस्वरूपको पुस्तक लेखिरहेकी वाग्देवताको रूपमा स्थापित भएकी वागीश्वरीले हाम्रो समस्त वैभवको सिद्धिका लागि हाम्रो पालन वा रक्षा गरून् ।

यसरी ध्यान गरिसकेपछि पूजा गर्नुपर्दछ ।

आवाहनादिमुद्रां प्रदर्श्य मूलेन पाद्यादि-पुनराचमनीयान्तं संपूज्य ।।

आज्ञा: आवाहनादि मुद्रा प्रदर्शन गरेर मूलमन्त्रका साथ पाद्य आदि आचमनीय उपचारसम्मको वाक्य उच्चारण गरेर पूजा गर्नुपर्छ ।

मूलमन्त्रो यथा ।। ऐं वागीश्वर्यै नमः ।।

आज्ञा: मूलमन्त्र यस्तो हुन्छ – ऐं वागीश्वर्यै नमः ।

ध्यानम् ।।

आज्ञा: आवाहन मुद्रा प्रदर्शनपश्चात् वागीश्वरीको ध्यान गनुपर्दछ । त्यसपछि निम्न क्रमानुसार आवाहनदेखि आचमनसम्मको पूजाविधि सम्पन्न गर्नुपर्छ ।

आवाहनम् ।।

आवाहनवाक्यम् : भो वागीश्वरी इहागच्छ, इह तिष्ठ, यावत्पूजां करोमि तावत् त्वं सुस्थिरा सुप्रसन्ना वरदा भव ।

आसनम् ।।

आसनवाक्यम् : आसनं समर्पयामि वागीश्वर्यै नमः । ॐ ऐं वागीश्वर्यै नमः ।

पाद्यम् ।।

पाद्यवाक्यम् : पाद्यं समर्पयामि वागीश्वर्यै नमः । ॐ ऐं वागीश्वर्यै नमः ।।

शुद्धोदकम् ।।

शुद्धोदकवाक्यम् : शुद्धोदकं समर्पयामि वागीश्वर्यै नमः । ॐ ऐं वागीश्वर्यै नमः ।।

अर्घ्यम् ।।

अर्घ्यवाक्यम् : अर्घ्यं समर्पयामि वागीश्वर्यै नमः । ॐ ऐं वागीश्वर्यै नमः ।।

आचमनीयम् ।।

आचमनीयवाक्यम् : आचमनीयं समर्पयामि वागीश्वर्यै नमः । ॐ ऐं वागीश्वर्यै नमः ।।

पञ्चामृतम् ।।

पञ्चामृतवाक्यम् : पञ्चामृतं समर्पयामि वागीश्वर्यै नमः । ॐ ऐं वागीश्वर्यै नमः ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शुद्धोदकम् ।।

शुद्धोदकवाक्यम् : पुनराचमनीयार्थं शुद्धोदकं समर्पयामि वागीश्वर्यै नमः । **ॐ** ऐं वागीश्वर्यै नमः ।।

वस्त्रम् ।।

वस्त्रवाक्यम् : वस्त्रं समर्पयामि वागीश्वर्यै नमः । ॐ ऐं वागीश्वर्यै नमः ।।

गन्धम् ।।

गन्धवाक्यम् : गन्धं समर्पयामि वागीश्वर्यै नमः । ॐ ऐं वागीश्वर्यै नमः ।।

सिन्दूरम् ।।

सिन्दूरवाक्यम् : सिन्दूरं समर्पयामि वागीश्वर्यै नमः । ॐ ऐं वागीश्वर्यै नमः ।।

पिङ्गतकम् ।।

पिङ्गतकवाक्यम् : पिंगतकं समर्पयामि वागीश्वर्यै नमः । ॐ ऐं वागीश्वर्यै नमः ।।

अक्षतान् ।।

अक्षतावाक्यम् : अक्षतान् समर्पयामि वागीश्वर्यै नमः । **ॐ** ऐं वागीश्वर्यै नमः ।।

पुष्पाणि ।।

पुष्पवाक्यम् : नानाविधानि पुष्पाणि समर्पयामि वागीश्वर्यै नमः । ॐ ऐं वागीश्वर्यै नमः ।।

ततो गायत्र्या पुष्पाञ्जली ।।

आज्ञा: त्यसपछि गायत्री

ऐं वागीश्वरीं विद्महे क्लीं कामेश्वरी धीमहि । सौः तन्नः शक्तिः प्रचोदयात् ।।५।।

आज्ञा: ऐं वागीश्वरीलाई बुझदछौं, क्लीं कामेश्वरीको ध्यान गर्दछौं, यस्ती शक्तिले हाम्रो आत्मालाई पवित्र गराउन् ।

मूलेनाञ्जलित्रयम् ।।३।।

आज्ञा: मूलमन्त्रले तीनपटक नमस्कार गर्ने ।

ॐ ह्रीं वद वद वाग्वादिनि स्वाहा ह्रीं वागीश्वर्यै नमः ।।३।।

आज्ञा: ॐ ह्रीं वद वद वाग्वादिनीलाई यो स्वाहा र वागीश्वरीदेवीलाई नमस्कार ।

योनिमुद्रां प्रदर्श्य ।।

आज्ञा: योनिमुद्रालाई प्रदर्शन गरेर ।

बुढीबुढी औंला र चोरीचोरी औंलाका टुप्पालाई जोडेर तन्काउने र बाँकी तीन तीन औंलालाई हत्केलातिर मोड्ने । यसरी हत्केलामा योनिको आकृति बन्दछ । यसैलाई योनिमुद्रा भनिन्छ । यसरी बनाइएको योनिमुद्रालाई नाभिको सामुन्ने पारेर प्रदर्शन गर्नुपर्दछ ।

आवरणपूजां विधाय ।।

आज्ञा: आवरणपूजा(अष्टदल कमलका पत्रहरूमा आग्नेय कोणबाट क्रमशः पूजा) गरेर ।

अग्निकोणे ।।

आज्ञा: आग्नेयकोणमा । अष्टदल स्थापित गरिएको ठाउँको पूर्व र दक्षिण दिशाको कोणमा ।

आँ कँ खँ गँ घँ ङँ आँ ।। हृदयाय नमः ।।

आज्ञा: आँ कँ खँ गँ घँ ङँ आँ बीजाक्षरका साथ हृदयलाई नमस्कार गर्दछु भनेर हृदयलाई छुने ।

नैऋत्ये ।।

आज्ञा: नैऋत्य कोणमा । अष्टदल स्थापित गरिएको ठाउँको दक्षिण र पश्चिम दिशाको कोणमा ।

ईं चँ छँ जँ झँ ञँ ईं ।। शिरसे स्वाहा ।।

आज्ञा: ईं चँ छँ जँ झँ ञँ ईं बीजाक्षरका साथ शिरलाई नमस्कार भनेर शिरमा छुने ।

वायव्ये ।।

आज्ञा: वायव्य कोणमा । अष्टदल स्थापित गरिएको ठाउँको पश्चिम र उत्तर दिशाको कोण ।

उँ टँ ठँ डँ ढँ णँ ऊँ ।। शिखायै वौषट् ।।

आज्ञा: उँ टँ ठँ डँ ढँ णँ ऊँ बीजाक्षरका साथ शिखालाई वौषट् गरेर शिखामा छुने । स्वाहा, श्रीषट्, वषट्, वौषट् र स्वधा यी पाँच उच्चारण देवतालाई हवि आदि प्रदान गर्दा गर्ने गरिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ईशाने ।।

आज्ञा: ईशान कोणमा । अष्टदल स्थापित गरिएको ठाउँको उत्तर र पूर्व दिशाको कोण ।

एँ तँ थँ दँ धँ नँ ऐँ ।। कवचाय हुम् ।।

आज्ञा: एँ तँ थँ दँ धँ नँ ऐँ बीजाक्षरका साथ कवचका लागि हुम्‌कार गरेर दाहिने हातका औंलाले बायाँ काँध र बायाँ हातका औंलाले दायाँ काँधलाई छुने ।

मध्ये ।।

आज्ञा: अष्टपत्रयुक्त कमलको मध्यभागमा ।

ओँ पँ फँ बँ भँ मँ औँ ।। नेत्रत्रयाय वौषट् ।।

आज्ञाः ओं पँ फँ बँ भँ मँ औँ बीजाक्षरका साथ तीन नेत्रका लागि वौषट् उच्चारण गरेर आँखालाई छुने ।

चतुर्दिक्षु ।।

आज्ञा: अष्टपत्रको चारै दिशामा ।

अँ यँ रँ लँ वँ शँ षँ सँ हँ यँ ज्ञँ अः ।। अस्त्राय फट् ।।

आज्ञा: अँ यँ वँ रँ लँ शँ षँ सँ हँ ज्ञँ अः बीजाक्षरका साथ अस्त्रका लागि फट् उच्चारण गरेर दुवै हातका बुढीऔंला र माझीऔंलालाई मुट्ठीबाट खोलेर दाहिने हातलाई बायाँतिरबाट घुमाएर बायाँ हातलाई दायाँतिरबाट घुमाएर शरीरको अगाडितिर ल्याउने । त्यसपछि समस्त अज्ञान र विकारलाई अस्त्र फ्याँकेजसरी हुत्याएको अनभूति गर्दै चट्‌चट् आवाज आउनेगरी चुट्‌की बजाउने ।

ततः पत्रेषु पूर्वादि ।।

आज्ञा: त्यसपछि पत्रमा पूर्वादि क्रमले निम्न भावहरूलाई नमस्कार गर्नुपर्दछ ।

ॐ योगायै नमः ।।

आज्ञा: प्रणवोच्चारणका साथ योगरूपिणी शक्तिलाई नमस्कार गर्दछु ।

एवम् ।।

आज्ञा: यसरी नै ।

ॐ सत्यायै नमः ।।

आज्ञा: प्रणवोच्चारणका साथ सत्यरूपिणी शक्तिलाई नमस्कार गर्दछु ।

ॐ विमलायै नमः ।।

आज्ञा: प्रणवोच्चारणका साथ पवित्रतारूपिणी मलरहित भएकी विमला-शक्तिलाई नमस्कार गर्दछु ।

ॐ ज्ञानायै नमः ।।

आज्ञा: प्रणवोच्चारणका साथ ज्ञानरूपिणी शक्तिलाई नमस्कार गर्दछु ।

ॐ बुद्ध्यै नमः ।।

आज्ञा: प्रणवोच्चारणका साथ बुद्धिरूपिणी शक्तिलाई नमस्कार गर्दछु ।

ॐ स्मृत्यै नमः ।।

आज्ञा: प्रणवोच्चारणका साथ स्मृतिरूपिणी शक्तिलाई नमस्कार गर्दछु ।

ॐ मेधायै नमः।।

आज्ञा: प्रणवोच्चारणका साथ मेधा अर्थात् धारणावती बुद्धिरूपिणी शक्तिलाई नमस्कार गर्दछु ।

ॐ प्रज्ञायै नमः ।।

आज्ञा: प्रणवोच्चारणका साथ ऋत र सत्य नामका दुवै किसिमका सत्यकी प्रकाशिका प्रज्ञाशक्तिलाई नमस्कार गर्दछु ।

दलाग्रे ।।

आज्ञा: दलको अग्रभागमा ।

ॐ ब्राह्म्यै नमः ।।

आज्ञा: प्रणवोच्चारणका साथ ब्राह्मी शक्तिलाई नमस्कार गर्दछु ।

ॐ रौद्र्यै नमः ।।

आज्ञा: प्रणवोच्चारणका साथ रौद्री शक्तिलाई नमस्कार गर्दछु ।

ॐ गुह्येश्यै नमः ।।

आज्ञा: प्रणवोच्चारणका साथ गुह्येशी गुह्येश्वरी शक्तिलाई नमस्कार गर्दछु ।

ॐ नारायण्यै नमः ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आज्ञा: प्रणवोच्चारणका साथ नारायणी शक्तिलाई नमस्कार गर्दछु ।

ॐ शूकर्यै नमः ।।

आज्ञा: प्रणवोच्चारणका साथ वराहरूपिणी शूकरीशक्तिलाई नमस्कार गर्दछु ।

ॐ शक्तेश्वर्यै नमः ।।

आज्ञा: प्रणवोच्चारणका साथ शक्तेश्वरी शक्तिलाई नमस्कार गर्दछु ।

ॐ चर्च्चिकायै नमः ।।

आज्ञा: प्रणवोच्चारणका साथ चर्चिका शक्तिलाई नमस्कार गर्दछु ।

ॐ महालक्ष्म्यै नमः ।।

आज्ञा: प्रणवोच्चारणका साथ महालक्ष्मी शक्तिलाई नमस्कार गर्दछु ।

तद्बहिः ।।

आज्ञा: त्यसभन्दा बाहिर । दलको अग्रभागभन्दा बाहिर ।

ॐ इन्द्राय नमः ।।

आज्ञा: प्रणवोच्चारणका साथ इन्द्रलाई नमस्कार गर्दछु ।

ॐ अग्नये नमः ।।

आज्ञा: प्रणवोच्चारणका साथ अग्निलाई नमस्कार गर्दछु ।

ॐ यमाय नमः ।।

आज्ञा: प्रणवोच्चारणका साथ यमराजलाई नमस्कार गर्दछु ।

ॐ नैऋत्याय नमः ।।

आज्ञा: प्रणवोच्चारणका साथ नैऋत्यदेवतालाई नमस्कार गर्दछु ।

ॐ वरुणाय नमः ।

आज्ञा: प्रणवोच्चारणका साथ वरुणदेवतालाई नमस्कार गर्दछु ।

ॐ वायवे नमः ।।

आज्ञा: प्रणवोच्चारणका साथ वायुदेवलाई नमस्कार गर्दछु ।

ॐ कुबेराय नमः ।।

आज्ञा: प्रणवोच्चारणका साथ कुबेरलाई नमस्कार गर्दछु ।

ॐ ईशानाय नमः ।।

आज्ञा: प्रणवोच्चारणका साथ ईशानलाई नमस्कार गर्दछु ।

ॐ अनन्ताय नमः ।।

आज्ञा: प्रणवोच्चारणका साथ अनन्तलाई नमस्कार गर्दछु ।

ॐ ब्रह्मणे नमः ।।

आज्ञा: प्रणवोच्चारणका साथ ब्रह्मालाई नमस्कार गर्दछु ।

तद्बहिः ।।

आज्ञा: त्यसभन्दा बाहिर ।

ॐ वज्राय नमः ।।

आज्ञा: प्रणवोच्चारणका साथ वज्रलाई नमस्कार गर्दछु ।

ॐ शक्तये नमः ।।

आज्ञा: प्रणवोच्चारणका साथ शक्तिलाई नमस्कार गर्दछु ।

ॐ दण्डाय नमः ।।

आज्ञा: प्रणवोच्चारणका साथ दण्डलाई नमस्कार गर्दछु ।

ॐ खड्गाय नमः ।।

आज्ञा: प्रणवोच्चारणका साथ खड्गलाई नमस्कार गर्दछु ।

ॐ पाशाय नमः ।।

आज्ञा: प्रणवोच्चारणका साथ पाशलाई नमस्कार गर्दछु ।

ॐ अंकुशाय नमः ।।

आज्ञा: प्रणवोच्चारणका साथ अंकुशलाई नमस्कार गर्दछु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ॐ गदायै नमः ।।

आज्ञा: प्रणवोच्चारणका साथ गदालाई नमस्कार गर्दछु ।

ॐ शूलाय नमः ।।

आज्ञा: प्रणवोच्चारणका साथ शूललाई नमस्कार गर्दछु ।

ॐ चक्राय नमः ।।

आज्ञा: प्रणवोच्चारणका साथ चक्रलाई नमस्कार गर्दछु ।

ॐ पद्माय नमः ।।

आज्ञा: प्रणवोच्चारणका साथ कमललाई नमस्कार गर्दछु ।

इत्यावरणपूजां विधाय ।।

आज्ञा: यसरी आवरणपूजा गरिसकेपछि ।

धूपदीपनैवेद्यताम्बूलादिकं निवेद्य ।।

आज्ञा: धूप, दीप, नैवेद्य, ताम्बूल आदि निवेदन गरेर (चढाएर) ।

जप ।।

आज्ञा: जप गर्नुपर्छ ।

ॐ वद वद वाग्वादिनि स्वाहा ह्रीं ॐ ।।१०८।।

आज्ञा: हे वाग्वादिनी शक्ति तिमीलाई प्रणव र बीजसहित यज्ञरूप जप अर्पण गर्दछु । जप १०८ पटक वा सो भन्दा बढी गर्नुपर्दछ ।

स्तोत्र ।।

आज्ञा: जपपछि वागीश्वरीसित सम्बन्धित स्तोत्र पाठ गर्ने ।

दक्षिणा ।।

आज्ञा: ब्राह्मण, कन्याकुमारी आदिलाई दक्षिणा दिनुपर्दछ । दक्षिणाले प्राप्त गर्ने व्यक्तिको योग्यता र प्रसन्नताको सन्तुलनको अपेक्षा राखेको हुन्छ । अयोग्य व्यक्तिले दक्षिणा प्राप्त गर्नु र योग्य व्यक्तिमा प्रसाद भाव नहुनु दक्षिणाका दोष हुन् ।

देवविसर्जनम् ।।

आज्ञाः यसपछि आवाहन गरिएका देवताहरूलाई विदाइ गर्ने कार्य विसर्जन गनुपर्छ । कुनै पनि पूजा आवाहनबाट शुरु हुन्छ र विसर्जनबाट समापन हुन्छ ।

सूर्ये साक्षीपर्यन्तम् कृत्वा ।।[२]

आज्ञा: सूर्यमा यावत् पूजापर्यान्त साक्षित्व स्थापित गरेर ।

स्थण्डिलं संभार्य ।।

आज्ञा: वेदीलाई सम्भार गरेर ।

तच्चन्दनम् ।।

आज्ञा: वेदीमा भएको चन्दन ।

किञ्चिदादाय ।।

आज्ञा: केही लिएर ।

गोलोचनेन ।।

आज्ञा: गोलोचनसित ।

सह मेलयित्वा ।।

आज्ञाः सँगै मिलाएर ।

सुवर्णशलाकया ।।

आज्ञा: सुनको काँटी वा सुनको शलाकाले ।

शिशो जिह्वायाम् ।।

आज्ञा: शिशुको जिउरोमा ।

मायाबीजम् ।।

आज्ञा: मायाबीज ।

वाग्भववीजं वा लिखेत् ।।

---

२. हाम्रा पूजाहरूमा सूर्य, चन्द्र र अग्नि साक्षीको रूपमा शुरुदेखि अन्त्यसम्म रहनेगर्दछन् । यस जिह्वाशोधनविधिमा सूर्यमा अन्तिम समयसम्म रहनका लागि साक्षित्व स्थापित गरिएको छ । प्रस्तुत वाक्यांशको आशय यही बुझिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आज्ञाः अथवा वाग्बीज लेख्ने ।

पुनस्तेनैव बीजेन अष्टोत्तरशतं सहस्रं वा जपेत् ।।

आज्ञाः यसपछि फेरि त्यही बीजमन्त्रसहितको मूलमन्त्र १०८ वा १००८ संख्यामा जप गर्ने ।

जिह्वां शोधयेत् ।।

आज्ञाः यसपछि शिशुको जिउरोलाई सफा गरिदिने ।

पुनः ।।

आज्ञाः फेरि ।

रसनागर्भसंभूते ब्रह्मलोकावतारिणि ।।

वागीश्वरि जगन्मातर्जिह्वाग्रे संस्थिता भव ।।

आज्ञाः जिउरोभित्र रहेकी ब्रह्मलोकबाट अवतार लिएर आएकी जगन्माता वागीश्वरी ! तपाईं यस शिशुका जिउराको टुप्पोमा राम्ररी स्थिर भएर बसिदिनुहोस् ।

इति मंत्रेण १०८ अथवा ५४ ।। २७ ।।

आज्ञाः यस मन्त्रलाई १०८ पटक, ५४ पटक वा २७ पटक सम्म ।

यथावसरतः ।।

आज्ञाः समयको सुविधा अनुसार ।

शोधयेत् ।।

आज्ञाः मन्त्रद्वारा शोधन गर्ने ।

ततो मातुः स्तनौ प्रक्षालयेत् ।।

आज्ञाः त्यसपछि आमाको स्तनलाई सफा गर्ने ।

पूर्व शोधितजलेन ।।

आज्ञाः पहिला शोधन गरिएको जल अथवा शुद्ध जलले ।

फट् इति प्रक्षाल्य ।।

आज्ञाः फट् उच्चारण गरेर प्रक्षालन गरेर ।

ततः पिता स्नानं कुर्यात् ।।

आज्ञाः त्यसपछि पिताले स्नान गर्ने ।

तदनन्तरम् ।।

आज्ञाः त्यसपछि ।

श्रीवागीश्वर्या चन्दनपुष्पादिकं गृह्णीयात् ।।

आज्ञाः त्यसपछि वागीश्वरीको प्रसाद, चन्दन, फूल आदि ग्रहण गर्ने ।

इति जिह्वाशोधनविधिः ।।

आज्ञाः यति जिह्वाशोधनविधिबारे बताइयो ।

शुभमस्तु ।।

आज्ञाः शुभ होस् । **ॐ वद वद वाग्वादिनि जिह्वाग्रे स्थिरा भव सर्वशत्रून्मे वशंकरि स्वाहा ।। ह्रीं ॐ ।।**

आज्ञाः मेरा सबै शत्रुलाई वश गर्ने हे वाग्वादिनी सरस्वती जिउराको टुप्पोमा बस ।

सम्वत् १९५८ साल मिति शुक्ल आषाढ सुदि ७ रोज २ मा इदं पुस्तकं धर्मराजधीरस्य ।।

धर्मराजधीरको यो पुस्तक सम्वत् १९५८ आषाढ शुक्ल सप्तमी २ गतेका दिन लेखिसकियो ।

❑❑

dchhatrapati@gmail.com

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

फस्कुस्थित चट्टान लिच्छवि र अन्य अभिलेखहरू

– प्रकाश दर्नाल*

काठमाडौं उपत्यका वरिपरिका ऐतिहासिक स्मारकको अभिलेखहरू २०७२ सालको भूकम्पपछि के-कस्तो स्थितिमा छ भन्ने अध्ययन गर्न यस आ.ब. २०७७/७८ मा राष्ट्रिय अभिलेखालयले कार्यक्रम राखेकोले सो कार्यान्वयनको सिलसिलामा कुलनाथ के.सी. र म २०७७।९।१ मा सीतापाइला हुँदै रामकोट पुगेका थियौ । त्यहाँ पुगेर कुलले "सीतापाइला डाँडापौवा गणेशस्थान अगाडि लिच्छवि अभिलेख रहेको छ भनी राष्ट्रिय अभिलेखालयमा रहेको यसको प्रतिलिपिमा लेखेको छ, भने । परन्तु त्यहाँ गई हेर्दा यो अभिलेख कुँदिएको मूल ढुंगा पत्ता लगाउन सकिएन" भनी धनबज्र बज्राचार्यले लिच्छविकालका अभिलेख पृष्ठ १३२ मा लेखेको, सुनाए (बज्राचार्य धनबज्र, २०३० ,१३२) ।[१]

हामीले त्यहाँ गणेशस्थान नजिक गएर धेरै जनालाई जिज्ञासा राख्दा कसैले त्यो अभिलेख देखाउन सकेनन् । हाम्रो कुरा सुनेका एकजनाले तपाईंहरू पढ्न सक्नु हुन्छ ? सक्नुहुन्छ भने मेरो काकाको रिसोर्टमा लगिदिन्छु, त्यहाँ अहिलेसम्म कसैले पढ्न नसकेको शिलापत्र छ भनेपछि हामीमा कौतुलता भयो । तर उनी आफ्नो काम छ भनेर तर्किए । उनले देखाएको स्थानतर्फ सोध्दै जाँदा त्यहाँ अभिलेख भएको लख काट्यौं । धादिङको जीवनपुर जाने बाटो भएर सातकन्या माईको मन्दिर जान आधा घण्टा जति सडक छोडेर उकालो उक्लनु पर्छ । त्यसपछि रेलिङ्ग भएको सिंढी उक्लेपछि ढलान पाटी आउँछ । त्यहाँ ठूलो ढुंगाको ओढार पनि छ । यसै स्थानलाई सातकन्या माई भनेर पूजाआजा गर्छन् । त्यहाँ कुनै अभिलेख नदेखेर सीधा माथि उक्लियौं । यो उमा गाउँ रहेछ । त्यहाँ हामीले अभिलेख को कुरा गर्दा उनीहरूले त्यही सातकन्याबाट दायाँ लागेपछि शिवमन्दिर भएको ठाउँमा पुगिन्छ भन्ने जानकारी पाएपछि फर्किएर सातकन्याको दायाँतिर लाग्दा नजिकै शिवमन्दिर देखियो । नागार्जुन नगरपालिका वडा नं ६ स्थित यो शिवमन्दिरको दक्षिण तर्फ १८ फिट लामो र ५ फिट चौडा चट्टानमा दुईवटा अभिलेख देखेपछि हाम्रो खुशीको सीमा रहेन । कुलले लिच्छवि अभिलेख देख्नासाथ चिने । दुवै अभिलेख दक्षिण फर्केको छ । सात शब्दको त्यो अभिलेख

श्यामसुन्दर राजवंशीले" ती र पा ल स्वा मी न (३८×१० से.मी.लिपि छैठौ शताव्दी) तीरपालस्वामी भनी

---

*पूर्व प्रमुख राष्ट्रिय अभिलेखालय

---

१. बज्राचार्य धनबज्र , लिच्छविकालका अभिलेख, नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि. वि. २०३०, पृष्ठ १३२

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

व्यक्ति या देवताको नाम संभवत देवता नै हुनुपर्छ भनेर अर्थाएका छन् । यो एक पंक्तिको छ (राजवंशी श्यामसुन्दर, २०७८,५३) ।[२]



अर्को अभिलेख "ऊँ सम्वत २९४ १ पशुपति भट्टारकः चन्द्रेश्वर कारिक मितिः णायकः(५२×१२ से.मी.लिपि बाह्रौ शताव्दी) । प्राचीन नेवारी लिपिमा ने.सं २९४ तदनुसार (सन् ११७३) नायक चन्द्रेश्वरद्वारा पशुपति भट्टारक भनेर यहाँ शिव स्थापना गरेको" भनी अर्थ लाग्दछ । यो दुई पंक्तिको छ (ऐजन २०७८,५४) ।[३]



यसै चट्टान माथि शिवमन्दिर छ । तर मूर्ति शिवको छैन । अहिलेको मूर्ति चिन्न गाह्रो छ । गिरीहरूले यहाँ कुलदेवता मनाउँछन् । यो जग्गा नानीमैंया बूढाथोकीको नाममा भएको थाहा पायौं । यहाँ शिलापत्रको आकारमा अजङ्गको काटेको प्रस्तर छ । यसको लम्बाई ४.८८ मी. चौडाई १.६५ मी. र मोटाई ५० से.मी.छ । यो प्रस्तर देख्दा अभिलेख कुद्न ठिक्क पारेको पो थियो कि भन्ने लाग्छ । यसै अजङ्ग काटेको चट्टानको तल २०फिट ६ इन्च लामो र ७ फिट ठूलो चट्टानमा पनि दुइवटा लिच्छवि अभिलेख रहेको पाउँदा हामी दंग पऱ्यौ ।

२. राजवंशी श्यामसुन्दर, लिच्छविकालका अप्रकाशित केही चट्टानहरू, स्मारिका, नेपाल सम्पदा संघ,२०७८,पृ. ५३

३. ऐजन, पृ..५४

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दक्षिणतर्फ फर्केको एक पंक्ति र ४६×७ से.मी. लिपि छैठौ शताब्दी भएको अभिलेख पाठ, ना य क दि ना र व र्म्म ण (नायक दिनार वर्मा भनेर व्यक्तिको नाम भनेर भनिएको छ (ऐजन २०७८,५५) ।[४]

अर्को पनि दक्षिण फर्केको एक पंक्तिको ३३×७ से.मी. लिपि सातौ शताब्दी भएको अभिलेख पाठ ॐ रा ज ते जि भा ल गु प्त (राजा तेजि भाल गुप्त भनेर व्यक्तिको नाम भनिएको छ (ऐजन २०७८,५६) ।[५]

यसको जीपिएस २७ ं४३' ४४" एन, ८५ ं१४' ५६" इ छ ।

कुराकानीको सिलसिलामा गोकुल बुढाथोकीलाई मैले रामकोट निवास भएका वरिष्ठ रसायनविद् तथा कलाकार भीमवरसिंह थापाको बारे सोध्दा उनले त्यही डाँडाबाट सडकको छेऊमा भएको घर देखाइदिए। पुरातत्त्व विभागमा सँगै काम गरेको हुँदा मलाई भेट्न मन लागेको थियो । त्यसैले उनको घर गएँ । धेरै वर्षपछि भेटेकोले भलाकुसारी भयो । हाम्रो भ्रमणको उद्देश्य थाहा पाएपछि उनले पंचकुमारीथानमा पनि अभिलेख भएको जानकारी मात्र होइन पंचकुमारीथानमा श्यामवरसिंह थापा समेत उपस्थित भई अभिलेख देखाई सहयोग गरेको हुँदा हामी आभार व्यक्त गर्न चाहन्छौं । अभिलेखको जानकारी पाएपछि हामी पनि हौसियौं । यो स्थान लुपाङ्ग, लुपौ हुँदै हाल फस्कु भन्छन् । सल्लाघारी वनको दक्षिण भीरमा ३ वटा ठूल्ठूला चट्टानबाट बनेको ओढारलाई पंचकन्यामाई भन्छन् । दुइवटा चट्टानमाथि अर्को चट्टान खप्टिएर छानाको रुपमा छ । यसै छानामा लिच्छवि अभिलेख पाठ पि ङ कु जि ङ का (२२×८ से.मी. लिपि सातौ शताव्दी) १ पंक्तिको छ । त्यसैबाट हालको नाम फस्कु हुन गएको भन्ने छ (ऐजन २०७८,५७) ।[६]

---

४. ऐजन , पृ..५५
५. ऐजन , पृ..५६
६ ऐजन , पृ..५७ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



अर्को लिच्छवि अभिलेख पंचकुमारी माई भन्दा केही पर चट्टानमै उत्किर्ण छ । एक पंक्तिको अभिलेख पाठ "ऊँ दि ना र व र्मा" दिनार वर्मा व्यक्तिको नाम (१५×५ से.मी. लिपि छैठौ शताव्दी) रहेको छ। यस्तै नाम सातकन्यामाईको शिवमन्दिर चट्टानमा भएको उल्लेख भइसकेको छ (ऐजन २०७८,५७) ।[७]

यसको जिपिएस २७ ं४३' २८" एन, ८५ ं१५' ३५" इ छ ।

अहिलेसम्मको प्राप्त जानकारी अनुसार पुरुषोत्तमलोचन श्रेष्ठले चट्टानमा उत्किर्ण मल्लकालीन अभिलेख पत्ता लगाई प्रकाशनमा आइसकेको छ । तर लिच्छविकालमा पनि चट्टानमा अभिलेख कुद्ने गरिन्थ्यो र पूर्व मध्यकाल बाह्रौ शताव्दीमा पनि त्यो परम्पराको अनुशरण भएको देखिन्छ । खोजी गर्दै जाँदा नयाँ नयाँ तथ्यहरू पत्ता लाग्ने नै छ । यो वर्ष ६७७ भन्दा बढी अभिलेखहरूको लगत राखिएको छ । ती मध्ये केही अभिलेखहरूको पूर्ण पाठ यसप्रकार छ ।

१ चोभारस्थित सुन्दरीघाटको अभिलेख

श्री ५ महाराज राजेन्द्र विक्रम साह श्री
स्वस्ती श्री शाके १७५८ सम्व
ते १८९३ साल मिति माघ सु
दि ५ रोज ६ मा सुन्दरीघाट षो
लसी दोभान देषि वल्षु दोभान मुनि षोल्सी स
म्म श्री सुवेदार गन्जे कार्कीले वनाया
को वाटो कसैले भत्कायो विगाऱ्यो भन्या
पंच महापातक लाग्ला शुभम ।

---

७ ऐजन , पृ..५७ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२ <u>कीर्तिपुर , हिटी चाफ ढुङ्गेधाराको शिवमन्दिरमा भएको अभिलेख</u>

श्री गणेशायनम ।। यस वाघ भैरव गाउँ पंचायत वडा नं १ हिती चाफ ढुङ्गेधाराको पच्छिमपट्टिको धर्मशाला भत्की विग्री रहेकोमा १९९८ सालमा कीर्तिपुर सागल खासी वजार वस्ने श्री तुइ सिं मानन्धर र समल ननिचा वस्ने श्रीकृष्ण महर्जन समेत जना दुईको संयुक्त प्रयास श्रम सहयोगवाट साविक कै जगमा नव निर्माण भएको सो धर्मशालामा पानी चुही विग्रीदै गत २०३४ सालमा सम्पूर्ण छाना भत्की विग्रीएकोले मर्मत गर्न पंचायत मार्फत जनसमुहमा सल्ला गर्दा साविकमा श्रम सहयोग द्वारा मर्मत संभार गरी आएको भन्ने बुझिएकोले उक्त धर्मशाला पछि भत्की विग्रेमा सामुहिक जनश्रम सहयोगबाट मर्मत संभार गर्ने भन्ने निर्णय भएकोले निम्न लेखिएका चन्दा दाताहरू संग चन्दा माग गरी आएको रकमबाट मालसामान इत्यादि खरिद तथा ज्याला खाजा समेत खर्च गरी यहां २०३६ साल कार्तिक २२ गतेका दिन ढलान सुसम्पन्न गरियो ।

सागल		तपसिल		गंगाराम	२००। -
श्री गोपाल अमात्यबाट पर्मा		रत्नबहादुर बल्खु	४००। -	मंगल	२००। -
नीलकण्ठ अमात्य	१००। -	ब्रहा खासी	१००। -	पूर्णबहादुर	१०१। -
जगतमान	१००। -	विर बहादुर कोछे	१५२। -	चैत्य	५१। -
माहिला बालुवाके	१००। -	कुमार नगाउँ	५०। -	विश्वनाथ	५१। -
राजभाई अमात्य	५०। -	सल्या थान	७५२। -	जनकलाल	५१। -
मचाभाई	५१। -	दामोदर खनाल	५०। -	पूर्ण	५०। -
धनबहादुर	५१। -	धन नाथ खनाल	५१।-	नाति	५०। -
रत्न	५५। -	कुतु झो		हेराकाजी	५०। -

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जोग नारान नापित	५१। -	लाल महर्जन	१००। -	थाम्बाहा	९०५। -
कृष्ण बहादुर	५१। -	जोगलाल	५०। -	विश्वलाल गोपाली	२०५। -
पुन्दास कुसले	५०। -	जनकलाल	५१। -	धनमान	१००। -
कान्छा कुसले	५०। -	मैना	५१। -	न्हुच्छेबहादुर	५१। -
कुतसा	७०९। -	समल	३५३। -	नारान	५०। -
न्हुच्छेराज	५०। -	साहिला	१००। -	कान्छा	५०। -

फुटकर चन्दा दिने ज्वान १२७ बाट रु. ७१४।५० जम्मा ३९३९।५०चन्द्रबहादुर ५१। -

३ <u>किलागलस्थित, हात्ति गणेशको सत्तल</u>

श्री

चन्द्र हात्ति सूर्य

१..........१९९० सालका भीषण भूकम्पले गर्दा ठाउ ठाउ चर्की भत्कने सम्भव भै रहे
२. कोमा पछि १९९१ सालैमा भत्की पाताल भै रहेको हुँदा यो किलागल टोलको श्री हात्ती
३.गणेश समेतको गुठीको सतल घर निम्न लेखिएका किलागल टोलका दक्त गुठी समेत
४. ना...श्री देवकृष्ण डंगोल र टोलको गुरु श्री गणेश महर्जन समेतका सरसल्लाहबाट स
५. गुठीको घर बनाउन निम्न लेखिएका गुठीयारहरू सबैका दामासाहीबाट र टोलका सद
६.स्यज्यू श्री चन्द्रानन्द नेवाबाट राखी दि...सको चन्दाको रुपिया समेत जम्मा गरी
७.ओभरसियर श्री मोहनकृष्ण डंगोलज्यूबाट गरी दिनु भएको नक्सा इष्टिमेट बमोजिम
८.नक्सा पास गरी घर तयार गरी सकेको हुदा सदस्यज्यू श्री चन्द्रानन्द नेवा र ओभर
९.सियर श्री मोहनकृष्ण डंगोज्यूहरूलाई समेत काम गरी दिनु भए वापत निम्न
१०.लेखिएका सबै गुठीयारहरूका तर्फबाट सहस्र धन्यवाद दिई आज यो शिलापत्र
११. यसै गुठी घरमा टाँसि दियौ । यो गुठी घरबाट उपर भएका आम्दानीबाट
१२. अघी खर्च भएको रुपियाँ सबै भर्ना गरी यो टोलमा सालवसाल चलाउनु पर्ने नास
१३. पूजा टोले भोज पूजा आजा गुठीगहना र गुठी घरको वर्षवन्दी पूजा चैत्र शुक्ल
१४.पूर्णिमा ल्हुतिपूर्णिका दिन सबै किसान दाजु भाइहरूले खानुपर्ने भोज खाई
१५. वाकी रहन आएको रुपियाँ बैंक जम्मा गरी पछि भैपरी आएमा झिकी खर्च समेत
१६. गर्ने गरी गुठी घरको पुनर्निर्माण गरी कीर्ति स्थापना गर्‍यौं । यसमा कसैले लोभ
१७. लालच गर्नु हुदैन गरेमा पञ्चमहापाप लाग्नेछ, यस्मा चन्दा रु ६१० मात्र ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छत्रि पट्टी	व्य.नारा - १	चियमकृष्ण - १	ला.तरी माई - १	त. भाई - १
सतेकाद्द। - १	तेजमान - १	सर्ज - १	पञ्च - १	शंकर - १
मोतीरत्न - १	दस नारा - १	रामकृष्ण - १	दस १	सानुभाई १
अस नारान १	महाज्यो १	मचाम्ह १	सेन्वा १	वरे भाई - १
आसा - १	लेखा नारा १	मोतिकाजी १	चि.हेरार्भा १	अष्टनारा १
ग्वारागुरु १	त.लक्ष्मीनारा १	खनवासुरापट्टी १	मचाकाजी १	साषु पट्टि १
नारान - १	मचाम्ह - १	जित नारां १	चि.देव - १	कुलनारा १
बखत - १	जितनाराभाई १	ङतपाचोपट्टि १	हकचारा - १	हरिनारां १
स्योर - १	त.नारां १	थ.कृष्णबहादुर १	वि.भाई - १ -	अष्टमान १
नाती - १	चि.नारां - १	कान्छा भाई - १	धन - १	कान्छा भाई १
चि.कान्छा १	चि लक्ष्मीनारां १	साहिला - १	हारां - १ -	काकभाई १
नर रतन १	त. वावुकाजी १	कालु भाई १	त. वरे - १	पूर्ण गोपाल १
राम १	आसा १	बेखा नारां - १	मोतसि १	दसनारां - १
रामभगत १	भोत्या काछां १	नाती - १	मोति - १	चि.रामकृष्ण १
विज्यापुपट्टी	चि.बाबुकाजी १	भाई - १	त.सानुभाई १	रामगोपाल १
त.हेरामान १	कृष्ण १	सचीम्ह - १	चि.वरे - १	ध्रुव - १
पञ्च - १	जनकलाल - १	भुयु - १	चि.आसानारां१	रामबहादुर १
अजासि - १	भस्य - १	चि.आसानारा १	आसा खल १	त.रामकृष्ण १
महरखल १	काल - १	बद्रि - १	चि.देवनारा -१	पुन्नारां १
हुंछे - १	चोर्था नारां १	किलकीपट्टी	ङकु - १	देवनारां १
राम - १	काईचां १	अष्टमान - १	मैना - १	मोहनलाल १
दवल - १	मङ्गलदास १	त.नारां - १	कान्छा - १	मचाकाजी १
कालु - १	मामुननिपट्टी	जोगमान - १	चि.धन १	माहीला - १
सुकु - १	चि.वुरुमा १	आसानारां १	मकु - १	कान्छा - १
तसङ्खनारां १	अष्टमा - १	आसामदु १	सानुभाई	साहीला १
देवनारा १	गणेशपट्टी	चि. लदिघनारां १	कृष्णमान १	
सङ्खनारां १	हेरामा १	मपुवा - १	तिर्थ १	हर्षबहादुर १
रामकृष्ण १	देवकृष्ण(नाइके)१	ज्यो भाई १	से.... १	हेरामान - १
त.नारां १	पञ्चनारान - १	राम - १	ययाईलपट्टी	लक्ष्मी... १
....	सुर्जमान - १	नान - १	न.भाई १...... १	

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४ **रत्नपार्क विजुली महशुल घरको पश्चिम तर्फ भएको अभिलेख**

स्वस्ति श्री गिरीराज चक्र चुडामणि नर

नारायेणात्यादि विविध विरदावली वि

राज मान मानोन्नत श्री मन्महाराजाधि

राज श्री श्री श्री महाराज पृथ्वी वीर विक्र

म साहदेव जङ्ग बाहादुर साह वाहा

दुर सम्सेर जङ्ग देवाना सदा समर

विजयिनामका पालामा स्वस्ति श्री मद्धति

प्रचण्ड भुजङ र डित्यादि श्री श्री श्री महारा

ज मेजर जनरल सर चन्द्र सम्सेर जङ्ग व

हादुर राणाजी सि.वि.जि.सि.येस आइ आं

इ, डि. सि. येल आनरेरी कर्णेल फो थंगो

षीज थोङ लिङ पिम्मा को काङ वाङ स्यान

प्राइम मिनिष्टर याण्ड मार्सेलबाट इं

लेकट्रीकल इञ्जिनियर बनाइ पाटै

ला शिल लाई लगाइ यो चन्द्र वत्ती विक्रम स

म्वत १९६८ सालमा प्रकाश भयो ।

५ **टेखा गणेश मन्दिर अगाडि भित्तामा**

श्री मङ्गलमूर्तयेनमः ।। टेखा सहरमा सफा पानी नभई कुलो र इनार

को पानी खान परी त्यहाँका वासिन्दालाई र त्यसै गाउँको वाटे गरी आउने जा

ने प्रजा प्राणीलाई स्मेत वेसूविस्ता भएको कूरा ओजस्वीराजन्यप्रोज्वल नेपाल

तारा अति प्रवल गोरखा दक्षिणबाहु पृथुलाधीश श्री श्री श्री महाराज जुद्ध स

म्सेर जङ्ग वहादुर राणा प्रायम्मिनिष्टर एण्ड सुप्रीम कम्माण्डर इन

चीफका धर्म पत्नी हाम्री श्री श्री श्री वडामहारानी पदम (पद्‌म) कुमारी देवीका हजुर्मा जा

हेर भएकोले हामीवाट सो सहरमा कलधारा कुला रंगराइ प्रतिष्ठा स्मेत गरी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भूमो भूमो भाविनो भूमिवाला तवान त्वायावतेरामत्त्चन्द्र ।।
समुच्चय धर्मधर्मतरंशाकाले कालेषालती यो भवद्धिः ।।
भन्ने यो पुरानो श्लोकलाई दोहोऱ्याउदै पछी हुने सन्ततीहरूसम्म प्रार्थना गरी
मौन गराएका कलधाराहरूले सवैको सुखशान्ति मिलोस् भन्ने पवित्र का
मनाले आजको शुभ दिनमा कलधारा खोली सवमा उपयोगका निमि
त्त उत्सव गरि बक्सेको छ । इति सम्वत १९९४ साल वैशााख २७ गते रोज १ शुभम ।

६ चोभार ढिकुरे पाटीको निर्माण र धाराको जीर्णोद्धार वारेको शिलालेख

श्री आदिनाथ

श्री जलविनायक गणेश

श्री ५ सर्कार

श्री ३ सर्कार

– श्री गणेशायनम ।। स्वस्ती श्री सर्वोपमायोग्यत्मादि सकल ग्र
– ण लकृत गोरक्षा देशै कपर्तते कृमष्ष्ट भूमौ चोभारग्राम निवासी
– श्री परासर गोत्रमा उत्पन्न भयाका श्री तिलकराम कार्की क्षेत्री नि
– ज का पुत्र कासीराम निजका पुत्र सुवेदार गजसिंह निजका पुत्र जेठा विराज माहिला रिपमर्दन कान्छा महासुर .- मधौ रिप मर्दनका छोरा
– कपतां कर्णवीरले फटेन भोजराज महासुरका छोरा सुवेदार ह
– स्त दल कुंभदल कृघ्न धोज चक्र बहादुर .-लोक बहादुर. -विराज
– का छोरा सुवेदार सवल सिं - नोरहसि पहलमान भिम्सीं कार्की क्षेत्री - ज्मा
– १० भाई मिलि आफ्ना आफ्ना वलले कप्नु का षान्गीमा दरियाका जग्गा
– लाई सटा विर्ता किनी कौसिमा दाषिल गरेर -विर्तालाई जगालाई
– कौसीवाट मोल भर्ना गराई - धर्म सालमा लेषिया वमोजिंम
– २१ पुस्ता पुर्षाको स्वर्गवास कैल्है नछुटोस - दुनियालाई सुवि
– स्ता हवस भन्ना निमित्त वल्खु नदिका पारी किनारा देखि विष्णु
– मतिका तिरसम्म ६ हातको गज भयाको वाटो कोरा पत्थ
– रले छापेका छौ हामी १० भाइहरूले व्राम्हण लगाये क्षुद्रा हित क
– र हात जोरी विन्ती गऱ्याका छौ कृति रिस राग नराखी भवि
– ष्यमा विग्र्यो जसले धर्म कीर्ति जानी वनाउन तिं को अ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

- क्षय स्वर्गवास पाउनन् - जसले विगार्नामा तत्पर हुनन्
- तिं को नरक वास छुटनामा छैन् सो जानी जीर्णोद्धार गर्ना ला
- ई सवैलाई उचीत छ ।। ।। शुभव............
- स्वकीर्ति परकीर्ति वायदि मग करोतिय ।। सपापि नरकं
- या तियाव चन्द्रदिवाकरो : इति सम्वत १९४७ साल आश्विव
- न कृष्ण दशमी रोज ४ शुभम : ।।

श्री

- श्री गणेशायनम चोभार कार्कि गाउ वस्ने सुवेदार गजेसिं कार्किका परिवार
- वाट यस ढिकुरे पाटीको निर्माण र धाराको जीर्णोद्धार गरियो यी पाटी
- धारालाई धर्म कार्यको लागि उपयोग गर्न र भत्की विग्री नासियमा
- जसले पनि जीर्णोद्धार गर्न सकने छन् इति सम्वत २०३१ साल भाद्र १ गते रोज ७ शुभम ।

कर्मि आनन्द ।

७ इचगुंनारायण मन्दिरको ताम्रपत्र

- शहर काठमाडौं दमाई टोल बस्न्या ७१ वर्षकी बीर्चि दम्यानिले इचगुं १ का स्थानमा मेरा लोग्न्या नाइके का
- ले दमाईले चढ्ढाइ गयाका तपसिल बमोजिमका गहनाहरूको स्याहार सम्भार गर्नाके र फकिरहरूलाई भोजन
- गराउना के गुठी जगेरा केही नहुनाले शहर काठमाडौं वटुटोल बस्न्या जुजुमनि बाँडा संग हाल मोहरू ४८१ ले मै
- ले अलि फाछर्या गरी लियाको मेरो किनुवा विर्ता लुमढिको रोपनी २ लुढचा रोपनी ।। ज्मा खेत रोपनी २।। इचगुं - १
- प्रिती गरी मैले गुठी राषे सो खेतका उठतिले वर्ष प्रति तिमी गुठीयार र तिम्रा सन्तान दर सन्तानले दशहराका दिन तप
- सिल बमोजिमको इचगुं १ का पुजा गरी फकिर फकेदाहरूलाई भोजन गराई शेष रह्याको खानु सो
- १ लाई चढायाका तपसिल बमोजिमका गहना नास्या बिग्र्यामा सो गुठीका शेषले बनाई जगेर्ना गराऊ
- न दरिया बमोजिम गुठी नचलाई र गहनाहरूको जगेर्ना नगराई लोभानि पापानि गरी षाना पछि लाग्या
- भन्या र यसमा मेरा हकवाला स्मेत कसैले खिचौला गर्न पछि लाग्या भन्या- १ को कुडिष्टी होला भनी
- दान दातव्य गरी जसको दानपत्र लेखी गुठी बाँधी शहर काठमाडौं मदुहिटी बस्न्या रत्नमुनी तमोटलाई दिज्या

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

- यस वातको साक्षी श्री सुरेन्द्र राज खनाल काठमाडौं दमाइ टोल बस्न्या देवर लाटो दमाई १ ठबहेल बस्न्या धन दमा
- ई जसिंङ्ग नगार्चि १ बुद्धिमान दमाई १ लेखक साक्षी काठमाडौं गणेशस्थान बस्न्या चन्द्रमानन्द्रा लछे प्रधान ॥

स्वदति परदति बायो हरति बैबसुन्धराम ॥ षष्टी बर्ष सहस्राणि बिष्टया जायते क्रिमी ॥ १ ॥

तपसिल

बर्बयुक्ति दशहराका दिन -१ -का पुजा सकेर फकिर फकेदाहरू खुवाउनके खर्च जम्मा मोहरू -१६ । १

-१ - का पूजाको सराजाम र पूजाहारीके दक्षिणा स्मेत के रु -।।। फकिर फकेदालाई भोजन गराउनके - १५। ॥

घ्यु के	- ५।	राके	- १ ॥
पातके	- ।	सकरके	- १
दहीके	- २	दक्षिणाके	- ।।।
पिठोके	- २ ॥ ॥	अचारके	- १
ल्वाङ सुपारीके	- २	दाउराके	- १

- १ - लाई सालसालमा चढायाका माल - ५

- २५ साल जेष्ठ सुदी १० रोज १ मा चढायाको सुनको मोलुवा लागेको पद्मासन र नागफणि छ -त्र समेतको १
- ३० साल कार्तिक सुदी ११ रोजमा चढायाको सुनको मोलम्बा गलहरी गरुड समेतको १
- ३५ साल कार्तिक सुदी ११ रोजमा चढायाको सुन तोला ७ ॥ चाँदी तोला ७ । ८ नैरत्न तथुप जम्मा
- १४ जडेको कलन कठी समेतको मुकुट १
- ३६ साल कार्तिक सुदी ११ रोजमा चढायाको २
- चाँदी तोला २५ । १० । १ को कमण्डुलु १
- ऐ को सिक्रीमा तुलसीपत्र ९ भयाको माला १
- इति सम्वत १९३८ साल मिति फागुन बदी ३० रोज २ शुभम्

८ <u>नागार्जुन डाँडा स्थित ऐन डाँडाको शिलापत्र</u>

श्री ५ महाराजधिराज सुरेन्द्र विक्रम शाहका हुकुम उर्दी

यो बन भित्रका कस्तुरी मार्न्यालाई मोहरू रुपियाँ २०० जरिवाना गर्नु १

मृग घोरल मार्न्यालाई ५० रुपियाँ जरिवाना गर्नु २

चित्तल बराठ मार्न्यालाई १०० रुपियाँ जरिवाना गर्नु ३

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लगुवा मार्न्यालाई ६० रुपियाँ जरिवाना गर्नु ४

थार मार्न्यालाई १५० रुपियाँ जरिवाना गर्नु ५

जरायो मार्न्यालाई २५० रुपियाँ जरिवाना गर्नु ६

दुमसी मार्न्यालाई २० रुपियाँ जरिवाना गर्नु ७

चौगडा मार्न्यालाई १० रुपियाँ जरिवाना गर्नु ८

तित्रा प्यूरा वट्टै ढुकुर मार्न्यालाई ५ रुपियाँ जरिवाना गर्नु ९

इनको फुल चोर्न्या फुल फोर्न्यालाई २ ।। रुपियाँ जरिवाना गर्नु १०

डाँफे मोहनाल फकरास चिल कालिज चाखुरा लुइचे मार्न्यालाई १५ रुपियाँ जरिवाना गर्नु ११

ऐजनका फुल चोर्न्या फुल फोर्न्यालाई ७ ।। रुपियाँ जरिवाना गर्नु १२

हलेसो बजेवा सुघा परेवा भ्याकुरा मार्न्यालाई ५ रुपियाँ जरिवाना गर्नु १३

ऐजनका फुल चोर्न्या फुल फोर्न्यालाई २ ।। रुपियाँ जरिवाना गर्नु १४

मुजूर मार्न्यालाई १२ रुपियाँ जरिवाना गर्नु १५

इनको फुल चोर्न्या फुल फोर्न्यालाई ६ रुपियाँ जरिवाना गर्नु १६

अरु साना साना चराचुरुंगि मार्न्यालाई २।। जरिवाना गर्नु १७

ऐजनका फुल चोर्न्या फुल फोर्न्यालाई १। रुपियाँ जरिवाना गर्नु १८

यो बनका बृक्षाका फूल सागपात टिपन्यालाई २ ।। जरिवाना गर्नु १९

फुल टिपन्यालाई ५ रुपियाँ जरिवाना गर्नु २०

सुक्याका झिजामिजा चोर्न्यालाई ५ रुपियाँ जरिवाना गर्नु २१

स्याउला चोर्न्यालाई ७ रुपियाँ जरिवाना गर्नु २२

भैघाँस काटन्यालाई भारीको २।। रुपियाँ जरिवाना गर्नु २३

केराको थाम बाँस काटन्यालाई बाँस १ को ४ रुपियाँ जरिवाना गर्नु २४

खुकुरीको बिडँ जत्रा रुख काटन्यालाई रुख १ को २ रुपियाँ जरिवाना गर्नु २५

नारी पाखुरा जत्रा रुख काटन्यालाई रुख १ को ३ रुपियाँ जरिवाना गर्नु २६

पिडौला साप्रा जत्रा मोटा रुख काटन्यालाई रुख १ को ६ रुपियाँ जरिवाना गर्नु २७

कम्मर जत्रा मोटा रुख काटन्यालाई रुख १ को १२ रुपियाँ का दरले जरिवाना गर्नु २८

कम्मर देखि माथि ठूला रुख काटन्यालाई ६० रुपियाँ का दरले जरिवाना गर्नु २९

मालिङ्गो खपतर काटन्यालाई १ बोटको ।। रुपियाँ जरिवाना गर्नु ३०

निगाल झाक्रे घुडे तिते सिगाने निगाला काटन्यालाई १ बोटको ।। का दरले जरिवाना गर्नु ३१

चिडे काब्रो कोइरालो निगुरो ठोटन्या पदम चाल्नु काटन्यालाई १ फूल १
बोटको २५ पैसाका दरले जरिवाना गर्नु ३२

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

काफल ऐंसालु चुत्रो जामनु क्यामनु फलिडे उमछडनु सो चोरन्यालाई १
मानाको ।। का दरले जरिवाना गर्नु ३३
पर्खालका किनारामा लायका काढाका बोट चिउडीका बोट काटन्यालाई
बोट १ को मो रु ।। का दरले जरिवाना गर्नु ३४
पर्खाल भत्काउन्यालाई १ हात लमाई १ हात गजको २० रुपियाँ जरिवाना गर्नु ३५
यो भन्दा बढ्ता भत्काउन्यालाई त्यही हिसाबले जरिवाना गर्नु ३६

यहाँ भित्र छोडेका चरा पर्खाल भित्र मारुं तापनि पर्खाल बाहिर मारुं तापनि जरिवाना यही हो ।

चोर्दा भन्या चोराको रहेनछ मान्छे मात्र पर्खाल भित्र पस्याको रहेछ भन्या त्यस्ता मानिसलाई ५ रुपियाँ जरिवाना गर्नु ।

दण्डका रुपियाँ तिर्न सकेन भन्या महिनाको ५ रुपियाँ दरले कैद गरी सतक खनाउनु ।

यो बेराम स्वास्नी मानिसले गराएको रहेछ भन्या उसको पोई उसको नछुटियाको छोरा (बाट) जरिवाना गर्नु ।जरिवाना तिर्न सकेन भन्या कैद गरी सतक खनाउनु ।बेराम गर्ने स्वास्नी मानिसको पोई पनि छैन छोरा पनि छैन भन्या नेल ठोकी बारुदखानामा बारुद पिस्न पठाईदिनु ।

यो बेराम जागीरया मानिसले गर्याको रहेछ भन्या तानबाना बुझी किताबमा नाम कटाईदिनु जरिवाना पर्दैन यो हुकुमको उर्दी उमरावदेखि रैतानतकलाई यही हुकुम हो। यो हुकुम जसले लघंन गर्ला शिलापत्रमा लेखिया बमोजिम जरिवाना हुनेछ तानाबाना बुझिन्याछ । सो हुकुममा तत्पर भई यो बनमा पाइला कसैले नहाल्नु ।

यो बन भित्र छोडेका जनावरहरूमा पर्खाल बाहिर निस्केका जसले मार्ला जखम गराउला माथि लेखियाका जरिवानाका ३ खण्डका २ खण्ड जरिवाना गर्नु। यस बनमा सोलाइजन थाप्याकोछ जिएको माया हुन्याले यो बनमा नपस्नु ।

यो बन भित्र छोडेका चारखुट्टे जनावर पर्खाल बाहिर निस्क्यो भन्या फलानो जनावर फलानो ठाउँमा निस्क्याको छ भनी जसले जाहेर गर्न आउला देखाउला त्यो मानिसलाई मोरु ।। देखि माथि जनावर हेरी इनाम पाउन्याछ ।

इति सम्वत १९२६ साल मिति बैशाख सुदी ८रोज ४ शुभम्

९ कीर्तिपुर वाघभैरव मन्दिर जाने पाटी संगैको धाराको शिलापत्र

स्वस्ति श्री सम्वत १९६५ साके सम्वत १८३० नेपाली १०२८ साल निपल देसे श्री
श्री श्री ५महाराजाधिराज प्रिथीवीर विक्रम साहदेवसे राज्य विरज्ये श्री ३ माहा
ज चन्द्रस्मसेर जंग राणा बहादुरका उदयमा अधत्यादि कितिपुर सागलटेल बस्ने
दिवंगत धिर्जविर श्रेश्त दिवंगत निजका भार्ज्या भीख्वा थकुंहरूका पुत्र सजि
व जीतवीर भार्ज्या मेथकुंहरू लोग्ने स्वास्नी २ जनाको शुभफल मन इक्ष्या गरि
झोछे मार्ग धर्मकीर्ति रहुन भन्ने भयाको हुनाले काठमाडौ चसदो टोल
बस्ने सिलाकार काजीमानसंग मछेगाउँको कालो कुवा धुंगाले वातो छा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पि सिध्याई २४ अंगुल हात १ को ४ पोतके दर मोरु ।। ले ठेका वन्दे व स्त गरी कीर्तिपुर पुसुसी लाछीमा देउ पोषरीको पछिमको कुनादेषि उत्तर सुरविर ज्यापुले धुंगाले छापेको वातोको जानीस्म अघि इटले छापे को ईमका इलामाई हात १५० गज हात ४ गरी सो कालो कुतुवा धुंगा ले छापी सिध्याई आश्रुन वदि १४ आश्रन गत ९ रोज ब्रेस्पतिवार पव फागुर नछेव शुभ योग सिध वरास पति तिथि चार नक्षेत्र योगमा से वातो प्रान पचिस्ता सुध शान्ति गरी सिलापत्र थापना भयो ।। शुम्भ ।।

१० सोह्रखुट्टेस्थित सिद्धि गणेश मन्दिरभित्रको शिलापत्र

१ मिति सम्वत १९७५ साल मीति माघ २२ गते रोज ३
२ लिषितम तपसिलका ठाउँ ठाउँ वस्ने हामी तपसिलका मानिसहरू आग्ये ति
३ मि भुति दमेनिको लोगने जसवीर दमैले पकनाजोल् श्री गणेशथान दे
४ षि गलपाञाका श्री नातेश्वरथान सम इटले छापी वाटो वनाई रा
५ षेमा मेरा लोगने जसवीर दमै परलोक भै सन्तान नभयाकोले प
६ छि भतकनकि विग्री गयो भने आफ्ना धर्म जाने हुनाले भतकि विग्रेका
७ वनाउन लागि तिमि तपसिलका मानिस् जिम्म मोहरू ४० चालि
८ स रुपैया तस जगेरा राषङ सो मोहरू ४० को सालवसालको व्याज मध्ये
९. बाटो भतनक वीग्रेको सजि बनाउन सावा र व्याज स्मेत ली भन्या यस
१० दिनु षानु भनि तीमी भुतिले भनेको हुनाले सो मोह रु ४० आजका
११ मितिमा हामि तपसिलका मानिसले वुभी ली म सानुचा जिम(१)रा
१२ षे सो वाटो भतनक विग्रेमा सो मोहरू ४० साँवा जगेरा राषि तपसिल्को सा
१३ ल वसालको व्याजले इत किन्नु परे इटले भत्की सजि बनाउनु छ
१४ तेसै राषनु छैनौ लेंषिया वमोजिम् बनाउनु रुपैआ हीनामीना गरेस
१५ सानुचाले भोग चल गरी आयाको रै रकं तेस्को नमार ।। ४ ।। गउ पा
१६ थि ५ घिउ षानि मोह रु ६२।२ लागेको षेत माटो मुरी । २० मध्ये माटो
१७ मुरी । १० को तलसिं ति मोही पजनी गरि तेस्को उवजनी वाटै वना
१८ उनु सो वमोजिम गरि धर्म हित लोभ पाप गऱ्यो भन्या पंच महापा
१९ तक हामी लाई लागोस् भनि यो कागत सुवा वलवाहादुर कोठवहाल
२० घरमा वाहीर दुवा मा वसि कुवुलायत्नामा लेषी दीज्यू साछी
२१ (१) के (१ २) लेषीया का सुदुस्त सानुचाज्यापुले चलाउन दी वावु (१ २)
२२ ....षे ...वल तस द........रु य ....

□□

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चोभारस्थित सुन्दरीघाटको अभिलेख



कीर्तिपुर, हिटी चाफ ढुङ्गेधाराको शिवमन्दिरमा भएको अभिलेख



किलागलस्थित, हात्ति गणेशको सत्तल



रत्नपार्क विजुली महशुल घरको पश्चिम तर्फ भएको अभिलेख

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



टोखा गणेश मन्दिर अगाडि भित्तामा



चोभार ढिकुरे पाटी निर्माण र धारा जीर्णोद्धार वारेको शिलालेख



इचगुंनारायण मन्दिरको ताम्रपत्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



नागार्जुन डाँडा स्थित ऐन डाँडाको शिलापत्र



कीर्तिपुर वाघभैरव मन्दिर जाने पाटी संगैको धाराको शिलापत्र



सोह्रखुट्टेस्थित सिद्धि गणेश मन्दिरभित्रको शिलापत्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रानीपोखरीको सत्यतथ्य आधार

-श्यामसुन्दर राजवंशी*

२०७२ साल वैशाख १२ को भूकम्पले क्षतविक्षत पारेको काठमाडौं शहरको मध्यभागमा अवस्थित रानीपोखरीको पुननिर्माण सम्पन्न भई मिति २०७७ साल कार्तिक ५ गते बुधवारका दिनमा उद्घाटन समेत भइ सकेको सर्वविदितै छ। यस रानीपोखरीको पुननिर्माणको क्रममा यस पोखरीको इतिहास के छ भनी खोजीनिति हुँदै गर्दा अनेक खालका चर्चा परिचर्चाहरू छापाहरूमा छरपष्ट भइरहेको देखिन्छ। नवोदित लेखकहरूले भ्रामक सूचनाहरू टिपेर लेखिनुमा कुनै आश्चर्य मान्नु परोइन किन कि उनीहरूले नाम चलेका लेखकहरूले छरिदिएका भ्रामक सूचनालाई नै आधारमानी त्यही टिपीरहेका हुन्छन्। अतः आश्चर्यको विषय यो हो कि ती नाम चलेका लेखकहरूले नै अभिलेखहरूमा उल्लेखित आधारलाई भन्दा बाहिर बिच्कीएर मनगढन्ते कुरामा अतिशयोक्ति पूर्ण सूचनाहरू पस्केर छताछुल्ल पारीरहेको पनि देख्न पाइन्छ।

अतः यसमा कुनै अन्यौलमा पर्नु पनि जरुरी छैन किनकि सुन पसलमा बेच्न ल्याएका सवै पहेंलो धातु सुन हुँदैनन् भन्दै कसिमा घोटेर हेरेर मात्र सुन हो होइन भने भैं सत्यतथ्य भन्ने कुरा पनि इतिहासको कसिमा घोटेर हेरे पछि मात्र थाहा हुने कुरा हो। तसर्थ रानीपोखरीको सत्यतथ्य जान्नका लागि ती लेखकहरूले पस्केका मनगढन्ते सूचनातिर भन्दा अद्यापि त्यही स्थानमा रहेका वस्तु एवं अभिलेखहरू तिर नियाल्नु जरुरी भएकोले ती अभिलेखहरूको पाठ र अनुवादहरू यस लेखमा राख्न चाहन्छु।

शिलालेखहरूको परिचय

रानीपोखरी बनाइसकेपछि राजा प्रतापमल्लले पोखरीको चार सुर याने चार कुनामा एउटै व्यहोरा र एउटै तिथिमिति उल्लेख गरी शिलालेखहरू राख्न लगाए। यसरी व्यहोरा मिति एउटै भए पनि शिलालेखको आकार प्रकार, त्यसमा अंकित शीर्ष चिन्हको चित्र, पाठको पंक्ति, लेख तयार गर्ने पंडितको नाम शिलालेखमा फरक फरक किसिमले अंकित छन्। उत्तरपश्चिम कोणमा रहेको शिलालेखमा पंडितको नाम श्री कृष्ण देव मिश्र उल्लेख गरिएको छ भने उत्तरपूर्व कोण र दक्षिणपश्चिम कोणमा रहेको शिलालेखमा पंडितको नाम श्री वशिष्ठ शर्मा उल्लेख गरिएको छ। दक्षिणपूर्व कोणको शिलालेख हराइरहेको हुनाले त्यसमा कति पंक्ति थियो होला, शीर्ष चिन्ह के थियो होला र पंडितको नाम के उल्लेख थियो होला झ्वाट्टै भन्न सकिन्न। तर उत्तरपूर्व कोण र दक्षिणपश्चिम कोणमा रहको शिलालेखमा पं. वशिष्ठ शर्मा को नाम उल्लेख भइरहेकोले दक्षिण पूर्व कोणको र उत्तरपश्चिम कोणको अभिलेखमा एउटै पं कृष्ण देव मिश्र थियो होला भन्न सकिन्छ।

---

*लिपिविद्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उत्तरपश्चिम कोणको अभिलेखमा पं कृष्ण देव मिश्र को नाम विद्यमान छँदै छ ।

उत्तरपश्चिम कोण

उत्तरपश्चिम कोण भन्नाले हाल राष्ट्रिय नाचघरको बाहिर पर्खालमा रहेको रानीपोखरीको शिलालेख हो । यसमा जम्मा ४१ पंक्ति छन् भने यसको शीर्ष चिन्हमा दायाँ बायाँ सिंह बीचमा खड्ग चिन्ह छ । यस अभिलेखमा ३६ औं पक्तिसम्म देवनागरी लिपि र संस्कृत तथा खस भाषा छन् । त्यस उप्रान्त ३७ औं पंक्ति देखि ४१ सम्म प्रचलित नेपाल लिपि र भाषा नेपाल भाषा नेवारी छन् । रानीपोखरीका चार सुरका चार अभिलेख मध्ये उत्तरपश्चिम कोणको अभिलेख सर्वप्रथम विसं १९९७ सालमा मृगेन्द्र शमशेर जवराको भानुभक्त स्मारक ग्रन्थमा प्रकाशित भएको थियो । इसं १९६६ मा डि.आर रेग्मी ले प्रकाशित गरेको मेडियभल नेपाल भाग ४ मा रानीपोखरीको उत्तर पश्चिमको यही अभिलेख भनी दिइयो । यसमा पंडितको नाम कृष्ण देव मिश्र हुनु पर्ने मा वशिष्ठ शर्माको नाम गलतसँग छापिएको छ ।

यही अभिलेख इतिहास संशोधनको प्रमाण प्रमेयमा पनि छापिए र पूर्णिमा अंक ५६ मा रामजी तेवारीले पनि छपाए । तर अभिलेखको पंक्ति संख्या नखुलाएको हुँदा रानीपोखरीको चार सुर मध्ये कुन चाँहि हो भनी ठम्याउन कठिन हुने गरेको छ । यसमा पंडित कृष्णदेव मिश्रको नाम उल्लेख भएकोलाई आधारमान्दा उत्तरपश्चिम कोण कै यो अभिलेख हुन् भनी यकीन गर्न सहज भएको हो ।

शिलालेखको मूलपाठ

१. ॐ नमः श्री श्री कालिकायै ।। शस्त्रशास्त्र संगीतादि सकल विद्यापारग महाराजाधिराज नेपालेश्वर विदग्ध चूडाम

२. णि सकलराज चक्राधीश्वर श्री श्री राज राजेन्द्र कवीन्द्र जय प्रतापमल्ल देवेन, श्री श्री श्री परमेश्व

३. र परमेश्वरी ब्रम्हभूमि नेमंकृतं ।। अतःपरं भाखा ।। श्रीश्री जयप्रतापमल्लदेवेन, आफुले शा

४. स्त्र हेरिकन, असंख्यास पुन्य देखिकन निकासिकन, गंगाआदि नाना तीर्थको जल

५. लेइकन महाराजाधीराज नेपालेश्वर राजराजेन्द्र श्री श्री जय चक्रवर्त्तेन्द्रमल्लदेवको ना

६. मले बनायाको पोषरि माहा राष्याको छ ।। श्री वारानशिको गंगाजल ।। श्री वैद्यनाथ

७. को गंगाजल ।। श्रीवाग्मतिको जलभारि १०६४१ ।।श्रीशंषमुलको जल ।। श्रीपनति तिर्थको सं

८. गमको जल ।। श्रीगंडकिको जल ।। श्रीकौशिकिको जल ।। श्रीसुन्दरिनदिको जल वहाइकन

९. पोषरि भर्‍या ।। श्रीनीलिकंठको जल भारि ६३ ।। श्रीविष्णुमतिको जल ।। श्रीविश्वनाभको जल वहा

१०. इकन, आफुले संकल्पगरिकन पानि राष्यो ।। श्री तेचापको जल ।। श्रीवागेश्वरको जल ।।

११. श्रीमनमतिको जल ।।श्रीसंखदहको जल ।। श्री कागेश्वरको जल ।। श्रीवाग्मतिनाभको ज

१२. ल ।। श्रीसपन तिर्थको जल ।। श्रीकोमतिको जल श्रीडाम्हुटुको जल । श्रीवालानिलकंठको

१३. जल ।। श्रीत्याडाको जल ।। श्रीमशिलको जल ।। श्रीथपपिको जल ।। श्रीसप्तकौशिकिको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१४. जल ।। श्रीतौदहको जल ।। श्रीकटुवालको जल ।। श्रीमातातिर्थको जल ।। श्रीइन्द्रदहकोज
१५. ल ।। श्रीगोकर्णको जल ।। श्रीज्ञानवापिको जल।। श्रीपशुकुण्डको जल ।। श्रीसीताकु
१६. ण्डको जल ।। श्रीटेषुदोभानको जल ।। श्रीहनुमन्तघाटको जल ।। श्री गोलहिटि दहको
१७. जल ।। श्रीज्वालामुषिको जल ।। श्रीमुक्तिक्षेत्रको जल ।। श्रीकालिगण्डकिको जल।। श्रीश्वेत
१८. गण्डकिको जल ।। श्रीसरजुगंगाको जल ।। श्रीमालिकाको जल ।। श्रीपातालगंगाको ज
१९. ल ।। श्रीप्यांग (प्रयाग) गंगा जमुना सरस्वति त्रिवेनीको जल ।। श्रीकमलेश्वरीको जल ।।
२०. श्रीसप्तगण्डकिको जल ।। श्रीवाराहक्षेत्रको जल ।। श्रीगंगासागरको जल ।। श्रीसमुद्रको
२१. जल ।। श्रीअनन्तलिंगको जल ।। श्रीशिपाडोलको जल ।। एति तिर्थको जल एक एक तिर्थको
२२. अनेक अनेक फल, एति तिर्थ सवै यो पोषरिमाहा छ , यो पोषरिमाहा स्नान गरिकन, दे
२३. व तर्प्पन, पितरतर्प्पण संध्या आदि समस्त कर्म्म, जसले गर्‍यो एति तीर्थ माहास्नान गर्‍या
२४. को कर्म्म गर्‍याको पुन्यफल पावनु छ, तेतन ढोषा बाहिर पनलि माथिको देवलले स
२५. दावर्त्ति गुठिको षेत, जमल, द्वाकचलको दक्षिण, टुसागाल, देवल श्री उपाध्याको
२६. पनालि, वालमसान पश्चिम उमदेको देवलकुला देषि मासव खेलको उत्तर
२७. असन पनालि चौरको माथिको देवल श्रीकान्तिपुर नगरको पूर्व्व ।। एति भूमि मध्य माहा ध
२८. र्न्नुरोजो हान्मारु गर्नु आत्महत्या आदि कसैले केहि पाप यो पोषरि माहा गर्न्ना ना
२९. हि, कसैले गर्‍या हुदा, कोटि अगम्यागमन, कोटि अभक्ष्याभक्षाण, कोटि ब्र
३०. म्हहथ्या, कोटि गोहथ्या, कोटि गुरुहथ्या, कोटि वालहथ्या, कोटि स्त्रिहथ्या,
३१. कोटि शिवलिंग ध्वंसन, गरयाको पाप, एतितिर्थमाहा पाप गर्‍याको ए
३२. तितिर्थमाहा वस्याको श्रीश्रीश्री परमेश्वर परमेश्वरी नास्याको पाप तस्का सिर
३३. कदाचित् हट गरि वस्या हुदा रह्या हुदा घिस्याइ अफाल्या वाध्या टिल्या प्राश्चि
३४. त्त नाहि, दृष्टसाक्षि श्रीआदित्य श्रीचन्द्रमा, अग्नि, पृथ्वि, जल, आकास, वायु, आत्मा
३५. यम, दिन, रात्रि, संध्या, धर्म्म, श्रीव्राम्हण पांच, प्रधान पांच ।। खसमग
३६. र पांच ।। ।। श्रीशाके १५९२ कार्तिक शुदि पूर्णिमा ।। थ्व साहासन सुना
३७. नं, सेनकरसा, यिचिर थिचिर यातसा गुप्त यातसा । आखर छग्वर त
३८. नसां सुतसां थे ल्हास्यंतक्व हथ्या पाप राक जुरो ।। सूनानं थ्व साहासन निदा
३९. न याङान भिनकरसा थे धाको पुन्य राक जुरो ।। संम्वत् ७९० आश्विनमा
४०. से शुक्लपक्ष पूर्णमास्यां न्तिथौ उत्रभद्रनक्षत्र ध्रुवजोगे सोमवाल
४१. थ्व कुन्हु ।। ।। लिषितं श्री कृष्णदेव मिश्र ।। शुभमस्तु ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दक्षिणपश्चिम कोणको

दक्षिणपश्चिम कोण भन्नाले रानीपोखरीको दक्षिण पश्चिम कुना हो र यो वीर अस्पतालको क्याम्प भित्र अस्पतालको अगाडि सडकको पर्खालनिर भुईंमा गाडिएको शिलापत्र भनी पुरातत्त्व पत्र संग्रह भाग १ मा वि.सं. २०१६ सालमा शंकरमान राजवंशीद्वारा पहिलो पटक प्रकाशित गर्नु भएको हो ' यही अभिलेख विसं २०५० सालमा रानीपोखरीको इतिहास नामक सानो पुस्तिकामा पनि छपाउनु भयो तर पंक्ति नखुलाई उहाँले छपाउनु भएको छ। भोटाहिटीको सव वे खनेको वेला २०४१ पछि यो शिलालेख राष्ट्रिय अभिलेखालयमा ल्याई सुरक्षित राखिएको छ। यसमा जम्मा ५७ पंक्ति छन् भने यसको शीर्ष चिन्हमा दाँयाबाँया वसाहा साँढे बीचमा खड्ग चिन्ह छ। यस अभिलेखमा ५२ औं पंक्तिसम्म देवनागरी लिपि र संस्कृत तथा खस भाषा छन्। त्यस उप्रान्त ५३ औं पंक्ति देखि ५७ सम्म प्रचलित नेपाल लिपि र भाषा नेपाल भाषा नेवारी छन्। यही अभिलेखको ५७ पंक्तिको पाठ पनि छपाइयो तर छापा उतार भने उत्तरपूर्व कोणमा रहेको शिलापत्रको फोटो राख्न ल्याइयो। यस्तो सामान्य भूल अभिलेख प्रकाश गर्नेहरूले गर्दै आएका देखिन्छन्।

शिलालेखको मूलपाठ

१. ॐ नमः श्री श्री कालिकायै ।। शस्त्रशास्त्र संगीतादि सक

२ ल विद्यापारग महाराजाधिराज नेपालेश्वर विदग्ध चूडाम

३. णि सकलराज चक्राधीश्वर श्री श्री राज राजेन्द्र कवीन्द्र जय प्र

४ तापमल्ल देवेन , श्री श्री श्री परमेश्वर परमेश्वरी ब्रम्हभूमि नेमं

५. कृतं ।। अतःपरं भाषा ।। श्रीश्री जयप्रतापमल्लदेवेन, आ

६ फुले शास्त्र हेरिकन, असंख्यास पुण्य देखिकन निकासि

७ कन, गंगाआदि नाना तीर्थको जल , लेइकन महारा

८. जाधीराज नेपालेश्वर राजराजेन्द्र श्री श्री जय चक्रवर्त्तेन्द्र

९. मल्लदेवको नामले बनायाको पोषरि माहा राष्याको छ ।।

१०. श्री वारानसिको गंगाजल ।। श्री वैद्यनाथको गंगाजल

११ ।। श्रीवाग्मतीको जलभारि १०६४१ ।। श्रीशंषमुलको

१२. जल ।। श्रीपनति तिर्थको संगमको जल ।। श्रीगंडकिको

१३. जल ।। श्रीकौशिकीको जल ।। श्रीसुन्दरिनदिको जल वहाइकन पोष

१४. रि भऱ्या ।। श्रीनीलकंठको जल भारी ६३ ।। श्रीविष्णुमती

१५. को जल ।। श्रीविश्वनाभको जल वहाइकन, आफु

१६. ले संकल्पगरिकन पानि राख्या ।। श्री तेचायको ज

१७ ल ।। श्रीवागेश्वरको जल ।। श्रीमनमतिको जल ।। श्रीसं

१८ खदहको जल ।। श्री कागेश्वरको जल ।। श्रीवाग्मतिना

१९ भको जल ।। श्रीसपन तिर्थको जल ।। श्रीकोमतिको जल ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२० श्रीङाम्हुटुको जल । श्रीवालानिलकंठको जल ।। श्री
२१. त्याङाको जल ।। श्रीमशिरको जल ।। श्रीथयपिको जल ।। श्री
२२. सप्तकौशिकिको जल ।। श्रीतवदहको जल ।। श्रीक्वटुवार
२३. को जल ।। श्रीमातातीर्थको जल ।। श्रीइन्द्रदहकोजल ।। श्री
२४ गोकर्णको जल ।। श्रीज्ञानवापिको जल।। श्रीपशुकुण्डको
२५. जल ।। श्रीसीताकुण्डको जल ।। श्रीटेखु दोभानको जल ।। श्री
२६. हनुमन्तघाटको जल ।। श्री गोलोहिटि दहको जल ।। श्रीज्वाला
२७. मुखिको जल ।। श्रीमुक्तिक्षेत्रको जल ।। श्री कालिगण्डकीको ज
२८. ल।। श्रीश्वेत गण्डकीको जल ।। श्रीसरजुगंगाको जल ।। श्रीमालिका
२९. को जल ।। श्रीपातालगंगाको जल ।। श्रीप्य्राग (प्रयाग) गंगा यमुना सर
३०. स्वती त्रिवेनीको जल ।। श्रीकमलेश्वरीको जल ।।. श्रीसप्तगण्ड
३१ की को जल ।। श्रीवाराहक्षेत्रको जल ।। श्रीगंगासागरको जल ।।
३२ श्रीसमुद्रको जल ।। श्रीअनन्तलिंङ्गको जल ।। श्रीसिपाडोल
३३. को जल ।। एति तीर्थको जल एक एक तीर्थको अनेक अने
३४ क फल, एति तीर्थ सवै यो पोषरिमाहा छ , यो पोषरिमा
३५ हा स्नान गरिकन, देव तर्प्पण, पितरतर्प्पण संध्या आदि सम
३६. स्त कर्म्म, जसले गऱ्यो एति तीर्थ माहास्नान गऱ्याको कर्म्म ग
३७. ऱ्याको पुन्यफल पाउनु छ, तेतन ढोषा बाहिर पनालि माथि
३८. को देवलले सदावर्त्ति गुठिको षेत, जमल, त्वाकचलको द
३९. क्षिण, टुसागाल, देवल श्री उपाध्याको पनालि, वालमसान
४० को पश्चिम ओमडेको देवल कुलादेखि, मासव षेलको उत्त
४१ र असन पनालि माथिको चउरको देवल श्रीकान्तिपुर नग
४२ रको पूर्व ।। एति भूमि मध्यमाहा धर्न्नुरोजो हान्मारु गर्नु आ
४३. त्महत्या आदि कसैले केहि पाप यो पोषरि महा गर्न्नु नाहि, कसै
४४. ले गऱ्या हुदा, कोटि अगम्यागमन, कोटि अभक्ष्याभक्षण, को
४५. टि ब्रम्हहत्या, कोटि गोहत्या, कोटि गुरुहत्या, कोटि वालहत्या, को
४६ टि स्त्रीहत्या, कोटि शिवलिंग ध्वंसन, गऱ्याको पाप, एति तीर्थमाहा
४७. पाप गऱ्याको एति तीर्थमाहा वस्याको श्रीश्रीश्री परमेश्वर परमे
४८. श्वरी नास्याका पाप तसका शिर,कदाचित् हट गरि वस्या हुदा रहया
४९. हुदा घिस्याइ अफाल्या वाध्या टिल्या प्राश्चित्त नाहि, दृष्टसाक्षी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५०. श्रीआदित्य श्रीचन्द्रमा, अग्नि, पृथ्वी, जल, आकाश, वायु, आत्मा यम,
५१. दिन, रात्रि, संध्या, धर्म्म, व्राम्हण पांच, प्रधान पांच ।। खसमग.र पा
५२. च ।। श्रीशाके १५९२ कार्तिक शुदि पूर्णिमा ।। ।। थ्व साहासन
५३ सुनानं, सेनकरसा, यिचिर थिचिर यातसा गुप्त यातसा । आखर
५४. छग्वरं तनसां सुतसां थे ल्हास्यंतक्व हथ्या पाप राक जुरो ।। सूनानं थ्व
५५. साहासन निदान याङान भिनकरसा थे धाक्व पुण्य राक जुरो ।। संम्व
५६. त् ७९० आश्विनमासे शुक्लपक्ष, पूर्णमास्या न्तिथौ उत्रभद्रनक्षात्र
५७. ध्रुव योग सोमवार थ्व कुन्हु ।। ।। लिखितं श्री वशिष्ट शर्मणा ।। शुभं ।।

उत्तरपूर्व कोणको

उत्तरपूर्वकोण भन्नाले रानीपोखरीको उत्तर पूर्वी कुना जसलाई तीनधारा पाठशाला परिसर, हिटिदरवार पनि भनिन्छ र श्यामराज पोखेल सहितले २०११ सालमा संस्कृत सन्देश अंक १०–१२ मा यो अभिलेख छपाएकोमा सुरशमशेरको क्याम्पाभित्र भनी उल्लेख गरेको छ । यसमा जम्मा ५९ पंक्ति छन् भने यसको शीर्ष चिन्हमा दाँयाबाँया मयुरपंक्षीबीचमा खड्ग चिन्ह छ । यस अभिलेखमा ५२ औं पंक्तिसम्म देवनागरी लिपि र संस्कृत तथा खस भाषा छन् । त्यस उप्रान्त ५३ औं पंक्तिदेखि ५९ सम्म प्रचलित नेपाल लिपि र भाषा नेपाल भाषा नेवारी छन् । यही अभिलेख मोहन प्रसाद खनालले आफनो *नेपाली भाषाका हजार वर्ष* नामक पुस्तकमा पनि छपाएका छन् तर उनले उत्तरपूर्व कोणका अभिलेख भनेर लेख्नु पर्ने ठाउँमा दक्षिणपश्चिम कोणमा रहेको रानीपोखरीको अभिलेख भनी छपाए । दक्षिणपश्चिम (नैर्ऋत्यकोण)को अभिलेख वास्तवमा ५७ पंक्ति त हो । तर शीर्ष चिन्ह नैर्ऋत्य कोणको छापा उतारमा वसाहा चिन्ह छ भने उहाँले मयूरपंक्षी चिन्ह भएको उत्तरपूर्व कोणको शिलालेख छापा दिएर नैर्ऋत्य कोणको भनी जुन दिइयो यो गलत हो अर्को शिलालेख छापामा ५९ पंक्ति भए पनि ५७ पंक्तिवाला अभिलेख छपाउनु भयो । यसले पनि केही द्विविधा पाठकमा पैदा गर्न सक्छ ।

शिलालेखको मूलपाठ

१. ॐ नमः श्री श्री कालिकायै ।। शस्त्रशास्त्र संगीतादि सकल
२ विद्यापारग महाराजाधिराज नेपालेश्वर विदग्ध चूडाम णि
३ सकलराज चक्राधीश्वर श्री श्री राज राजेन्द्र कवीन्द्र जय प्रता
४. पमल्ल देवेन , श्री श्री श्री परमेश्वर परमेश्वरी ब्रम्हभूमि ने
५. मंकृतं ।। अतःपरं भाषा ।। श्रीश्री जयप्रतापमल्लदेवेन, आफु
६. ले शास्त्र हेरिकन, असंख्यास पुण्य देखिकन निकासिकन,
७. गंगाआदि नाना तीर्थको जल , लेइकन महाराजाधीरा
८. ज नेपालेश्वर राजराजेन्द्र श्री श्री जय चक्रवर्त्तीन्द्र मल्लदेवको
९. नामले बनायाको पोषरि माहा राष्याको छ ।। श्री वारान
१०. सिको गंगाजल ।। श्री वैद्यनाथको गंगाजल ।। श्रीवाग्मतीको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

११. जलभारि १०६४१ ।।श्रीशंषमुलको जल ।। श्रीपनौति ति
१२. र्थको संगमको जल ।। श्रीगंडकीको जल ।। श्रीकौशिकीको
१३. जल ।। श्रीसुन्दरीनदिको जल वहायिकन पोषरी भर्‍या ।।
१४. श्रीनीलकंठको जल भारी ६३ ।। श्रीविष्णुमती को जल ।।
१५ श्रीविश्वनाभको जल वहायिकन, आफु ले संकल्प गरि
१६. कन पानि राख्या ।। श्री तेचापको जल ।। श्रीवागीश्वरको
१७. जल ।। श्रीमन्मतीको जल ।। श्रीसंखदहको जल ।। श्री कागेश्व
१८. रको जल ।। श्रीवाग्मतिनाभको जल ।। श्रीसपन तिर्थको जल ।।
१९. श्रीकुंभेश्वरको जल ।। श्रीङाम्हुटुको जल । श्रीवालानीलको
२०. जल ।। श्री ट्याजाको जल ।। श्रीमसिलको जल ।। श्री.....
२१. को जल ।। श्री सप्तकौशिकीको जल ।। श्रीटौदहको जल ।। श्री
२२. कोटुवालको जल ।। श्रीमातातीर्थको जल ।। श्रीइन्द्रदहकोज .
२३. ल ।। श्री गोकर्णको जल ।। श्रीज्ञानवापीको जल।। श्रीपशु
२४. पतिको जल ।। श्रीसीताकुण्डको जल ।। श्रीटेखु दोभानको जल ।।
२५. श्री हनुमन्तघाटको जल ।। श्री गोरोहिटि दहको जल ।। श्रीज्वाला
२६. मुखीको जल ।। श्रीमुक्तिक्षेत्रको जल ।। श्री कालिगण्डकीको
२७. जल।। श्रीश्वेत गण्डकीको जल ।। श्रीशरयूगंगाको जल ।।
२८. श्रीमालिका को जल ।। श्रीपातालगंगाको जल ।। श्रीप्रया
२९. ग गंगा यमुना सरस्वती त्रिवेणीको जल ।। श्रीकमलेश्वरीको
३०. जल ।।. श्रीसप्तगण्डकी को जल ।। श्रीवाराहक्षेत्रको जल ।।
३१. श्रीगंगासागरको जल ।। श्रीसमुद्रको जल ।। श्रीअनन्तलि
३२. गको जल ।। श्रीसिपाडोल को जल ।। एति तीर्थको जल
३३. एक एक तीर्थको अनेक अनेक फल, एति तीर्थ सवै यो
३४. पोषरिमाहा छ , यो पोषरिमाहा स्नान गरीकन, देव तर्प्पण,
३५ पितृतर्प्पण संध्या आदि समस्त कर्म्म, जसले गर्‍यो एति
३६. तीर्थ माहास्नान गर्‍याको कर्म्म गर्‍याको पुण्यफल पा
३७. वनु छ, तेतन ढोषा बाहिर पनाली माथिको देवलले स
३८. दावर्त्ती गुठीको षेत, जमल, द्वाकचलको दक्षिण, टुसा
३९. गाल, देवल श्री उपाध्याको पनाली, वालमशान को प
४०. श्चिम ओम्डेको देवल कुलादेषि, मासव खेलको उत्तर अस
४१. न पनाली माथिको चौरको देवल श्रीकान्तीपुर नगरको पूर्व ।।
४२. एति भूमि मध्यमाहा धर्न्नुरोजो हान्मारु गर्नु आत्महत्या आ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४३. दि कसैले केहि पाप यो पोषरि मह गर्न्नु नाहि, कसैले गर्‍या
४४. हुदा, कोटि अगम्यागमन, कोटि अभक्ष्याभक्षाण, कोटि ब्र
४५. म्हहत्या, कोटि गोहत्या, कोटि गुरुहत्या, कोटि वालहत्या, को
४६ टि स्त्रीहत्या, कोटि शिवलिंग ध्वंसन, गर्‍याको पाप, एति ती
४७. र्थमाहा पाप गर्‍याको एति तीर्थमाहा वस्याको श्रीश्री
४८. श्री परमेश्वर परमेश्वरी नास्याका पाप तसका शिर,कदाचि
४९. त् हट गरि वस्या हुदा रह्या हुदा घिस्याइ अफाल्या वाध्या
५०. टिल्या प्राश्चित्त नाहि, दृष्टसाक्षी श्रीआदित्य श्रीचन्द्रमा, अ
५१. ग्नि, पृथ्वी, जल, आकाश, वायु, आत्मा यम,दिन, रात्रि, संध्या,
५२ धर्म्म, व्राम्हण पांच, प्रधान पांच ।। खसमगर पाच ।। श्रीशाके
५३ १५९२ कार्तिक शुदि पूर्णिमा ।। ।। थ्व साहासन सुनानं, से
५४ नकरसा, यिचिर थिचिर यातसा गुप्त यातसा । आ
५५ खर छग्वरं तनसां सुतसां थे ल्हास्यंतक्व हथ्या पा
५६. प राक जुरो ।। सूनानं थ्व .साहासन निदान याङान भि
५७. नकरसा थे धाक्व पुन्य राक जुरो ।। संम्वत् ७९० आश्वि
५८ नमासे शुक्लपक्ष ,पूर्णमास्या न्तिथौ उत्रभद्रनक्षात्र धु
५९. व योगे सोमवार थ्व कुन्हु ।। ।। लिखितं श्री (वशिष्ट शर्मण)शुभं ।।

दक्षिणपूर्व कोणको

दक्षिणपूर्व कोण भन्नाले रानीपोखरीको दक्षिण पूर्व कुना हो र हाल यो ठाउँ नेपाल विद्युत प्राधिकरणको हाताले ओगटी सकेको छ । रानीपोखरीको तीन वटा कुनामा एउटै व्यहोरा र मितिको शिलालेख भेटिएको आधारमा दक्षिणपूर्व कोण (आग्नेय कोण)को पनि हुनु पर्ने हो तर आग्नेय कोणको शिलापत्र भेटिएको छैन भनी पुरातत्त्व पत्र संग्रह भाग १ मा उल्लेख गरिएको छ । साथै बिजुलि अड्डाको क्याम्पभित्र उत्तर लंगको पर्खालनिर एउटा ढिस्को थियो । सायद त्यही ढिस्को भित्र यस्तै अर्को शिलापत्र होला कि भनी अनुमान गरेको कुरा उल्लेख छ । यही क्रममा सोध खोज गर्दा बिजुलि अड्डाको यो क्याम्प पहिले बाल मसान थियो त्यही भएर यो ठाउँमा मान्छेको हाड खुरहरू भेटिन्थ्यो भन्ने जानकारीहरू एक बुढा मान्छेले भनेको कुरा पनि माथि उल्लेखित पुस्तकमा टिपोट दिइएको छ । आशा राखौं कुनै न कुनै दिन यही विद्युत प्राधिकरणको हाता भित्र रानीपोखरीको त्यो प्रकारको शिलालेख संभवतः वायव्यकोणको ठीक दुरुस्तको अवश्यमेव भेटिने होला भन्न सकिन्छ । किनकि इशानकोण र नैऋत्यकोणको अभिलेखमा लेखक वशिष्ठ शर्मा थियो भने वायव्यकोण र आग्नेयकोणको अभिलेखमा कृष्णदेव मिश्र हुनु धेरै संभव छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ

मंगलाचरण

श्री श्री कालिकालाई नमस्कार ।।

प्रतापमल्लको नाम र प्रशस्ति

शस्त्रशास्त्र संगीतादि सकल विद्यापारग महाराजाधिराज नेपालेश्वर विदग्ध चूडाम णि

सकलराज चक्राधीश्वर श्री श्री राज राजेन्द्र कवीन्द्र जय प्रतापमल्ल देवले

मुख्य कार्य

श्री श्री परमेश्वर परमेश्वरी ब्रम्हभूमि नाम अंकित गरी यो ठाउ प्रशिद्ध गराइयो ।

अव प्रचलित चलेको भाषाबाट

श्री श्री जय प्रतापमल्ल देवले आफु स्वयंले शास्त्रहरू अध्ययन गरी हेरीकन असंखय पुण्य लाभ हुने देखेर गंगा आदि निकासीकन नाना तीर्थहरूबाट जल ल्याइकन महाराजाधिराज नेपालेश्वर राज राजेन्द्र श्री श्री जय चक्रवर्त्तेन्द्रमल्ल देवको नाममा बनाएको पोखरीमा पानी भर्ने कार्य गरियो ।

जल ल्याएको तीर्थहरू वाराणशी काशी देखि सिपाडोल सम्म ५१ तीर्थको नाम यसप्रकार छन्

१ श्री वारानशिको गंगाजल ।।२ श्री वैद्यनाथ को गंगाजल ।। ३ श्रीवाग्मतिको जलभारि १०६४१ ४ श्रीशंषमुलको जल ।। ५ श्रीपनति तिर्थको संगमको जल ।। ६ श्रीगंडकिको जल ।। ७ श्री कौशिकिको जल ।। ८ श्रीसुन्दरिनदिको जल वहाइकन पोषरि भऱ्या ।।९ श्रीनीलिकंठको जल भारि ६३।। १० श्रीविष्णुमतिको जल ।। ११ श्रीविश्वनाभको जल वहाइकन, आफुले संकल्पगरिकन पानि राष्यो ।। १२ श्री तेचापको जल ।। १३ श्रीवागेश्वरको जल ।। १४ श्रीमनमतिको जल ।। १५ श्रीसंखदहको जल ।। १६ श्री कागेश्वरको जल ।। १७ श्रीवाग्मतिनाभको जल ।। १८.श्रीसपन तिर्थको जल ।। १९ श्रीकोमतिको जल २० श्रीङाम्हुटुको जल । २१ श्रीवालानिलकंठको जल ।। २२ श्रीत्याङाको जल ।।२३ श्रीमशिलको जल ।। २४ श्रीथयपिको जल ।। २५ श्रीसप्तकौशिकिको जल ।। २६ श्रीतौदहको जल ।। २७ श्री कटुवालको जल ।। २८ श्रीमातातिर्थको जल ।।२९ श्रीइन्द्रदहकोजल ।।३० श्रीगोकर्णको जल ।। ३१ श्रीज्ञानवापिको जल।। ३२ श्रीपशुकुण्डको जल ।। ३३ श्रीसीताकु ण्डको जल ।। ३४ श्रीटेषुदोभानको जल ।। ३५ श्रीहनुमन्तघाटको जल ।। ३६ श्री गोलहिटि दहकोजल ।।३७ श्रीज्वालामुषिको जल ।। ३८ श्रीमुक्तिक्षेत्रको जल ।। ३९ श्रीकालिगण्डकिको जल।। ४० श्रीश्वेतगण्डकिको जल ।।४१ श्रीसर जुगंगाको जल ।। ४२ श्रीमालिकाको जल ।। ४३ श्रीपातालगंगाको जल ।। ४४ श्रीप्यग्रग (प्रयाग) गंगा जमुना सरस्वति त्रिवेनीको जल ।। ४५ श्रीकमलेश्वरीको जल ।।४६ श्रीसप्तगण्डकिको जल ।। ४७ श्रीवाराहक्षेत्रको जल ।।४८ श्रीगंगासागरको जल ।। ४९ श्रीसमुद्रकोजल ।। ५० श्रीअनन्तलिंगको जल ।। ५१ श्रीशिपाडोलको जल ।।

महत्त्व र पुण्यफल कथन

एक तीर्थको जलमा स्नानले त कति पुण्य पाउँछ र एक तीर्थको अनेक अनेक फल पाउँछ भने यति ५१ तीर्थको झन कति धेरै महत्त्व हुन्छ भने यसको अनुमान र विश्वास गरी साध्य छैन । ती सबै तीर्थको जल यही पोखरीमा राखिएको छ ।

यो पोखरीमा स्नान गरी देव तर्पण, पितृ तर्पण, सन्ध्या तर्पण आदि सम्पूर्ण कर्म यो पोखरीमा आइ गर्न पाइयो भने आशातीत पुण्य फल अवश्य पाउँछ ।

पोखरीको चार किल्ला

पोखरीको उत्तर – तेतन ढोका, ढोका वबाहिर पनाली, पनाली माथि देवल, सदावर्ती गुठीको खेत, जमल, द्वाकचलको दक्षिण भाग

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पोखरीको पूर्व– टुसागाल देवल, श्री उपाध्याको पनाली, वालमसानको पश्चिम उमदेको देवल

पोखरीको दक्षिण – कुला देखि मासवखेलको उत्तर भाग

पोखरीको पश्चिम – असन पनाली, चौर माथिको देवल, कान्तिपुर नगरको पूर्व भाग

पोखरी र पोखरी परिसरमा गर्न नहुने वर्जित कार्यहरू

पोखरीको चार किला भित्र खनजोत नगर्नू, धर्म विरुद्धको काटमार नगर्नू आत्महत्या आदि जघन्य अपराध नगर्नू, कुनै प्रकारको पाप कर्म नगर्नू, गर्न नदिनू । यदि गरिहाल्यो भने करणी जस्ता अपराध परस्त्री परपुरुष गमन जस्ता एक पाप मात्र होइन कोटी अगम्यागमनको पाप लागोस् ।

धर्म विरुद्ध मानिएका अखाद्य वस्तु, जुन वस्तु खाएमा पाप लाग्छ गोमास नरमास लगायत अखाद्य वस्तु पनि एक पाप मात्र होइन कोटी अभक्षा भक्षाणको पाप लागोस् ।

पंच महापाप कहलिएका ब्रह्महत्या, गोहत्या गुरुहत्या, बाल हत्या , स्त्रीहत्या पनि एक पाप मात्र होइन कोटी पाप लागोस् ।

शिवलिंग ध्वंस पनि एक मात्र होइन कोटी ध्वस गरेको पाप लागोस् ।

कुनै तीर्थमा बसी पाप एक पाप गर्दा जति दोष लाग्छ यहाँ धेरै तीर्थको जल भएकोले ती सबै तीर्थमा गइ पाप गरे जति लागोस् ।

यो श्री परमेश्वर परमेश्वरीको ब्रम्हभूमि हो ती परमेश्वर परमेश्वरी नासेको पाप लागोस् ।

दण्ड र घोषणा

कथंकदाचित कसैले यस्तो पाप करतूत गरिरहेको भेटिएछ भने त्यसको शिर छेदन गरी दिए वा मारेर घिसारी फाली दिए नै भने पनि त्यो दण्ड गर्ने व्यक्तिलाई कुनै किसिमको दोष बात प्रायश्चित लाग्ने छैन भन्ने समेत घोषणामा उल्लेख गरिएको छ ।

देखीजान्ने साक्षीहरू

श्री आदित्य, श्री चन्द्रमा, अग्नि, पृथ्वी, जल, आकास, वायु, आत्मा, यम, दिन रात्री सन्ध्या धर्म यी सबै अविनाशी तत्त्वलाई साक्षी राखेको छ । साथै पाँच ब्राम्हण, पाँच नेवार प्रधान, पाँच खस मगरलाई पनि साक्षी राखेको छ ।

लेखक पंडित

यो पाठ तयार गर्ने लेखक पंडित वशिष्ठ शर्मा । कृष्णदेव मिश्र

तिथि मिति तथा शिलालेख जगेर्ना

श्री शाके १५९२ आश्विन शुक्ल पूर्णिमा । यसलाई भूलवश कार्तिक शुदि भनी लेखिएको छ ।

यो शिलालेखलाई कसैले बिगारे, नष्ट गरे वा तोडफोड गरे, बेहिसाब गरे वा लोप गरे गराए वा यी शिलालेखमा कुनै एक अक्षरमात्र थपथाप गरे वा एउटा अक्षार मात्र मेट्न पुगे भने पनि त्यो अपराध नै हो अतः शिलालेख मा लेखिएका जेजति पाप लागोस् भनिएको छ ती सबै पाप लागोस् ।

यी शिलालेखलाई जतनका साथ संरक्षण गरी बिग्रनबाट जोगाई निदान गर्ने कुनै धर्मात्मा व्यक्ति छन् भने उसलाई यस शिलालेखमा जेजति पुण्य लाग्छ भनिएको हो ती पुण्य लागोस् ।

श्री शाके १५९२ लाई तद्नुसार नेपाल संवत्मा ७९० आश्विन महिना शुक्ल पक्ष पूर्णिमा तिथि उत्तरभाद्र नक्षत्र ध्रुव योग सोमवारको दिन समापन पूर्ण गरियो शुभ ।।

रानीपोखरीको उत्तर तर्फ रहको माधव नारायणको मूर्तिको पादपीठ अभिलेख

रानीपोखरीको भित्री कम्पाउण्डको उत्तरी गिर्दा भित्र बगैंचामा पश्चिम फर्केको माधवनारायणको ढुंगाको मूर्तिको छ । त्यस नारायणको मूर्तिको पादपीठमा पश्चिम र उत्तर पाटामा अभिलेख छ । यो अभिलेख

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पहिलो पटक संशोधन मण्डलको अभिलेख संग्रह भाग ३ मा छापिएको देखिन्छ । यो अभिलेखको पश्चिम पाटामा ११ पंक्ति र उत्तरपाटामा ८ पंक्ति छन् । यो अभिलेखको लिपि प्रचलित नेपाल लिपि र भाषा संस्कृत र नेपाल भाषा नेवारी छन् ।

माधव नारायणको पादपीठ अभिलेख

रानीपोखरीको उत्तर पाखामा रहेको पश्चिम फर्केको माधव नारायणको प्रस्तर मूर्तिको पादपीठ अभिलेख । नाप ७७ सेमि लम्बाइ र २२ सेमि चौडाई)

पश्चिम पाटाको

१. (ॐ नमः श्री)श्री श्री नारायणाय ।। श्री (श्री राज) कवीन्द्रमल्लवसुधालं................
सरोजवदा(दना) संसार(रत्न)करा । सर्वेषां सुखदा सुमीननयना दे

२. (वी सु) रम्या वरा शैवालावलिकेशपा(श) विमला वापी जरीजृम्भते ।। १।। गंगा शोणसरस्वती च यमुना गोदावरी गण्डकी कावेरी किल कौशिकी च सरितां पत्यादि

३. पुण्योदकैः । या सम्यक् परिपूरिता त्रिभुवने ख्याता सुयज्ञोत्सवै रम्या सैव मुनीन्द्रदेव मनुजैस्संस(से)व्यते सर्व्वदा ।। २ ।। यस्यां पद्मवने निपीय निभृतं माध्वीकधारा

४. शतं, सानन्दं खलु चंचरीकपटली पाण्डित्यमभयस्यति । हंसाद्याश्च विहंगमास्सुललितालापं मुदा कुर्व्वते, सानन्दं कोमला गास्सुरकुलवनिता यत्र नित्यं रमन्ते ।। ३ ।।

५. या धन्या धरणीतले सुविमले पापौघविध्वंसिनी मर्त्यानां स्नानपानाच्छि (व) पुरवसतिं यान्तकाले ददाति । या च श्री कमला-पतेक्ष्पदयुगास्स (त्स) द्यो बहिर्न्निगता सैषा

६. विष्णुपदी प्रवाहसुजलैरापूर्य्यते वापिकां ।। ४।। यस्यां. पुण्योदकायां विविधफणिमणि श्रेणिविद्योतितायां नित्यं श्रीवाग्वती च प्रमुदितहृदया स्थातुमुत्कण्ठ–

७. ते च । जातो वैकण्ठनाथो सकलसुरगणैस्सा-धृमागन्तुकामविं ब्रुमो विश्वनाथो झटिति समगमत्काशिकां त्यज्य हर्षात् ।। ५ ।। नेपाले सम्मते ख ग्रह तु मु–

८. नियुते माघमासे च शुक्ले, योगे सौभाग्यसंज्ञे कुजदिसहिते पञ्चदश्यां तिथौ च । अश्लेषायां पुण्ययोगे रविकुलतिलकश्रीकवीन्द्रप्रतापैः कृत्वा माघव्रतम्वै नि–

९. खिलगुणयुतैः स्थापितो माधवाख्य : ।। ६ ।। अतः पर देशभाषा ।। शस्त्रशास्त्र संगीतादि सकल विद्यापारग महाराजाधिराज नेपालेश्वर विद

१०. ग्धचूडाम णि सकलराज चक्राधीश्वर श्री श्री राज राजेन्द्र कवीन्द्र जय प्रतापमल्ल परम भट्टारकदेवन महाराजाधिराज नेपालेश्वर रा

११. जराजेन्द्र श्रीश्री जयचक्रवर्त्तेन्द्रमल्लदेवस नामन ....दयकाओ मााधव स्थापन याङा जुरो ।।

उत्तर पाटाको

१. ....राजानं मेव सुनानं ध्व देव सेनकरसा यिचिर थिचि–

२. (र यातसां) गुप्त यातसां कोटि गोहथ्या कोटि ब्रमहहथ्या कोटि स्त्रीहथ्या

३. (याङा पाप को)टि अगम्यागमन याङा पाप कोटि अभक्षाभक्षण याङा पाप

४. कोटि श्री ३ परमेश्वरीया देवालय देवीध्वंसन याङा पाप

५ (शिवलिंग) ध्वंसन याङा पाप पृथ्वीस दक्व शास्त्रस ल्हाक पाप ध्वते पाप

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

६. (राक जुरो) भिनक पूजा यातसा कोटि शिवलिंगस्थापन याङा पु

७. (ण्य)..................याङा पुण्य सप्तपुरी जात्रा आदिन समस्त पुन्यफल राक जु

८. (रो । संवत् ७९० माघशुक्लपूर्ण)मास्यान्तिथौ अश्लेष नक्षत्र सौभाग्य योग अंगारवार ।। साक्षि जावत् चन्द्र...................

(संशोधन मण्डलको अभिलेख संग्रह भाग ३ को पृ २४ –२५)

भावार्थ

श्री श्री राजा कवीन्द्र जय प्रतापमल्लले संसाररत्नाकरा भनेर तारिफ गर्न योग्य सागर स्वरुप पोखरी निर्माण गर्न निकै मेहनत र धन खर्चनु भयो । सवैभन्दा सुन्दर आँखा केश भएकी देवी लाई विराज गराइ पोखरी रमणीय बनाउनु भयो ।

गंगा शोण सरस्वती यमुना गोदावरी गण्डकी कावेरी कौशिकी र समुद्र जस्ता पवित्र जलले भरिएको छ । असल यज्ञका उत्सवहरू गरी प्रतिष्ठा गरिएको हुनाले ती लोकमा प्रख्यात भएको छ । यस्तो राम्रो पोखरीको सेवा मुनि देवता र मानिसहरू नित्य गर्दछन् ।

जुन पोखरीको कमलको वनमा महका सयौं धारा पेटभरी पिइकन भ्रमराहरू आनन्दसँग पाण्डित्यको अभ्यास गर्दछन् , अर्थात् राम्रो गीत गाइ रहनछन् । हाँस आदि पक्षीहरू पनि जहाँ खुशी भएर कुराकानी गरिरहन्छन् । यही पोखरीमा अप्सराहरू पनि नित्य रमाउँछन् ।

यो असल संसारमा ठूला ठूला पाप नाश गर्ने हुनाले जुन पोखरी धन्य छ । जसको जलले स्नान गर्नाले र पिउनाले मानिसहरूलाई अन्तकालमा कैलासवास दिन्छ । जुन पोखरी भगवान् विष्णुका दुई पाउबाट भर्खर निस्किएको विष्णुपदीको प्रवाहको जलले भरिएको छ । थरीथरीका नागका मणिले चम्किएको यस पोखरीमा प्रसन्न भई वाग्वती नदी सँधै बस्न उत्कण्ठित हुनुहुन्छ, सवै देवताहरूसँग वैकुण्ठनाथले यहाँ आउन खोज्नु भयो, के भनौं, झ्वाट्ट काशी छोडेर विश्वनाथ खुशी भई यहाँ आउनु भयो ।

नेपाल संवत् ७९० माघ महिना शुक्ल पक्ष पूर्णिमा तिथि अश्लेषा नक्षत्र सौभाग्य योग मंगलवारको दिनमा रविकुल तिलक श्री कवीन्द्र प्रतापमल्लबाट माघ व्रत समापन गरी यो माधव नारायणको मूर्ति स्थापना गरियो ।

अव देशमा चलेको भाषाबाट। शस्त्र शास्त्र संगीत आदि सम्पूर्ण विद्यामा पारंगत भएका महाराजाधिराज नेपालेश्वर अनुभव ज्ञानमा पोख्त शिरोमणि जस्ता सम्पूर्ण राज लक्षणले युक्त चक्राधीश्वर श्री श्री राज राजेन्द्र कवीन्द्र जय प्रतापमल्ल परम भट्टारक देवले महाराजाधिराज नेपालेश्वर राजराजेन्द्र श्री श्री जय चक्रवर्त्तेन्द्रमल्लदेवको नाममा (यो पुष्करणी) निर्माण गराइयो र माधवनारायण पनि स्थापना गरियो ।

(यस पुष्करिणी) राजा नै किन नहोस् अरु कोही कसैले यो देवल बिगारेमा तोडफोड वा हानी नोक्सानी गरेमा I लोप गराएमा कोटि गोहत्या कोटी ब्रम्हहत्या , कोटी स्त्रीहत्या गरेको पाप लागोस् । कोटी अगम्यागमन (करणी सम्बन्धी अपराध) र कोटी अभक्षाभक्षाण (गोमास, नरमास आदि) जस्ता अखाद्य वस्तु खाएको) पाप लागोस् । कोटी श्री ३ परमेश्वरीको देवालय ध्वस्त गरेको पाप , शिवलिंग ध्वस्त गरेको पाप लागोस् अझ भन्ने हो भने पृथ्वीलोकमा भए जति शास्त्रमा भने जति पाप सबै लागोस् ।

यदि कसैले निदान गरी संरक्षण गरेमा तथा पूजा गरेमा कोटि शिवलिंग स्थापना गरे जतिको पुण्य लागोस् र सप्तपुरी यात्रा गर्दाको सबै पुण्य फल लागोस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपाल संवत् ७९० (वि.सं. १७२५)माघ शुक्ल पूर्णिमा अश्लेषा नक्षत्र सौभाग्य योगमंगलवार । साक्षी जव सम्म चन्द्र सूर्य पृथ्वी रहन्छ तवसम्म)

रानीपोखरीको हात्तीको गलामा

रानीपोखरीको दक्षिण भागमा उत्तर फर्केको चून पोतिएको प्रस्तरको सेतो हात्ती छ । त्यस सेतो हात्तीको गलानिर दुवै पट्टी दुइ दुई पंक्ति अभिलेख छन् । दुर्भाग्यवश जीर्णोद्धार हुँदा चून खुर्किने क्रममा केही अक्षरसमेत खुर्किएर गएकोले अभिलेखको सालमिति नै अस्पष्ट हुन पुगेको छ । यस अभिलेखको लिपि प्रचलित नेपाल लिपि र भाषा संस्कृत नेवारी छन् । यो अभिलेख पनि संशोधन मण्डलको अभिलेख संग्रह भाग ३ मा नै पहिलो पटक छापिएको देखिन्छ ।

अभिलेखको मूलपाठ

शस्त्रशास्त्र संगीतादि सकल विद्यापारग

महाराजाधिराज नेपालेश्वर विदग्ध चूडामणि

(अर्कोपट्टि) ......सारिक ज्यातकाओ

श्री श्री राज राजेन्द्र कवीन्द्र......रक देवस

श्री राज....... (चक्रव)र्त्तेन्द्रमल्लदेवस सालिक

श्रीश्री जयमहीपतेन्द्रमल्लदेवस सालिक

थ्वसोम्हसं सालिकज्यातकाओ

(अर्कोपट्टि) ....(शि)वलिंङ्गस्थापन

या ....सम्वत्..........दिन जुरो ।।

(संशोधन मण्डलको अभिलेख संग्रह भाग ३ को पृ २६)

भावार्थ

शस्त्र शास्त्र संगीत आदि सम्पूर्ण विद्यामा पारंगत भएका महाराजाधिराज नेपालेश्वर अनुभव ज्ञानमा पोख्त शिरोमणि जस्ता सम्पूर्ण राज लक्षणले युक्त श्री श्री राज राजेन्द्र कवीन्द्र जय प्रतापमल्ल परम भट्टारक देवले स्वयं आफु र (महाराजाधिराज नेपालेश्वर) राजराजेन्द्र श्री श्री जय चक्रवर्त्तेन्द्रमल्लदेवको को सालिक श्री श्री महीपतेन्द्रमल्लदेवको सालिक गरी यी तीन जनाको सालिक बनाउन दिइ स्थापना गरियो र शिवलिंग पनि स्थापना गरियो मिति नेपाल संवत्.........को दिन गरियो ।। (शुभ)

टिप्पणीहरू

१. कान्तिपुरको मल्लकालीन इतिहास केलाउंदै जानेहो भने सबैभन्दा प्रसिद्ध मल्ल राजामा प्रताप मल्ल कै नाम बढी चर्चिने गर्दछ । किनकि कान्तिपुरमा यति धेरै कला ,वास्तुकला र संस्कृतिले सुसम्पन्न गराउने कार्य उनको पालामा जति अरु राजाहरूको पालामा हुन सकेन । उनले दिएको विभिन्न देनमध्ये एउटा उत्कृष्ट देन रानीपोखरीको निर्माण पनि एक हो । रानीपोखरीको निर्माण किन गरेको, यसको प्रयोग के को लागि हो भन्ने विषय त बढी भन्दा बढी त शिलालेखहरूले नै प्रष्ट पार्दछ । यसको लागि राजा प्रताप मल्लकोबारे थप जानकारीहरू जान्न जरुरी हुन्छ ।

२. प्रतापमल्लको जन्म उनको जन्म पत्रिका प्रकाशितमा दिइए अनुसार ने.सं. ७४३ जेष्ठ शुक्ल नवमी मंगलबारको दिन राजा लक्ष्मीनर सिंह मल्लको जेष्ठ पुत्र भइ जन्म भएको थियो । तद्नुसार वि.सं. १६७९ जेठ हुन आउँछ । यिनले ने.सं. ७६१ तदनुसार वि.सं. १६९७ मा आफ्ना बावु राजा लक्ष्मीनरसिंह मल्ललाई नै कैद गरी राज्य हत्याएर लिएको घटना इतिहासमा लेखिएको छ । ने.सं. ७६१ को मोहर मुद्राहरूमा प्रतापमल्लकै नाम भएको हुनाले राज्यारोहण यही वर्ष भएको जान्न सकिन्छ । नेसं ७६१ देखि ने.सं. ७९४ सम्म यिनको शासन चलेको इतिहासमा देखिन्छ । किनकि ने.सं. ७९४ चैत्र शुक्ल एकादशीको दिन तदनुसार वि.सं. १७३० चैत्रमा उनको अचानक मृत्यु भएको थियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३ प्रताप मल्लको ३३ वर्ष लामो सुशासनकालको उत्तरार्द्धमा ने.सं. ७८८ मा तीर्थयात्रा नामक पुस्तक पनि लेखेका थिए । यही तीर्थजात्राले प्रेरणा गरे अनुसार ने.सं. ७८९ (तद्नुसार वि.सं. १७२४) माघ शुक्ल त्रयोदशीको दिनमा आएर रानीपोखरी प्रतिष्ठा गरेको हो । यही ने.सं. ७८९ को मोहर मुद्रामा राजा चक्रवर्त्तेन्द्रमल्लदेवको उल्लेख छ । राजा प्रतापमल्लले आफु छंदै छोराहरूलाई पालैपालो एक एक वर्ष राजा बनाउने इच्छा गरेका थिए । जेठो छोरा भूपेन्द्र मल्ल पहिले नै मरीसकेकोले माहिलो छोरा चक्रवर्त्तेन्द्र मल्ललाई पहिले राजा बनाएका थिए । उनी पनि राजा भएको ४ दिन पछि नै अचानक मृत्यु हुन पुगेकोले पालैपालो राजा बनाउने प्रतापमल्लको इच्छा थप अघि बढ्न पाएन । पाठकहरूलाई यो ख्याल रहोस् कि चक्रवर्तेन्द्र मल्ल नाबालक कलिलो उमेरको भन्ने जुन कल्पना गर्ने गरेको हो यो गलत छ किनकि यिनी बालिग अवस्था भैसकेको थियो । सोको प्रमाण हात्तीको माथि सवार भएको सालिकमा चक्रवर्तेन्द्र मल्ललाई नाबालक देखाइएको छैन ।

४. अन्य श्रोतहरूको आधारमा प्रतापमल्लका रानीहरूको नाम रुपमति, राजमती, लालमती, लालदेवी, अनन्तप्रिया, प्रभावती, रछमणि, इन्द्रमती गरी ८ जना देखिन्छन् । प्रतापमल्लका छोराहरू मध्ये चक्रवर्तेन्द्र मल्लको आमा अनन्तप्रिया र पार्थिवेन्द्रमल्लको आमा इन्द्रमती थिए भन्ने जानकारी खुलेको छ । प्रतापमल्लको मठ्याहा पट्टिका बाहेक अन्य छोराहरू भूपेन्द्र, नृपेन्द्र र महीपतेन्द्र थिए ।

५. राजा प्रताप मल्ल र रानी अनन्तप्रिया देवीको अति प्रिय छोरा चक्रवर्त्तेन्द्र मल्लको त्यसरी असामयिक मृत्युले गर्दा रानीले अति शोक गरेको देखि मृत छोराको नामबाट न्हुपुखु बनाएको भन्ने चर्चा इतिहासमा पाइन्छ । यही पोखरीलाई प्रतापमल्लको नाति पार्थिवेन्द्रमल्लको छोरा भूपालेन्द्र मल्लकी रानी भुवन लक्ष्मीले संस्कार गरी थप शोभायमान बनाएको हुँदा यही न्हुपुखुको नाम रानीपोखरी भनी प्रसिद्धि पाएको चर्चा पनि पाइन्छ । इतिहासलाई राम्रोसँग अध्ययन नै नगरी हचुवाको भरमा लेख्नेहरूले भूपालेन्द्र मल्लकी रानीलाई नै प्रतापमल्लकी रानी भुवन लक्ष्मी भनेर लेख्नेहरू पनि धेरै देखा परेका छन् ।

६. ने.सं. ७८९(वि.सं. १७२४) मा पाखेरी खनाइ त्यसमा पानी भर्ने कार्य शुरु भएको थियो भने पोखरी बनेपछि यही पोखरीको चार सुरमा राजा प्रताप मल्लले ने.सं. ७९० (वि.सं. १७२६) आश्विनमा अभिलेख कुँदाइ शिलापत्र साहासन राख्न लगाए । अभिलेखमा पाठ व्यहोरा एउटै भए पनि वर्ण विन्यासमा केही केही फरक र अशुद्धिहरू छन् । यी अभिलेखको पाठ व्यहोराका लेखकहरू वशिष्ठ शर्मा र कृष्णदेव मिश्रको नाम प्रष्टसँग उल्लेख भएको हुनाले ती अशुद्धिको दोष प्रतापमल्ललाई दिन मिल्दैन ।

७. ने.सं. ७९० (वि.सं. १७२५) माघमा दिवंगत छोरा चक्रवर्त्तेन्द्र मल्लको नाममा माधव नारायण पूजा गरी माधवनारायणको मूर्ति स्थापना गरेका थिए ।

८. प्रस्तर शिलाको सेतो हात्तीको मूर्ति र त्यस हात्तीमा स्वयं प्रतापमल्ल, चक्रवर्त्तेन्द्र मल्ल र महीपतेन्द्रमल्लको सालिक चढेको र हात्तीले आफ्नो सूँढले मानवको बच्चालाई निमोठी रहेको देखाइएको छ । यसबारेमा एउटा सानो किंवदन्ती कथा रानीपोखरीको इतिहास नामक पुस्तिकामा दिइएको छ । हात्तीको मूर्तिको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गलामा अंकित अभिलेखको मिति अस्पष्ट भएकोले ने.सं. ७९० र नेसं ७९४ को बीच कुनै पनि हुनसक्छ सो भन्दा अगाडि भने हुने संभावना छैन ।

९. राजा प्रतापमल्लले न्हूपुखु बनाउन लगाउने क्रममा परिसरमा पोखरीको बीचमा मन्दिर र परिसरमा पनि अन्य देवलहरू , देवमूर्तिहरू धाराहरू बनाउन लगाएकोले शिलालेखमा श्री परमेश्वर, परमेश्वरीको ब्रम्हभूमि भनेर उल्लेख गराए । यस पोखरीको बीचमा श्री परमेश्वरीको मूर्ति सहित स्थापना गरी ब्रम्हभूमिको रूपमा पवित्र तीर्थ स्थलको निर्माण गरेको चर्चा चार सुरमा रहेको अभिलेखमै छ । श्री परमेश्वरी भनिएको देवी खास कुन भन्ने सन्दर्भमा शिवको शक्तिरुपा र विष्णुको शक्तिरुपा दुवैको आधाआधा शरीर भएकी अष्ट भुजा दाहिने पाउ वृषभ माथि र वायाँ पाउ गरुड माथि टेकी वृष र गरुड वाहन गरी प्रत्यालीढ आसनमा उभिएकी देवीको मूर्तिको ध्यान समाहित छन् । यसलाई जलकी देवी हरिसिद्धि हुन् भन्ने संपूर्ण प्रतिमा लक्षणको आधारमा मान्न सकिन्छ । पाटनको हरिसिद्धिलाई पनि जल नै भन्ने विश्वास अझै पनि पाइन्छ ।

१० राजा भूपालेन्द्र मल्लकी रानी भुवनलक्ष्मी देवीले थप सिंगारी संस्कार गराए पछि यस न्हूपुखुको नामको अतिरिक्त रानीपोखरीको नामले समेत प्रसिद्धि पाएको कुरा इतिहासमा चर्चा पाइन्छ ।

११ पछि यस रानीपोखरीको मर्मत जीर्णोद्धार कार्यहरू हुँदै आएको र यसको चर्चा देवमाला वंशावलीमा पनि दिइएको छ । यस पवित्र रानीपोखरी खुल्ला रूपमा रहेकोले आफ्नो जिन्दगीदेखि वाक्क भएका मानिसहरूले यो पोखरीमा हामफाली आत्महत्या गर्ने अपराधहरू बढ्न थालेपछि पर्खाल र बारहरू लगाउन थालेको हो । ओल्डफिल्डको भनाइ अनुसार रानीपोखरीको चारैतिर इँटाको पर्खाल लगाइदिने कार्य वि.सं. १९०८ मा जंगबहादुरको पालामा भएको थियो ।

१२. पछि वि.सं. १९९० सालको भूकम्पमा क्षति भए पछि रानीपाखरी मर्मत संभारको क्रममा पर्खाल हटाइ फलामे बार लगाउने कार्य वि.सं. १९९४ सालमा जुद्ध समसेरको पालामा भएको थियो ।

१३ पुनः २०७२ साल वैशाख १२ गते आएको विनाशकारी भूकम्पले यस रानीपोखरीको पानी समेत सुक्ने गरी तहसनहस हुन गएको थियो । विसं २०७७ कार्तिक ५ गते यस पोखरीको पुनर्निर्माण सम्पन्न भएको हो ।

१४. कालान्तरमा न्हूपुखुको जीर्णोद्धारहरू पटकपटक भएर यस पोखरीलाई राम्रो बनाउने नाममा अनेकन् कुरुपताहरू पनि भित्रिए र बीचमा रहेको मन्दिर भित्रपनि शिवलिंग तथा वालगोपालको मूर्तिहरू समेत स्थापना गरि दिनाले यसमन्दिरको नाम र परिचयमा समेत अनेक बिचलनहरू देखापर्दै जाँदाको कारणले अनेक तर्ककुतर्कहरूको पनि आविष्कारहरू आउने गरेको देखिन्छ ।

कालान्तरमा यस्तै गरी बिचलनका कारणले थपथाप हुंदै आएका पुष्ट अपुष्ट सूचनाहरू देखापरे जस्तै–

१) हुनत स्थलरुप नापी विभागबाट रानीपोखरीको कित्ता नं , क्षेत्रफल र लम्वाई चौडाइ उल्लेख गरी ट्रेस नक्सा उपलव्ध भएको होइन । तथापि उपलब्ध जानकारी अनुसार रानीपोखरीको लम्बाई १८० मिटर चौडाइ १४० मिटर हाल पोखरीले चर्चेको भूभाग ६२ रोपनी १३ आना २ पैसा २ दाम मानिएको छ ।

२) रानीपोखरीको माझमा रहेको देवल जसलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दथुदेग पनि भनिन्छ । यो मन्दिर राणा प्रधानमन्त्री श्री ३ जंगबहादुरले ई.सं. १८५१ मा नेपाली शैलीको मन्दिरलाई विस्थापित गराइ मुगल शैलीको गुम्वजाकार देवल बनाएको भन्ने नेपालमण्डल नामक पुस्तकमा उल्लेख भएको र यसै सन्दर्भलाई कोट्याउने गरेको पाइन्छ भने जंगबहादुरकै पालामा आएको ओल्डफील्डले आफ्नो पुस्तकमा दिइए अनुसारको रानीपोखरीको ड्रइंग चित्रमा भने नेपाली शैलीको मन्दिर दिइएको छैन ।

३) विशेषगरि नेपालमा पहिले जो जसले बनाएको भए पनि पछि जीर्णोद्धार गर्ने व्यक्तिको नाममा प्रशिद्ध हुने गरेको उदाहरण प्रशस्त मात्रमा भेटिएको हुनाले रानीपोखरी पनि राजा प्रतापमल्लले पुरानो पोखरीलाई अझ सुन्दर बनाएको पो होकि भनी भनाइ राख्ने गरेको पनि देखिन्छ ।

४) कुनै समयमा यो पोखरी भित्र के छ भनी २ इन्जिनियरले १०। १२ दिन सम्म पानी झिक्दा पानी सुक्यो र माझको देवल देखि पूर्व तिर १ इनार छ त्यसमा ठूलो फाँटको ढुंगाले छोपी राखेका थिए पछि २ ।३ दिनमा जस्ताको तस्तै पानी भरिएछ । भीमसेन थापाको पालामा यो पोखरीको पानी अकस्मात रातो भै आयो । सो पानीमा कपडा धुवाउँदा कपडा समेत गुलाफी रंगको भयो । देवमाला वंशावलीमा उल्लेख भएको भनाईलाइ पनि राख्ने गरेको देखिन्छ । यही वंशावलीमा १९९० सालको भूकम्पमा रानीपोखरीको बीचको देवलको छाना अलि भत्केको र जुद्ध शमशेरले बनाइ दिएको भन्ने छ । छाना अलि भत्केर मन्दिरको पूरै स्वरूप परिवर्तन हुने गरी किन बनाएको होला जुन भनाइमा विरोधाभास लुकेकोले विश्वसनीय देखिदैंन ।

५) रानीपोखरीको माझमा राजा प्रताप मल्लले दथुदेग तीन तले छाना भएको देवल बनाए यो कुरा थ्यासफूमा उल्लेख छ भनी भनाइ राखेको छ । वास्तवमा उक्त थ्यासफूमा दिइएको सन्दर्भ रानीपोखरीको नभई अन्यत्र तिरको हुनाले रानीपोखरीसँग यो सन्दर्भको कुनै सम्वन्ध नै नरहेको प्रष्ट हुन्छ ।

६) रानीपोखरीको बीचको गुम्बजयुक्त मन्दिरमा अहिले मूलदेवताको रूपमा शिवलिंग छ । प्रतापमल्लका छोरा चक्रवर्तेन्द्रमल्ल कलिलै उमेरमा देहान्त भएकोले उनको नाममा बालगोपाल देवता स्थापना गराई मूलदेवता बालगोपाल कै मन्दिर बनेको थियो भनी प्रचार गरेको पाइन्छ । यदि यो सत्य भएको भए प्रतापमल्लका ती तमाम अभिलेखमा बालगोपालको नाम किन उल्लेख गरिएन भन्ने सवाल उठ्छ ।

७) प्रतापमल्लले आफ्नो जीवनकालमै छोराहरूलाई राज्य संचालन दिन लगाउदा चक्रवर्तेन्द्र मल्ल गद्दीमा बसेको केही दिन मै मृत्यु भएकोले उनको नाममा पोखरी बनाउनुको साथै पोखरी बीचको मन्दिरमा बालगोपाल मूर्ति थापना गराएको थियो । यसरी चक्रवर्तेन्द्रमल्लको नाममा पोखरी बनाइएतापनि पहिले देखिनै रानीको नाममा पोखरी निर्माण भइरहेको कारणले जनजिब्रोले रानीपोखरी नै प्रयोग भइआएको भन्ने मिथ्या प्रचार पनि छापाहरूमा देखा पर्ने गरेको छ । यदि यसमा केही सत्यता भएको भए रानीपोखरीको तत्कालीन अभिलेखहरूमा यसको कुनै गुञ्जाइस नै देखानपर्नु पर्ने किन भन्ने सवाल उठ्छ ।

८) वि.सं. १९९० उप्रान्त रानीपोखरीबारे लेखिएका लेख तथा पुस्तकहरू जेजति छन् त्यसमा रानीपोखरी बीचको दथुदेगलाई कसैले शिव

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मन्दिर त कसैले वालगोपालको मन्दिर भनी लेखी आएको देखिन्छ। काठमाडौंको ब्रिटिश रेजिडेन्सीमा डाक्टर भई नेपाल आएका हेनरि एमब्रोस ओल्डफील्डको बसाइ नेपालमा विसं १९०७ देखि विसं १९२० सम्म भएको थियो। उनको भनाइ अनुसार रानीपोखरीको दथुदेग लाई देवीको मन्दिर भनी लेखेका छन्। त्यो उनले आफ्नै आँखाले देखे अनुसार भनेको कुरा हो।

यसरी छरपष्ट पारिएका अरु पनि थुप्रै भ्रामक सूचनाहरू देखापर्ने गरेको छ जुन यस प्रकार छन्।

क) रानी भुवनलक्ष्मी भूपालेन्द्र मल्लकी रानी हुन् तर गद्दिनसिन भै सकेका आफ्नो छोरा चक्रवर्तेन्द्रमल्लको मृत्यु भएकोले सो पश्चात् उनै रानीको शोकविह्वललाई शान्ति दिलाउन प्रतापमल्लले रानीपोखरी बनाए भनी प्रचार गरेको हुनु।

ख) अभिलेखमा अंकित शाके संवत् अंक १५९२ र नेपालसंवत् ७९०को दुई मितिमा एक महिनाको अन्तर पर्न गएको भनी प्रचार गरेको हुनु।

ग) रानीपोखरीको चारसुरको अभिलेखमा देवनागरी लिपि र नेपाली भाषा प्रयोग हुनुमा नेवारहरू मात्र होइन नेपालका अरु जातिका मान्छे पनि यहा स्नान गर्न आउन् भनेर प्रयोग गरेको भनी प्रचार गरेको हुनु।

घ) नेपालमा तिनताक पहाडियाहरू रानीपोखरीका वरपर वस्ता रहेछन् यो पोखरी विशेषत: उनीहरूको उपयोगका लागि निर्माण गरेको भनी प्रचार गरेको हुनु।

ङ) नेसं ७९० आश्विन शुक्ल पूर्णिमालाई तद्नुसार विक्रम संवत् १७२७ आश्विन भनी प्रचार गरेको हुनु।

च) अभिलेखमा त्रिशुली र गोसाईकुण्डको उल्लेख नभए पनि रानीपोखरीमा पानी भर्दा त्रिशुली र गोसाईकुण्डको पानी पनि ल्याए भनी प्रचार गरेको हुनु।

छ) रानीपोखरीको निर्माण समय विक्रम संवत्मा उल्लेख गर्दा शाके १५९२ लाई शक मानेर त्यसमा १३५ जोडी बनेको १७२७ लाई विसं भनी प्रचार गरेको र महिना आश्विन नभनी कार्तिक भनी प्रचार गरेको हुनु।

ज) गलत इतिहास लेख्नेहरूले प्रतापमल्लले पाटनमा हरिसिद्धिको मन्दिर बनाए भनी प्रचार गरेको देखिन्छ। वास्तवमा हरिसिद्धिको मूर्तिसहितको मन्दिर यही रानीपोखरी बीचको मन्दिर हो। यही हरिसिद्धि देवीको मूर्तिको लक्षण नै अध्ययन नगरी कसैले शिव पार्वती, कसैल झंकेश्वरी भनेर प्रचार गरेको हुनु।

झ) त्यसरी नै हचुवाको भरमा लेख्नेहरूले रानीपोखरी बीचको मन्दिरलाई कसैले भीमेश्वर शिव मन्दिर भनी प्रचार गरेको त कसैले बालगोपालको मन्दिर भनी प्रचार गरेको हुनु।

ञ) रानीपोखरीको निर्माण पूरा हुनु अघि माधवनारायणको मूर्ति प्रतिष्ठा गरियो र पोखरीको निर्माण पूरा भैसकेपछि प्रस्तर हात्ती सहित प्रतापमल्ल र दुई छोराको सालिक स्थापना गरिएको हो तर अन्यथा हुने गरी प्रचार गरेको हुनु।

ट) चक्रवर्त्तेन्द्र मल्ल राजा भएको र उनको देहान्त नेसं ७८९मा भएको घटना इतिहासको अध्ययनले प्रष्टिने गर्दछ। यिनकै देहान्तले गर्दा रानीले शोक गरेकोले रानीपोखरी बनाउन लगाएको पनि लेख्ने गर्दछ भने ने.सं. ७८५ देखि नै रानीपोखरी बनाउन शुरु गराएको जस्ता अनमेल घटनाको प्रचार गरेको हुनु।

ठ) प्रतापमल्लको अर्को छोरा महीपतेन्द्र मल्लको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मृत्य पनि युवावस्था मै भएको हो तर राजा प्रतापमल्लको देहान्त पछि मात्र भएको इतिहासको अध्ययनले प्रष्टिने गर्दछ । तर पोखरीको दक्षिणमा रहेको गोलेपाटी अर्थात् हात्तीपाटी उनै महीपतेन्द्रको संभ्कनामा प्रतापमल्लले बनाएको जस्ता अनमेल घटनाको प्रचार गरेको हुनु ।

ड) रानीपोखरीको बीचको परमेश्वरीको देवल नेपाली तले शैलीको तीन तले छाना भएको देवल थियो र यो कुरा थ्यासफूमा उल्लेख छ भनी भ्रम फैलाउने गरेको पनि देख्न पाइएको छ । यो भ्रम मात्र हो भन्ने कुराको पुष्टी पोखरीको चार सुरमा रहेको भैरव भैरव , महालक्ष्मी सोह्रहाते गणेश को मन्दिर पनि तले शैलीको थियो भन्ने पनि उल्लेख भएको श्रोत देखाउन नसक्नु मुख्य प्रमाण हो । थ्यासफूमा तीन तले छाना भएको मन्दिरको प्रसंग खासमा च्यासींदेवलको बारेमा उल्लेख गरेको प्रसंग रानीपोखरीसँग ल्याएर जोडी प्रचार गरेको हुनु ।

सालमितिहरूका बारेमा

बिर्सनै नमिल्ने सिद्धान्त : – शकमा १३५ जोडे विक्रम संवत् र शकमा ७८ जोडे इश्वी सन आउँछ । नेपाल सवत्को शुरुवात शक ८०१ कार्तिकमा भएको तथ्य सर्वविदितै छ ।

प्रतापमल्लको जन्म

नेसं ७४३ जेष्ठ शुक्ल नवमी मंगलवार तद्नुसार विसं १६७९ जेठ हुन आउंछ ।

त्यो यसरी

नेसं ७४३ भनेको शक १५४३ को कार्तिक देखि शक १५४४ को आश्विन सम्म रहन्छ ।

नेसं ७४३ जेष्ठ भनेको शक १५४४को जेष्ठ हुने भयो ।

यसको विक्रम संवत् ल्याउन शक १५४४ जेष्ठमा १३५ जोड । यसको जोड भनेको विसं १६७९ जेष्ठ आइ सिद्ध भयो ।

प्रतापमल्लको राज्यारोहण

यिनले नेसं ७६१ तदनुसार विसं १६९७ भाद्र मा राज्यारोहण

नेसं ७६१ भनेको शक १५६१ को कार्तिक देखि शक १५६२ को आश्विन सम्म रहन्छ ।

यसको विक्रम संवत् ल्याउन

नेसं ७६१ भाद्र भनेको शक १५६२ भाद्र हुने भयो ।

यसको विक्रम संवत् ल्याउन शक १५६२ भाद्रमा १३५ जोड । यसको जोड भनेको विसं १६९७ भाद्र आइ सिद्ध भयो ।

प्रतापमल्लको देहान्त

नेसं ७९४ चैत्र शुक्ल एकादशीको दिन तदनुसार विसं १७३० चैत्रमा

नेसं ७९४ भनेको शक १५९४ को कार्तिक देखि शक १५९५को आश्विन सम्म रहन्छ ।

नेसं ७९४ चैत्र भनेको शक १५९५ चैत्र हुने भयो ।

यसको विक्रम संवत् ल्याउन शक १५९५ चैत्रमा १३५ जोडनु पर्ने हुन्छ ।

यसको जोड भनेको वि.सं. १७३० चैत्र आइ सिद्ध भयो ।

रानीपोखरीको प्रतिष्ठा

नेसं ७८९(तद्नुसार विसं १७२४(पन्त, २०७४) माघ शुक्ल त्रयोदशीका

नेसं ७८९ भनेको शक १५८९ को कार्तिक देखि शक १५९० को आश्विन सम्म रहन्छ ।

नेसं ७८९ माघ भनेको शक १५८९ माघ हुने भयो ।

यसको विक्रम संवत् ल्याउन शक १५८९ माघमा १३५ जोड्नु पर्ने हुन्छ ।

यसको जोड भनेको १७२४ माघ आइ सिद्ध भयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

माधव नारायणको स्थापना

नेसं ७९० (विसं १७२५) माघमा

नेसं ७९० भनेको शक १५९० को कार्तिकदेखि शक १५९१ को आश्विनसम्म रहन्छ ।

नेसं ७९० माघ भनेको शक १५९० माघ हुने भयो ।

यसको विक्रम संवत् ल्याउन शक १५९० माघमा १३५ जोड्नु पर्ने हुन्छ ।

यसको जोड भनेको १७२५ माघ आइ सिद्ध भयो ।

चार सुरमा शिलापत्र स्थापना

नेसं ७९० आश्विनमास शुक्लपक्ष पूर्णमास्यां तिथौ उत्रभद्रनक्षात्र ध्रुवजोगे सोमवार

नेसं ७९० भनेको शक १५९० को कार्तिकदेखि शक १५९१ को आश्विनसम्म रहन्छ ।

नेसं ७९० आश्विन भनेको शक १५९१ आश्विन हुने भयो ।

यसको विक्रम संवत् ल्याउन शक १५९१ आश्विनमा १३५ जोड्नु पर्ने भयो ।

यसको जोड भनेको १७२६ आश्विन आइ सिद्ध भयो ।

यही अभिलेखमा यही मितिको समानान्तर शाके १५९२ कार्तिक शुक्ल पूर्णिमा पनि दिइएको छ ।

यसमा अर्को बिर्सन नमिल्ने सिद्धान्त भनेको नेपाल संवतमा ८०२ जोडे पछि लिच्छवि संवत् आउंछ । लिच्छवि संवत् र नेपाल संवत् दुवै अमान्तमान क्यालेण्डर अनुसारको हो ।

यहाँ ने.सं. ७९० मा ८०२ जोडेर लिच्छवि संवत् १५९२ आउने हो जुन यहाँ यही दिइएको छ ।

यो १५९२ भनेको पनि शक १५९० को कार्तिकदेखि शक १५९१ को आश्विन सम्मनै रहने हो । नेपाल संवत्को जुनसुकै महिना होस् लिच्छवि संवत् र नेपाल संवत् बीच ८०२ वर्ष कै अन्तर रहन्छ । अतः यहाँ १५९२ जुन दिइएको छ यो शक होइन यो लिच्छवि संवत् हो । यसलाई शाके भनिएसम्म कुनै फरक परेन तर शक भने भन्न पाइने होइन भनी बुझ्न जरुरी छ ।

तर शक र शाके एउटै हो भन्ने धारणालाई जोडदार ढंगले समाति रहनेहरूले भ्रमवश लिच्छवि संवत् १५९२ लाई शाके संवत् माने । यही शाके १५९२ लाई शक र शाके एउटै ठानेर यहाँ १५९२ लाई नै शक सम्झे साथै शक भनेको पूर्णिमान्त क्यालेण्डर सम्झेर नेपाल संवत् अनुसार आश्विन कृष्ण पक्षलाई पूर्णिमान्त क्यालेण्डर अनुसार कार्तिक कृष्ण भन्नु स्वाभाविक हो । तर शुक्ल पक्ष चाहीं चाहे अमान्तमान होस् चाहे पूर्णिमान्तमान होस् दुवैको क्यालेण्डरमा शुक्ल पक्ष एउटै हो भन्ने यो अभिलेख लेख्ने पंडितहरूले नबुझेर गरेको त्रुटिको परिणामले गर्दा यो अभिलेखमा आश्विन शुक्ल पूर्णिमा लाई कार्तिक शुक्ल पूर्णिमा भनी भूलवश लेख्न पुगेको प्रष्ट देखिन्छ ।

यदि यो नेपाल संवत्को मिति भन्दा एक महिना पछिको मान्न थाल्यो भने नेपाल संवत् पनि कार्तिकमा अर्कै हुनपुग्छ । अतः कतिपय विद्वान हरूले यहाँ नेपाल संवत्को मिति भन्दा एक महिना पछिको भनी उल्लेख गरेका छन् । वास्तवमा त्यो धारणा सर्वथा गलत हो ।

तसर्थ शाके भनिएको लिच्छवि संवत् १५९२ र नेपाल संवत् ७९० को मास तिथि आश्विन शुक्ल पूर्णिमा उत्रभद्र नक्षत्र ध्रुवयोग सोमवार नै हो भनी निश्चयका साथ भन्न सक्दछौं ।

इतिहास संशोधनको प्रमाण प्रमेयमा यही लिच्छवि संवत् १५९२ लाई शक मानेर गणना गरिंदा मास तिथि वार नक्षात्र योग केही मेल खान आएन र यसको गणनाको परिणाम यस प्रकार छ भनी दिइएको छ । त्यतिमात्र होइन नेपाल संवत् ७९० आश्विन पूर्णिमाको योग पनि नमिलेको उल्लेख छ । वास्तवमा यसमा नेपाल संवत् को समानान्तर शक पहिचान नै नगरीकन गणना गरिएको कारणले नै गणना नमिलेको हो भन्ने खुलासा हुन आएको प्रमाण स्पष्ट छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिशिष्ट

(क)शिलालेखका शब्द तथा वाक्यांशहरूको अर्थ

रानीपोखरीको चार सुरमा रहेको शिलालेखको वाक्यांश भेद गरी अर्थ दिएको

ॐ नमः श्री श्री कालिकायै ।।–	ॐ श्री श्री कालिकालाई नमस्कार
शस्त्रशास्त्र संगीतादि–	शस्त्र , शास्त्र , संगीत आदि
सकल विद्यापारग–	सवै विद्यामा पारंगत भएका
महाराजाधिराज नेपालेश्वर –	महाराजाधिराज नेपालेश्वर
विदग्ध चूडाम णि–	परिपक्व अनुभविमा शिरोमणि कहलाएका
सकलराज चक्राधीश्वर–	सम्पूर्ण राज लक्षणले युक्त भएका चक्रवर्ती राजा जस्ता
श्री श्री राज राजेन्द–	श्री श्री राजामा इन्द्रजस्ता राजा
कवीन्द्र जय प्रतापमल्ल देवेन–	कवीन्द्र जय प्रतापमल्ल देवले ,
श्री श्री श्री परमेश्वर परमेश्वरी ब्रम्हभूमि –	श्री श्री श्री परमेश्वर परमेश्वरी को ब्रम्हभूमि
नेमंकृतं ।। –	नाम अंकित गराइयो ।
अत:परं भाखा ।। –	अव प्रचलित भाषामा ।
श्रीश्री जयप्रतापमल्लदेवेन,–	श्री श्री जय प्रतापमल्लदेवले
आफुले शास्त्र हेरिकन, –	आफुले शास्त्र अध्ययन गरी बुझीकन–
असंख्यास पुन्य देखिकन –	अनेकौं अनेक असंख्य पुण्य लाभ हुने देखेर
निकासिकन, गंगाआदि –	गंगा आदिबाट निकास खोल्दै
नाना तीर्थको जललेइकन –	नाना तीर्थहरूबाट जल ल्याईकन
महाराजाधीराज नेपालेश्वर राजराजेन्द्र –	महाराजाधिराज नेपालेश्वर राजामा इन्द्र राजा जस्ता
श्री श्री जय चक्रवर्त्तेन्द्रमल्लदेवको नामले–	श्री श्री जय चक्रवर्त्तेन्द्र मल्लदेवको नाममा
बनायाको पोषरि माहा राष्याको छ ।।–	बनाइएको यस पोखरीमा जल भर्ने कार्य गरियो ।
श्री वारानशिको गंगाजल ।।–	श्री वाराणशीको गंगाजल (वनारस काशीको गंगाजल)
श्री वैद्यनाथको गंगाजल ।।–	श्री वैद्यनाथको गंगाजल (भारत कै वैद्यनाथ)
श्रीवाग्मतिको जलभारि १०६४१ ।।–	श्री वागमतीको जलभारी १०६४१ (घडामा जल भरेर पोखरीमा खन्याउने काममा सायद १०६४१ जना मान्छे सहभागी भएको)
श्रीशंषमुलको जल ।।–	श्री शंखमूलको जल (पाटनको शंखमूल)
श्रीपनति तिर्थको संगमको जल ।।–	श्री पनौतिको त्रिवेणी संगम तीर्थको जल
श्रीगंडकिको जल ।। –	श्री गण्डकी नदीको जल
श्रीकौशिकिको जल ।।–	श्री कौशिकी (कुशेश्वरको जल)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीसुन्दरिनदिको जल वहाइकन पोषरि भऱ्या ।।–	श्री सुन्दरीजल देखि कुलो बनाइ पोखरीमा पानी भर्ने कार्य गरियो
श्रीनीलिकंठको जल भारि ६३ ।। –	श्री बुढानीलकण्ठबाट (घडामा जल भरेर पोखरीमा खन्याउने काममा सायद ६३ जना मान्छे सहभागी भएको)
श्रीविष्णुमतिको जल ।। –	श्री विष्णुमतीको जल
श्रीविश्वनाभको जल वहाइकन, –	श्री विष्णुमतीको मुहान जसलाई विष्णुपादुका अर्थात् विष्णाप पनि भनिन्छ त्यहाँदेखि पनि कुलो बनाइ पोखरीमा पानी भर्ने गरियो ।
आफुले संकल्पगरिकन पानि राष्यो ।। –	पोखरीमा पानी राखिदा राजाले संकल्प गर्दै राखियो ।
श्री तेचापको जल ।। –	श्री तेचापको जल (यो ठाउको नाउ अपभ्रश भइ तचापलि (चपलि) नाम भैसकको हुन सक्छ ।)
श्रीवागेश्वरको जल ।। –	श्री वागेश्वर नेपालगंज बाँकेमा पनि छ र भक्तपुरमा पनि छ ।
श्रीमनमतिको जल ।। –	श्री मनमतीको जल (श्री वलखुनदिको शाखा खोलाको नाम)
श्रीसंखदहको जल ।।–	श्री शंखदहको जल (जुमलामा पनि शंखदह छ र साँखुको शालिनदी पनि हो ।)
श्री कागेश्वरको जल ।।–	कागेश्वरको जल(साखु गागलफेदीलाई कागेश्वर भन्छ)
श्रीवाग्मतिनाभको जल ।। –	वागमतीको मुहान वाग्दुवारको जल
श्रीसपन तिर्थको जल ।।–	श्री सपन तीर्थ(टोखाको सपनतीर्थको) जल
श्रीकोमतिको जल ।।–	श्री कुंभेश्वरको जल(एउटा अभिलेखमा कोमति नभनी कुंभेश्वर भनिएको)
श्रीङाम्हुटुको जल ।। –	श्री ङा भन्नाले माछा र म्हुतु भन्नाले मुख बुझिने हुँदा (माछाको मुखबाट झरेको पानी) को जल
श्रीवालानिलकंठको जल ।। –	श्री वालानीलकण्ठ बालाजुको नीलकण्ठबाट ल्याएको जल
श्रीत्याङाको जल ।। –	संभवतः नाम अपभ्रंश भैसकेको तीर्थको जल
श्रीमशिलको जल ।। –	श्री मनशिल तीर्थको जल
श्रीथयपिको जल ।। –	संभवतः नाम अपभ्रंश भै थसि भएको हुनसक्छ
श्रीसप्तकौशिकिको .जल ।।–	श्री सप्त कोशीको जल
श्रीतौदहको जल ।। –	श्री चोभारको तौदहको जल
श्रीकटुवालको जल ।।–	श्री कटुवाल दहको जल (वागमतीको अन्तिम भाग)
श्रीमातातिर्थको जल ।। –	श्री मातातीर्थको जल
श्रीइन्द्रदहकोजल ।। –	श्री इन्द्रदहको जल
श्रीगोकर्णको जल ।। –	श्री गोकर्णको जल
श्रीज्ञानवापिको जल।।–	श्री ज्ञानवापिको जल (लेले सरश्वती कुण्डको जल)
श्रीपशुकुण्डको जल ।। –	श्री पशुपतिको जल (एउटा अभिलेखमा पशुकुण्ड नभनी पशुपति भनिएको)
श्रीसीताकुण्डको जल ।। –	श्री सीताकुण्डको जल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीटेषुदोभानको जल ।। – श्री टेकुदोभानको जल

श्रीहनुमन्तघाटको जल ।।– श्री हनुमन्तघाटको जल

श्री गोलहिटि दहको जल ।। – संभवत: गोदावरी कुण्डको जल

श्रीज्वालामुषिको जल ।।– श्री ज्वालामुखीको जल(दैलेखको ज्वालास्थानको जल)

श्रीमुक्तिक्षेत्रको जल ।।– श्री मुक्तिनाथको जल

श्रीकालिगण्डकिको जल।।– श्री कालिगण्डकीकोजल

श्रीश्वेत गण्डकिको जल ।। – श्री सेतीगण्डकीको जल

श्रीसरजुगंगाको जल ।।– श्री सरयुनदी को जल (भारतको सरजुगंगाको जल)

श्रीमालिकाको जल ।। – श्री वडीमालिको जल

श्रीपातालगंगाको जल ।।– श्री पातालगंगाको जल (भारतको पाताल गंगा , पोखरामा पनि छ)

श्रीप्यग्रग (प्रयाग) गंगा जमुना सरस्वति त्रिवेनीको जल ।।– श्री प्रयागको त्रिवेणी गंगा जमुना सरस्वतीको जल

श्रीकमलेश्वरीको जल ।।– श्री कमलेश्वरी (भारतको कमलेश्वरी)को जल

श्रीसप्तगण्डकिको जल ।।– श्री सप्तगण्डकीको जल

श्रीवाराहक्षेत्रको जल ।।– श्री वराहक्षेत्रको जल

श्रीगंगासागरको जल ।। – श्री गंगासागरको जल (भारतको गंगासागर)

श्रीसमुद्रकोजल ।। – श्री समुद्रको जल

श्रीअनन्तलिंगको जल ।। – श्री अनन्तलिंगेश्वरको जल (भक्तपुर)

श्रीशिपाडोलको जल ।। – श्री डोलेश्वरको जल

एति तिर्थको जल – यति तीर्थको जल

एक एक तिर्थको– एक एक तीर्थको

अनेक अनेक फल,– अनेक अनेक फल

एति तिर्थ सवै यो पोषरिमाहा छ ,– यति तीर्थको जल राखिएकोले यी सवै तीर्थ यही पोखरीमा छ भनी जान्नु

यो पोषरिमाहा स्नान गरिकन,– यो पोखरीमा स्नान गरिकन

देव तर्प्पन, पितरतर्प्पण संध्या आदि समस्त कर्म्म, – देवतर्पण, पितृतर्पण सन्ध्यातर्पण आदि संपूर्ण क्रिया कर्म

जसले गर्‍यो एति तीर्थ माहास्नान गर्‍याको – जसले यी कुनै कर्म गरिन् भने यति तीर्थमा गई महास्नान गरे सरह

कर्म्म गर्‍याको पुन्यफल पावनु छ,– कर्म गरेको पुण्य फल पाउनु हुनेछ ।

रानीपोखरीको सीमाना चार किल्ला यसरी खुलाइएको छ

तेतन ढोषा बाहिर पनालि माथिको देवलले –असनदेखि रानीपोखरी आउने बाटोमा कमलाछी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसलाई तँलाछि पनि भनिन्छ । यहाँ शहर बाहिर निस्कने ढोका थियो यसैलाई तेतन ढोका भनिएको हो । रानीपोखरीको उत्तर पश्चिम कुनामा तेतन ढोका, पनालीधारा (जसलाई झंगल थकुहिटी भन्छ) धारा माथि देवल (त्यसपछि)

सदावर्त्ति गुठिको षेत, – सदावर्त गुठीको खेत (त्यसपछि)

जमल, द्वाकचलको दक्षिण,– जमल, द्वाकचल भन्ने ठाउँ त्यहाबाट दक्षिण

टुसागाल देवल– टुसागालको देवल

श्री उपाध्याको पनालि, – श्री उपाध्यायको धारा पनाली

वालमसान पश्चिम उमदेको देवल– वालमसान, त्यहाँबाट पश्चिम उमदेको देवल

कुला देषि मासव खेलको उत्तर – कुलादेखि मासवखेल तहाँबाट उत्तर

असन पनालि चौरको माथिको देवल– असन पनाली चौर माथिको देवल

श्रीकान्तिपुर नगरको पूर्व्व ।। – कान्तिपुर नगरदेखि पूर्व

एति भूमि मध्य माहा धर्नुरोजो – यति भूमि भित्र कुनै किसिमको खनजोत, तोडफोड जस्ता कार्य गर्न पाइन्न, ।

हान्मारु गर्नु आत्महत्या आदि – काटमार जस्ता कार्य,आत्महत्या आदि गर्न र गराउन दिन पाइन्न ।

कसैले केहि पाप यो पोषरि माहा गर्न्या नाहि,– यी मात्र होइन कुनै किसिमको पाप कर्म यो पोखरी भए ठाउमा गर्न पाइन्न ।

कसैले गर्‍या हुदा,– यदि कसैले गर्‍यो भने

कोटि अगम्यागमन,– कोटि अगम्यगमन गरेको (अगम्य गमन भनेको परस्त्री, परपुरुष, हाडनाता करणी, पशुकरणी आदि इत्यादि गमन गरेको पाप भनेको)

कोटि अभक्ष्याभक्षण,– कोटि अभक्ष्याभक्षण (अभक्षा भक्षण भनेको गौमास, नरमास आदि इत्यादि खान वर्जित गरेका वस्तु खाएको पाप भनेको)

कोटि ब्रम्हहथ्या, कोटि गोहथ्या, कोटि गुरुहथ्या, – ब्रम्हहत्या, गाइ हत्या,गुरुहत्या अत्यन्त ठूलो पाप हो त्यसमाथि अझ कोटि भनेपछि त्यसको सीमा कति हो कति वयान गरेर साध्य छैन भनेको बुझ्नु पर्छ ।

कोटि वालहथ्या, कोटि स्त्रिहथ्या– बाल हत्या र स्त्रीहत्या पनि अत्यन्त ठूलो पाप हो त्यसमाथि कोटि भनेपछि यसको पनि बयान गरेर साध्य छैन भनेको हो ।

कोटि शिवलिंग ध्वंसन, गर्‍याको पाप, – शिवलिग ध्वंष्ट गर्नु भनेको ठूलो अपराध र पाप हो त्यसमाथि कोटि भनेपछि बयान गरेर साध्य छैन ।

एति तिर्थमाहा पाप गर्‍याको–कुनै तीर्थमा यस्ता पाप गरे भने ठूलो पाप भन्छ भने यति तीर्थमा पाप गरेको त सीमा नै रहेन ।

एति तिर्थमाहा वस्याको – यति तीर्थमा पाप गरेर वसेको छ भने पनि पापी नै हुन्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीश्रीश्री परमेश्वर परमेश्वरी नास्याको पाप – तिनीहरूले श्री ३ परमेश्वर परमेश्वरीलाई नाश गरे जत्ति कै पापी भन्ने हुन्

तस्का सिर कदाचित् हट गरि वस्या हुदा रह्या हुदा – त्यही भएर त्यसता पापीहरूको शिर छिनालेको नै किन नहोस् र पापीहरूलाई मारेर बसेको हो भने पनि त्यसलाई कसूर लाग्दैन ।

घिस्याइ अफाल्या वाध्या टिल्या प्राश्चित्त नाहि, – घिसारी घिसारी मारेर फालेको होस् तापनि त्यस्तालाई मार्ने जो छ उसलाई कुनै प्रकारको दोष पनि लाग्दैन र उसले कुनै प्रायश्चित गर्नु पर्दैन ।

दृष्टसाक्षि श्रीआदित्य श्रीचन्द्रमा, अग्नि, – देखी जान्ने साक्षीहरू सूर्य, चन्द्रमा, अग्नी ,

पृथ्वि,जल,आकास, वायु, आत्मा यम, दिनरात्रि,संध्या, धर्म्म,– पृथ्वी, जल आकाश वायुआत्मा, यम, दिन रात्री सन्ध्या धर्म यी भनेका अविनाशी तत्त्व हुन् ।

श्रीव्राम्हण पांच, प्रधान पांच ।। खसमगर पांच ।। ।। –श्री ब्राम्हण पाँच, प्रधान पाँच(नेवार) र खसमगर पाँचलाई पनि साक्षीको रुपमा उपस्थित राखेको ।

श्रीशाके १५९२ कार्तिक शुदि पूर्णिमा ।। – यो लिच्छवि संवत् १५९२ आश्विन शुक्ल पूर्णिमा हो यसलाई   श्रीशाके १५९२ कार्तिक शुदि पूर्णिमा भनी उल्लेख गर्न पुगेको छ । १५९२ लाई शाके भन्नु भूल होइन तर १५९२ लाइ शक भन्नु भूल हो र आश्विन पूर्णिमालाई कार्तिक पूर्णिमा भन्नु पनि भूल नै थियो ।

थ्व साहासन सुनानं, सेनकरसा,– यो शिलापत्र कसैले बिगारेमा

यिचिर थिचिर यातसा – यसको हिनामिना गरेमा

गुप्त यातसा । – लोप गरेमा

आखर छ्‌गवर तनसां सुतसां– शिलापत्रमा कुनै एउटा अक्षर थपेमा वा कुनै एउटा अक्षर मेटेमा

थे ल्हास्यंतक्व हथ्या पाप राक जुरो ।।–यस शिलापत्रमा जे जति पाप लागोस् भनी लेखिएको हो ती सवै नै पाप लागोस्

सूनानं थ्व साहासन निदान याङान भिनकरसा – यदि कसैले यो शिलापत्र निदान गरी हित भावले जतन गरी विग्रन बाट बचाइ संरक्षण गरी राख्ला

थे धाको पुन्य राक जुरो ।।– यो शिलापत्रमा भनिएको लेखिएको पुण्य जति सवै लागोस् ।

संम्वत् ७९० आश्विनमास शुक्लपक्ष पूर्णमास्यां तिथौ– नेपाल संवत् ७९० आश्विन महिना शुक्ल पक्ष पूर्णिमा तिथि ।

उत्रभद्रनक्षत्र ध्रुवजोगे सोमवार थ्व कुन्हु ।। ।। – उत्तरभाद्र नक्षत्र, ध्रुव योगमा , सोमवार को यसदिनमा

लिखितं श्री वशिष्ट शर्मणा ।। – यो लेखाइ लेख्ने पं श्री वशिष्ट शर्मा हुनुहुन्छ । वायव्य कोणको शिलालेखमा पं कृष्णदेव मिश्रको नाम छ ।

शुभम् ।।– शुभ होस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तारिख गणना :

अभिलेखमा दिइएको मितिः शाके १५९२ ने ं ७९० माघशुक्ल पूर्णिमा मंगलवार (शक १५९० को कार्तिक देखि शक १५९१ को आश्विन म्म रहने गर्छ)

इष्ट शक : शक १५९० माघ(किनकि माघमा शक १६९० हुने भएकोले)इष्ट इश्वी नः न १६६९(माघमा इश्वी न फेरि क्ने तर शक नफेरिने अवस्था भएकोले शक १६९० मा ७९ जोड्नु पर्ने भएको)तिथिगण : माघ म्म आउन - चै१,वै२,जे३अ४, ा५,भा६,आ७,का८, मं९ पु१० +माघपुर्णिमा १५=१०□३०+१५=३१५ दिन उपकरण दिन मेष तिथ्यन्तमा दिन ८ आएकोले ३१५−८=३०७उपकरण

न्या ंख्या १

विवरण	शक	ति.शु	वार	इ ं	तारिख	र.क	च.क
ध्रुव कोष्ठ.१	−७९	२४.६०	५.६९	०	१६.९४□	१०५.७	२८१.५
गतिकोष्ठ१	१६००	२९.८६	१.२०	१६००	२२.२०	३५४.६	७६.५
गतिकोष्ठ२	६८	२.२४	१.४३	६८	०.४३	३५९.८	११४.०
गतिकोष्ठ२	१	११.०६	१.२६	१	०.२६	०.०	३१९.३
क्षेपक		६७.७६	९.५८		५९.००	८२०.१	७९१.३
मेषादौ	१५९०	७.७६□	२.५८□	१६६९	९८.८३	१००.१□	७१.३□
तिथिभोग्यम्		+०.२४	+०.२४		+०.२४	+०.२	+०.२
कालान्तरम्−			−०.९		−०.९	−०.०१	+०.०९
मेष तिथ्यन्त		८.००	१.९२		९८.१७	१००.२९	७१.५९
गतिकोष्ठ३को पूर्वार्ध		३००.००	१.३१		२९५.३१	२९१.४	२५८.२
		७.००	६.८९		६.८९	६.८	६.०
		३१५	३.१२		४०.३७	३८.४९	३३५.७९
माघ शुकल पूर्णिमाको रवि पराख्य र चन्द्रपराख्यको अन्तरस्पष्ट तिथ्यन्त धनम्			+०.०२		+०.०२	+०.११७	− ०.०९२
			३.१४		४०.३९	अन्तर +०.२	
			−०.१४		−०.१४		
			३.००		४०.२५		
ूर्योदय कोष्ठ ४					−३१		
					७.२५		
			मंगलवार		फेव्रुअरी ७		

परिणामः− शाके १५९२ ने ं ७९० माघ शुक्ल पूर्णिमा मंगलवार को तारिख गणना गर्दा इश्वी न १६६९ फेव्रुअरी ७ तारिख मंगलवार नै आई तारिख र वार ि द्ध भयो ।

अभिलेखमा दिइएको मितिः शाके १५९२ नेसं ७९० आश्वीन शुक्ल पूर्णिमा सोमवार (शक १५९० को कार्तिकदेखि शक १५९१ को आश्विनसम्म रहने गर्छ)

इष्ट शक : शक १५९१ आश्विन(किनकि आाश्विनमा शक १५९१ हुने भएकोले) इष्ट इश्वीसनः सन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१६६९(आश्विनमा इश्वी सन फेरि सक्ने र शक पनि फेरिएको अवस्था भएकोले शक १६९० मा ७८ जोड्नु पर्ने भएको)तिथिगण : आश्विन सम्म आउन - चै१,वै२,जे३अ४,सा५,भा६, +आश्विन पूर्णिमा १५=६ X३०+१५=१९५ दिन उपकरण दिन मेष तिथ्यन्तमा दिन ८ आएकोले १९५–८=१८७ उपकरण

न्यास संख्या २

विवरण	शक	ति.शु	वार	इसं	तारिख	र.क	च.क
ध्रुव कोष्ठ १	–७८	२४.६०	५.६९	०	१६.९४*	१०५.७	२८१.५
गतिकोष्ठ१	१६००	२९.८६	१.२०	१६००	२२.२०	३५४.६	७६.५
गतिकोष्ठ२	६८	२.२४	१.४३	६८	०.४३	३५९.८	११४.०
गतिकोष्ठ२	१	११.०६	१.२६	१	०.२६	०.०	३१९.३
क्षेपक		६७.७६	९.५८		५९.००	८२०.१	७९१.३
मेषादौ	१५९०	७.७६*	२.५८*	१६६९	९८.८३	१००.१*	७१.३*
तिथिभोग्यम्		+०.२४	+०.२४		+०.२४	+०.२	+०.२
कालान्तरम्–			–०.९		–०.९	–०.०१	+०.०९
मेष तिथ्यन्त		८.००	१.९२		९८.१७	१००.२९	७१.५९
गतिकोष्ठ३को पूर्वार्ध		१००.००	०.४३		९८.४३	९७.०	८६.१
		८०.००	१.७५		७८.७५	७७.६	६८.८
		७.००	६.८९		६.८९	६.८	६.०
		१९५	३.९९		२८२.२४	२८१.६९	२३२.४९
आश्विन शुकल पूर्णिमाको रवि पराख्य र चन्द्रपराख्यको अन्तरस्पष्ट तिथ्यन्त ऋणम्			–०.५१		–०.५१	–०.१७०	–०.३४३
			३.४८		२८१.७३	अन्तर –०.५१३	
			–०.४८		–०.४८		
			३.००		२८१.२५		
सूर्योदय कोष्ठ ४					–२७३		
					८.२५		
			मंगलवार		अक्टोवर ८		

परिणामः– शाके १५९२ नेसं ७९० आश्विन शुक्ल पूर्णिमा सोमबारको तारिख गणना गर्दा इश्वीसन् १६६९ अक्टोवर ८ तारिख मंगलवार आएको छ । काठमाडौमा आश्विनको कोजाग्रत पूर्णिमा अघिल्लो दिनलाई श्रीघ पुन्हि र पछिल्लो दिनलाई कतिं पुन्हि गरी कोजाग्रत पूर्णिमा दुई दिन मनाउने चलन भएकोले अभिलेख राख्दाको दिन अघिल्लो लिएकोले सोमवार लेख्न पुगेको हो । अतः सोमबारलाई पूर्णिमा मान्यो भने अक्टोवर ७ तारिख र मंगलवारलाई पूर्णिमा मान्यो भने अक्टोवर ८ तारिख सिद्ध हुन्छ ।

सहयोग लिएका पुस्तक तथा लेखहरू

१. देवमाला वंशावली – श्री योगी देवीनाथ मृगस्थली – सूर शमशेर जवरा २०१३ ।

२. पुरातत्त्व पत्र संग्रह भाग १–संपा.शंकरमान राजवंशी–पुरातत्त्व र संस्कृति विभाग नेपाल, २०१६ ।

३. अभिलेख संग्रह भाग तेस्रो – संशोधन मण्डल नेपाल , २०१८ ।

४. इतिहास संशोधनको प्रमाण प्रमेय पहिलो भाग–जगदम्बा प्रकाशन मालाको सत्ताइसौं ग्रन्थ, २०१९

५. हनुमानढोका राजदरबार– गौतमवज्र वज्राचार्य– नेपाल र एशियाली अध्ययन संस्थान त्रिवि.२०३३ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

६. नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन – लीलाभक्त मुनंकर्मी –श्रीमती भवानी केशरी मुनंकर्मी, घटखा टोल भक्तपुर , २०४१ ।

७. नेपालको मल्लकालीन इतिहास – पेशल दाहाल – श्रीमती कमला दाहाल विराटनगर २०४१ ।

८. पाँच सय वर्ष –संपा. वालकृष्ण पोखरेल– साफा प्रकाशन , पुल्चोक २०४३ ।

९. रानीपोखरीको इतिहास –शंकरमान राजवंशी– सोह्रहाते गणेश व्यापार समिति,रत्नपार्क,२०५० ।

१०. टुंडिखेल वरपरका विद्यमान स्मारक एवं देवस्थलहरू– साफल्य अमात्य– काठमाडौं महानगरपालिका, २०५३ ।

११ नेपाली भाषाका हजार वर्ष – मोहन प्रसाद खनाल –राइनो पव्लिकेशन प्रा.लि काठमाडौं, २०६८ ।

१२. नेपालको प्राचीन र मध्यकालीन इतिहास– प्रा.डा. श्रीराम प्रसाद उपाध्याय –रत्न पुस्तक भण्डार काठमाडौं ,२०६८ ।

१३. नेपालका पछिल्ला मल्ल राजाहरूको आपसी अन्तः कलह खण्ड १ – श्रीकृष्ण आचार्य– श्रीकृष्ण आचार्य, २०६९ ।

१४. जनैपूर्णिमादेखि रानीपोखरीसम्म– डा. महेशराज पन्त – खिलशर्म राजीव लोचन जोशी स्मारक प्रतिष्ठान काठमाडौं , २०७४ ।

१५. इतिहासका थप पृष्ठहरू – डा. गोविन्द टण्डन –साङ्ग्रिला पुस्तक प्रा.लि काठमाडौं, २०७७ ।

लेखहरू

१. न्हूपुखु वा रानीपोखरी– संशोधन मण्डलको पूर्णिमा पूर्णांक ५६, २०४० ।

२. उपत्यकाका ऐतिहासिक पोखरीहरू र तिनको वर्तमान अवस्था– डा. सन्ध्या खनाल –पुरातत्त्व विभागको मुखपत्र प्राचीन नेपाल संख्या १९५, २०७४ ।

३. नेपालको काठमाडौंको रानीपोखरीः एक ऐतिहासिक सम्पदा –चुडादेव सिंह लामा घिसिङ– नेपाल सम्पदा संघ भद्रकाली, २०७४ ।

English Books

1 . Medieval Nepal vol. II—D.R Regmi—Rupa Co. New Delhi . 1965 .

2 . Medieval Nepal vol. III—D.R Regmi— Ferma K.L.Mukhopadh—yaya,Calcutta . 1966 .

3 . Medieval Nepal vol. IV —D.R Regmi—The Author,Patna . 1966 .

4.. Kathmandu Valley 1, The Preservation of Physical Environment and Cultural Heritage A protective Inventory— Dr.Carl Pruscha—Anton Schroll & Co, Publishers, Vienna, 1975.

5. Nepal Mandala,A Cultural Study of the Kathmandu Valley vol 1 text—Mary Shepherd Slusser — Princeton University Press US — Princeton New Jersey.1982.

Article

1. Ranipokhari:A National Heritage of Nepal—Dr. Gopal Dhaubanjar—Ancient Nepal, Journal of the Department of the Archaeology. No.186 June 2014.

❑❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रानीपोखरीको उत्तरपश्चिम कोणमा रहेको शिलालेख





रानीपोखरीको दक्षिणपश्चिम कोणमा रहेको शिलालेख

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रानीपोखरीको उत्तरपूर्व कोणमाा रहेको शिलालेख



रानीपोखरी भित्री भागको माधवनारयण मूर्तिको पादपीठ अभिलेख

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तेन्ग्युर ग्रन्थमालामा उल्लेखित नेपाली लेखक तथा अनुवादकहरूको संक्षिप्त विवरण

-पुण्य प्रसाद पराजुली*

भोटमा इशाको सातौं शताब्दीमा संभोट लिपिको आविस्कार भएपछि संस्कृत, पाली, प्राकृत, अपभ्रंश, पैशाची आदि भारतीय मूलका भाषाहरूबाट भोट भाषामा बौद्ध ग्रन्थहरूको अनुवाद शुरु भएको थियो । यो क्रम बीसौं शताब्दीसम्म पनि कायमै थियो । भोट सम्राट स्रोङचेन गाम्पोका मन्त्री थोन्मी संभोट नेपाल र उत्तर भारतमा आएर यहाँ प्रचलित गुप्त लिपिको निर्माण गरेपछि उनकै सम्मानमा उक्त लिपिलाई संभोट लिपि भनिन थाल्यो । थोन्मी संभोटले भोट व्याकरण लेख्नुका साथै २१ ग्रन्थहरू संस्कृत भाषाबाट उल्था गरेका थिए । संस्कृत भाषा अध्ययन गरेर भोट भाषामा उल्था गर्ने भोट विद्वान्हरूलाई लोक चक्षुपाद भनिन्थ्यो । यदि पदवीलाई संक्षेपमा लोचपा भनिन्छ जसलाई भोटको उच्चारण पद्धतिअनुसार लोचावा भन्ने गरिन्छ । यसरी भोटको इतिहासमा थोन्मी संभोट पहिलो लेखक र लोचावा हुन् ।

शब्द विद्या, हेतु विद्या, अध्यात्म विद्या, चिकित्सा विद्या र वास्तुविद्या जस्ता पञ्च विद्या स्थानहरूमा निपूण विद्वानलाई पण्डित उपाधि दिने प्रचलन छ । केही भोट विद्वान्हरू पनि यी पाँच विद्याहरूमा निपुण भई पण्डित उपाधि पाएका छन् । बाह्रौं शताब्दीका साक्या गुम्बाका उपाध्याय भिक्षु कुन्गा ग्याल्छेनको विद्याको स्तर देखेर भारतको नालन्दा महाविहारमा उपाध्याय भइसकेका काश्मीरी पण्डित शाक्य श्री भद्रले साक्या गुम्बामै पुगी साक्या पण्डित भन्ने पदवी दिएका थिए । पछि थुप्रै भोटभाषी विद्वान्हरूले पण्डित उपाधि पाएका छन् । भोटमा निमन्त्रणा गरिएका भारतीय र नेपाली मूलका संस्कृतभाषी विद्वान्हरूलाई सामान्यतया पण्डित शब्द नै प्रयोग गरेको पाइन्छ ।

आठौं शताब्दीमा भोटको साम्ये गुम्बाको स्थापना भएपछि विभिन्न कक्षहरूमध्ये एउटा अनुवाद कक्ष नै बनाइयो जसलाई लोचालिङ भनिन्थ्यो । त्यसमा भारत वर्षबाट झिकाएका पण्डित र संस्कृत भाषाविद् भोटका लोचावाहरू बसेर अनुवाद गर्दथे भने अनुभवी शुछेन पद पाएका सम्पादकहरूले सम्पादन गरेपछि मात्र प्रकाशन गनि योग्य बन्थ्यो । यसरी आठौं र नवौं शताब्दीमा साम्ये गुम्बाको लोचालिङ परिसरमा अनुवाद गरिएका ग्रन्थहरूको पुष्पिका वाक्यमा भारतीय पण्डित, भोटका लोचावा र सम्पादकहरूको नाम सँगसँगै राखिएको पाइन्छ । भारतीय भाषाहरूमा प्रचलित संस्कृत शब्दहरूलाई सङ्कलन गरी

*तिब्बति लिपिविद्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महाव्युत्पत्ति ग्रन्थ बनाइयो । ती शब्दहरूको भोट भाषाको अर्थ बुझाउने स्तरीय द्वैभाषिक शब्दकोश नै निर्माण गरियो जसलाई तेन्युर ग्रन्थमाला अन्तर्गत विविध (नाछोग) वर्गमा राखिएको छ । राजा ठिदे सोङचेन (राल्पा चेन) को पालामा त भारतीय आचार्यहरू र भोटका लोचावाहरूको उपस्थितिमा भएको सभामा त अनुवाद निर्देशिका नै जारी गरियो । संस्कृत शब्दलाई भोट भाषामा अनुवाद गर्ने क्रममा निर्धारित शब्द प्रयोग नगरी अन्य शब्द प्रयोग गरेमा दण्ड सजाय हुने राजपत्र नै जारी भयो जुन 'डाज्योर भाम्पो न्यीपा' नामले प्रख्यात छ । यसरी राजाको प्रत्यक्ष उपस्थितिमा भारतीय आचार्यहरू र भोटका लोचावाहरूको सुझावको आधारमा बनेको निर्देशिका अनुसार अनुवाद भएकाले अनुवाद कार्य व्यवस्थित भएको पाइन्छ । नवौं शताब्दीसम्म अनुवाद भएका ग्रन्थहरूको सूची 'देन्कारमा' नाम सूचीपत्रमा पाइन्छ ।

प्रारम्भिक चरणमा भोटमा आवश्यक पर्ने बुद्धवचन र बौद्ध शास्त्रहरूलाई एकै साथ अनुवाद गरेको पाइन्छ । चौथो शताब्दीसम्म अनुवाद भएका बौद्ध ग्रन्थहरूलाई अध्ययन गरी भुतोन रिन्छेन डुब (सन् १२९०-१३६१) नामक भोट विद्वान्ले बुद्धवचनलाई 'का' भनी छुट्याए भने बौद्धशास्त्रहरूलाई तेन्च्यो (शास्त्र) भनी छुट्याए । अनुवादलाई ग्युर भनिने भएकाले बुद्धवचन अनुवादलाई काग्युर भनियो भने बौद्धशास्त्र अनुवादलाई संक्षिप्त रूपमा तेन्युर भनियो । तेन् तेन्च्योको संक्षिप्त रूपमा भएकाले बौद्ध शास्त्रहरूका भोट भाषामा अनुदित ग्रन्थमाला नै तेन्ग्युर हो । हाल प्रचलनमा रहेका नार्थाङ तेन्युरमा ३९३४ ग्रन्थहरू २२५ ठेलीमा समेटिएका छन् भने देगे तेन्युरमा भने ३४५८ ग्रन्थहरू सम्मिलित छन् । राष्ट्रिय अभिलेखालयको तिब्बती सङ्कलनमा नार्थाङ तेन्ग्युरको पूरै सेट उपलब्ध छ भने देगे तेन्युरका ८ ठेली ग्रन्थहरू मात्र उपलब्ध छन् । यिनीहरूमध्ये १७१५ ग्रन्थहरूको सूचीपत्र पनि प्रकाशित भइसकेको छ ।

तेन्युर ग्रन्थ मालामा प्राय भारतवर्षका लेखकहरूका कृतिहरूको अनुवाद गरिएको छ । अनुवादकहरू प्रायः भोटका छन् । केही भोटका मौलिक ग्रन्थहरू पनि भोटको प्राचीन शास्त्र (भोङराव क्यी तेन् च्यो) अन्तर्गत रहेका छन् । केही ग्रन्थहरू नेपाली लेखकका छन् भने तेह्र जना नेपालीहरूले अनुवाद गरेको उल्लेख छ । केही ग्रन्थहरू नेपालमै अनुवाद भएका छन् । यो लेखमा नेपाली लेखक र अनुवादकहरूको संक्षिप्त चर्चा गरी नेपाली लेखक श्रीसेन (पाल्दे) विरचित चौरासी सिद्धहरूको चित्र लेखन विधि (ढुव थोव्ग्ये च्युचा स्यीइ ढिथाव) को विस्तृत चर्चा गरिन्छ ।

एघारौं शताब्दी अगाडिका अनुवादहरूमा नेपालीहरूको संलग्नता देखिन्न । एघारौं शताब्दीमा भारत जाने क्रममा डोग्मी लोचावा (सन् ९९३-१०७७) र मार्पा लोचावा (सन् १०१२-१०९७) ले नेपाली गुरुहरू फम्फिङ भ्राता, च्यीथेर्पा, पैण्डपातिक आदिसँग बौद्धधर्म सिकेको कुरा उनीहरूको जीवनीमा पाइन्छ । अतीश दीपङ्करश्री ज्ञानलाई भोटमा लैजानेमध्येका एक जना नाग्छो लोचावालाई त अबौद्ध र बौद्ध बीचको शास्त्रार्थमा अबौद्धको तर्फबाट प्रस्तुत हुन भक्तपुरका विद्वानहरूले अनुरोध नै गरेका थिए । भोटका अनुवादक घार छोक्यी स्हाङ्पोसँग मिलेर नेपाली विद्वान देवपूर्णमतिले १८ भन्दा बढी वज्रपाणि विषयक ग्रन्थहरू भोट भाषामा अनुवाद गरेको कुरा पोका नं. १५८ मा राखिएका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्रन्थ संख्या ९९४ देखि १०११ सम्मको पुष्पिका वाक्यहरूमै देखिन्छ । सन् १२२६ देखि १२३४ सम्म आठ वर्ष नेपाल बसेका धर्मस्वामि नामले प्रसिद्ध छ्याग लोचावा छोजे पाल स्हाङ्पो (११९७-१२११) ले नेपाली पण्डित रविन्द्ररुचिसँग मिलेर अनुवाद गरेका रक्त यमारीसँग सम्बन्धित ५ वटा ग्रन्थहरू पोका नं. १५७ मा सम्मिलित छन् । यही पोकामा मुस्ताङ्गे अनुवादक (लोवो लोचावा) शेराब रिन्छेनले दर्पणाचार्यसँग मिलेर गरेका ९ ग्रन्थहरू पाइन्छन् । एघारौं शताब्दीमै काठमाण्डौंको चोभार गुफा क्षेत्रमा सक्रिय रा लोचावा दोर्जे डागले नेपाली विद्वान् महाकारुणिकसँग मिलेर वज्रभैरव विषयक २ ग्रन्थहरू अनुवाद गरेका थिए भने भारो छ्याग्दुम नामले प्रसिद्ध गुरुसँग अभिषेक लिएर यमान्तक सम्बन्धी अनुवाद गरेका कुरा रा लोचावाको जीवनीमै पनि उल्लेखित छ । नाग्छो लोचावा छुल्ठीम ग्याल्वाले पोका नं. १५६ को श्री यमारितन्त्र पञ्जिका सहजालोक र पोका नं. १६२ को अभिषेक निरुक्ति ग्रन्थ नेपाली विद्वान शान्तिभद्रसँग मिलेर गरेको पाइन्छ । कृष्ण यमारिसाधनम् नामक ग्रन्थ नेपाली विद्वान सुमतिचन्द्र र छोग छ्याग छुङ्वाले गरेको छन् । अर्का नेपाली विद्वान वरेन्द्र रुचिले पनि थुप्रै ग्रन्थहरू भोट भाषामा अनुवाद गरेका छन् । अरू नेपाली अनुवादकहरूमा कनकश्री, मानकश्री, क्षान्तिश्री, गेसे दित, अनुत्पाद महासुख, महापन, महापर, मञ्जुश्री, जेतकर्ण, वागीश्वरको नाम धेरै ग्रन्थहरूको पुष्पिका वाक्यमा पाइन्छ । यी नामहरू हालसम्म सूचीकरण भएका ग्रन्थहरूको पुष्पिवाक्यमा लेखिएको भाल्पो शब्दको आधारमा दिइएको हो । प्राचीन कालदेखि नै नेपाललाई भाल्युल र नेपालीलाई भाल्पो भन्ने प्रचलन भोट लगायतका हिमाली क्षेत्रमा प्रचलित छ । यसरी भोट भाषामा बौद्ध ग्रन्थहरू अनुवाद गर्ने क्रममा भारतीयहरूको अलावा नेपाली विद्वान्हरूको पनि योगदान रहेको छ ।

थुप्रै भोटका अनुवादकहरू नेपाल आएर यहाँ रहेका नेपाली तथा भारतीय पण्डितहरूसँग बसेर संस्कृत भाषाका बौद्ध ग्रन्थहरूलाई भोट भाषामा अनुवाद गरेका छन् । काश्मीरी पिता र भारतीय माताबाट नेपालमै जन्मिएका बौद्ध विद्वान् बुद्धश्रीज्ञानले थुप्रै ग्रन्थहरू भोट भाषामा अनुवाद गर्न सहयोग गरेका छन् । ठोफु लोचावा नामले चिनिने नुव झ्याम्पे पाल (सन् ११७२-१२३६) ले चित्तरत्न विशोधन मार्गफल (सेम रिन्पोछे ज्योङ्वाई लाम्डे) ग्रन्थ बुद्धश्रीज्ञानसँग मिलेर नेपालको यंगाल मन्दिरमा बसेर अनुवाद गरेका थिए । उनैले अर्का भारतीय गुरु जगन्मित्रानन्द (मित्रजोगी) सँग मिलेर स्वचित्त विश्रामोपदेशः पञ्चविंशतिका गाथा (राङ्घी सेम् ङाल् सोवाई मेनङाग छिग्सु चेपा न्यीशु चा ङा पा) तथा बन्धविमुक्तशास्त्र (छिङ्वा नाम्दोन हयी तेन्च्यो) जस्ता धेरै ग्रन्थहरू नेपालको धुलाङ सेरखाङमा अनुवाद गरेका थिए । घुलाङ भन्नाले नेपाल भाषाको ग्वल जस्तै पशुपति क्षेत्रलाई जनाउने शब्द हो । शेरखाङ भन्नाले सुवर्ण गृह बुझिन्छ जो पशुपतिको सुनौला मन्दिर हुन सक्छ । यसरी ग्वल देशको नामबाट प्रसिद्ध देवपाटन क्षेत्र बाह्रौं शताब्दीतिर बौद्धधर्मको केन्द्रको रूपमा रहेको देखिन्छ । भारतबाट आएका सिद्ध मित्रजोगी (जगन्मित्रानन्द) को जीवनीमा पनि पशुपति क्षेत्रको विस्तृत रूपमा बयान गरिएको छ । ठोफु लोचावाले लेखेको पनि भारतीय बौद्ध गुरुहरूको जीवनीमा उनले ती गुरुहरूसँग मिलेर अनुवाद गरेका ग्रन्थहरूको नाम उल्लेख छ । मित्रजोगीका सय धर्म (मित्रग्याचा) नामले चिनिने अवलोकितेश्वरसँग सम्बन्धित १०८ ग्रन्थहरूको अनुवाद काठमाडौंमै भएको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तेन्युर ग्रन्थमालामा लेखकहरूको सूचीमा दुई नेपाली विद्वान्हरूको नाम उल्लेखित छ । राष्ट्रिय अभिलेखालयको सङ्कलनमा रहेको तेन्युर भित्र वास्तुविद्या (स्हो रिग्) वर्गमा नेपाली भिक्षु श्रीसेन (पाल्दे) विरचित ढुब्थोव् ग्येच्यु चाशिई ढिथाव (चौरासी सिद्धहरूको चित्रलेखन विधि) को पुष्पिका वाक्यमा उल्लेखित वाक्यांश नेपालको इतिहासको महत्त्वपूर्ण दस्तावेज हो । नार्थाङ तेन्युरको स्होरिगद्यो अंकित ३२४ पोका भित्रका ३६ ग्रन्थहरूमध्ये सातौं ग्रन्थको रूपमा श्रीसेन विरचित ३ पन्नाको ग्रन्थ छ ।

'सर्वज्ञलाई वन्दना गर्छु' भनी शुरू गरिएको यो ग्रन्थको अन्तमा भिक्षु पाल्दे (श्रीसेन) ले सम्पूर्ण प्राणीहरूको हितका लागि लेखेको हुँ लेखिएको छ । भारतवर्षमा प्रचलित चौरासी सिद्धहरूमध्ये लुहिपाको क्रमबाट शुरू गरी येशे न्युगु (ज्ञानाङ्कुर) सम्मका सिद्धहरूको वर्ण तथा एकल वा युगल भन्ने मात्र उल्लेख गरिएको यो ग्रन्थमा उल्लेखित केही सिद्धहरू अभयदत्तश्री वर्णित सिद्धहरूको सूची भन्दा भिन्न पनि छन् । कुनै कुनै सिद्धहरूका हस्त मुद्रा पनि उल्लेख गरिएको छ । वाङ्छ्युग दोर्जेले दुर्लभ बौद्ध ग्रन्थ शोध योजना सारनाथबाट प्रकाशित 'धी' पत्रिकामा वज्रासनपद र भिक्षु श्रीसेनद्वारा वर्णित चौरासी सिद्ध नामक लेखमा पनि यो ग्रन्थको उपयोग गरेका छन् ।

पुष्पिका वाक्यमा उल्लेखित वाक्यलाई लिप्यान्तर गर्दा यस्तो हुन्छ- **मि फाम् दा वा धाङ् भ व भ ट वा धाङ् गे वाई घो छ्या धाङ् ने श्यीई डुव् थोव् धाङ् च्ये पा भाल् पोई युल् घ्यी भु लोन् खो पा न्याम् ने लो न्यी ग्या ङा च्यु चा चिग् ना वा दाई नाग् पो छ्योग् क्यी छे ढुग् घी न्यीन् भार कार मा लाग् ला गे लोङ् पाल्दे सेम् च्येन् थाम् च्ये क्यी धोन् धु ढि पा हो ।**

यसको शाब्दिक अनुवाद यस्तो हुन्छ – **'अजित चन्द्र भव भट्टव कल्याण वर्मा र चतुः पीठ सिद्ध सहित भएर नेपाल देशको ऋण समाधान भएदेखिको २५१ वर्षमा महिनाको कृष्ण पक्ष षष्ठी तिथि हस्ता नक्षात्रमा भिक्षु श्रीसेनद्वारा सर्वसत्त्व हितका लागि लेखिएको हो ।'**

सामान्यतया लेखकहरूले तिथि मिति नलेख्ने चलन छ तर यो ग्रन्थमा चाहिँ संवत् र तिथि दुवै लेखिएको छ । त्यसबेलाका शिलालेख र अभिलेखहरूमा नेपाल संवत् लेख्ने चलन भएकाले लेखकले पनि सोही आशयको साल लेख्न खोजेको देखिन्छ । नेपालमा जनताहरूको ऋणमोचनको खुशीयालीमा नयाँ संवत् चलाइएको भन्ने मान्यता अनुसार नेपालको ऋण समाधान गरेको वा व्यवस्थित गरेको वा मिलाएको समयदेखि २५१ वर्ष पछि राखिएको देखिन्छ । काशी नाथ तमोटज्यूले शङ्खधरकृत नेपाल संवत् पुस्तकमा उक्त संवत्को पुष्टि गर्न श्रीसेनको यही पुष्पिका वाक्यको प्रयोग गर्नु भएको छ । इस्वी संवत्को ८७९ मा नेपाल संवत् शुरू हुने भएकाले यो ग्रन्थको रचना सन् ११३० (८६९+२५१) मा भएको देखिन्छ ।

देर्गेमा छापिएको तेन्युरको स्हो रिग्पा वर्गको ङो ग्रन्थमाला भित्र यो पुस्तकलाई ढुव्थोव् ग्येचुईङोन्पार तोग्पा (चतुरशीतिसिद्ध अभिसमय) नाम दिइएको छ । तेन्युरका कुनै संस्करणहरूमा चतुरशिती सिद्धलेखोपाय पनि लेखेको पाइन्छ । राष्ट्रिय अभिलेखालयको पोका नं.३७२ मा रहेको यो ग्रन्थको अरू सबै कुरा समान भए पनि पुष्पिका वाक्यमा वर्ष दिने क्रममा लो न्यी ग्या गु च्यु चाचिग (२९१ वर्ष पछि) भन्ने उल्लेख छ । शुरूका लिपिकारहरू 'ङा' र 'गु' मा झुक्किएका देखिन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसले गर्दा ४० वर्ष फरक पर्छ । तर गणनाको शुरूको विन्दु एउटै भएकाले नेपालको ऋण तिरेको भन्ने विषयमा धेरै अन्तर पर्दैन । यसरी भोटमा अनुदित नेपाली लेखकका ग्रन्थहरूमा नेपालमा प्रचलित संवत् उल्लेखित भएको यो ग्रन्थ पहिलो हुन सक्छ । अनुवादको नाम उल्लेख नभएको यो ग्रन्थ नेपालको इतिहास अध्ययन गर्ने व्यक्तिहरूका लागि महत्त्वपूर्ण छ ।

तेन्ग्युर ग्रन्थमालामा अर्का नेपाली पण्डित शमथदेव (श्यीनेल्हा) हुन् । नारथाङ तेन्ग्युरको ङोन्पा 'तु' अंकित ग्रन्थको पुरै २८६ पन्ना भरी र थुको पूर्वाधमा रहेको यो ग्रन्थको नाम 'ज्यो क्यी डेल शे न्येवार खोवा लोव्पोन भाल्पो श्यीनेल्हे जेपा श्युग्सो' छ जसको संस्कृत अर्थ अभिधर्मकोषोपायिक नाम टीका डेल्शे न्येवार खोवा स्ये झ्यावा (अभिधर्म कोशटीकोपायिका नाम) छ । लेखकको नाम भाल्पो पण्डित स्यी ने ल्हा (नेपाली पण्डित शमथदेव) छ । पण्डित जयश्री र भोटका लोचावा खाम्पा शेराव होशेरद्वारा काश्मीरको अनुपमनगरको बीचमा रहेको जरमो विहारमा अनुवाद भएको हो । अभिधर्म जस्तो जटील विषयमा नेपाली लेखकले लेखेको पुस्तक काश्मीरमा अनुवाद हुनु गौरवको कुरा हो । पण्डित शमथदेवको विस्तृत जीवनी हालसम्म भेटिएको छैन ।

सन्दर्भ ग्रन्थ सूची

तमोट, काशीनाथ (ने.सं. ११२९) **शङ्खधरकृत नेपाल संवत्** यल : नेपालमण्डल अनुसन्धान गुथि

दोर्जे, वाङ्छ्युग (इ.सं.१९८६) **वज्र आसनपाद तथा भिक्षु श्रीसेनद्वारा वर्णित चौरासी सिद्ध** धी अकं १, सारनाथ केन्द्रीय उच्च तिब्बती शिक्षा संस्थान पृ.२३९-२५६

पराजुली, पुण्य प्रसाद (२०७४) **राष्ट्रिय अभिलेखालयको तिब्वती शाखाको सर्वेक्षण**, अभिलेख (अंक ३५) काठमाण्डु राष्ट्रिय अभिलेखालय पृ.१२३-१२५

Bühmeman, Gudrun (2008) **Buddhist Iconography and Ritual in Paintings and Line Drawings from Nepal.** Lumbini, LIRI

Parajuli, Punya Prasad (2077) **Catalogue of Tibetan Texts (Vol.10)**, Kathmandu: National Archives.

□□

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

काठमाडौ उपत्यकास्थित मन्दिरहरूका शिलालेखहरूको लगत अध्ययन

– निरणकुमार राजवंशी*

लेखसार :

ऐतिहासिक एवं सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण प्राचीन स्मारकहरू एवं अभिलेखीय वस्तुहरू नेपालको हरेक क्षेत्रमा यत्रतत्र छरिएर रहेका छन् । ती मध्ये काठमाडौं उपत्यका भित्र मात्र ७ वटा विश्व सम्पदा सूचीमा सूचीकृत स्थलहरू एवं अनगिन्ति मन्दिर र स्मारकहरू रहेका छन् । त्यहाँ स्थित अभिलेख वस्तुहरू इतिहासका महत्त्वपूर्ण श्रोत हुन् । तिनीहरू कहाँ छन् र कस्तो अवस्थामा छन् विवरण जानकारीमा ल्याउनु आवश्यक भइरहेको थियो । फलतः २०७२ सालको बैशाख महिनामा गएको भूकम्पका धक्काहरू प्रेरणादायी भूमिकाको रुपमा सिद्ध भयो । नेपालको जनता र सम्पदाका लागि उक्त भूकम्प धेरै विनाशकारी रह्यो । जसले असङ्ख्य जनधन एवं अमूल्य सांस्कृतिक सम्पदाहरूको क्षति हुन पुग्यो । यसरी क्षति भएका स्मारक वा सम्पदाहरूको पुनरुद्धार तथा पुनर्निर्माण गर्ने अभियानमा विभिन्न सम्पदाप्रेमी संघसंस्था एवं व्यक्तिहरू दिलोज्यान दिएर लागे । सम्पदाको इतिहास बोल्ने शिलालेख, ताम्रपत्र, काष्ठपत्र इत्यादि पनि सम्पदा भत्केर पाताल भएका थुप्रोमुनि पुरिएका थिए । यस्ता अभिलेखका श्रोतहरू के कस्ता अवस्थामा छन् भन्ने खोज गरी विवरण सङ्कलन गरी ऐतिहासिक स्मारकहरूको तथ्य सुरक्षित गर्ने अवधारणा उक्त आवश्यकता पूर्ति गर्ने उपादेयता हुन् ।

उपर्युक्त आवश्यकतालाई बुझेर राष्ट्रिय अभिलेखालयले भूकम्प पछि क्षति भएका ऐतिहासिक स्मारकहरूको निरीक्षण, लगत संकलन र सम्पादन गर्ने उद्देश्यले काठमाडौं उपत्यकाका मन्दिरहरूको अवस्था लगायत त्यहाँ स्थित अभिलेखहरूको अवस्थाको स्थलगत अन्वेषण र अध्ययन गरी विवरण संकलन गर्ने पहल गरेका हुन् । लगत सम्पादनका क्रममा गर्ने मुख्य कार्यहरू ऐतिहासिक स्मारकहरूको अध्ययन गर्ने, ती स्मारकहरूको अभिलेखको अवस्थाको अध्ययन गर्ने, स्मारकहरू तथा अभिलेखको फोटो सहित शोधग्रन्थ प्रतिवेदनको रुपमा लगत तयार गर्ने, स्मारक र अभिलेखको संरक्षण सम्बन्धी सुझाव र टिप्पणी सहित विवरण तयार गर्ने हुन् । यस कार्यले लिएको मुख्य अपेक्षा भनेको स्मारकहरूको पुरातात्त्विक महत्त्वबारे जानकारी हुने र तिनीहरूको व्यवस्थापन र संरक्षणमा सहयोग पुग्ने लगायत अध्ययन अनुसन्धान गर्नेहरूका लागि पनि अमूल्य श्रोत बन्ने योगदान हुनेछन् भन्ने हुन् ।

शब्दकुञ्जिका : काष्ठपत्र, ताम्रपत्र, द्योछें, देवस्थल, देवालय, पुष्पिकावाक्य, लिप्यान्तर, शिलालेखउतार, सनद ।

* प्रमुख अभिलेख अधिकृत

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय प्रवेश :

ऐतिहासिक महत्त्वका लिखित दस्तावेजहरू अभिलेखीय महत्त्वका अमूल्य सम्पदा हुन् । यस्ता महत्त्वपूर्ण अभिलेखहरू मध्ये यहाँ चर्चा गर्न खोजेको मूल सन्दर्भ मन्दिरहरूमा पाइने अभिलेखका बारेमा हुन् । जुन अभिलेखबाट महत्त्वपूर्ण विवरण प्राप्त हुन्छन् । मन्दिरहरूमा पाइने अभिलेख भन्नाले एउटा लिखित विवरण जहाँ आराध्य देवी वा देवता स्थापना गरिएको पवित्र स्थल रहेका हुन्छन् र त्यस विवरणले इतिहास व्यक्त गर्दछन् । काठमाडौं उपत्यका जहाँ पाइला पाइलामा संस्कारित कुनै न कुनै मन्दिर भेटिन्छन् । मन्दिर त्यस्तो पवित्र स्थललाई भनिन्छ जहाँ देवी वा देवता वास गरेको हुन्छ । काठमाडौं उपत्यकाका मूल निवासी नेवारहरू हुन् । नेवारी भाषामा देवी वा देवताको वास रहेको घरलाई द्योछें भनिन्छ । द्योछें शव्दको अर्थ मन्दिर भन्ने हुन्छ । यस्तै देवता बस्ने आलय वा स्थल देवालय वा देवस्थल भनिन्छ । यसरी देवस्थल रहेको सत्तल, पाटी, पौवा, मठ, धारा, पँधेरा, इनार, कुवा, डबली, आँगन, चोक, दैलो, पिठ देखि घर तथा दरबार जहाँ पूजाकोठा राखिएका हुन्छन् । देवता भावना गरिएका सबै ठाउँलाई मन्दिर नै भावना गरिएका पाइन्छन् । यसरी मन्दिरको पूजाआजा संस्कार चलाउने अक्षय आयस्ता राखेको र कसले, कहिले, कुन अभिलाषा लिएर राखिएका हुन् कसैले परम्परा मास्न नपाओस् भनेर कर्तव्य बाँधेर शिलापत्र, शिलास्तम्भमा उल्लेख गरेर राखिदिएका हुन्छन् । ऐतिहासिक कालमा राजा वा शासकहरूले सनद जारी गरेका हुन्थे । जसले समुदायका रितिथिति, सांस्कृतिक, धार्मिक आस्था पनि गाँसेका हुन्छन् । यस्ता लिखित प्रमाण ऐतिहासिक महत्त्वका अभिलेख हुन् । पूर्खाले राखेका यस्ता अभिलेख वर्तमान र भविश्यका सन्ततिहरूका लागि गौरवमय निधि हुन् ।

नेपालमा अभिलेख अध्ययन पृष्ठभूमि :

नेपालमा विगतमा जनचेतनाको अभाव हुनाले भनौं वा कमि हुनाले धेरै अभिलेखहरू विनास भएका छन् । अज्ञानका कारण मानिसहरूले शिलालेखलाई घर बनाउन, मशला पिस्न र मन्दिरमा चन्दन घोट्नमा प्रयोग गर्ने तथा धातुमा लेखिएका ताम्रपत्र पनि गालेर अन्य काममा प्रयोग गर्ने काम गरिएबाट ऐतिहासिक महत्त्वका थुप्रै पुराना शिलालेखहरू लोप भइसकेका छन् ।

भारतमा अभिलेखहरूको अन्वेशन गर्ने थालनी बृटिस शासनकालमा भएका थिए । यस कार्यका लागि चार्ल्स विल्किन्स (१७८५), पंडित राधाकान्त शर्मा, ज्ञानचन्द्र, बविंगटन, कप्तान ट्रायर, डा. मील, गौरिशंकर हिराचन्द्र ओझा, ब्यूहलर, कनिंघम र फ्लिन्ट आदि नाम उल्लेख्य थिए । नेपालमा अभिलेख अध्ययन गर्ने पृष्ठभूमि भारतबाट आयात भएका थिए । फलतः नेपालका अभिलेखहरू अध्ययन र प्रकाशन गर्ने कार्य पनि सर्वप्रथम विदेशीहरूले नै गरेको देखिन्छ । यस क्रममा नेपालका पन्ध्रवटा लिच्छवि शिलालेखहरू सङ्कलन गरी अभिलेखको आधारमा तथ्यपूर्ण इतिहास लेख्ने कार्य सर्वप्रथम वि.सं. १९३७ मा भगवानलाल इन्द्रजीले प्रारम्भ गरेका थिए । इन्द्रजी पछि सेसिल बेण्डालले सन् १९४३ मा नेपालका चारवटा अभिलेखहरू बेलायतबाट प्रकाशन गरेका थिए । यसैगरी सिल्भाँ लेभीले पनि सन् १९६५ मा नेपालका २१ वटा अभिलेखहरू प्रकाशित गरेका थिए । वि.सं. २०१० मा योगी नरहरिनाथ, बुद्धिसागर पराजुलिले 'संस्कृत सन्देश' मार्फत् शिलापत्रहरूको प्रकाशन गरेका थिए ।

नेपालमा वि.सं. २००७ साल अगाडि राणा शासनको समयमा नेपाली विद्वान्हरूले यहाँका अभिलेखहरू अध्ययन गर्ने प्रयास गर्न सकेको थिएन । राणा शासनको अन्त्य पश्चात् सन् १९५० पछि नेपालीहरूले यस कार्यमा स्वतन्त्रता पाए । यसरी राणा शासनको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अवशान पछिमात्र नेपाली विद्वान्हरू यसतर्फ प्रवृत भएको पाइन्छ । त्यसबीच वि.सं. २०१३ मा रेनिइरो नोलीले 'नेप्लिज इन्स्क्रिप्सनस् इन गुप्त क्यारेक्टर्स्' भनी ९२ वटा शिलापत्र प्रकाशन गरे । यसमा उनले पुराना केही प्रकाशित अभिलेखहरूको अशुद्धि हटाएर नयाँ ३९ वटा अभिलेख थप गरेर प्रकाशन गर्ने गरेका थिए । यसै गरी वि.सं. २०१५ सालमा अमेरिकाका टोमस ओ व्यालिन्जरले लिच्छविकालका ५ वटा चित्रलिपि छापे भने त्यस पछि नेपालका अभिलेख अध्ययन गर्ने कार्य नेपाली विद्वान्हरूले गरेका देखिन्छन् । यस क्रममा वि.सं. २०३० मा धनवज्र वज्राचार्यले 'लिच्छविकालका अभिलेख', 'पूर्वमध्यकालका अभिलेख' तथा 'मध्यकालका अभिलेख' 'शाहकालका अभिलेख' प्रकाशित गरे । त्यस्तै हरिराम जोशीले 'नेपालको प्राचीन अभिलेख' शिलापत्रको उतार सहितको फोटो समेत राखी प्रकाशन गरे । डिल्लीरमण रेग्मीले 'मेडिएभल नेपाल' (१९६६) मा अभिलेख प्रकाशित गरे । त्यस्तै संशोधन मण्डलले प्रकाशित गरेको 'अभिलेख संग्रह' (१९६१-१९६४) १२ वटा अंकहरू उल्लेख्य छन् । राष्ट्रिय अभिलेखालयमा लगभग तीनहजार भन्दा बढी शिलालेखका उतारहरू सङ्कलनमा छन् । उक्त सङ्कलित शिलालेखका उतारहरू सङ्कलनका लागि पण्डित सिद्धिहर्ष वज्राचार्य (१८७९-१९५२) र उनका छोरा चित्तहर्ष वज्राचार्यको योगदान उल्लेख्य मानिन्छ । शंकरमान राजवंशीले 'भक्तपुर शिलालेख सूची' (२०२०) र 'कान्तिपुर शिलालेख सूची' (२०२७) प्रकाशन गराएको ती शिलालेखका उतारहरूको सङ्कलन बाटै हुन् । हेमराज शाक्यले पनि लिपि प्रकाश तथा शिलापत्रहरू र कोलेफोन (पुष्पिका वाक्य) प्रकाशन गरेका थिए । यी अभिलेखहरू नेपालको इतिहास र संस्कृतिको अध्ययनका लागि महत्त्वपूर्ण श्रोतको रुपमा रहेका छन् ।

अभिलेखहरूको लगत सङ्कलन :

काठमाडौं उपत्यका भित्र मन्दिरहरू रहेका स्मारक स्थलहरूबाट सङ्कलित राष्ट्रिय अभिलेखालयको सङ्कलनमा रहेका लगभग तीनहजार भन्दा बढी उपर्युक्त शिलालेखका उतारहरूको आधारमा हाल ती स्थलहरूमा शिलालेखहरू यथा अवस्थामा छन् वा छैनन् भन्ने खोज गर्नु र विवरण सङ्कलन गर्नु लगत निमार्णको मूल उद्देश्य थियो । राष्ट्रिय अभिलेखालयमा सङ्कलनमा रहेका शिलालेखका उतारहरूको सूचीहरू बनाइएका छन् । ती सूचीहरू दुई भाग छन् । एक कान्तिपुर शिलालेख सूची र अर्को पाटन, भक्तपुर तथा अन्य क्षेत्रहरूको शिलालेख सूची भन्ने रहेका छन् । त्यस मध्ये कान्तिपुरको शिलालेखहरू १२१७ संख्या, पाटनको ११७४ संख्या, भक्तपुरको ४१२ संख्या तथा अन्य क्षेत्रहरूको १३६ संख्या रहेका छन् । काठमाडौं उपत्यका भित्रका क्षेत्रहरूमा गरिएका मन्दिर तथा अभिलेखहरूको अध्ययन र विवरण सङ्कलन यहाँ चर्चा गर्न लागिएको विषय हो । सङ्कलित अभिलेख विवरण यस प्रकारका छन् ।

१. भूकम्प पछि ललितपुर जिल्लाका ऐतिहासिक सम्पदा क्षेत्रहरूमा रहेको अभिलेखहरूको विवरण आ.व. २०७३/०७४ मा ५५० वटा सङ्कलन, भाग १ र २

- ५५० सङ्कलित अभिलेख मध्ये पाटन शिलालेख सूचीबाट २७३ वटा अभिलेख परेका छन् ।

२. भूकम्पपछि भक्तपुर जिल्लाका ऐतिहासिक सम्पदा क्षेत्रहरूमा रहेको अभिलेखहरूको विवरण आ.व. २०७४/०७५ मा ६४७ वटा सङ्कलन, भाग १ र २

- ६४७ सङ्कलित अभिलेख मध्ये भक्तपुर शिलालेख सूचीबाट ६१ वटा अभिलेख परेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३. भूकम्प पछि काठमाडौं जिल्लाका (वडा नं १ देखि १६ सम्मका) ऐतिहासिक सम्पदा क्षेत्रहरूमा रहेको अभिलेखहरूको विवरण आ.व. २०७५/०७६ मा ७३७ वटा सङ्कलन, भाग १ र २

- ७३७ सङ्कलित अभिलेख मध्ये कान्तिपुर शिलालेख सूचीबाट ८१ वटा अभिलेख परेका छन् ।

४. भूकम्पपछि काठमाडौं जिल्लाका (वडा नं १७ देखि ३२ सम्मका) ऐतिहासिक सम्पदा क्षेत्रहरूमा रहेको अभिलेखहरूको विवरण आ.व. २०७६/०७७ मा ५०० वटा सङ्कलन, भाग ३ र ४

- ५०० सङ्कलित अभिलेखमध्ये कान्तिपुर शिलालेख सूचीबाट ६८ वटा अभिलेख परेका छन् ।

अभिलेख विवरण सङ्कलनको ढाँचा :

लगत निर्माणको लागि आवश्यक विवरण सङ्कलन गर्न स्वीकृत ढाँचा (फर्म्याट) बमोजिम विवरण भर्ने फारम जसमा तोकिएको तथ्याङ्क निम्नानुसार भर्ने उद्देश्य रहेका थिए । हेर्नुहोस् नमूना परिशिष्ट १.

१. संख्या : सङ्कलित अभिलेखको संख्या अर्थात् क्रम संख्या उल्लेख गर्ने

२. सङ्कलन मिति : अभिलेख सङ्कलन भएको मिति उल्लेख गर्ने

३. स्मारकको नाम : मन्दिरको नाम उल्लेख गर्ने

४. स्थान : टोल, वडा, जिल्ला ठेगाना उल्लेख गर्ने

५. पदार्थ/वस्तु : पदार्थको नाम (जस्तै प्रस्तर) उल्लेख गर्ने

६. शीर्षक : अभिलेखको शिर्षभागमा उल्लेखित विवरण उल्लेख गर्ने

७. नाप : अभिलेखको साइज उल्लेख गर्ने

८. जि.पि.एस. नक्सा : जसले खास स्मारक कुन स्थानमा अवस्थित गर्दछ देखाउने नक्सा संलग्न गर्ने

९. लिपि : प्रयोग गरिएको लिपिको नाम उल्लेख गर्ने

१०. मिति : अभिलेख राखिएको मिति उल्लेख गर्ने

११. संस्थापक : अभिलेख राख्ने राजा वा व्यक्तिको नाम उल्लेख गर्ने

१२. भाषा : व्यक्त भाषा उल्लेख गर्ने

१३. अभिमुख : अभिलेख फर्काइएको वा फर्किएको दिशा उल्लेख गर्ने

१४. पंक्ति : जतिवटा लाइनमा लेखिएको हुन्छ सो पंक्ति उल्लेख गर्ने

१५. अवस्था : बिग्रिएको वा नबिग्रिएको जुन स्थितिमा छ सो उल्लेख गर्ने

१६. पूर्ण/अपूर्ण : पूरा भाग रहेको अवस्थामा फेला परेको छ वा छैन उल्लेख गर्ने

    क) भूकम्प अघि : भूकम्प अघि कस्तो थियो विवरण, (राष्ट्रिय अभिलेखालयको सङ्कलित शिलालेख उतारको फोटो) संलग्न गर्ने

    ख) भूकम्प पछि : भूकम्प पछि कुन अवस्थामा प्राप्त भएको छ विवरण सहित फोटो संलग्न गर्ने

१७. प्रकाशित श्रोत : लेखकको नाम, कृतिको नाम, (मिति) पृष्ठ संख्या उल्लेख गर्ने

१८. पाठ : लिप्यान्तर (प्रयोग गरिएको लिपिबाट देवनागरी लिपिमा उतार) यहाँ पुरा पाठ संलग्न गर्ने सम्भव नभएकोले सार मात्र राख्ने भएको थियो, उल्लेख गर्ने

१९. टिप्पणी : जे जस्तो अवस्थामा देखिन्छ त्यसको व्यहोरा उल्लेख गर्ने, साथमा राष्ट्रिय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिलेखालयको शिलालेख सूचीमा बट्टा नं र अभिलेख संख्या जति जतिमा रहेको छ सो को उल्लेख ।

अभिलेख विवरण सङ्कलन गर्ने आधार तथा समस्या :

माथि उल्लेखित राष्ट्रिय अभिलेखालयमा सङ्कलनमा रहेका शिलालेखका उतारहरूको सुचीहरू अभिलेख अध्ययन गर्ने महत्त्वपूर्ण आधार हुन् । मूलतः ती सूचीमा भएका अभिलेखहरू नै यथा स्थानमा यथा अवस्थामा बचेका छन् कि छैनन् भन्ने अध्ययन गर्नु लगत निर्माणको मुख्य उद्देश्य हुनाले खोज गर्ने आधार ती सूचीहरू हुन् । सूचीमा हेरेर अभिलेखको नाम पत्ता लागेपछि भण्डारणमा राखिएका अभिलेख खोज्न सकिने व्यवस्था रहेको पाइन्छ । शिलालेखको उतारको पत्रलाई एउटा खाममा राखीएको हुन्छ । त्यस्तो केहि खामहरूलाई एउटा बट्टामा राखिएका हुन्छन् । हरिताल लगाइएको नेपाली कागजबाट त्यस्तो खाम बनाइएको हुन्छ । केमिकलयुक्त मोटो बाक्लो कागजबाटै बनेको बट्टाभित्र शिलालेखको उतारको पत्र राखेर ढुलो, ढुसी र ओसबाट बचाएर राखिएको हुन्छ । राष्ट्रिय अभिलेखालयमा यसरी अभिलेखलाई सुरक्षित राख्नु संरक्षण विधि हो । हरेक शिलालेख उतार पत्रको माथि बाँयापट्टि शिलालेख प्राप्त भएको अभिलेख सङ्ख्या सहित ठाउँको नाम उल्लेखेको छोटो परिचय दिइएको पाइन्छ । हुबहु सोही परिचय खाममा पनि दिइएको पाइन्छ । (हेर्नुहोस् नमूना चित्र, परिशिष्ट २) खाममा उल्लेखित बमोजिमको नाम सूची किताबमा जनाइएको पाइन्छ । लगत निर्माणको उद्देश्य अनुसार अध्ययन गर्ने र खोजी गर्ने कार्य यही शिलालेख सूची हेर्ने कार्यबाट आरम्भ हुन्छन् । अभिलेख अध्ययन तथा विवरण सङ्कलन गर्ने कार्यका लागि स्थलगत अध्ययनको साथसाथै अभिलेख सामग्री जुटाउने कार्य साथसाथै अघि बढाउनु पर्नेहुन्छ । स्थलगत अध्ययन गर्ने क्रममा विभिन्न थरी समस्याहरू भएका पाइन्छन् । ती समस्याहरू निम्नलिखित प्रकारका पाइन्छन् :

१. विज्ञले विवरण तयार गर्छन् टाइपिस्टले टाइप गर्छन् । यसरी तयार भएका सूचीमा कैयन् ठाउँहरूमा छपाइ गल्तीहरू तथा शव्दहरू अदलबदल भएका पाइन्छन् । जसले व्यहोरा फरक पर्न गएको र सूचीको नाम अनुसार ठाउँ खोज्न र ठाउँ पत्ता लगाउन नै समस्या रहेको पाइन्छ ।

२. समय फेरिँदै जाँदा भाषा फेरिनु र त्यस्तै ठाउँको नाम पनि फेरिएको पाइएका छन् । राष्ट्रिय अभिलेखालयमा सङ्कलित शिलालेख उतारहरू अधिकांशतः १८७९–१९५२ तिर सङ्कलन भएका थिए । त्यस बखत कहलिएको कतिपय ठाउँको नाम अहिले परिवर्तन भएका पाइन्छन् । त्यतिखेर प्रयोग गर्ने शव्द वा बोलाई अहिले प्रयोजनमा नरहेको र प्रायः ठाउँहरूको नाम अर्कै अर्कै भइराखेबाट अन्यौल भएका पाइन्छन् । जस्तै क्वापात भन्ने ठाउँ अहिले भेटिन्न र क्वालखु भन्ने ठाउँ पाइन्छ । त्यस्तै कपिण्डो भन्ने ठाउँ अहिले भेटिन्न कपिन्छे भन्ने ठाउँ पाइन्छ । त्यसैगरी पहिला शिलालेख भेटिएको उल्लेखिएको ठाउँमा अहिले शिलालेख नभेटिएको अवस्था पनि पाइएका छन् ।

३. शिलालेख उतारलाई सुरक्षित राख्नको लागि व्यवस्थापन गर्दा बट्टा नम्बर र अभिलेख सङ्ख्या नम्बर भिडाएर खाम पत्ता लगाउन शिलालेख सूची तयार पार्दा सम्बत् पनि उल्लेख गर्ने गरिएकोमा कुनैकुनै सम्बत् फरक परेको सामान्य अशुद्धिहरू पनि पाइन्छ । जस्तै कि उतारको पत्रमा एक थोक सम्वत् उल्लेखिएको भए सूचीमा अर्कै थोक सम्बत् पर्न गएको पाइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४. धेरै वर्ष पहिला अभिलेखको उतार लिने अभियान शुरु गरी शिलालेख उतारको सङ्कलन गरीराखेको उतारसँग स्थलगत रुपमा अहिले शिलालेख पत्ता लगाइ भिडाएर हेर्दा शिलालेख पहिलेको तुलनामा धेरै नै दुरावस्थामा हुँदा सोहि अभिलेख हो भन्ने ठम्याउन नै गाह्रो परेको अवस्था पनि छन् ।

५. हेरचाह वा सम्भारको कमिले गर्दा अभिलेखहरू खुला स्थानमा जमिनमै गाडिएको र असुरक्षित अवस्थामा राखिएका पनि छन् । त्यस्तै तेल, अविर, रङ्ग लगाइएको, चुन पोतेको, जथाभावी केरिएको कोरिएको, घामपानी, धुलो धुवाँ आदि तत्त्वले गर्दा पाप्राहरू उप्कीएर गइरहेको पनि छन् ।

६. सडक विभागले सडक विस्तार गर्दा महत्त्वपूर्ण सम्पदाहरूलाई ध्यान नदिइएबाट सम्पदाहरूलाई पनि भत्काउने र ध्वस्त गर्ने गरेको पनि पाइन्छ । जस्तै मोतिटारको ने.सं. २५० र ने.सं. ३३५ को अभिलेख सहितको जलद्रोणी भत्काएर त्यसै मिल्काइ रहेको अवस्था ललितपुरको लगत विवरणमा उल्लेख पाइन्छ । यसरी सडक विस्तार गर्दा सम्पदा संरक्षण तर्फ सम्वन्धित निकायसँग समन्वय गर्ने पहल भएको देखिंदैन ।

लगत सङ्कलनको उपलब्धी :

ऐतिहासिक शिलालेख प्राचीन अभिलेख हो । यो पुर्खाले छोडेको नासो एवं ऐतिहासिक तथा सांस्कृतिक सम्पदा पनि हो । अभिलेख सङ्कलन गर्ने, सूची बनाउने र लगत तयार गर्ने अभिलेख व्यवस्था सम्बन्धी एक कार्य हो । अभिलेखालयको स्थापना हुनुपूर्व नै पूर्वअग्रजहरूले अभियान स्वरुप सङ्कलन गरेर छोडेका शिलालेखका उतार र त्यसलाई परिचय दिइ, खामबन्दी गरी बनाइ दिइ राखेको सूची अहिले लगत निर्माण गर्ने कार्यको लागि मूल खाका सरह बनेका छन् । पहिला सङ्कलन भएका शिलालेख उतार जति राम्रो र प्रष्ट छन् अहिले सो अवस्थामा पाईंदैनन् । भनाइको तात्पर्य यो छ कि पहिला सङ्कलन गरिएका शिलालेख उतारको मूल शिलालेख नै अहिले यदाकदा मात्र भेटिन्छन् । फेला परेका शिलालेख पनि पहिलेको अवस्थामा नरहेका हुँदा अहिले निकालिने उतार पहिलेको तुलनामा धमिलो रहेका पाइन्छन् । यसरी पहिला जे जति पाइएका थिए अहिले त्यति फेला परेका छैनन् । अहिले खोज गर्ने काम नगरे पछि खोजेर पनि पाईंदैनन् । तसर्थ उल्लेखित भूकम्पबाट क्षति भएका काठमाडौं उपत्यकाका ऐतिहासिक मन्दिरहरूको अभिलेखहरूको विवरण जिल्लागत रुपमा उपर्युक्त उल्लेखित ढाँचामा लगत सङ्कलन गरिएका छन् । यो लगत विवरण विभिन्न विषयमा गरिने अध्ययन तथा अनुसन्धान कार्यका लागि अवश्य उपलब्धिमूलक छन् । यो लगत विवरण निर्माणबाट प्राप्त उपलब्धी यस प्रकार छन् :

यद्यपि राष्ट्रिय अभिलेखालयको उद्देश्य देशभरि छरिएर रहेका सम्पूर्ण शिलालेखहरूको नै विस्तृत विवरण सहित लगत तयार गर्ने थियो । खोजको उद्देश्य भनेको शिलालेख सूची बमोजिमका शिलालेखहरू कुन अवस्थामा छन् भन्ने खोज निकाल्नु थियो । तदनुसार ललितपुर, भक्तपुर र काठमाडौं तीनै जिल्ला भरिका शिलालेखहरू अन्वेषण गरी तयार भएको लगत विवरण राष्ट्रिय अभिलेखालयमा रहेका छन् । प्राप्त उपलब्धी यस प्रकार छन् :

- ललितपुर जिल्लाबाट ५५०, भक्तपुर जिल्लाबाट ६४७ र काठमाडौं जिल्लाबाट १२३७ गरी जम्मा २४३४ वटा अभिलेखहरूको लगत विवरण आएको देखिन्छ,
- सङ्कलित २४३४ अभिलेख मध्ये पाटनको २७३, भक्तपुरको ६१, काठमाडौंको १४८ गरी तीन जिल्लाबाट जम्मा ४८२ वटा अभिलेखको विवरण भूकम्प अघि र पछिको अवस्था थाहा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाउने विवरण बनेको छ, (हेर्नुहोस् नमूना परिशिष्ट १ र तालिका परिशिष्ट ३)

- जम्मा सङ्कलित २४३४ वटा अभिलेखको विवरणमध्ये राष्ट्रिय अभिलेखालयको शिलालेख सूचीबाट ४८२ वटाको विवरण आयो र १९५२ वटा नयाँ शिलालेखको विवरण प्रकाशमा आएको देखिएका छन् । यो उपलव्धी अभूतपूर्व नै मान्नु पर्दछ ।

उपसंहार

१. राष्ट्रिय अभिलेखालयमा भएका शिलालेख सूची मध्ये काठमाडौं उपत्यकाका तीन जिल्लाका शिलालेख सूचीको सङ्ख्या जम्मा २८०३ रहेकोमा त्यसमध्ये ४८३ वटाको विवरण आएका छन् भने अन्य २३२० वटा शिलालेखको बारेमा पनि खोज निकाल्नु जरुरी देखिन्छ ।

२. खोज गर्ने कार्य जारी रहेमा काठमाडौं उपत्यका भित्रको र छेउछाउमा रहेका सम्पूर्ण अभिलेखहरूको अन्वेषण गर्नु आवश्यक देखिन्छ ।

३. यसरी क्रमिक रूपमा नेपालभरिकैं सम्पूर्ण स्मारकहरूको विवरणका साथै अभिलेख पनि सङ्कलन हुने आशा गर्न सकिन्छ । यसले नेपालका स्मारक स्थलहरू एवं अभिलेखहरूको अमूल्य श्रोतको संरक्षणका लागि सहयोग पुग्ने आशा पनि गर्न सकिन्छ ।

सन्दर्भ सामग्री

- कान्तिपुरको शिलालेख सूची, २०६४, राष्ट्रिय अभिलेखालय
- डि. आर. रेग्मी (सम्पादन), १९६६, मेडिएभल नेपाल (भोल्युम ४), काठमाडौं, नेपाल, डि.आर. रेग्मी
- धनवज्र वज्राचार्य, २०५३, लिच्छविकालका अभिलेख, कीर्तिपुर, काठमाडौं, ने.ए.अ.के.
- धनवज्र वज्राचार्य, २०५६, मध्यकालका अभिलेख, कीर्तिपुर, त्रि.वि. ने.ए.अ.के.
- धनवज्र वज्राचार्य, २०६८, पूर्वमध्यकालका अभिलेख, कीर्तिपुर, त्रि.वि. ने.ए.अ.के.
- पाटन र भक्तपुर तथा अन्य क्षेत्रको शिलालेख सूची, २०६४ राष्ट्रिय अभिलेखालय
- पुर्षोत्तमलोचन श्रेष्ठ, गुहा, गुहालेख, गुहाचित्र एवं अन्य सम्पदा, २०७३, इपाछें, भक्तपुर, विनोदराज शर्मा
- भूकम्पबाट क्षति भएका ललितपुर जिल्लाका ऐतिहासिक मन्दिरहरूको अभिलेखहरूको विवरण भाग १ र २ तथा प्रतिवेदन, २०७३, राष्ट्रिय अभिलेखालय
- भूकम्पबाट क्षति भएका भक्तपुर जिल्लाका ऐतिहासिक मन्दिरहरूको अभिलेखहरूको विवरण भाग १ र २ तथा प्रतिवेदन, २०७४, राष्ट्रिय अभिलेखालय
- भूकम्पबाट क्षति भएका काठमाडौं जिल्लाका (वडा नं १ देखि १६ सम्मका) ऐतिहासिक सम्पदा क्षेत्रहरूमा रहेको अभिलेखहरूको विवरण भाग १ र २ तथा प्रतिवेदन, २०७५,राष्ट्रिय अभिलेखालय
- भूकम्पबाट क्षति भएका काठमाडौं जिल्लाका (वडा नं १७ देखि ३२ सम्मका) ऐतिहासिक सम्पदा क्षेत्रहरूमा रहेको अभिलेखहरूको विवरण भाग ३ र ४ तथा प्रतिवेदन, २०७६, राष्ट्रिय अभिलेखालय
- हरिराम जोशी, २०३०, नेपालको प्राचीन अभिलेख, कमलादी, काठमाडौं, नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिशिष्ट १ (फारम भरिएको विवरण नमूना)

संख्या : ५

संकलन मिति : २०७३/१२/१५

स्मारकको नाम : तझया: टोलको गणेशथान

स्थान : पटको टोल, ललितपुर

पदार्थ/वस्तु : प्रस्तर
शीर्षक :ॐस्वस्तिमानगृहा...

नाप : ८३ X४६ से.मि.

लिपि : लिच्छवि लिपि

मिति : संवत् ४८

संस्थापक : ध्रुवदेव र जिष्णु गुप्त

भाषा : संस्कृत

अभिमुख : पश्चिम

पंक्ति : २१

अवस्था : पाप्रा उप्किएको

पूर्ण/अपूर्ण : अपूर्ण

क) भूकम्प अघि :

ख) भूकम्प पछि :
प्रकाशित श्रोत :
धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख** (२०५८) पृ. ४०१-४०४ ।

पाठ : कुलो जीर्णोद्वार सम्बन्धमा ।
टिप्पणी :

राष्ट्रिय अभिलेखालयको संकलित ललितपुरको शिलालेख सूचीमा ब. नं १, अभिलेख संख्या १० मा रहेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

.....क्रमश

हालको अभिलेखको अवस्थाको फोटो, बायाँ अभिलेख उतारको छापाको फोटो, दायाँ



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिशिष्ट २ (नमूना चित्र)



शिलालेखको उतार राखिएको खाम र परिचयको फोटो



खामभित्र राखिएको शिलालेख उतारको फोटो

ऐ	रामचन्द्र पाध्या		१	१८	२१६ थ
लेषने काम गर्ने पंडित इश्वर प्रसाद गाटामे			१	१३	१५६ थ
ऐ पंडित	कृष्ण प्रसाद रेग्मी मषन		१	१२	१४४ थ
नौसीन्दा नीर बहादुर		ठमेल	१	९	१०८ थप आषाढ ३ गते
टहलुवा दयानीधी पाध्या		हाडी गाउ	१	६	७२ थ
माष्टर गोविन्द लाल			१	३५	४२० थ

नं. ३३३ निजामति पैला १९७३/पेज १५६

५. गोर्षा भासा प्रकास समती अडाको नसुवा राममनी आदी मार्फत कौसी तोसा मार्फत कौसी तोसा षानाबाट तलव षाने जवान के असामी जवान दर मैना ताके वर्ष १ को

पंडीत	चक्रपानी चालीसे कटुञ्जे		१	२५	३०० थ
पंडीत	रामचन्द्र पाध्या		१	२५	३०० थ
लेषने काम गर्ने पंडीत इश्वरी प्रसाद गोटामे			१	१३	१५६ थ

माघ ४ देषी १६ गते षा चैत्र १५ गते भर्ना सनानंद पंडीत पूर्व १ ले मंगलटार

पंडीत	कृष्ण प्रसाद दगमी	मषन	१	१२	१४४ थ चैत्र १३ गते

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छो षा ऐ १५ गते भर्ना मुरार ढुंगाना मच्छेगाउ नया

नौसीन्दा	वृषमान सी प्रधान	ठमेल	१	९	१०८ थ
माष्टर	गोविन्द लाल		१	३५	४२० थ
टहलुवा	दयानीधी पाध्या हाडी गाउ		१	६	७२

नं. ३४२ सि.पै. १९७४/पेज १५८

६. गोर्षा भाषा प्रकासन समीती अडाका राममणी आदी मार्फत

असामी

पंडीत	चक्रपानी चालिसे कटुञ्जे		१	२५	३०० थ
ऐ	रामचन्द्र पाध्या		१	१८	२१६ थ
लेषने	सडानन्द पंडीत पूर्व १ नम्वर मंगलटार		१	१३	१४६ थ
ऐ	मुरारी ढुंगाना	मछेगाउ	१	१२	१४४ थ
नौसीन्दा	वृषमान सीं प्रधान	ठमेल	१	९	१०८ थ
माष्टर	गोवीन्द लाल		१	३५	४२० थ
टहलुवा	दयानीधी पाध्या हाडी गाउ		१	६	७२ थ

नं. ३५८ नी.प. १९७५/पेज १६५

७. गोर्षा भाषा प्रकास समेती अडाको राममनी आदी मार्फत कौसी तोसा षाना मार्फत कौसी तोसा षानाबाट तलव षाने जवान के मोरु

असामी

पंडीत	चक्रपानी चालीसे	कटुञ्जे	१	२५	३०० माघ मैन्हा देषी

खारेज

ऐ	रामचन्द्र पाध्या		१	१८	२१६ ऐ
लेषने	सदानन्द पंडीत	पूर्व १ मंगल	१	१३	१५६ ऐ
ऐ	मुरारी ढुंगाना	मछेगाउ	१	१२	१४४ ऐ
नौसिन्दा	वृषमान सीं प्रधान	ठमेल	१	९	१०८ ऐ
माष्टर	गोवीन्द लाल		१	३५	४२० ऐ
टहलुवा	दयानीधी पाध्या	हाडीगाउ	१	६	७२ ऐ

नं. ३६६ नि द. कि. १९७६/पेज १५४

८. गोर्षा भाषा प्रकास समीती अडाका राममनी आदी मार्फत कौसी तोसा षानामा तलव षाने जवान के मोरु पजनी आश्वीन ४।१ म

माष्टर	गोवीन्द लाल अमात्ये		१		४०० भाद्र २६' थ
पंडीत	चक्रपानी चालीसे कमल पोखरी		१	२५	३०० थ
ऐ	रामचन्द्र अधिकारी	पोषल्याण्ड	१	१८	२१६ थ

९. गोर्षा भाषा समिति अडाका नायेव सुव्वा राममणि आदी श्री ५ सर्कारका ढुकुटी बाट षाने मोरु १२०० वंद गरी कौसीबाट षाने नयाँ थप तलवी मोरु १६०० सोह्र सये

पो नं. १२(क) सि.नं. १८८-१९२/सम्वत १९७६/पेज १५५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१०. पंडीत मुरारी ढुंगाना मछेगाउ १ १३ १५६ थ

ऐ नेत्र वर्धन १ १२ १४४ थ

तलवील्दार दयानीधी रीमाल १ १२ १४४ थ

नौसीन्दा वृषमान सीं प्रधान १ १२ १४४ थ

टहलुवा वीष्णु प्रसाद नौपानी १ ६ ७२

७६ साल माघ देषी ७८ साल पौष तक वर्ष २ म्यादी

षरीदार कुलबहादुर श्रेष्ठ १ ५० ६०० भाद्र २६ गते थ

ना डीठा वीश्वेश्वरप्रसाद १ ४१। ६६। ५०० भाद्र २६ गते थ

नौसीन्दा कमलप्रसाद कोइराला १ १२ १४४ थ

ऐ पूर्णप्रसाद षतीवडा १ १२ १४४ थ

७६ साल माघ देषी ७७ साल पौष तक वर्ष १ को

पंडीत सडानन्द काफले १ ३० ३६० थ

ऐ कृष्णप्रसाद भट्टराई १ २० २४० थ

भाद्र २६ गते मा ७७ साल आश्वीन १९ गतेका ढुकीटीबाट षान्गी मोरु १२०० नगदी कौसीबाट षाने गरी नया थप तलवी मोरु १६०० मा सुवा

नं. १ नि.प. १९७७/पेज १६६

११. गोर्षा भाषा समेतीमा २ वर्ष म्यादीमा भर्ना रहेका नाडि विश्वेश्वरप्रसाद धितालको सो षागी ७८ साल मार्ग देषी षारेज गरी नीजलाई षटाई बक्सेका अडामा बसी कां गर्ने गरी ७८ साल मार्ग मैन्हा देषी तलव षाने गरी मोरु ५०० मा हाल भारदारी अडामा कां गर्ने गरी षटाई सो भारदारीमा बसी कां गरुन्याल सम्म सो अडाका कां को रीपोट बाट पछी अरु अडा पठायामा सोही अडाका हाकीका रीपोट बाट षाने गरी दर्ता गरी दिनु भन्या पौष १७।७ का २ छापे वमोजीम नाडी विश्वेश्वरप्रसाद के रु ५००।

नं. ३७२ निजामती थमौती १९७८/पेज १३५

१२. गोर्षा भाषा प्रकास समीती अडाका कौसी तोसाबाट तलव षने जवान पजनी आसीन ३ मा आसामी

सुवा राममणि आदी भन्सार हिटी १३३।३३।१ १६०० भाद्र १० गते थ

माष्टर गोविन्द लाल अमात्ये ३५ ४२० थ

पंडीत चक्रपानी चालिसे कमलपोखरी २५ ३०० थ

ऐ रामचन्द्र अधिकारी पोषल्याङ १ १८ २१६ थ

ऐ मुरारी ढुंगाना मछेगाउ १ १२ १४४ थ

ऐ नेत्रवर्धन १२ १४४ थ

टहवीलदार दयानीधी रीमाल १२ १४४ थ

नौसीन्दा वृष मान्सी प्रधान १२ १४४ थ

टहलुवा वीष्णुप्रसाद न्यौपाने १ ६

७६ साल माघ देषी ७८ साल पौष तक वर्ष २ म्यादी

षरीदार कुल बहादुर श्रेष्ठ १

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ना. डीठा	वीश्वेश्वरप्रसाद धीताल	१	४१	६६।२	५००
नौ	कमल प्रसाद कोइराला	१	१२	१४४	
ऐ	पूर्ण प्रसाद षतीवडा				

नं. ३७२ निजामती थमौती/१९७८/पेज १५८

१३. गोर्षा भाषा प्रकास समिति अडाका हाकीं कारीन्दा

असामी				जवान दर ता के
सुवा	राममणि आदी भंसार हिटी	१	१३३।३३।१	१६०० भाद्र ३१ थ
असिष्टेन्ट	गोविन्द लाल अमात्ये	१	४०	४८० भाद्र ३१ थ
पंडीत	चक्रपाणी चालिसे कमलपोषरी	१	२५	३०० थ
पंडीत	रामचन्द्र अधिकारी पोषल्याङ	१	१८	२१६ थ
"	नेत्र वर्धन	१	१३	१५६ थ
"	पूर्ण प्रसाद पाध्या हाडी गाउ	१	१२	१४४ थ
तह विल्दार	दयानिधि रिमाल	१	१२	१४४ थ
नौ	वृष नरसिं प्रधान	१	१२	१४४ थ
टहलुवा	विष्णुप्रसाद न्यौपाने	१	६	७२ थ

निजामति १९८०/पेज १७०

१४. गोर्षा भाषा प्रकाश समिति अडाका हाकीं कारीन्दा कां दार के कौसिबाट तलव षाने जवान के पजनी आश्विन ११

असामी				
सुवा	राममणि आदि भंसार हिटी	१	१५४६ भाद्र ३० थ	
असिष्टेन्ट	गोविन्द लाल अमात्ये	१	४२८।५० भाद्र ३० थ	
पंडीत	चक्रपाणि चालीसे कमलपोषरी	१	२३।७५	२८५ थ
ऐ	रामचन्द्र अधिकारी पोषलड्याङ	१	२०५	२०५।२० थ
ऐ	नेत्र वर्दन अधिकारी बानेश्वर	१	१४८।२० थ	
ऐ	पूर्णप्रसाद पाध्या हाडी गाउ	१	१३६।८० थ	
तलविल्दार	दयानिधि रीमाल	१	१३६।८० थ	
नौ	वृषमांसि प्रधान टबहिल	१	१२	१४४ थ
टहलुवा	विष्णु प्रसाद न्यौपाने चावहील	१	६	७२ थ

नं. १० नि १९८१/पेज १७४

१५. गोर्षा भाषा प्रकाश समिती ...... आश्विन २६ पजनी

सुवा राममणि आदि भंसार हिटी १ १५४६ १२८।८३।१ वैशाष मैन्हा देषी कं.रु. १ कटी गरी वाकी मोरु १५४५ जेष्ठ २८ गते मोरु ८०० थपी जमा मोरु २३४५ गरी मीर सुवा आषड ३१ गते ३ का षड्ग निसानाले

असिष्टेन्ट	गोविन्द लाल अमात्य	१	४२८।५० ३५।७०।३ आश्विन ८ थ	
पंडीत	चक्रपाणि चालिसे कमलपोषरी		२८५	२३।७५ थ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"	रामचन्द्र अधिकारी पोषल्यां	१	२०५।२०	१७।१० थ
"	नेत्र वर्धन अधिकारी वानेश्वर	१	१४८।२०	१२।३५ थ
"	पूर्ण प्रसाद पाध्या हाडी गाउ	१	३६।८०	११।४० थ
तहविलदार	दयानिधि रिमाल ऐ	१	१३६।८०	११।४० थ
नौ	वृष मां सि प्रधान	१	१३६।८०	११।४० थ
टहलुवा	विष्णु प्रसाद न्यौपाने चावहिल	७५	६ थ ९ के	३१०२।५०

नं. ५३८ निजामति १९८२/पेज १७१

१६. गोर्षा भाषा प्रकाश समिति

असामी — भाद्र २० पजनी

मीर सुवा	राममणि आदि भंसार हिटी	१	२३४५	१९५।४१।२ आश्विन २३ थ
असिष्टेन्ट	गोविन्द लाल अमात्ये	१	४२८।५०	३५।७०।३ ऐ थ
पंडीत	चक्रपाणि चालिसे कमलपोषरी	१	२८५	२३।७५ थ
ऐ	रामचन्द्र अधिकारी पोषल्यां	१	२०५।२०	१७।१० थ
ऐ	नेत्र वर्धन अधिकारी वानेश्वर	१	१४८।२०	१२।३५ थ
ऐ	गुणराज पाध्या दवाडी	१	१३६।८०	११।४० थ
तविल्दार	दयानिधि रिमाल हाडिगाउ	१	१३६।८०	११।४० थ
नौ	वृषमां सिं प्रधान ठवहिल	१	१४४	१२ थ
टहलुवा	विष्णु प्रसाद न्यौपाने	१	७२	६

नि. नं. ५५४ निजामती १९८३/पेज ९०

१७. गोर्षा भाषा प्रकाश समिति ..... भाद्र २३ गते पजनी

मीर सुवा	राममणि आदि भंसार हिटी	१	२३४५।	१९५।४१।२ भाद्र ठ
असिष्टेन्ट	गोविन्द लाल अमात्य	१	४२८।५०	३५।७०।३ ऐ थ
पंडीत	चक्रपाणि चालिसे कमलपोखरी	१	२८५।	२३।७५ थ
ऐ	रामचन्द्र अधिकारी	१	२०५।२७	२० १७।१० थ
ऐ	नेत्र वर्धन ऐ	१	१४८।२०	१२।३५ थ
ऐ	गुणराज पाध्या दवाडी	१	१३६।८०	११।४० थ
तविल्दार	दयानिधि रिमाल हाडिगाउ	१	१३६।८०	११।४० थ
नौ	वृषमां सिं प्रधान टवहिल	१	१४४	१२ थ
टहलुवा	कृष्णलाल मास्के वागमति पुल	१	७२	६ थ

नं. ५७० निजामती १९८४/पेज ९५

१८. गोर्षा भाषा प्रकास समिती अडाका हाकीं कारीन्दा कां दार के ..... कार्तिक १ गते पजनी

असामी

मीं सुवा	राममणी आदी भंसार हिटी	१	२३४५।	१९५।४१।२ आश्विं २० गते थ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

असिष्टेन्ट	गोविन्द लाल अमात्ये	१	४२८।५०	३५।७०।३ थ
पंडीत	चक्रपाणी चालिसे कमलपोषरी	१	२८५	२३।७५ थ
"	रामचन्द्र अधिकारी पोषलयां	१	२०५।२८	१७।१० थ
"	नेत्र वर्धन अधिकारी वानेश्वर	१	१४८।२०	१२।३२ थ
"	गुणराज पाध्या दवाडी	१	१३६।८०	११।४० थ
तविल्दार	दयानिधि रीमाल हाडि गाउ	१	१३६।८०	११।४० थ
नौ	वृषमान्सीं प्रधान ठवहील	१	१४४	१२ थ
ट्हलुवा	कृष्ण लाल वाग्मती पुल	१	७२	६ छो षा आषाढ २२

गते भर्ना चक्रवाहादुर

नं. ५७९ निजामती १९८५/पेज १००

१९. गोर्षा भाषा प्रकाश समिती ...... आश्विं २१ गते पजनी

असामी

मीर सुवा रामपणि आदी भंसार हिटी १ २३४५ १९५।४१।२

आश्विं १२ थ जगेडाको जगेदार नंद प्रसाद मिश्र उपर उपर परेको विजाई विद्युत घुस मुदामा घुष षायाको ठहराई श्री ३ महाराजका हजुरमा जाहेर हुदा ८७ साल आषड ५ गते

असिष्टेन्ट	गोविन्द लाल अमात्ये	१	४२८।५०	३५।७०।३ थ
पंडीत	चक्रपाणी चालिसे कमलपोषरी	१	२८५	२३।७५ थ
"	रामचन्द्र अधिकारी पोषल्यां	१	२०५।२०	१७।१० थ
"	नेत्र वर्धन अधिकारी वानेश्वर	१	१४८।२०	१२।३५ थ
"	गुणराज पाध्या दवाडी	१	१३६।८०	११।४० थ
तविल्दार	दयानिधि रीमाल हाडि गाउँ	१	१३६।८०	११।४० थ
नौसिन्दा	वृषमान सिं प्रधान	१	१४४	१२ थ
ट्हलुवा	चक्र बहादुर पुरी सिस्नेरी	१	७२	६ थ
		९ वके	३९०१।५०	३२५।१२।१

नं. ५९४ निजामती १९८६/पेज १०१

२०. गोर्षा भाष प्रकास समेती अडाका हाकीं कारीन्दा काम्दार के कं गपु दफदार बाट वाली षाने र कौसीबाट तलव षाने जवां के

असामी

वाली षाने

लेफटेन्ट केशर बाहादुर १ कं.पू.

तलवी

मुषीया	विजुली मान प्रधान	१	५४८।५०	
असीष्टेन्ट	गोवीन्द लाल अमात्ये	१	४२। २५०	३५।७०३
पंडीत	चक्रपानी लामीछाने कमलपोषरी	१	२८५।	२३।७५
"	रामचन्द्र अधिकारी वानेश्वर	ऐ	ऐ	

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"	नेत्र वरध अधिकारी वानेश्वर	१	१४८।	<u>१२।३५</u>
"	जानकी प्रसाद पाध्या कमलपोषरी	१	१३६।८०	११।४०
नौसीन्दा	ललीत जङ्ग सीजापति	१	१४४	१२ थ
तहवील्दार	इन्द्रनारां प्रधान ठमेल	१	१३६।८०	११।४०
टहलुवा	चक्रबाहादुर पुरी	१	७२	६ थ

नं. ६३८ निजामती पहिला १९९०/पेज १३८

२१. गोर्षा भाषा प्रकास समिती अडाका हाकीम काम्दार कारीन्दा के कौसी तोसा षानाबाट तलव षाने जवान को कार्तिक १९ गते पजनी

असामी

तलवी

हाकीं	माष्टर षड्गमान मल्ल	वटु	१	६३६	
पंडीत	चक्रपानी लामीछाने	कमलपोषरी	१	३६०	३० थ
ऐ	रामचन्द्र अधिकारी	वानेश्वर	१	३००	२५ थ
तहवीलदार	सुर्ज्येमान श्रेष्ठ	वटु	१	१४४	१२
टहलुवा	चक्रबहादुर पुरी		१	७२	६

कार्तिक ९ गते ५ मा सुक्रराज सास्त्रिक लाई नया थप वर्ष १ तलवी मोहरु ८४० षान पाउने गरी माष्टर दर्जा गरी नेपाली समितीमा काम गर्ने दरी दिनु भन्या ९१ साल पौष ३ गतेका खड्ग नीसाना सनदले

८४०

नं. ६५४ निजामती १९९१/पेज १५४

२२. नेपाली भाषा समेती अडा हाकीं माष्टर षड्गमान मल्ल वटु ६३६।

पण्डीत चक्रपाणि चालिसे कमलपोषरी ३६० ३०

नं. १९९२ निजामती पहिला/पेज १२१

२३. जेष्ठ ९ गतेमा गोर्षा भाषा प्रकासका मुषीया वीजुली मान प्रधान लाई आफै षागी मोरु <u>५४२।५०</u> ५४८।५०

१९९२ निजामती पहिला/पेज २२

२४. नेपाली भासा समेतीमा वसी काम गर्ने गरी माष्टर सुक्रराज सास्त्रिक १ ८७०

१९९२ निजामती पहिला/पेज १२१

२५. नेपाली भासा समेती

जेष्ठ ७ गते पजनी

असामी

तलवी

माष्टर	षड्गमान मल्ल वटु	१	६३६	५३ वैशाख २९ गते थ
पंडीत	चक्रपानी लामीछाने कमलपोखरी	१	३६०	३० थ
ऐ	रामचन्द्र अधिकारी वानेश्वर	१	३००	२५ थ
नौसीन्दा	केसर मान गुभाजु	१	१४४	१२ थ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तहवील्दार	सुर्ज्येमान श्रेष्ठ	वटु	१	१३६।४० ११।४० थ	
टहलुवा	चक्रबहादुर पुरी	सीस्नेरी	१	७२	७

नेपाली भासा समीतीमा वसी काम गर्ने गरी माष्टर सुक्रराज सास्त्रि के ८७० वैसाष २९ गते थ

२६. पाहाड बन्दोवस्त वीर्ता फाटका हाकी कारीन्दाले पुर्जी हेरी कपतान बालकृष्ण सम्सेर जेङ्ग बहादुर रणलाई नेपाल कलेज र इस्कुलमा नेपाली भाषा पढाउने प्रोफेसरी काम र नेपाली भाषा प्रकासीनी समीतीमा अध्यक्ष भई नेपाली भाषाका पुस्तक तर्जुमा गर्ने र पास गराउना ल्यायेका पुस्तकहरु जाची पास गर्ने राम्रो संग गरेका दी ३ वापत जिल्लै मोरं वीराटनगरको वीराटनगर उत्तर वीजपुर अवाडी पश्वीलो हेन्द्रा नदी पूर्व भीगामाडी उत्तर पटी ४ कील्ला भीत्रको जङ्गल मध्ये जङ्गल वीगाहा ३०० तीन सये वीगाहा १९९३ सालका वाली देषी अवाद गरी गाडी मुमारष धुवा चुमावन वाहेक अरु सीकर अकर सर्वाङ्ग माफी गरी संतान दर सन्तान पर्योन्त भोग चलन गरी यक लौटी खान पाउने अरु अंसीयारहरुले अंस दाव नलाग्ने गरी बकस गरी बकस वीर्ता गरी बक्सेको छ जील्ला गोश्वरा आससीष्टे र मान्त अमीनी द्वार वं जाचका हाकीं साध संधीयार जानीफकार भलादमी मानीस राषी अैन सवालको रीत पुऱ्याई जील्ला चलेका ९ हाते जंजीरले २० लवी लम्वाई २० लगी चौडाईको यक वीगाहाका हीसावले नाप जाच गरी गराई साध दी साध सीमाना कील्लाको इलामेर वंन्दी यकै पटक षडा गराई भीकाई मेदवंदी साध कीला बमोजीं अक षोती जाहेर गरी नीजका नाउमा जो चाहीने वेहोराको लाल मोहोर गरी मार्फत दलई सोपीदीनु लाल मोहरको दस्तुर लीनु पर्दैन नलीनु

ईति सम्वत १९९२ साल मार्ग २६ गते सदर ९२ पौष १ गते २ सकल बमोजीं नकल दुरुष्ट छ

काजी नारायण भक्त ना.सु. रामबहादुर

सम्वत ९२ साल फुटकर षड्ग नीसाना जाच भयो छाप राषयो २४(ख) २६९/सि.नं. २९२-२९४ (कार्तीक-चैत्र तक) मु.नं. १०४४/पेज ५८

२७. नेपाली भाषा समिति अडा

हाकीं माष्टर	षड्गमान मल्ल	वटु	१३६। वैशाख २९ गते थ	
पंडीत	चक्रपानी चालिसे	कमलपोखरी	३६०।	३० थ

नं. १९९३ निजामती पहिला/पेज १३१

२८. नेपाली भाषा समीतीमा काम गर्ने जीतेन्द्र बहादुर शाहको सावीक १ को मैन्हा वारी भत्ता मोरु २४००। म मोरु ३०० तीन सये रुपैया थप गरीन्या वर्ष १ को भत्ता मोरु सताईस सये रुपैया २७००।

ईति सम्वत १९९३ साल मार्ग १२ गते रोज ६

सम्वत १९९३ साल्को १२९ १५(क) कार्तीक-चैत्र खड्ग नीसाना कौसी षड्ग नीसाना ८७७/पेज २०

२९. नेपाली भासा समीति अडाका

असामी

	तलवी				
हाकिं माष्टर	षड्गमान मल्ल वटु	१	६३८	५३ ज्येष्ठ ६ गते २	
पंडीत	चक्रपानी लामीछाने कमलपोषरी	१	३६०	३०	
ऐ	रामचन्द्र अधिकारी वानेश्वर	१	३००	२५	
नौसिन्दा	केसर मान गुभाजु		१	१४४	१२ थ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तहलुवा चक्र बहादुर पुरी सीस्नेरी १ ७२ ७

तहवील्दार सुर्ज्येमान श्रेष्ठ वटु १ १३६।४० ११।४० थ

नेपाली भासा समीतीमा बसी काम गर्ने गरी

माष्टर सुक्रराज सास्त्रि के ८७०। वैसाष २९ गते थ

१९९३ निजामती पहिला/पेज १३१

३०. नेपाली भासा समीति अडका

असामी

तलवी

हाकिं माष्टर षड्ग मान मल्ल वटु १ ६३८ ५३ ज्येष्ठ ६ गते २

पंडीत चक्रपानी लामीछाने कमलपोषरी १ ३६० ३०

ऐ रामचन्द्र अधीकारी वानेश्वर १ ३०० २५

नारा केसरमान गुभाजु ठंवहाल १ १९३।८० १६।१५

तहविल्दार सुर्ज्येमान श्रेष्ठ वटु १ १३६।४० ११।४०

टहलुवा आसा नारा डंगोल वटु १ ७२ ६

नेपाली भासा समेतीमा बसी काम गर्ने

माष्टर सुक्रराज सास्त्रि के १ ८४० ७० ज्येष्ठ ६ गते

नेपाली भाषा समीती अडालाई १३२ नौसींदा षागी थप बक्सेको छ भन्या ९५।५।२१- १३२

१९९४ निमामती/पेज १३१

३१. नेपाली भाषा समिती अडा

हाकिं माष्टर षड्गमान मल्ल काठमाडौं इलाका वटु १ ६३८ ५३

पण्डीत चक्रपाणि चालिसे कमलपोषरी १ ३६० ३०

नेपाली भाषा समितीमा बसी काम गर्ने

माष्टर सुक्रराज सास्त्री १ ८४० ७०

नं. १९९५ निजामती पहिला/पेज १३४

३२. नेपाली भाषा समीती अडाका

असामी

हाकिं माष्टर षड्ग मा मल्ल का ई. वटु १ ६३८ ५३

पंडीत चक्रपाणी लामिछाने कमलपोषरी १ ३६० ३०

ऐ रामचन्द्र अधिकारी वानेश्वर १ ३०० २५

नारां केशरमान गुभाजु वंवहाल १ १९३।८० १९।१५

तहविल्दार सुर्ज्ये मा श्रेष्ठ वटु १ १३६।४० ११।४०

नौ ललीट मान १ १३२ ११

टहलुवा चक्रबहादुर पुरी सीस्नेरी १ ७२ ६

नेपाली भाषा समेतीमा बसी कां गर्ने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

माष्टर सुक्रराज सास्त्रीक १ ८४० ७० अषा

निजामती पहिला १९९५/पेज १३४

३३. नेपाली भाषा समीती अडाका तलवी

हाकिं माष्टर षड्ग मान मल्ल का ई १ ६३६ ५३ श्रावण २० गते थ

पंडीत चक्रपानी लामिछाने कमलपोषरी १ ३६० ३०

" रामचन्द्र अधिकारी वानेश्वर १ ३०० २५

नरा केसर मां गुभाजु १ १९३।८० १६।१५

तहविल्दार सुर्ज्येमा श्रेष्ठ वटु १ १३६।४० ११।४०

नौ मुकती नाथ पाध्या १ १३२ ११

टहलुवा चक्रबाहादुर पुरी १ ७२ ६

माष्टर सुक्रराज सास्त्रीक १ ८४० ७०

निजामती/पेज १३५

३४. नेपाल भाषा प्रकासीनी समीती अडाका

हाकिं माष्टर षड्गमान मल्ल का ई वटु १ ६३६ आषाढ २४ गते थ

नारा केसर मान गुभाजु ऐ ओंवहाल १ १९६।८० १६।१५ भाद्र १६ थ

नौ रत्नप्रसाद मल्ल ऐ त्यौड १ १३२ ११ ऐ ऐ

तहविल्दार सुर्ज्यमान श्रेठ ऐ वटु १ १३६।८० ११।४० थ

पंडीत मुकती नाथ पाध्या प ३ नं ३०० २५ थ

टहलुवा आसनारां १ ७२ ६

गुथी रकं पाउने

सीपाही मान बहादुर थापा मगर १ ७१ भाद्र १६ थ

ऐ भुमिदत्त पंडीत गोकर्ण आरुवारी ७१ ऐ

नेपाली भाषा समीतीमा बसी काम गर्ने

माष्टर सुक्रराज सास्त्रीक १ ८४० ७०

१९९८ निजामती पहिला/पेज १४०

३५. मे.क. पुष्कर सम्सेर ज.ब.राणा ने. भाषा प समीतीमा काम गर्ने षागी वालि २३४२।४ भत्ता १००० - <u>३३४२।४</u> थ

१९९९ निजामती पहिला/पेज ३

३६. ने. भा. प्र. स. का हाकिं काम्दार

हाकिं माष्टर षड्ग मान मल्ल का ई वटु १ ६३६

नरा केसर मान गुभाजु ऐ ओंवहाल १ १ १६।१५ ग

नौ रत्न प्रसाद मल्ल त्यौड १ १३२ ११।४०

तहवीलदार सुर्ज्यमान श्रेष्ठ १ १३६।८० ११।४०

प. रामहरी पाध्या १ २३।७

प. मुक्तीनाथ पाध्या १ ३०० २५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

टहलुवा आस नारान महाराजगंज १ ७२ ६
माष्टर सुक्रराज सास्त्रीक १ ८४० ७०

१९९९ निजामती पहिला/पेज १२८

३७. ने. भा. प्र. स. हडाका हाकिं

असामी — पजनि आश्विं १५ गते ६ मा

हाकिं माष्टर षड्ग मान मल्ल का ई वटु ७२० ६०

अषा ज्येष्ठ २० गते भर्ना सागर मणी आदीलाई न्हकैन्तला देवानी तेश्राका असेन्टेण्डको आषाढ ३१ गते

नाराः ईसर मान गुभाजु ऐ ओंवाहाल १९५।८० १६।१५
नौ रत्नप्रसाद मल्ल ऐ १३२
तहवील्दार सुर्ज्ये मान श्रेष्ठ वटु १३६।८० ११।४०
पंडीत रामहरी पाध्या २८५ २३।७५
" मुत्ती नाथ पाध्या ३००। २५।
टहलुवा आस नारान १ ७२ ६

नेपाल भा.षा.प्र. समितीमा बसी काम गर्ने

माष्टर सुक्रराज सास्त्री १ ८४० ७० अषा

२००० नि. पहिला/पेज १४५

३८. ने. भा. प्र. समीतीका ....

असामी — ज्येष्ठ ११ गते ४ मा पजनी

हाकिं माष्टर सागरमणी आदी न्हैकतला १ ७२० ६० थ
राईटर केसर मां गुभाजु ऐ ओंवहाल १९५।८० १६।१५ थ
नौ रत्नप्रसाद मल्ल त्यौड १ १३२। ११। थ
तहविल्दार सुर्ज्येमां श्रेष्ठ वटु १ १३६।८० ११।४० थ
पंडीत रामहरी पाध्या बालाज्यू १ २८५। २३।७५ थ
ऐ शारदा प्रसाद सर्मा पाध्या मसुवाहाल १ ३०० २५ थ
टहलुवा कोमल नाथ धकाल कोटेश्वर १ ७२। ६। थ

नेपाल भा. प. स. मा बसी काम गर्ने

माष्टर सुक्रराज सास्त्री १ ८४० ७० अषा

५७२ निजामती पहिला किताव २००१/पेज १४५

□□

स्रोतः राष्ट्रिय अभिलेखालय, रामशाहपथ, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रतापसिंह शाहले आफ्ना भाइ बहादुर शाहलाई लेखेका केही पत्र

-मनिता न्यौपाने*

१. विषयप्रवेश

नेपालको आधुनिक इतिहास निर्माणमा पृथ्वीनारायण शाहको भूमिका गर्विलो रहेको छ । आधुनिक नेपालको निर्माणमा पृथ्वीनारायण शाह र उनका कान्छा छोरा बहादूर शाहको नाम अग्रपंक्तिमा लिने गरिन्छ । बाइसे चौबिसे राज्यहरूलाई एक बनाइ समग्र नेपालको निर्माण गरिएको यो युगलाई पूर्ण नेपाल निर्माणको स्वर्णयुग मान्न सकिन्छ ।

प्रतापसिंह शाह पृथ्वीनारायण शाहका दुई भाइ छोरामध्ये जेठा थिए । यिनको जन्म वि.सं. १८०८ वैशाख ५ मा पृथ्वीनारायण शाहको तत्कालीन राज्य गोर्खाको दरबारमा भएको थियो । इतिहासकार बाबुराम आचार्यका अनुसार पृथ्वीनारायण शाहको मृत्यु भएपछि वि.सं. १८३१ पौष ३० गते (तदनुसार २५ जनवरी १७७५) मा प्रतापसिंह शाहको राज्याभिषेक सम्पन्न भयो ।[1] गुगल विकिपिडियाका अनुसार प्रतापसिंह शाहको शासनकाल वि.सं. १८३१ माघ १ गतेदेखि १८३४ मंसिर ६ गते जम्मा २ वर्ष, ३१० दिन रहेको थियो । कतिपयले प्रतापसिंह शाहको नाम सिंहप्रताप शाह भनेर उल्लेख गरेको पनि पाइन्छ । दिनेशराज पन्तका अनुसार सिंहप्रताप नाम अशुद्ध हो ।[2] यसको संशोधन वि.सं. २०१० मै भइसकेको छ । पृथ्वीनारायण शाहको मृत्युपश्चात् नेपालको राजगद्दीमा बसेका प्रतापसिंह शाहले वि.सं. १८३१ देखि १८३४ सम्म नेपालमा आफ्नो शासन चलाए । २ वर्ष १० महिना (करिब ३ वर्ष) को छोटो शासन अवधि बित्न नपाउँदै यिनको देहान्त भयो ।

प्रतापसिंह शाहको शासनकालमा कविलास र सुमेश्वर नेपालमा गाभिएका थिए । यिनले वि.सं. १८३२ मा नेपाल-तिब्बत व्यापारमा वृद्धि गरे । कतिपयले प्रतापसिंह शाहलाई सुयोग्य राजाका लम्फू छोरा भनेका छन् । यिनी कर्ममा भन्दा भाग्यमा विश्वास गर्दथे । बाबु पृथ्वीनारायण शाह र भाइ बहादुर शाह लडाइँको मोर्चामा खटिएको बेला प्रतापसिंह शाह दरबारमै बसिरहन्थे । गोर्खाली सेनासँग पराजित भएका पाटनका प्रधानमन्त्रीका आफन्त काठमाडौँका भारदार हुन आइपुगे । ती भारदारका बहिनीहरूसँग प्रतापसिंह शाहको भेट भयो । उनीहरूसँग लागेर प्रतापसिंह शाह तान्त्रिक साधनातिर लहसिए । तर तान्त्रिक साधनालाई सदुपयोग गर्नुको सट्टा भनिन्छ, उनले पञ्चमकार अर्थात् मत्स्य, मांस, मदिरा, मैथुन र मुद्राको

१ बाबुराम आचार्य, **नेपालको संक्षिप्त वृत्तान्त खण्ड १**, प्रमोद शम्शेर र नीरविक्रम"प्यासी", २०२२, पृ.७२ ।

२. उदाहरणको लागि दिनेशराज पन्त, **गोरखाको इतिहास पहिलो भाग**, दिनेशराज पन्त, वि.सं.२०४१,पृ. ६६ ।

*अनुसन्धान अधिकृत, रा.अ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दुरुपयोग गरे । दुई अढाइ वर्ष राजा भएर उनी मरे ।

बहादुर शाह आफ्ना बाबु पृथ्वीनारायण शाहसँग युद्धमा खटिइरहन्थे । त्यसले गर्दा बहादुर शाह बाबुका विश्वास पात्र थिए र जनता माझ लोकप्रिय पनि थिए । दरबारमा बसिराख्ने प्रतापसिंह शाहलाई भाइ भारदारले अनेकौँ कुरा लगाउँथे । उनीहरूका कुरा सुन्दा-सुन्दा प्रतापसिंह शाहको मनमा बहादुर शाहप्रति एकप्रकारको आशङ्का र ईर्ष्याको भावना पैदा भएको थियो । पृथ्वीनारायण शाहको निधन भएर प्रतापसिंह शाह राजा बनेपछि बहादुर शाहले सत्ता पल्टाउन सक्छन् भनेर प्रतापसिंह शाहलाई भारदारहरूले कुरा लगाइदिए । बहादुर शाह नुवाकोटमा बाबुको किरियामा बसेका बेला भाइ राजा होला भन्ने डरले प्रतापसिंह शाहले उनलाई नजरबन्द गरे । किरिया सकिएपछि पनि बहादुर शाहलाई जेलमै राखे । पृथ्वीनारायण शाहका भाइ र आफ्ना काका दलमर्दन शाहप्रतिपनि प्रतापसिंह शाह सशङ्कित थिए । यिनले सोचविचार नै नगरी गद्दी ताकेको आरोपमा भाइ बहादुर शाह र काका दलमर्दन शाहलाई नजरबन्द राखे । बहादुर शाहलाई विश्वास गर्न नसक्नु यिनको ठूलो भूल थियो । पछि गजराज मिश्रहरूले दलमर्दन र बहादुर शाहको जिम्मा हामीले लिन्छौँ भनेपछि राजाले ती दुईलाई थुनामुक्त गरेर चितवन कटाइदिन तयार भए । यसपछि धेरैजसो समय वेतिया बसेका राजकुमार बहादुर शाह र प्रतापसिंह शाहको कुराकानीको माध्यम नै यही पत्रहरू रहेका थिए । यिनै प्रतापसिंह शाहले आफ्नो शासनकाल(१८३१ देखि १८३४ सम्म) मा आफ्ना सहोदर भाइ राजकुमार बहादुर शाहलाई लेखेका सात वटा लालमोहरका विविध पक्षको चर्चा यहाँ गर्न लागिएको छ ।

कुनै कुरालाई प्रमाणित गर्नुपर्दा राजाले प्रयोग गर्ने एक प्रकारको छापलाई नै स्याहामोहर अथवा लालमोहर भनिन्छ । छापको प्रकृतिको आधारमा श्याम भनेको कालो हो भने मोहरको अर्थ छाप हो त्यसैले कालो छाप लगाएको छापलाई स्याहामोहर भनिन्छ । लालको अर्थ रातो हो भने मोहरको अर्थ छाप हो । रातो छाप लगाएको भए लालमोहर भनिन्छ । पहिले पहिले राजाहरूले कुनै कुरामा हस्ताक्षर गर्दैनथे, बरु एक किसिमको शाही निशानाछाप लगाउँथे, जसलाई लालमोहर भनिन्थ्यो । अर्को अर्थमा राजाले कुनै कार्य गर्न अनुमति प्रदान गरेको तथा निर्णय गरेको सङ्केतको रूपमा लगाइने छापलाई लालमोहर भनिन्छ । पछि गएर लालमोहर शब्द रूढ बन्नपुग्यो र राजाबाट प्रमाणित भएका आधिकारिक सरकारी दस्तावेजलाई लालमोहर भन्न थालियो । नेपालमा प्राचीनकालदेखि नै राजाले राज्यप्रमुखका रूपमा राज्यका सबै अङ्गहरूको सञ्चालन गर्ने परम्परा थियो । राजाले आफ्नो आदेशका रूपमा कुनै काम गर्न अनुमति प्रदान गर्दा र कुनै नयाँ निर्णय गर्दा आफ्नो छाप लगाउने गर्दथे । जसलाई लालमोहर भनिन्थ्यो तसर्थ राजाको आधिकारिक रातो छाप लागेका जुनसुकै सामग्रीलाई पनि लालमोहर भन्ने गरिन्छ ।

उस्तै प्रकृतिको कार्य जनिने भएपनि श्याहामोहर भन्दा लालमोहर जनमानसमा प्रचलित शब्द हो । विभिन्न प्रकारका ऐतिहासिक कागजातमध्ये लालमोहरलाई महत्त्वपूर्ण मानिन्छ । राज्यप्रमुख वा सरकार प्रमुखबाट जारी हुने भएकाले लालमोहरले विशेष महत्त्व पाएको देखिन्छ । यसमा ऐन-कानुनदेखि चिठीपत्रको आदानप्रदानका साथै अन्य कुराहरू र जग्गासम्बन्धी विभिन्न विषयहरू उपरको निर्णय तालुकवाला कार्यालयको स्थापना हुनुअघि यस्तै लालमोहरका आधारमा गर्ने गरिन्थ्यो ।

लालमोहरको आधिकारिकतालाई प्रमाणित गर्न र लालमोहरको कार्यविधि नियमित गर्न २०१५ सालमा लालमोहर ऐन नै बनेको थियो । सोही ऐनमा लालमोहर छाप तीनप्रकारका हुने बताइएको थियो–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१. श्री ५ महाराजाधिराजको नाम सहितको ठूलो, २. "दुर्गा भवानी"लेखिएको र ३. बाङ्गराशि । सो अनुसार नेपाल कानुनले लालमोहर हुनुपर्ने अदालती दण्ड सदर गर्ने आदेश र कुमारी चोकको फरफारकमा दुर्गा भवानी छाप लगाइन्थ्यो भने लालमोहरद्वारा गर्नुपर्ने पदको नियुक्तिपत्रमा र विदेशका लागि राजदूत नियुक्तिपत्रमा बाङ्गराशि छाप लगाइन्थ्यो । त्यस्तै ऐन र देशको अनुमित आय व्ययको स्वीकृति रिपोर्ट र अन्य लिखतमा प्रशस्ति सहितको ठूलो छाप लगाइन्थ्यो । सोही अनुसार यस अध्ययनमा छनोट गरिएका पत्रात्मक व्यहोराका लालमोहरहरूमा पनि प्रशस्ति सहितको ठूलो छाप लगाइएको छ ।

राजकीय सम्पत्ति कोषको नाममा खोलिएको अड्डा नै कौशीतोषाखाना हो । जसले जात्राको लागि पैसाको बन्दोवस्त गर्ने जिम्मा लिएको थियो । यो कार्यालय हनुमानढोकामै स्थापना भएको थियो । यसबाट के बुझन सकिन्छ भने यो कार्यालय राजकीय सम्पत्तिको संरक्षण गर्ने उद्देश्यका साथ स्थापना भएको अड्डा थियो । यो अड्डाको स्थापना अघि राजा र राज्यको ढुकुटी फरक थिएन । यसका अतिरिक्त यस कार्यालयले अन्य विभिन्न कार्य समेत गर्दथ्यो । यसमा जोडिएको तोषाखाना शब्दले लुगाफाटा इत्यादि शब्दलाई बुझिन्छ । यहाँ फरासखाना पनि जोडिएको थियो । अर्को शब्दमा भन्नुपर्दा कौशीतोषाखाना भनेको सरकारी ढुकुटीको संरक्षण गर्ने अड्डा थियो ।

कौशीतोषाखानामा प्राप्त भएको एउटा अपूर्ण पत्र र पूर्ण छवटा लालमोहर, जसमा वि.सं. श्रावण शुदि १० रोज ६ (१८३३ श्रावण १५ शुक्रबार) अधिक भाद्र सुदि ६ रोज ३ (१८३३ भाद्र ८ मंगलबार) भाद्र शुदि १ रोज ६ (१८३३ आश्विन १ शुक्रबार) कार्तिक शुदि १५ रोज २ (१८३३ मार्ग १४ सोमबार) पौष वदि ८ रोज ५ (१८३३ पौष २२ बिहिबार) र वि.सं. १८३४ वैशाख वदि २ रोज ५ (१८३४ वैशाख १५ बिहिबार) मिति उल्लेख भएको छ, ती लालमोहरहरूमा प्रतापसिंह शाहले आफ्ना सहोदर भाइ राजकुमार बहादुर शाहलाई विभिन्न विषयहरू समेटी पत्र पठाएको देखिन्छ । यीमध्ये कुनै पत्र लामालामा छन् । तिनमा लडाइँको प्रसङ्ग, नेपाल भोट सम्बन्ध, बिफर रोगले दिएको सास्ती, भोटमा कोही व्यक्तिको निधन हुँदा नेपालबाट भोटमा व्यक्तिहरू पठाएको र विवाह, गुठी, तीर्थयात्रा लगायतका कुराहरूसमेत समेटिएको पाइन्छ भने कुनै पत्रहरू अत्यन्तै छोटा र तिनमा कुशलको कामनाका साथ तिहारको भाग चिजबीज पठाइदिएको, पत्र ल्याउने व्यक्तिले नै सबै कुरा बताउला भनी टुङ्ग्याइएको पाइन्छ । पत्रको जवाफमा बहादुर शाहले के लेखेका थिए ? त्यसको विस्तृत विवरण नभेटिए पनि राजा प्रतापसिंह शाहलाई पत्रको जवाफचित्त नबुझेमा सो प्रसङ्ग उल्लेख गरिएको देखिन्छ । जसबाट बहादुर शाहले भनेका कुराहरूपनि केही बुझ्न सकिन्छ । प्रस्तुत लालमोहरहरूमा दाजुभाइबीचको टकराव र स्नेह, तीर्थयात्राको प्रसङ्ग, गुठी राखिदिएको कुरा, लडाइँ गर्नलाई सहयोगी पठाइदिएको विषय, विवाहको जानकारी, बिफरले दिएको दुःख जस्ता विषय पनि समेटिएको छ । यी लालमोहरहरूमा उल्लेख गरिएका विषयलाई यसरी हेर्न सकिन्छ ।

क) दाजुभाइबीचको टकराव

यहाँ प्रस्तुत गरिएको एउटा लालमोहरमा प्रतापसिंह शाहले पठाएको पत्रमा बहादुर शाहले जवाफ लेखेपछि त्यसको जवाफीपत्र प्रतापसिंह शाहले लेखेको बुझिन्छ । प्रतापसिंह शाहले बहादुर शाहलाई देशनिकाला गरिदिएकाले दाजुभाइबीचको टकरावलाई यहाँ स्पष्टसँग देख्न सकिन्छ । जसमा बहादुर शाहले प्रतापसिंह शाहलाई हजुरलाई र राज्यलाई मैले राम्रै गरेको थिएँ तर हजुरले राम्रो गर्नुभएन हजुरले गरेको हुने ? मैले गरेको चाहिँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नहुने ? यस्तो पनि हुन्छ र ? म पनि यही राज्यको हुँ नि भनी प्रतिप्रश्न गरेको भन्ने किसिमका कुराहरू उल्लेख गरिएको देखिन्छ । नराम्रो गरिस् भने म पनि नराम्रो नै गर्छु भनी प्रतापसिंह शाहले बहादुर शाहलाई अघिल्लै पत्रमा लेखेको कुरा यहाँबाट स्पष्ट हुन्छ । राज्यको घटीबढी हुनु भनेको दैवको इच्छा हो । आफ्नो भाग्यमा लेखेको कसैले मेट्न सक्दैन,यसमा कुनै द्विविधा छैन भनी उत्तर पठाएका छन् । यी पत्रमा प्रतापसिंह शाहले बहादुर शाहलाई तँलाई कुनै कुरा चित्त नबुझेको भए त्यसमा छलफल गरौँ गोर्खा आऊ भन्ने कुरा पनि उल्लेख गरेका छन् ।

ख) दाजुभाइबीचको घुर्की

१) प्रतापसिंहले बहादुर शाहलाई

प्रतापसिंह शाहले यहाँबाट बिदा दिँदा त मैले सोझै किसिमले दिएको थिएँ । अबदेखि यो राज्य र हामीमाथि सोझो चिताए हामीले पनि भलो गर्नु छ । हामीले भलो चिताएपछि पनि यो राज्यमाथि कुभलो गर्न खोजे त संसारमा जस्तो हुन्छ त्यस्तै होला । यदि यस्तै गर्‍यौ भने श्री ईश्वरीले बुझून् । राज्यको घट्नु बढ्नु त कसैले गरेपनि केही हुँदैन, दैवको इच्छाले हुन्छ । आफ्नो आफ्नो भाग्यमा लेखेको भोग गर्नुपर्छ । यसमा द्विविधा मान्नुपर्ने केही छैन । लडाइँ हुने दिनमा जसरी पनि हुन्छ । लडाइँ नहुने दिनमा कसैले गरेपनि केही हुँदैन । जो पर्ला सो बेहोरौँला भनी बहादुर शाहलाई भनेका छन् ।

२) बहादुर शाहले प्रतापसिंह शाहलाई

बहादुर शाहले हजुरको राज्यमा तथा हजुरलाई कुनै हानि पुर्‍याएका थिएनौँ । हजुरले नै नराम्रो गर्नुभयो । तनहुँको नुन खाएको छु । जे गराउँछन्, सो गरौँला । तपाईँले जुन बाटो देखाउनु हुन्छ, त्यही बाटो देख्छु । म पनि यही राज्यको हुँ । हामीले गरे केही नहुने हजुरले गरेकै हुने ? गुरु, भाइ, काकालाई धपाई आफ्नो भलो हुने भए गर्नुस् भनी प्रतापसिंह शाहलाई भनेको कुरा समेत प्रतापसिंह शाहले बहादुर शाहलाई लेखेको पत्रबाटै बुझ्न सकिन्छ ।

ग) दाजुभाइबीचको स्नेह

प्राप्त लालमोहरहरूमा प्रतापसिंह शाहले बहादुर शाहलाई आशीष दिँदै कुशल मंगलको कामनाका साथ तिहारको भाग मसला पठाएको कुरा उल्लेख गरी पत्रसमेत लेखेका छन् । यस्तै अरू पत्रमा पनि मेवा, चारपाट्या बिछ्याउना, २ भारी दारिम पठाइदिएको कुरा समेत उल्लेख गरिएको छ ।

घ) भाइलाई अर्ति

यी लालमोहरमा राजा प्रतापसिंह शाहले भाइ राजकुमार बहादुर शाहलाई नराम्राका पछि लागेर कार्य नगर्न सुझाव दिएका छन् । कान्छा चौतारिया (शूरप्रताप शाह)को त उमेर भइसक्यो । तँ त अझै बालखै छस् । तैँले त अझै धेरै गर्नुछ । यो राज्य तेरै थियो । तिनीहरूकै कुरा सुनेर यस अगाडि पनि नराम्रो भयो । अबदेखि कुनैपनि कुरा गर्दा आफ्नु सप्रने बिग्रने विचार पहिल्यैदेखि गर्नू । पहिला बुबा छँदा पनि हामीलाई फुटाउन धेरै मानिस लागेका थिए । तर म त्यतातिर लागिनँ । आखिर यो राज्य मलाई नै मिल्यो त । तिनीहरूको कुरा सुनेको भए यो राज्य तेरै हुने थियो । तिनीहरूको कुरा सुन्दा टाढा पर्न गइस् । त्यसैले यस्ताका कुरा नसुन् । यो राज्य तेरा छोराछोरीको काम आउला भनी भाइलाई सम्झाएका छन् । मधेसमा जाँदापनि आफ्ना बाबुबाजे सम्झेर कार्य गर्न सुझाएका छन् ।

ङ) बहादुर शाहले गरेका कार्यमा खुसी प्रकट

तनहुँ र लमजुङसँग भेट गरेछौ राम्रो लाग्यो । यो भेट कति फलदायी हुन्छ भनी भाइले गरेको कार्यमा खुसी प्रकट गरेका छन् भने पाल्पा गएकोमा पनि खुसी देखिएका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

च) लडाइँका लागि जनशक्ति पठाइदिएको प्रसङ्ग

तनहुँ, लमजुङ, कास्की, पर्वत, प्युठानका राजाहरूसँग लडाइँ गर्नका लागि वंशराज पाँडे, गंगाधर पन्थ, विश्वेश्वरपाध्याहरूलाई पठाएको प्रसङ्ग लालमोहरमा भेटिएको छ ।

छ) तीर्थाटन

गंगास्नान गर्नका लागि धर्माङ्गद पण्डित र उसका साथमा अरू दुई चार जना राम्रा मान्छे पनि गएका छन् । नारायण पुरोहित, रामभद्र पण्डितहरूपनि ग्रहण स्नान गर्न काशी गए । रजगंज पनि काशी जान्छु भनी बिदामाग्न आएको थियो । ग्रहण स्नान गरेर आएपछि उसको उदासीपनि कम होला भनी खर्चवर्च दिई उसलाई पठाइदिएँ । उसको साथमा धनवंतको साढु भाइ जैसिं भन्ने मधेस्या पनि छ ।

छ) विवाह

यी लालमोहरमा प्रतापसिंह शाहले बहादुर शाहलाई आफूले गरेका विविध कार्यहरूका बारेमा फेहरिस्त लेखेर पठाएको देखिन्छ । यी लालमोहरमा उनले भाइलाई दुईवटा विवाहको बारेमा जानकारी गराएका छन् । पहिलो रण सिंह शाहको विवाह गरेको र त्यसका लागि मधेसको केटी ल्याएको, केटीलाई काठमाडौँ राखेको, अरू (वर पक्ष) भादगाउँ गई बसेको, त्यहीँबाट वरियात (जन्ती) ल्याएर वैशाख ४ गते विवाह गरेको उल्लेख छ । दोस्रो श्री विलासभन्ने व्यक्तिको विवाह बुधसिंग(नुवाकोट जिल्लाको एक स्थान) बस्ने नित्यानन्द पण्डितको नातिनी मागेर विवाहको निधो गऱ्यौ । केटीलाई भादगाउँ राखेर काठमाडौँबाट वरियात लिई गयौ । वैशाख ८ गते कन्यादान राजाले नै गरेको र भादगाउँबाट काठमाडौँ आएको भनी पत्रमा उल्लेख गरेको बुझिन्छ । यो प्रसङ्गबाट राजाले पनि केटी मागी विवाह गरिदिने त्यस बेलाको थिति रहेको बुझ्न सकिन्छ ।

ज) प्राकृतिक प्रकोप

१८३३ पौष २२ गते र १८३४ वैशाख १५ गते बहादुर शाहलाई लेखेको पत्रमा प्रतापसिंह शाहले बिफरको भयको कुरा उल्लेख गरेका छन् । यहाँ शीतलाको भय हुँदा केही दिन भोटको बाटो समेत थुनिएको बताएका छन् । अहिले कोरोनाको प्रकोपले देशका विभिन्न नाकाहरू बन्द भएजस्तै त्यसबेला पनि चीनतर्फको नाका बन्द गरिँदो रहेछ । त्यतिबेला हिउँ धेरै परेर भोटको बाटो बन्द भएको कुराको जानकारी यी लालमोहरमा भेटिन्छ ।

झ) कर्मचारीहरूले गरिरहेको कार्यहरूको फेहरिस्त

प्रतापसिंह शाहले बहादुर शाहलाई राज्यमा भइरहेका कार्यको जानकारी गराउने सन्दर्भमा को कर्मचारी के गर्दैछ ? कसलाई कस्तो जिम्मेवारी दिइएको छ, सोको विवरण पठाएका छन् । यो बेलामा पनि नेपाल र भारतबीच सीमामा समस्या थियो भन्ने बुझिन्छ, जसलाई सच्याउन सकिन्छ कि भनी मंसिर २६ गते साइत गरी वाभन्नानिलाई पटना पठाएको व्यहोरा उल्लेख छ । उनीसँगै अन्य मानिसहरू पनि गंगास्नान गर्न गएका छन् । गंगा स्नान गर्न जानेहरूमा धर्माङ्गद पंडित र अन्य दुई चार जना असल मानिस पनि गएका छन् । धोकलसिं भन्ने कर्मचारी मधेस जान खोजेको थियो भन्ने पनि मलाई पहिल्यै थाहा थियो । पछि वल्लो किराँतमा १।२जना किराँतीले विद्रोह गरेका छन् । मर्जी भए लडाइँ गर्न जान्छु भन्न आएको थियो । काम गरी आयो भने राम्रै होला । भागेर गयो भनेपनि एकचोटि बुझ्छ अनि थाकेर फर्किहाल्छ नि भनी पठाएको थिएँ । सिन्धुलीको बाटो हुँदै मधेसतिर गएछ । अरू कर्मचारीहरूमा नारायण पुरोहित, राम पण्डितहरू पनि ग्रहण स्नान गर्न काशी गए । रनगंज पनि बिदा दिए काशी जान्छु भनी बिन्ती गर्न आयो । यो पनि उदास छ भनेर मैले पहिल्यै बुझेको थिएँ, त्यसैले ग्रहण स्नान गरेर आउँदा ठिकै होला । नभए

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पनि थाकेर आउँछ भनेर खर्चवर्च दिएर बिदा गरैं। त्यसको साथमा धनवन्तको साढु भाई जैसिं भन्ने मधिसे पनि साथै छ।

ञ) विदेशसँगको सम्बन्ध

यहाँ प्रस्तुत गरिएका लालमोहरमा विदेशसँगको विशेष सम्बन्धको बारेमा नभेटिए पनि चीनबाट त्यो समयमा पनि सामग्री आयात गरिंदो रहेछ भन्ने बुझ्न सकिन्छ। यहाँ चीनबाट सिरोपाव आएको छैन भनी भनेकोबाट बुझिन्छ। भारतसँगको सीमा समस्या हल गर्न नेपालबाट बाभन्नानिलाई पठाएकोबाट भारतसँगको सीमा समस्या त्यसबेला पनि थियो भने अहिले जस्तै तीर्थाटनका लागि मानिसहरू उति बेला पनि भारत जाने प्रचलन रहेको थियो। बेतियाका पादरी माइकल एञ्जलो राजालाई भेट्न आएको कुरा पनि यहाँ रहेको छ। त्यतिबेला भारतसँग भन्दा तिब्बतसँग नेपालको सम्बन्ध प्रगाढ रहेको कुरा झिकाछैंको टेसु लामा ल्हासामा पलिसा लामाको स्वर्गवास भएको कारणले ल्हासा गएको प्रसङ्गबाट बुझ्न सकिन्छ।

ट) गुठी

आफ्ना बुबा पृथ्वीनारायण शाहको वर्षान्तमा बहादुर शाहले संकल्प गरी गुठी राख्न छोडेर गएको रुपैयाँको माटो छुट्याएर राखेको तर दिन बाँकी रहेकाले अब सो माटो गुठी दिने वचन प्रतापसिंह शाहले बहादुर शाहलाई गरेका छन्। भरेभोलि नै गुठियार जम्मा गरेर सबै जमिन जिम्मा गरिदिन्छौ भनेकोबाट स्पष्ट हुन्छ।

ठ) लासामा मानिस मर्दा नेपाली लासा पुगेको

त्यस बेला नेपाल र तिब्बतको सम्बन्ध प्रगाढ रहेको कुरा **लासाका** मानिस परलोक हुँदा नेपालबाट **लासामा** मानिस गएको प्रसङ्गबाट स्पष्ट हुन्छ। टेसु लामा ल्हासामा पलिसा लामाको स्वर्गवास भएकोले त्यहाँ गएको प्रसङ्गबाट बुझ्न सकिन्छ।

ड) कर्मचारीको मनोबल बढाउने कार्य

धोकलसिं भन्ने कर्मचारी पहिल्यैदेखि भाग्ने सुर गरेको कुरा थाहा भए पनि राजाले थाहा नपाएझैं गरेका थिए। पछि उसले भाग्न नसकेपछि वल्ला किराँतमा १।२ जना किराँतीले समस्या पारेका छन्। मर्जी भए लडाइँ गर्न जान्छु भन्ने बहाना बनाएर राजालाई भनी भाग्न खोजेकोले उसको त्यो मनोभाव थाहा पाएका राजाले काम गरेर आयो भने ठीकै छ। गरेन भनेपनि एकचोटि बाहिरी वातावरण बुझेर थाकेर आउँछ भन्ने ठानी स्वीकृति दिएको देखिन्छ। अर्को रनगंज भन्ने कर्मचारी पनि उदास छ यसलाई काशी पठाउँदा ठीक हुन्छ भन्ने विचार गरी राजाले उसको काशी जाने अनुमति स्वीकार गरी खर्चवर्च दिई बिदा गरेको देखिन्छ। यसबाट राजाले एक पिताले बच्चाको विचार गरेझैं सबैको ख्याल राखेका छन् भन्ने कुरा देखिएको छ।

निष्कर्ष

राजा प्रतापसिंह शाहले भाइ बहादुर शाहलाई लेखेका यी पत्रात्मक लालमोहरमा प्रतापसिंह शाहले भाइलाई राज्य सञ्चालन गर्ने क्रममा भएका विविध विषयवस्तुका बारेमा बताएको बुझ्न सकिन्छ। उनले भाइलाई लेखेका पत्रहरू कुनै लामा र धेरै विषयवस्तु समेटिएका छन् भने कुनैमा विस्तृत विवरण पत्र वाहकले नै भन्ला भनी लेखिएका पनि छन्। यी पत्रहरूमध्ये एउटा पत्र अपूर्ण समेत पाइएको छ। यस्तै पत्रहरूमध्ये एउटा पत्रमा तिहारको भाग चिजबिज पठाइदिएको कुरा मात्र उल्लेख गरिएको छ। कुनै पत्रमा भाइले गरेको कार्यमा खुसी प्रकट गरिएको छ। पृथ्वीनारायण शाहको बर्खीमा गुठी राख्नका लागि बहादुर शाहले पैसा छोडिदिएको र त्यसको गुठी राख्ने व्यवस्था प्रतापसिंह शाहले मिलाएको पनि यहाँ देख्न सकिन्छ।

यी लालमोहरहरूको अध्ययनले नेपालको राजा महाराजाहरूले राज्य सञ्चालनका क्रममा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्ने गरेका कार्यहरूको विषयमा थोरै भएपनि ज्ञान हासिल गर्न सकिन्छ । यी लालमोहरमा लेखिएका कुराहरुको अध्ययनले प्रतापसिंह शाह कर्मवादी नभई भाग्यवादी रहेको बुझ्न सकिन्छ । यी लालमोहरहरू पढ्दा प्रतापसिंह शाहले बहादुर शाहलाई एक भाइलाइ दाजुले गर्नुपर्ने व्यवहार गरेको देख्न सकिन्छ । कतै भाइलाई अर्ती दिएको, कतै हप्काएको, कतै स्नेहसहित चीजबीज पठाइदिएको, राज्य सञ्चालनमा भइरहेका घटनाहरू बताएको पनि पाइन्छ । यी लालमोहरमा नेपालको व्यापार, सीमाना, राज्यवृद्धिका लागिभएका लडाइँ, प्राकृतिक विपत्ति, रोगव्याध, राजालाई भेट्नका लागि बेतियाबाट पादरी आएको, राजाले प्रजाका छोराछोरी मागी गरेको कन्यादान लगायतका प्रसङ्गबाट देशको त्यसबेलाको वस्तुस्थितिकाबारेमा जानकारी प्राप्त गर्न सकिन्छ । नेपालको राज्यविस्तारका क्रममा घटेका कतिपय घटनाका साथै इतिहासमा उल्लेख भएका शाहवंशका राजाहरूसँग सम्बद्ध कतिपय प्रसङ्गको सत्यापनका लागि समेत यी पत्रहरू स्रोतसामग्री बन्न सक्छन् । त्यस्तै त्यतिखेर प्रचलित भाषाका विशेषताहरूको अध्ययनका लागिपनि यी पत्रलाई आधार बनाउन सकिन्छ ।

परिशिष्ठ

मूल पाठ

वि.सं. १८३३ श्रावण १५ शुक्रबार[३]

श्री दुर्गा सहाय : १

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्री-मन्महाराजाधिराज श्रीश्रीश्रीमहाराजेप्रतापसिंहसाहवहादूर्सम्सेर्जङ्देवानां सदा समरविजयिनाम् लि. स्वस्तिश्रीगिरिराजचक्र-चूडामणिनरनारायणेत्यादिविविधविरूदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजकुमारश्रीमद्वहादूरसाहदेवेषु सदा समरविजयिषु आसिषपूर्वकपत्रमिदं. इहाँ कुसल ताहाँ कुसल चाहिये. जेहिते. परमानंद होइ. आगे पत्र आयो. अर्थ विदित भयो . इहाँको समाचार भलो छ . उप्रांत तपाइँका जियपर. राज्यपर. हामिले सोझै गऱ्याको थियो. आफुले असव्य ढुंगामहा पठाउनु भयो . तनहुँको निमक् षायाको छ . ज्या गरावनन् . सो गरौला. परंतु आफुले भलो गऱ्या बांगो गर्नुछैन . हामिले पनि सव्ये ढुंगामहा जाइ बस्नु छ भनी लेषिछस् ताँहाँवाट कसैले षत पनि. तिमिहरूले गऱ्याको कमाइमाफिक् जानि बुझिकन रिस् थामि सुष आनंदसँग देश पठायाँथ्यु . पठायाको तात्पर्जे आज घा माफिक्को ओषति गरौं . घा निको भयापछि. सव्य काज करनि गर्न पस्नं त घर उनको छ . पर उनैको काज आवला. असव्य गर्ना पस्नं त हामि पनि तस्तै बाटो समाउँला. भनि पठायाँथ्युं. अस्तिका चिठिमा लेष्याको पनि तसैनिमित्य हो . हामिले पनि तसै गर्नुछ भनि लेषिछस् . त्यो तम्रा काज करनिले जानियला . हामिले ता. लेषिचुक्यौँ. चित्तमा पनि तस्तै छ . जउन् बाटो देषाउला . सोहि बाटो देषन्या छौँ. हामि पनि तेसै ढुंगाका हौँ. हामिले गऱ्या. केहि हुँदैन . हजुरैका गऱ्या थामिइन्या छ भनि लेषिछस् । ढुंगाको घट्नु. बढ्नु त. कसैका गऱ्याले केहि हुँदैन . दैवका इछाले हुंछ . आफ्ना आफ्ना नसीवमहा लेष्याको भोग गर्नुपर्छ .एस्को दोभिधा मान्याको केहि छैन . उप्रांत तनहुँ समेत भै लमजुँसँग भेट गऱ्याछौ . वढिया हो .तस्को फल पर कस्तो लाग्छ .त्यो आफु जान . वाँकि तनहुँ. लमजुँ. कास्कि. पर्वत्. प्युठाना. एति राजासित. घा

३. पन्त, दिनेशराज, पूर्णिमा अंक १७ : वि.सं.१८३२देखि वि.सं. १८५८ सम्मको नेपालको इतिहासमानयाँप्रकाशपार्ने केहीपत्रहरू, पृ ३१

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्ना निमित्ते वंसराज पाँडे. गंगाधर्पंथ. विस्वेस्वरपाध्याहरूकन पठायाको छ . गोर्षा आया. विज्ञेषु किमधिकं इति श्रावन शुदि १० रोज ६ मुकाम कांतिपुर शुभं .

चारपाट्या विछ्याउना १

मेवा गैरह प्याँग १

पठाइदियाको छ. पुगला.

१८३३ भाद्र ८ मंगलबार[४]

श्री दुर्गा सहाय : १

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराज-श्रीश्रीश्रीमहाराजेप्रतापसिंहसाहवहादूर्सम्सेर्जङ्देवानाम्सदासमरविजयिनाम्लि.स्वस्तिश्रीगिरिराजचक्रचूडामणि-नरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्री-मन्महाराजाधिराजकुमारश्रीमद्वहादूर्साहदेवेषुसदा समरविजयिषु. आसिषपूर्वकपत्रमिदं. इहाँ कुसल. ताँहाँ कुसल चाहिये. जेहिते परमानंद होइ. आगे पत्र आयो. अर्थ मालूम भयो. इहाँको समाचार भलो छ. उप्रांत विस्तार हकिगत् अस्ति लेष्याँथ्युँ. पुग्यो हो. अघि भै आयाको पनि अव उप्रांत हुन्या कुरा पनि. पत्रीवाला आयो विधिविस्तार उहि गर्ला सो सही. विज्ञेषु किमधिकं. इति अधिक भाद्र सुदि ६ रोज ३ मुकाम कांतिपुर शुभम्

१८३३ आश्विन १ शुक्रबार[५]

श्री दुर्गा सहाय

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराज-श्रीश्रीश्रीमहाराजेप्रतापसिंहसाहवहादूर्सम्सेर्जङ्देवानाम्सदा समरविजयिनाम्. लि. स्वस्तिश्रीगिरिराजचक्र-चूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्म-हाराजाधिराजकुमारश्रीमद्वहादूर्साहदेवेषु सदा समरविजयिषु. आसिषपूर्वकपत्रमिदं. इहाँ कुसल ताहाँ कुसल चाहिये जे हिते परमानंदहोइ. आगे पत्र आयो अर्थ मालूम भयो .इहाँको समाचार भलो छ . उप्रांत. पत्रको उत्तरा विस्तार लेषिछस् .इहाँवाट हामिले त. उचितै कुरो लेष्याथीउँ . बुझन्या मानिसले. सोझो बुझया सोझै हुंछ . बांगो बुझया बांगै हुंछ . आफ्ना आफ्ना चित्तमहा बुझयाको गरिंछ .तैले तस्तै बुझिकन लेषिस् . उप्रांत . विस्या पौड्यालले घा गरि थामिन्या छैन भनि लेषिछस् . जुझ् र बुझ् . दुवै पक्ष हिजैदेषि भै आयाको छ . घा हुन्या दिनमा कसैले गऱ्या पनि हुंछ . न हुन्या दिनमा कसैले गऱ्या पनि हुँदैन . जुझ्बुझ् जो पर्ला सो बेहोरौंला .बाँकी. गुरु. भाइ. ककालाइ धपाइ आफ्नु भलो हुन्या भया गर्नु हवस् भनि लेषिछस् . सव्य गर्न्याकन सव्यै गर्नु पर्छ . असव्य गर्न्याकन असव्यै गर्नुपर्छ . उप्रांत. भारि २ दारिम् पठाइदियाको छ. पुगला. किमधिकं भाद्र शुदि १ रोज ६ मुकाम कांतिपुर शुभं .

---

४ पन्त, दिनेशराज,पूर्ववत् , पृ. ३१

५ पन्त, दिनेशराज,पूर्ववत् , पृ. ३२

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१८३३ मार्ग १४ सोमबार[६]

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराज-श्रीश्रीश्रीमहाराजेप्रतापसिंहसाहवहादूर्सम्सेर्जङ्देवानाम्सदा समरविजयिनाम्. लि.-स्वस्तिश्रीगिरिराजचक्र-चूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्म-हाराजाधिराजकुमार श्रीमद्वहादूर्साहदेवेषु सदा समरविजयिषु. आसिषपूर्वकपत्रमिदं .इहाँ कुसल .ताँहाँ कुसल चाहिए . आगे इहाको समाचार भलो छ . उप्रांत. तिहारको भाग चिजबीज समेत पठाइदियाको छ . पुगला . विज्ञेषु इति कार्त्तिक शुदि १५ रोज २ शुभम्

१८३३ पौष २२ बिहिबार[७]

श्री दुर्गा सहाय : १

कासी २५ गंगा १७ श्रीववाज्यू ११

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराज-श्रीश्रीश्रीमहाराजेप्रतापसिंहसाहवहादूर्सम्सेरजङ्देवानाम् सदा समरविजयिनाम् . लि. स्वस्तिश्रीगिरिराजचक्र-चूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नत- श्रीमन्महाराजाधिराजकुमार श्रीमद्वहादूर्साहदेवेषु सदा समरविजयिषु . आसिषपूर्वकपत्रमिदं इहाँ कुसल. ताहाँ कुसल चाहिये . आगे इहाँको समाचार भलो छ . उप्रांत तँ पालपा गइस् . पालपावाट पनि मधेस जान्छस् भंदा सुन्दछौ . परंतु. मधेस जादा त बाप् दादाको नाउ सम्झि आफ्नु पौच हेरि प जन्या ठाउ हो . बुझिविचार गरी गया . सभै कुरो बन्दछ . उप्रांत तैले श्रीबबाज्यूका वर्षिमहा . संकल्प गरी गूठ राष्न छोडि गयाका रूपैंयाको माटो छुट्याई राष्याछौँ . भरे भोलि गुठियारको ठिक् गरि . जिम्मा गरीदिन्छौ .बाँकी इहाँका हकिगत्का अर्थकन वाभन्नानिलाई पटना पठाइउँ. कति काजकन भन्या । हाम्रा तरियानिको साँध सिवाध . सच्याउनु थियो . इजाराको काज पनि बनि आया गर्नन् भन्ना निमित्य पठाइउ मंसिर्का दिन २६ जादाको साएत् गरि हिड्या । वाभन्नानिका साथ गंगा स्नान गर्न भनि धर्मागत् पंडित् अरु २।४ भला मानिस् पनि गया. बाकी धोकलसिं पनि भागेर मधेसतिर जांछ भनि अघि हामिले चाल पायाको थियो. पछि वल्ला किराँतमा १।२ किरातिले कुल् गऱ्या र . मर्जिभया साफ गर्न जान्छु भनि विंतिगऱ्यो र काज गरी आवला त पनि बढियै होला . भागिजाला त पनि . एक बेर बुझि थाकि आउला भनि पठायाथ्युँ . सिधुलिको वाटो मधेसतिर लागेछ . उप्रांत. नारान् पुरोहित . रामभद्र पंडित्हरू पनि ग्रहन स्नान गर्न कासी गया. रनगंजपनि .विदा त कासी जांछु भनि विंति गर्न आएथ्यो . परंतु. यो पनि. उदास छ भनि अघि हामिले वुझयैको थियो ग्रहन स्नान गरि आउला त पनि बढियै होला . आवैन त पनि अलिक् थाकि आवस् भन्ना निमित्ये षर्चवर्च दि बिदा गरीउँ गयो . धनवंतको साढु भाइ जैसिं भन्याको मधेस्या साथै छ . उप्रांत इहाँका विफरका डरले अलिदिन् भोटको रस्ता थुनियेथ्यो. बिफर सुस्ति रहुनि मात्र भोटको रस्ता पनि चलिरहेछ . परंतु . यस हिउँले अलिक् दिन् अट्कला . विज्ञेषु किमधिकं इति पौष वदि ८ रोज ५ मुकाम कांतिपूर शुभं.

१८३४ वैशाख १५[८]

---

६ पन्त, दिनेशराज,पूर्ववत् , पृ. ३२

७ पन्त, दिनेशराज, पूर्णिमा, अंक २०, अप्रकाशित ६ वटा ऐतिहासिकपत्रहरू , पृ.३०८

८ पन्त, दिनेशराज, पूर्णिमा, अंक २०, अप्रकाशित ६ वटा ऐतिहासिकपत्रहरू , पृ.३०८

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्री दुर्गा सहाय

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराज-श्रीश्रीश्रीमहाराजेप्रतापसिंहसाहबहादूर्सम्सेर्जङ्देवानाम् सदा समरविजयिनाम् . लि. स्वस्तिश्रीगिरिराजचक्र-चूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नत- श्रीमन्महाराजाधिराजकुमारश्रीमद्वहादूरसाहदेवेषु सदा समरविजयिषु. आसिष. पूर्वक पत्रमिदं इहा कुसल ताहा कुसल चाहिये . जेहिते परमानंद होइ आगे इहाँको समाचार भलो छ . उप्रांत : रनसिं साहलाइ विवाह गर्नाकन कंन्या लिन मधेस पठायाँथ्युँ. कंन्या पनि ल्याइपुऱ्याया . कंन्या काठमाडौं राषि. हामि भादगाउँ गइउ भादगाउँवाट बरियात आइ. वैशाषका दिन ४ जाँदो विवाह गरिउँ बाँकि श्रीविलासकन पनि बुधसिंग बस्न्या नित्यानंद पंडितकि नातिनि मागिउँ र कन्यालाई भादगाँउ राष्युँ. वरियात काठमाडौंबाट गयो वैशाषका दिन ८ जाँदो कन्यादान हामिले गरिदिइउँ वैशाषका दिन ११ जाँदो भादगाँउवाट काठमाडौं आइउँ. उप्रांत लासाको पलिसा लामा षस्या छन् . अब एस्‌लाइ दिन्या हो भन्नु ठिक चिनवाट सिरो पाव आयाको छैन . भिकाछेको टेसु लामा पनि लासा गयाका छन् . पलिसा लामा षस्‌नाले टेसु लामा गयाका रह्या छन् . लासामहा तेस्तो पर्दा र इहा सितलाको भय पनि हुंदा अलिक दिन भोटको वाटो थुनियोथ्यो. अब बाटो सरासर चलिरहेछ उप्रांत. पादरि मिकलांजलो भेट गर्न भनि वाटमहा डाँक राषि दिन ३ मा काठमाडौं आइपुग्या. ३ रात ऋहा वसि भेटघाट गरि लगतै फिरि डाँकैबाट दिन ३ महा वेतिया गया . बाँकि इहाँको अरु हकिगत् पाल्‌पालि सुरविर सेन चौतारियाहरूका मानिस् हात पठाऱ्या थिउँ पुग्यो हो विज्ञेषु किमधिकं इति सम्वत् १८३४ साल वैशाषवदि २ रोज ५ मुकामकांतिपुर शुभम् ।

श्री दुर्गासहाय १

श्री ईश्वरी श्री ववाज्यु

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणे-त्यादिविविधविरुदावलिविराजमान-मानोन्नतश्रीमन्महाराजाधिराज-श्रीश्रीश्रीमहाराजेप्रतापसिंहसाहबहादूरसम्सेरजङ्देवानाम् सदा समरविजयिनाम् लि. स्वस्तिश्रीगिरिराजचक्र-चूडामणिनरनारायणेत्यादिविविधविरूदावली- विराजमानमानोन्नतश्रीमन्महाराजाधिराजकुमार श्रीमद्वहादुरसाहदेवेषु सदा समरविजयिषु. आसिषपूर्वकपत्रमिदं इहाँ कुसल ताहा कुसल चाहिये . जे हिते परमानंद होइ आगे इहाँको समाचार भलो छ . उप्रांत. तिमिहरूले कसै गऱ्यौ त पनि. हामिले आफ्ना तरफ्‌वाट . सोझै तरहले . विदादिकन पठायाथ्युँ अरूपनि. हाम्रा दीलमा. एस्तो छ . अव उप्रांत. एस ढुंगा र . हामिमाथि. आफ्नु छाला र कुल समझि. सोझो चिताया. हामिले पनि भै वादै जानि भलै गर्नुछ . तस्तै वुझि . तिमिहरूको . मालमताइ. वाधाविर्ता चलायाको छैन . रह्यैको छ . तस्तो वुझौन . हामिले आफ्ना तरफवाट . भलो चिताएपछि . पनि. एस ढुंगामाथि. वांगो गर्न पस्या . सन्सारमा . जस्तो हुंछ . तस्तै होला . परंतु. इ कुरा सानाहोइनन् . हामिले सोझो गर्दै . छाला र . कुलगोत्मा. वांगो गर्न . तिमिले पस्या श्री इश्वरी चेताउनन् . तिमिले ताहाँ गै सोझो गर्दा गर्दै . हामिले . भै वादमाथि. वांगै चितायाश्री इश्वरी वुझनन् . एस्तो काम चिताउँदाको घरि . तिमिले पनिकुल् गोत् छालाकन . एहीसम्म गऱ्या . पर यो फल लागला भनि सिद्धांत . ठहराइ . तव गर्न महापलु . हाम्रा अर्थकन त . तिमिहरू जउन् वाटो दोषाउला. सोहि वाषे देषौंला . हामिले अघि गर्नु वेहोर्नु केहि छैन . वर्ष दिनसम्म त तिमिले सव्य असव्य गऱ्याको विचार गर्न्यैछौ. कांछा चौतरियाको ता . केहि तरहले . उमेर पनि होइ चुक्‌न लाग्यो . तँ ता. वालषै छस् . तैले ता . अरु षानु वेहोर्नु . उमेर काट्नु पर्ऱ्या छ . षेड गर्न्या

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सेवक्कार . निधार थाप्न्याका कुरा सुनी . आफ्नु नविगार्नु . अघि पनि तस्तैका कुरा सुनि . ताहासम्म भयो . अवप्रांत गर्दा आफ्नु सपर्न्या . विग्रन्या . परदेषि. विचार गरि गर्नु . अघि वुवा छँदै पनि मलाइ र वुवालाइ फोर्न. धेरै मानीस् गर्थ्या . गर्थ्या त पनि म फुट्नमा पसिन वुवाले पनि . मलाइ चिन्हावना महापस्नु भयेन . आषीर यो देस . मलाइ न . मिल्यो . तस्तै षेडाहाको षेडन सुन्यको भया . यो जगा तेरै थियो . षेडाहाको षेड सुन्दा . टाडा पर्न गइस् . गइस् तपनि . अवउप्रांत . षेडाहाको षेडन सुन्या यो जागापर . तँ तेरा छोरा . छोरीको काम आउला . षेड भन्याको . वहुदा वाँभ नै

सन्दर्भग्रन्थसूची

आचार्य, बाबुराम (२०२२) **नेपालको संक्षिप्त वृतान्त खण्ड १**, काठमाडौं : प्रमोद शम्शेर र नीरविक्रम"प्यासी"

पन्त, दिनेशराज (२०४१) **गोरखाको इतिहास भाग - एक**, काठमाडौं : लेखक स्वयं

पूर्णिमा (२०२५,१७ पूर्णाङ्क), वर्ष ५, अंक १, **वि.सं. १८३२ देखि वि.सं. १८५८ सम्मको नेपालको इतिहासमा नयाँ प्रकाश पार्ने केही पत्रहरू**, काठमाडौं : संशोधन मण्डल

पूर्णिमा (२०२५,२० पूर्णाङ्क) वर्ष ५ अंक ४, **अप्रकाशित ६ वय ऐतिहासिक पत्रहरू**, काठमाडौं : संशोधन मण्डल

लालमोहर ऐन २०१५

खाम संख्या : ४५१, DNA : १४/३०

खाम संख्या : ४६४, DNA : १४/४३

खाम संख्या : ४६०, DNA: १४/३९

खाम संख्या : ४६५, DNA : १४/४४

खाम संख्या : ९५, DNA : १०/९५

खाम संख्या : ४७८, DNA : १४/५७

खाम संख्या : ९४, DNA : १०/९४

❑❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राष्ट्रिय अभिलेखालयमा भएका तिब्बती ग्रन्थहरूको विवरण

-कल्पना पराजुली*

राष्ट्रिय अभिलेखालय विभिन्न भाषामा लेखिएका ग्रन्थहरू तथा दस्तावेजहरूको भण्डार हो । तिब्बती भाषामा लेखिएका र छापिएका बीस हजारभन्दा बढी ग्रन्थहरू यहाँ रहेका छन् । यी ग्रन्थहरू कुन बेला देखि संकलन भएका हुन् भन्ने कुराको यकिन अभिलेख नभएकाले तिथि मिति तोक्न संभव छैन । हालसम्म उपलब्ध स्रोतहरूमध्ये वि.सं. १८७६ फागुन शदि ९ रोज १ मा केदारनाथ ओझाको १८८३ पुस्तकहरूको सूचीमा भोट्या भाषाका ग्रन्थहरू भएको उल्लेख छ । पुस्तकको नाम र संख्या तोकिएको छैन । यसबाट के देखिन्छ भने अभिलेख व्यवस्थापनको प्ररम्भिक चरणमै पनि तिब्बती भाषाका पुस्तकहरू यहाँ संकलित थिए ।

वि.सं. १९८९ मा प्रधानमन्त्री भीमशम्शेरको पालामा वीर पुस्तकालय अन्तर्गत भोटे फाँट थपिएको पाइन्छ । भोटे फाँट भन्ने वित्तिकै सरकारी संकलनमा थुप्रै पुस्तकहरू यहाँ जम्मा भएको देखिन्छ । केही पुस्तकहरूको पृष्ठमा श्री श्री श्री भीमशंम्शेर भन्ने छाप पनि लागाइएको छ । भोटबाट उपहार लिएर काठमाडौँ आउने तेन्सेम्वाहरू मार्फत काङ्ग्युर र तेन्युर ग्रन्थहरू श्री ५ लाई चढाएको बारेमा लेखिएको पत्र परराष्ट्र मन्त्रालयको संकलनमा रहेको ग्रन्थमा उल्लेखित छ । २०५०।६।२३।४ मा तयार गरिएको सूचीमा छ वटा दराजहरूमा ५४२ वटा पोकाहरूमा रहेका ग्रन्थहरूको नाम दिइएको छ । यसको २३ औँ बुँदामा जुद्ध शम्शेरबाट निजासन गरेका रिन्छेन तेर्जो सूची र २४ औँ बुँदामा भीमशमशेरबाट निजासन गरेका निङ्मा ग्युवुम भनी लेखिएको हुनाले हालको ६०९ पोकासम्मका ग्रन्थहरू जुद्धशम्शेरको पालासम्म संग्रहित भएका देखिन्छन् ।

राष्ट्रिय अभिलेखालयको अलावा राष्ट्रिय संग्रहालय छाउनी पनि तिब्बती भाषाका ग्रन्थहरूको भण्डार रहेको देखिन्छ । २०४७।७।८ को पत्रमा ३५६ ग्रन्थहरू माइक्रोफिल्म बनाउन राँष्ट्रिय अभिलेखालय पठाएको उल्लेख छ । त्यस्तै २०४९।१०।२८ को पत्रमा २४९ ग्रन्थहरू माइक्रोफिल्म गरिएको सूची अनुसार हालको ९८६ पोका सम्मका पुस्तक राष्ट्रिय संग्रहालय छाउनीबाट सङ्कलन भएको देखिन्छ । पोका नं ९६९ को कैफियतमा उपत्यका अपराध अनसन्धान शाखाबाट प्राप्त भनिएको छ र माइक्रोफिल्म प्रति पनि उपलब्ध नभएकोले नयाँ संकलनको रुपमा लिन सकिन्छ । पछि प्रकाश दर्नालको अग्रसरतामा बाँकी रहेका ३३ पोकामा रहेका विभिन्न ग्रन्थहरू पनि राष्ट्रिय संग्रहालयबाट राष्ट्रिय अभिलखालयमा हस्तान्तरण गरिएको पाइन्छ । यिनीहरूलाई पोकामा व्यवस्थित गर्ने काम हालसम्म सम्पन्न नभएकाले

*तिब्बती भाषा सहायक, रा.अ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राष्ट्रिय संग्रहालयको संकलनबाट कति ग्रन्थहरू यहाँ आइपुगे भन्ने खोजकै विषय छ ।

यसरी राष्ट्रिय अभिलेखालयमा उपहार स्वरुप प्राप्त पुराना ग्रन्थहरू, राष्ट्रिय संग्रहालयबाट उपलब्ध ग्रन्थहरू र विभिन्न समयमा उपत्यका अपराध अनुसन्धान शाखाबाट प्राप्त ग्रन्थहरूको भण्डार रहेको देखिन्छ। ग्रन्थहरू हालसम्म पनि प्राप्त भइरहेकाले ग्रन्थहरू थपिदै जाने र त्यसको व्यस्थापन गर्दै जानु पर्ने देखिन्छ । हालसम्म सूचीकृत ११५२ पोकाहरूमा रहेका बीस हजारभन्दा बढी ग्रन्थहरूको मोटमोटी विवरण यहाँ प्रस्तुत गरिएको छ। यी मध्ये धेरै जसो पुस्तकहरूको विवरण १० भागमा प्रकाशित क्याटलगमा दिइएको छ । हालसम्म प्रकाशित क्याटलगको आधारमा यो रिपोर्ट तयार पारिएको हो।

राष्ट्रिय अभिलेखालयमा हस्तलिखित, काठे छापामा छापिएका र आधुनिक पद्धतिबाट मुद्रित ग्रन्थहरू रहेका छन् । उचेन, उमे , ख्युयिग आदि लिपिमा लेखिएका र उचेन लिपिमा छापिएका ग्रन्थहरूको अलग क्याटलग उपलब्ध छन् । ४१९० वटा हस्तलिखित ग्रन्थहरूको क्याटलग पाँचौं भाग सम्ममा भेटिन्छन् । यिनीहरू अकारादि क्रमको शीर्षबाट छापिएका छन् । पाँचौं भागको ८९ पेज देखि २३४ पृष्ठका साथै छैठौं र सातौं भागमा १४४९ वटा छापा ग्रन्थहरूको क्याटलग पाइन्छ । विभिन्न लेखकहरूले विविध विषयमा रचना गरेका ग्रन्थहरूलाई काठे छापामा -जाइलोग्राफ) मा छापिएको छ । आठौँ भागमा दिल्लीमा अफसेट प्रविधिबाट छापिएका ११०९ देगे काङ्ग्युर ग्रन्थहरूको क्याटलग छापिएको छ। नवौं भागमा नारथाङ् काङ्ग्युरका ७८९ ग्रन्थहरू पहिलो खण्डमा छापिएका छन् भने दोश्रो खण्डमा नारथाङ तेन्युरका ५३४ ग्रन्थहरूको क्याटलग छापिएको छ। दशौं भागमा नारथाङ तेन्युरका ११८१ ग्रन्थहरूको क्याटलग छापिएको छ । अबका केही भागहरू नारथाङ तेन्युरमै केन्द्रित हुनेछन्।

अब शुरुको दराजको पहिलो पोका देखि अन्तिम दराजको ११५२ औँ पोकासम्मको रुपरेखा हेरौँ -शुरुमा नारथाङमा काठे छापामा छापिएका काङ्ग्युर ग्रन्थमाला छन् । पोका नं. १ देखि १०१ सम्म काङ्ग्युर ग्रन्थहरू हुन् । बीचमा ७७ नं. को पोका तेन्युर ग्रन्थमालाको एक ग्रन्थ परेको छ भने बाँकी एउटा काङ्ग्युर ग्रन्थ पोका नं. ३३८ मा छ भने पोका नं. ३४० मा काङ्ग्युरको विवरणात्मक सूची (कार्छाग) छ । भगवान् बुद्ध भाषित वचनहरूको अनुवादलाई काङ्ग्युर भनिन्छ। यसरी राष्ट्रिय अभिलेखालयको शुरुवाती ग्रन्थ बुद्धवचन अनुवादका १०१ ठेलीहरू देखिन्छन् । यसको विस्तृत विवरण क्याटलग अफ टिबेटन टेक्स्टको नवौं खण्डको २५६ पृष्ठसम्ममा उपलब्ध छ । यसमा ७८९ ग्रन्थहरूको संकलन छ।

बुद्धवचन अनुवादको (काङ्ग्युर) काठे छापामा आधारित भई अफसेट प्रविधिबाट रातो मसी प्रयोग गरी छापिएको अर्को सेट पोका नं. १०२४ देखि ११२५ सम्म राखिएका छन् । पूर्वी तिब्बतको देर्गेमा छापिएका हुनाले यसको मूल प्रतिलाई देर्गे काङ्ग्युर भनिन्छ। यसमा ११०८ ग्रन्थहरू समेटिएका छन् । यसलाई क्याटलग अफ टिबेटन टेक्स्टको आठौं भागमा छापिएको छ । अर्को एक सेट देर्गे काङ्ग्युर पनि राष्ट्रिय संग्रहालयबाट प्राप्त भएको छ । पोका नं. ४९५ सम्म तेन्युरसँग मिसिएको अवस्थामा रहेको यो सेटमा पनि ११०८ ग्रन्थहरू छन् जसको विवरणात्मक सूचीपत्र आठौं भागमा समेटिएको छ । यसरी देर्गे काङ्ग्युरमा सम्मिलित ११०८ ग्रन्थहरूको दुई सेट भएकाले २२१६ ग्रन्थहरू रहेका छन्। नारथाङ् काङ्ग्युरका ७८९ ग्रन्थहरूसँग जोड्दा जम्मा ३००५ ग्रन्थहरू रहेका ३०७ पोका ग्रन्थहरू बुद्ध वचनका तिब्बती अनुवादहरू हुन् । यिनीहरूको अलवा प्रज्ञापारमितासँग सम्बन्धित थुप्रै ग्रन्थहरू विभिन्न पोकाहरूमा रहेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बुद्धवचनमा आधारित भारतीय, नेपाली र तिब्बती लेखकहरूले लेखेका बौद्धशास्त्रको अनुवाद तेन्युर सेट पनि यहाँ रहेको छ। नारर्थाङमा छापिएको पूरै सेट छ भने देर्गेमा छापिएको केही ग्रन्थहरू मात्र यहाँ रहेका छन्। पोका नं. ११७ देखि ३३७ सम्मका २२२ पोका र पोका नं. ७७ गरी २२३ पोका ग्रन्थहरू नारथाङ तेन्युरसँग सम्बन्धित छन्। ३९३४ ग्रन्थहरू रहेको यो ग्रन्थमालाका १७१५ वटा ग्रन्थहरूको विवरण क्याटलग अफ टिबेटन टेक्स्टको नवौँ भागको पृष्ठ २६६ देखि ४४६ सम्म छ भने दशौँ भाग पूरै तेन्युरको मात्रै क्याटलग हो। राष्ट्रिय संग्रहालयबाट प्राप्त देर्गे तेन्युरका केही ग्रन्थहरू पोका नं.३६८ देखि ३७६ सम्म रहेका छन्।

पोका नं. ३४२ देखि ३६७ सम्मका २९ पोकाहरू भीमशम्शेरका पालामा निजासन गरिएका न्यीङ्मा ग्युवुमहरू हुन् जसमा बौद्धतन्त्रहरूका प्राचीन अनुवादलाई समेटिएको छ । पोका नं. ३६७ मा यिनीहरूको विस्तृत सूचीपत्र छ। काठे छापामा छापिएका यी ग्रन्थहरूको अलवा पोका नं. ६८७ देखि ७२२ सम्मका ३६ ग्रन्थहरू हस्तलिखित ग्रन्थहरूको रुपमा रहेका छन् जसको विवरणात्मक सूची क्याटलग अफ टिबेटन म्यानुस्क्रिप्टका ५ भागहरूमा उपलब्ध छ।

पोका नं. ५४५ देखि ६०९ सम्मका ६३ थान ग्रन्थमाला रिन्छेन तेर्जोसँग सम्बन्धित हुन् जुन जुद्धशम्शेरको पालामा निजासन गरिएको भनेर लेखिएको छ। एघारौँ देखि उन्नाइसौँ शताब्दिसम्म निधि ग्रन्थहरूको रुपमा निकालिएका ग्रन्थहरू जाम्गोन कोङ्टुलले सङ्कलन गरी छपाएका छापा ग्रन्थहरू हाल धेरै नै दुर्लभ मानिन्छन् । २४२५ ग्रन्थहरू समेटिएको यिनीहरूको विवरणात्मक सूची पोका नं. ५२५ मा पाइन्छ । यिनीहरूको अलावा थुप्रै फुटकर निधि ग्रन्थहरू विभिन्न पोकाहरूमा रहेका छन् जसको विवरण हस्तलिखित ग्रन्थहरूको सूचीमा अकारादि क्रममा छापिएको छ।

पोका नं. ११२६ देखि कम्प्युटरमा टाइप गरी अफसेटमा छापिएका लोङ्सालका १४ पोका र दुदुलका १४ पोका निधि ग्रन्थहरू छन् । दुदुलका ग्रन्थमालामा ८५६ र लोङ्सालका ग्रन्थमालामा ३३५ ग्रन्थहरू रहेका छन् । यिनीहरूको विवरणात्मक सूची बनिसकेको भए तापनि छापिएको छैन । यसको अलावा पोका नं. ६५९ देखि ९६८ सम्म थुप्रै हस्तलिखित ग्रन्थहरू छापा ग्रन्थहरूसँगै मिसिएका छन्। धेरै जसो ग्रन्थहरू ताप्लेजुङको ओलाङ्चुङ गोलाबाट संकलित भएको भनिए तापनि कति वटा ग्रन्थ त्यहाँका हुन् भन्ने लिखित कागजात उपलब्ध नभएको कारण राष्ट्रिय संग्रहालयबाट प्राप्त ग्रन्थहरू हुन भन्न सकिन्छ। राष्ट्रिय अभिलेखालयमा रहेका अन्य महत्त्वपूर्ण ग्रन्थमालामा लोङ्छेन्पा, तारानाथ, देसी साङ्ग्ये ग्याछो, ङुल्छु धर्मभद्र, याङ्चेन डुब्पे दोर्जे आदि लेखकहरूका मौलिक कृतिहरू छन् । लोङ्छेन्पा विरचित सात कोशहरू (लोङ्छेन जोदुन) मध्ये ७ वटै कोशहरू यहाँ उपलब्ध छन्। रिन्छेन् तेर्जोका पोकाहरूसँग मिसिएको अवस्थामा पोका नं. ५५१ मा उपदेशरत्न कोश (मेनङाग रिन्पोछेई जो) छ भने पोका नं. ६८२ मा चिन्तामणि कोश (यिस्हीन रिन्पोछेई जो), छ। गुणरत्न कोश (योन्तेन् रिन्पोछेई जो) पोका नं. ६८० मा छ भने शब्दार्थ रत्न कोश (छिग्दोन रिन्पोछेई जो) र धर्मधातु कोश (छोयिङ रिन्पोछेई जो) पोका नं. ६५८ मा छन्। पोका नं. ६५६ मा अग्रयानरत्न कोश (थेग्छोग् रिन्पोछे ज्यो) छ। यसरी एउटै लेखकका एउटै ठाउँमा छापिएका एकै समूहमा रहने रचनावली (सुङ्वुम) पनि अलग अलग स्थानमा रहेका छन्। पोका नं. ५२८ मा तथात्व रत्नकोश (नेलुग जो) छ।

अर्का प्रसिद्ध लेखक तारानाथका २२५ रचनाहरू पोका नं. ४८९ देखि ५५२ मा छरिएर रहेका छन् भने केही ग्रन्थहरू पोका नं. ६७८ मा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पनि छन् । १९ पोकामा रहेका २२५ ग्रन्थहरू एकै ठाउँमा राख्न सके अनुसन्धाताहरूलाई सहज हुने देखिन्छ । सारस्वत, चान्द्र, पाणिनी जस्ता व्याकरणहरूमा टीका लेखेका तारानाथ भारतमा बौद्धधर्मको इतिहासका लेखक पनि हुन् । अर्को प्रसिद्ध लेखक ङुल्छु धर्मभद्रका ७ पोकामा रहेका १७८ ग्रन्थहरू तारानाथका पुस्तकहरूसँगै मिसिएर पोका नं. ५०० देखि ५३६ सम्म रहेका छन् । धर्मभद्रका चेला याङ्चेन डव्पे दोर्जेका पनि ९४ ग्रन्थहरू पोका नं. ४९६ देखि ५०४ भित्र रहेका छन् । यसरी पोका नं. ४९६ देखि ५५३ सम्म चार प्रसिद्ध लेखकहरूका ग्रन्थहरू मिसिएर रहेका छन् ।

पाचौँ दलाइलामाका प्रधानमन्त्री (देस्री) को रुपमा रहेका साङ्ग्ये ग्याछो पनि विभिन्न विधामा सशक्त कलम चलाउने लेखक हुन् । पोका नं. ५५३ मा चिकित्सा विद्याका चार तन्त्रहरू (ग्युशि) का व्याख्या गरिएको १०६७ पृष्ठको वैडुर्य ङोन्पो नामक विशाल ग्रन्थ रहेको छ भने पोका नं. ४९७ मा ज्यौतिषशास्त्र विषयक वैडुर्य कार्पो ग्रन्थ छ । गेलुग परम्पराको विस्तृत इतिहास वैडुर्य सेर्पो नामक ग्रन्थ ५३० पोकामा छ । उनका यी ग्रन्थहरू चिकित्सा र ज्यौतिष विधाका प्रामाणिक कृतिहरू मानिन्छन् ।

राष्ट्रिय अभिलेखालयको अर्को महत्त्वपूण संकलन जीवनी ग्रन्थहरू हुन् । एघारौँ शताब्दिमा नेपालको चोभार क्षेत्रमा सक्रिय रा लोचावाको जीवनी पोका नं. पोका नं. ५३१ मा छ । खुम्बु क्षेत्रमा सक्रिय ङावाङ तेन्जिन नोर्बुको विस्तृत जीवनी पनि पोका नं .५३२ मा छ । भोट क्षेत्रमा काग्यु परम्पराका संस्थापक मध्येका एक गाम्पोपाको कर्मा ङेधोन तेन्ग्ये विरचित जीवनी पनि पोका नं. ६६० मा छ । हिमाली क्षेत्रका महायोगी मिलारेपाको चाङ्न्योन हेरुक विरचित ग्रन्थका छापा तथा हस्तलिखित प्रतिहरू यहाँ उपलब्ध छन् जसको विस्तृत चर्चा मैले मिलारेपा सम्बन्धि लेखहरू अभिलेख पत्रिकामा गरिसकेकी छु ।

आठौँ शताब्दिमा नेपाल र तिब्बत लगायत हिमाली क्षेत्रहरूमा सक्रिय धर्म गुरु पद्मसंभवका प्राय: सबै जीवनी ग्रनथहरू राष्ट्रिय अभिलेखालयमा उपलब्ध छन् । पोका नं. ४५९ को काथाङ देङा ग्रन्थको शुरुमै श्री श्री श्री भीमशम्शेर भनेर छाप लगाइएको छ । उर्गेन गुरु पेमा ज्युङ्ने क्यी नामथार डिङ्पो स्हाङ्लीङ्मार ढाग्पा शुग्सो (ओड्डियान गुरु पद्मसंभवको ताम्रदीपी नामले विख्यात मध्यम जीवनी) नामक हस्तलिखित ग्रन्थ संसारमै यो एक मात्रै प्रति मानिन्छ । पोका नं. ६५९ मा रहेको १४८ पृष्ठको यो ग्रन्थलाई दुर्लभ सम्पदाको रुपमा राखेर प्रचार प्रसार गर्न उपयुक्त देखिन्छ । उर्गेन लिङ्पाले निधिबाट निकालेको पेमा काथाङ्का पनि हस्तलिखित र छापा ग्रन्थका धेरै प्रतिहरू राष्ट्रिय अभिलेखालयमा रहेका छन् । पोका नं. ६६२ मा धर्मकाय वज्रधर, महासिद्ध तिलोपा, महासिद्ध नारोपा र मार्पा लोचावाका पुराना जीवनीहरू छन् ।

राष्ट्रिय अभिलेखालयमा उपलब्ध धेरै ग्रन्थहरू मध्ये शतसहास्रिका प्रज्ञापारमिता (वुम) एक हो । यहाँ रहेका तीन सेट काङ्ग्युर भित्रै पनि पाइने १२ ठेलीमा विभक्त यो विशाल ग्रन्थका छुट्टै तीन सेट यहाँ रहेका छन् । पोका नं. १०२-११३, ६१८-६३०, १०१२-१०२३ मा उपलब्ध यो ग्रन्थमा एक लाख भन्दा बढी श्लोकहरू रहेका छन् । यसको अलवा सुनको र चाँदीको मसी प्रयोग गरी लेखिएका अष्ट साहस्रिका प्रज्ञापारमिताको थुप्रै प्रतिहरू पनि यहाँ रहेका छन् भने नयाँ थपिने ग्रन्थहरूमा यही प्रमुख रहेको छ । वोन परम्परामा प्रचलित शतसहास्रिका प्रज्ञापारमितालाई (दाल्वुम) भनिन्छ । योसँग सम्बन्धित ८ ठेली ग्रन्थहरू पोका नं. ६१० देखि ६१७ सम्म उपलब्ध छन् । डोल्पा जिल्लाबाट भारतमा पुर्नमुद्रण गर्नका लागि लादैं गर्दा भन्सार नाकाबाट जफत गरी राष्ट्रिय अभिलेखालयलाई बुझाइएको जानकारी डोल्पाका लामाहरूबाट उपलब्ध भएको हो ।

राष्ट्रिय अभिलेखालयमा धेरै संख्यामा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रहेका ग्रन्थहरूमा धारणी संग्रह (स्हुङ दु/दोमाङ) पनि हो फुटकर ग्रन्थहरूमा धेरै जसो बौद्धग्रन्थहरूसँग सम्बन्धित धारणीहरू रहेका छन् । महायान र श्रावकयान बौद्ध जगतमा छोटा छोटा सूत्र ग्रन्थहरूलाई वाचन गर्ने चलन बौद्ध धर्म अपनाएका सबै देशहरूमा पाइन्छ । श्रीलंका, म्यान्मार र थाइलैण्ड जस्ता श्रावकयानको स्थविरवाद (थेरावाद) सँग आबद्ध बौद्ध मार्गीहरू पाली भाषामा लेखिएका परीत्त सुत्तहरूको वाचन गर्दछन् भने नेपाल मण्डलमा संस्कृत भाषामा रहेका लघु सूत्रहरू पाठ गर्ने गरेको पाइन्छ । तिब्बतमा पाली र संस्कृत भाषामा रहेका सबै जसो सूत्र र धारणीहरूलाई भोट भाषामा अनुवाद गरी पाठ गर्ने गरेको पाइन्छ । काङ्ग्युर ग्रन्थमाला भित्रका विभिन्न वर्गमा राखिएका त्यस्ता लघु ग्रन्थहरू संकलन गरी देर्गे काङ्ग्युरका दुई ठेली भित्र राखिएको पाइन्छ उक्त वर्गलाई स्हुङ दु (धारणी संग्रह) नाम दिइएको छ । नारथाङ काङ्ग्युरमा छुट्टै वर्गको नाम नदिइए पनि परिशिष्ट (खाकोङ) वर्गमा केही महत्त्वपूर्ण धारणीहरू राखिएको छ ।

भारतवर्षको संस्कृत र पाली भाषाबाट अनुदित लघु ग्रन्थको अलावा भोट क्षेत्र भित्रै पनि गुरु पद्म संभवले निधिको रुपमा राखेका ग्रन्थहरू पछि निधि प्रकाशकहरूले प्रकाशन गरी प्रचलनमा ल्याएका धारणीहरू पनि धेरै लोकप्रिय छन् । सत्रौं शताब्दिका प्रसिद्ध विद्वान् लामा तारानाथ (सन् १५७५-१६३४) ले काङ्ग्युरमा भएका र निधि ग्रन्थहरूको रुपमा उजागर भएका ग्रन्थहरूलाई सङ्कलन गरी दुई भाग भएको 'दोङाग् सुङ्राव् ग्या छोई न्यीङ्पो छेन् स्हुङ दु स्युसग् सो' (सूत्र मन्त्र प्रवचनम् सागरस्यगर्भ संज्ञा धारणी युग समास्य विहरतिस्म) ग्रन्थ छपाई ग्रन्थको नामको शुरुको दो र अन्ततिर रहेको माङलाई समेटेर दोमाङ मात्र भन्ने चलन छ भने अन्ततिर रहेका स्हुङ र दु लाई झिकेर स्हुङ दु पनि भन्ने गरिन्छ । भोट भाषाका ग्रन्थका लामा औपचारिक नामलाई छोट्याएर अनौपचारिक नामलाई सर्व साधारणले प्रयोग गर्ने प्रचलन रहेको पाइन्छ । यसरी दोमाङ (बहुसूत्र) वा स्हुङ दु (धारणी संग्रह) शब्दले सूत्रयान र मन्त्रयानमा प्रचलित परित्त सुत्त र मन्त्र धारणी दुवैलाई संयुक्त रुपमा समेटेको पाइन्छ । राष्ट्रिय अभिलेखालयमा छापा र हस्तलिखित दुबै संस्करणका ग्रन्थहरू रहेका छन् भने केही अंशहरूलाई समेटिएका साना ग्रन्थहरू पनि छन् । कुनै पोकामा त एउटा मात्रै धारणी मंन्त्र पनि छन् भने कुनैमा छापा र हस्तलिखित मिसिएका संकलित ठेलीहरू पनि छन् । दुई सेट काङ्ग्युर भित्रका चार पोकाहरूमा भने निधि ग्रन्थमा नसमेटिएका भारतीय मूलका छोटा सूत्र र धारणीहरू मात्र रहेका छन् । विभिन्न ठाउँमा लेखिएका र छापिएका दोमाङहरूमा अलग अलग विषयहरू राखिएका हुनाले तिनीहरूको पनि छुट्टै गणना गर्नु पर्ने देखिन्छ । फुटकर धारणीहरूको पनि सूची बनाएर एकै शीर्षकका ग्रन्थहरूको संख्या गन्नु उपयुक्त देखिन्छ ।

सन्दर्भ सामग्रीहरू :

नेपाल, ज्ञानमणि (२०४५), **नेपाल-भोटचीनसम्बन्धका केही सांस्कृतिक पक्ष**, काठमाडौँ, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

पराजुली, कल्पना (२०७२), **राष्ट्रिय अभिलेखालयमा रहेका मिलारेपासँग सम्बन्धित पुस्तकहरूको विश्लेषणत्मक अध्ययन, अभिलेख** अंक ३३, पृ. १०१-१०५

पराजुली, पुण्यप्रसाद (२०७४), **राष्ट्रिय अभिलेखालयको तिब्बती शाखाको सर्वेक्षण, अभिलेख** अंक ३५,राष्ट्रिय अभिलेखालय, पृ.१२३-१२५

प्रधानाङ्ग, सौभाग्य (२०७४), **राष्ट्रिय अभिलेखालयको संकलनमा संवत् १८६७ को सरकारी पुस्तकको सूचीपत्र, अभिलेख** अंक ३५, राष्ट्रिय अभिलेखालय, पृ.९५-१०१

राष्ट्रिय अभिलेखालयको तिब्बती शाखामा रहेका विभिन्न मितिका अप्रकाशित तिब्बती भाषा विषयका सूचीपत्रहरू ।

□□

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कौसी तोषाखानाबाट प्राप्त लालमोहर

विषयः १४१ DNA : 11/22

श्री दुर्गाज्यू

श्री लंकाभेलुदेवता १

श्री दुर्गा सहायभएको छाप

१ स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरूदावलिविराजमान
२ मानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजसुरेन्द्रप्रतापसाहवहादुरसम्सेर
३ जङ्गदेवानांसदासमरविजयिनाम् ....
४ आगे सहर काठमाडौं इटुंवाहाल वस्न्या भाजुविर वाडालाइ सयव वाहाल वस्न्या भैरवसिं
५ गोपालसिं कसत्ले आफ्ना किनुवा सुनाविर्ता सयव वाहालको घरवारि पातालमध्ये आ
६ धि वच्यो तस्को साध ......१.....का मुगल बाटोदेषि पश्चिम् भाचा वाडाका वारि पाता
७ ल घर र साजाचोक र मुनि कुट्टु वाडाका घरदेषि उत्तरमुनि कुट्टु वाडाका घरदेषि पुर्व
८ भुक्ताका घरको किलास गारो र भा नारान् आचारका घरको किलास् गारो र ....१...का
९ मुगल बाटोदेषि दक्षिन यति साध भित्रका जावा घरषा १ जवा २ हात १५ अंगुल १२ ।। वा
१० रि पातालषा १ जवा ३ हात ६ अंगुल ८ वापत् सम्वत् १९१० साल आषाड सुदि रोज १३ रोज ३ मा
११ ल दिन ५ को भाषा राषि दियाको सुक्रिविक्रि गरि वेच्यो तस्को मोल रुपैया ३७५ तस्का
१२ दसवन रुपैंया ३७ ।। छे भडेल प्रभुराम विष्ट मार्फत हाम्रा हजुर दाषिल भयो वेचन्या
१३ को दाम पाको किन्याको घरवारि पाताल पाको तस्को दृष्ट साछि जेठा वावा सिव नरसि
१४ कांछा वावा राम नरसिं छोरा कुलमान सिं कालु षरिदार सर्वजित थाक् स्थापित क
१५ र्मि नायक थाकु मनधिर्ज विरु वेचनु किनु आफ्ना मनोग्य गर्नु आफ्ना षातिरज्मा
१६ संग सुनाविर्ता जानि भोग्य गर इति सम्वत् १९१० सालमिति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीदुर्गा

श्रीलंकामेलुदेवता

१

स्वस्ति श्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावली विराजमान
मानोन्नत श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज सुरेन्द्र विक्रम साह बहादुर सम्सेर
जंग देवानां सदा समर विजयिनाम्
आगे सहर काठमाडौं इटुबाहाल बस्या भाजु विरबाडा लाई सयब बाहाल बस्या मार्कसि
गोपाल सिंक समेतले आफ्ना किनुवा सुनाविर्ता सयबबाहालको घरबारि पाताल सधैं का
धिबस्यातस्को साध ---द--- को मुगलबाटो देषि पश्चिम आचा पाडाका बारि पाता
ल घर रसाजाचोक मुनिकुटुपाडाका घारे देषि उत्तर मुनिकुटुवाडाका घारे देषि पुर्व
भुक्षाका घर कोकिला सगारो रत्नाकर आचार्य को घर कोकिलासगारा --र-- का
मुगलबाटा देषि दक्षिन यति साध भित्रको जग्गा धा१ जवा२ हात१५ अंगुल१२॥ बा
रि पाताल धा१ जवा३ हात६ अंगुल८ यो बर्त सम्बत १९१० साल आषाढ सुदि १३ रोज३ मा
ल क्षिन पको आषाराषि दिया को कृषि विक्रि गरि बस्यातस्को मोल रुपैया ३७५ तस्का
दसवन रुपैया ३७॥ छ मंडल प्रभुराम षिद्ध मार्फत हाम्रा हजुर दाषिल भयो बस्ना
को दाम पाका किल्याको घरबारि पाताल पाको तस्को दस्त साहि जेठा बाबा सिवनारसि
का हा बाबा राम नरसि छोरा कुलमान सिकालु षरिदार सर्वाजित थाक स्थापितक
र्मिनायक थाक समन षिर्ज विल्हे चकुकिनु आफ्ना मनोग्य गर्नु आफ्ना षातिरजमा
संग सुनाविर्ता जानि भोग्य गर इति सम्बत १९१० साल मिति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय: १४२ DNA : 11/23

श्री दुर्गाज्यू

श्री ५ सर्कार

१ स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरूदावलिविराजमान
२ मानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजसुरेन्द्रप्रतापसाहवहादुरस –
३ म्सेरजङ्गदेवानांसदासमरविजयिनाम् ....
४ आगे सहर काठमाडौं टेवडो टोल बस्न्या लफ्टेन् भैरव सिं षडकालाइ सवय टोल व
५ स्न्या हरिकृष्न भस्मासुरले आफ्ना सुनाविर्ता सोहि टोलको घर मध्येचोक देषिपश्चिम्
६ पट्टिको यकनाल्या घरचोक वारि पाताल् वेच्यो तस्को साध किष्न सिं कसाइका वारि र
७ साजाचोकदेषि पश्चिमदाताका घरदेषि उत्तर धिर्जमान् सिं जित्मान् सिं नेवारका
८ चोक र जरावर सिं नेवारका घरका किलास वल्यानि र वेषासिं ज्यापुका पाताल देषि पु
९ र्व धिर्जमान सिं नेवारका घरको वल्यानिदेषि दक्षिन् यति साधभित्रका जाव घरषा
१० १ जवा २ हात् ६ अंगुल १६ वारि पातालषा १ जवा २ हात् ७ अंगुल १२ चोक् पातालषा
११ १ जवा ३ हात् १८ अंगुल ८ ज्मा षा ५ हात् १० वावत् .....१.... मा तिर्नाकन सुक्रिवि
१२ क्रि गरि वेच्यो तस्को पंचकिर्ति मोल रुपैया ३१८।`।। २ तस्को दसवन् रुपया ३१ ।।।`।। छे
१३ भडेल प्रभुराम विष्ट मार्फत् हाम्रा हजुर दाषिल भयो वेचन्याको दाम पाको किंन्या
१४ को घर पाको तस्को दृष्ट साछि छिम्याकि धिर्जमान् जितमान् चौधरि कुबेर मत्प
१५ ज्यापु थाक स्थापित कर्मि नायक सिधि नारान् थाक्मन वेचनु किन्नु आफ्ना मनो
१६ ग्य गर्नु आफ्ना षतिरज्मा सग सुनाविर्ता जानि भोग्ये गर इति सम्वत् १९१० साल
मिति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीदुर्गाज्यू

श्री ५ सर्कार

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमान
मानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजसुरेन्द्रविक्रमसाहबहादुरस
म्सेरजङ्गदेवानां सदा समरविजयिनाम्
ग्रागे सहर काठमाडौ टेबडो टोल बस्याल फतेन खेर खसिं खडकालाइ लयवटोल व
स्याहरि लाल अस्मा मुरे ग्याफ्रा सुनादिर्ना सोहि टोलको घर मध्ये चोक दाष पश्चिम
पट्टिको युकना ल्या घर चोक बारि पाताल बेञ्यानस्को साथ किल सिं कसाइ का बीर
साजा चोक दक्षिण पश्चिम दामाको घर देखि उत्तर थिजमान सिं जितमान सिं नेवा
र्को जगबार सिं नेवारको घरको किल सबल्यानि देखि ल्यापुका पाताल देषि पु
र्व थिजमान सिं नेवारका घरको बल्यानि देषि दक्षिण यति साध भित्रका ज्ञाव घरया
१ जवार २ हात ६ अंगुल १६ बारि पाताल या १ जवार २ हात ७ अंगुल १२ चोक पाताल या
१ जवा ३ हात १८ अंगुल ८ जम्मा या ५ हात १० बावत — — १ — — — मा तिर्ना कन सुभेषि:
ङ्गिगरि बेञ्यानस्का पञ्च किर्ति मोल रुपैया ३१८०।।२ तस्को दसवुन रुपया ३१।।।।६
अड्डेल प्रभुराम विष्ट मार्फत हाम्रा हजुर दाखिल भयो बेचन्याको दामपाको किना
को घर पाकोतस्का ८ष साहि छि स्याकि थिजमान जितमान चोधरि केवरमेत ल
ज्याप्रथाक स्थापित कमि नायक सिषि नारान थाकसन वेचन्ना किनु ग्याफ्रा सना
ग्पगानु ग्याफ्रा बाति रजमा सगा सुनाबना जानि भोगि गर इति सम्वत १९१० साल
मिति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय: १४३

DNA : 11/24

१ स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरूदावलिविराज
२ मानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजसुरेन्द्रप्रतापसाहव–
३ हादुरसम्सेरजङ्गदेवानांसदासमरविजयिनाम् ....
४ आगे सहर काठमाडौ इटुं वाहाल वस्न्या वुधपति वाडालाइ तव मुगल वस्न्या राम
५ नरसिं जुजुधन नेवारले आफ्ना २ भाग सुनाविर्ता सोहि टोलको घर वेच्यो तस्को
६ साध कलस्याउनि वस्याको घर र ज्ञान चक्रपति वाडाका घरको किलास् गारोदे
७ षि पश्चिम् तव मुगलदेषि उत्तर धिसि ज्यापुका घर र लक्ष्मि सिं ज्यापुका किलास
८ गारो र धिसिं ज्यापुका चौकोचाको गारोदेषि पुर्व ज्ञानचक्र पति वाडाका वारिका
९ पर्षालदेषि दक्षिन यति साधभीत्रका घरषा १ जवा ३ हात् १ अंगुल ५ पाताल
१० षा २ हात् ४ वावत् नेपालि सम्वत् ९७३ साल जेष्ट सुदि ३ रोज मान्हे दिक् तिर्ना
११ कन मैन्हा १ को अलि राषिदियाको सुक्रिविक्रि गरि वेच्यो तस्को मोल रुपैया
१२ ३३५ तस्को दसवन् रुपैया ३३ ।। छे भडेल प्रभुराम विष्ट मार्फत् हाम्रा हजुर दाषि
१३ ल भयो वेचन्याको दाम पाको किंन्याको घर पातालपाको तस्को दृष्ट साछि सो
१४ पुत्र हरिरत्नकृष्णमान् हरिदास् चस्वा डोको नारान् धन नेवार जोग नरसिं वाडा
१५ थाक स्थापित कर्मि नायक तेजवन्त वेचनु किंनु आफ्ना मनोग्य गर्नु आफ्ना षा
१६ तिरज्मासग सुनाविर्ता जानिभोग्य गर इति सम्वत् १९१० सालमिति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराज
मान मानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज सुरेन्द्र विक्रम साहब
हादुर समसेरजङ्ग देवानां सदा समर विजयिनाम्
ग्वारा सहकार साडेइ दुबोहाल बस्या उधपति वाडा लाइत वसु गल बस्या राम
नारसिं ज्ञजुधन नेवाले ग्वाफ्रा २ भाग गुना विर्ता साहिटोलको घर बेच्या तस्का
साध कलस्या उनि बस्याको घरर ज्ञानचक्रपति वाडाका घाको किलास गारो दे
खि पश्चिम तवसुगाल देखि उत्तर थिमिज्यापुका घरर लोक्षिम सिज्यापुका किलास
गारोर थिमिज्यापुका पाको चाको गारो देखि पुर्व ज्ञानचक्रपति वाडाका वारिक
पर्वाल देखि दक्षिन यति साध भोगका घरखा १ जवा २ हात १ अंगुल ५ पाताल
खा २ हात ४ बाबत नेपालि सम्वत् ९७१ साल ज्येष्ठ सुदि ३ रोज मा न्हेदिकतिर्ना
कन मैन्हा १ को अलि राखि दियाको सुगि विक्रि गरि बेच्या तस्को मोल रुपैया
३३५ तस्को दसवन रुपैया ३३॥ छ भंडेल प्रभुराम विष्ट मार्फत हाम्रा हजुरदाखि
ल भयो बेचन्याका दाम पाको किन्याका घरपाताल पाको तस्को दष्ठ साक्षि सो
सुगहरिरत्न कृष्णमान हरिदास चस्यांडोको नारान धन नेवार जोगनरसिंवाडा
थाकस्थापित कर्मिनायक तेजवंस वेचन्ज किंनज्ञाफ्रा मनोगर्ने ग्वाफ्रा था
तिरज्मा सग सुना विर्ता जानि भोग गर इति सम्वत् १९१० साल मिति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्री कोलांभुलदेवताका १
छाप

१ स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरूदावलिविराजमान
२ मानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजसुरेन्द्रप्रतापसाहवहादुरसम्से –
३ रजङ्गदेवानांसदासमरविजयिनाम् ....
४ आगे सहर काठमाडौको लांभुलु टोल वस्न्या धिज कसाइलाइ टेगलटेल वस्न्या ध
५ नसिरि भान रः मानविर ज्यापुले आफ्ना २ भागको सुनाविर्ताको लांभुलु नेराका वा
६ रि पाताल वेच्यो तस्को साध वाटोदेषिपश्चिम .....१..... वारिदेषि उत्तर कुटु वालन
७ को र भुक्ताको वारिदेषि पुर्व वाटा र रकर जमिदेषि दक्षिन् यति साधभित्रको वारि प
८ ताल षा ८ जवा ३ हात् ६ अंगुल ८ वावत् सम्वत् १९०४।१९०६ साल भाद्रवदि ५ रोज
९ को तमसुक छेभडेल कचहरिवाट हराइदिदा यहि साल यहि मितिमा मैन्हा ४ को
१० भाषा राषि अर्को तमसुक लेषिदि सुक्रिविक्रि गरि वेच्यो तस्को मोल रुपैया ४५
११ तस्को दसवन् रुपैया ४ ।। . छेभडेल प्रभुराम विष्ट मार्फत् हाम्रा हजुर दाषिल भ
१२ यो वेचन्याको दाम पाको किंन्याको पाताल पाको तस्को दृष्ट साछि मुनारान् चिकि
१३ ढि ज्यापु थाक स्थापित कर्मि नायक रुपनारान् मध्याक् वेचनु किंनु आफ्ना मनो
१४ ग्य गर्नु आफ्ना षातिरज्मासँग सुनाविर्ता जानि भोग्य गर इति सम्वत् १९१० सा
ल मिति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीदुर्गा

श्रीकोलाभुल्देवताका

१

स्वस्तिश्रीगिरिराजचक्रचूडामणि नरनारायणेत्यादिविविधविरुदावलीविराजमान
मानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमहाराज सुरेन्द्र विक्रम साहबहादुर समस
रजंगदेवानां सदा समर विजयिनाम
आगे सहर काठमाडौंको लांभुलुटोल बस्न्या धिजकसाइलाइ टंगलटोल बस्न्याध
नासरि: भांनरत्नमानविरत्नप्रले आफ्ना रयागका सुनाविर्ता कोलाभुलु नेराकाबा
रिपातालबेच्यातस्को साधवाटदेखि पश्चिम ---१--- बाटिदेखि उत्तर कुटुम्बालन
कोरभुक्ताकोबारी देखि पुर्व बाटा रकाजोभदाय दक्षिन प्रतिमा धभिंगकोबारि
ताल षाट जग्गा ३ हात कुं ग्यं ल ८ बावत सम्वत १९०४। १९०६ साल भाद्र वदि ५ रोज
कोतमसुक केह्रेमंडेलकचहरिवाट हराइदिदाया हिसाल यहिभिति मा मेसा ४ व
भाषा राषित्र्को तमसुक लेषिदं मुरांका विक्रि गरिबेच्यातस्को मोलरुपैयां ४५
तस्कोदसवंन रुपैया ४॥ केह्रेमंडल प्रभुराम विष्ट मार्फत हामा हजुर दाषिल भ
याबेचन्याको दामसमं काकिन्याको पातालपाका तस्का हक्त साहेब गुनाराम विह
ठिज्याप्रथाक स्थापित कार्मनायक रूपनारायन मध्यकबेचनाकें तु आफ्ना मना
उपराने आफ्ना षातिरज्मासंग गुनाविताज्ञान भोगगर इति सम्वत १९१० सा:
लमिति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय: १४५ DNA : 11/26

श्री दुर्गाज्यू १

छाप

१ स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरूदावलिविराज
२ मानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजसुरेन्द्रप्रतापसाह –
३ हादुरसम्सेरजङ्गदेवानांसदासमरविजयिनाम् ....
४ आगे सहर काठमाडौं तलाछि टोल ष्यावाहाल वस्न्या धनसिरि कुमाललाइ सय
५ व वाहाल वस्न्या वेषासिं कुमालले आफ्ना भागको घर स्वाधिकार गरि वेच्यो तस्को
६ साध भुक्ताका घरदेषि पश्चिम् गल्लिका वाटोदेषि उत्तर भुक्ताका घरदेषि पुर्व सु
७ षुजुका घरदेषि दक्षिन् यति साधभित्रका घर जवा १ हात् ११ अंगुल १३ वावत् नेपा
८ लि सम्वत् ९२७ साल फागुन वदि १० रोजमा आफ्ना वावु विष्नुधरले भुक्ताको वा
९ ज्या अमिलापसंग साहु तिर्नाकन लिवर्ष २ को भाषा राषिदियाको सुक्रिवि
१० क्रि गरि वेच्यो तस्को मोल रुपैया २७ ।। तस्को दसवन् रुपैया २ ।।। छेभडेल प्रभुराम्
११ विष्ट मार्फत् हाम्रा हजुर दाषिल भयो वेचन्याको दाम पाको किन्याको घरपाको
१२ तस्को दृष्ट साछि छोरा कुलमान् अंतर मत्ये थाक स्थापित कर्मिनायक तेजवंत
१३ थायमदु तेजवंन्त वेचनु किंनु आफ्ना मनोग्य गर्नु आफ्ना षातिर ज्मासंग सुना
१४ विर्ता जानि भोग्य गर इति सम्वत् १९१० साल मिति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वस्ति श्रीगिरिराजचक्रचूडामणि नरनारायणेत्यादिविविधविरुदावलीविराज
मानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजसुरेन्द्रविक्रमसाह
वहादुर सम्सेर जंग देवानां सदासमरविजयिनाम्
आगे सहर काठमाडौं तलाछिटोल थ्यावाहाल वस्न्या धनासिक लाल लाइ सर्व
ववाहाल वस्न्या वैद्य सिंक लालले आफ्ना भागको घर बोधिकारि विच्यातस्को
साध मुक्काका घरदेषि पश्चिम गाछिंका वाटो देषि उत्तर मुक्काका घरदेषि पूर्व सु
मुक्का घरदेषि दक्षिन यति साधभित्रका घर जना १ हात ११ श्रीगुल १२ वावत नेपा
लि सम्वत ९२७ साल फागुन वदि १० रोजमा आफ्ना वावु विष्णु धालेमुक्काको वा
ज्या अमिला संग साक्षि राषि लिवर्ष २ को भाषा राषि दियाको मुकि वि
क्रि गरि बेच्यातस्को मोल रुपैया २७॥ तस्को दसवन रुपैया २।।। दुमडेल प्रभुराम
विष्ट मार्फत हाम्रा हजुर दाषिल भयो बेचन्याका दाम पाको किन्याका घर पाके
तस्को हष साक्षि चिराकुल मान अंतरमत्ये था कस्यापित कर्मि नायक तेजवंत
थाय महुतेज वंश वेचन किंनु आफ्ना मनोरुप गर्नु आफ्ना वाति तिमासंग मुना
विर्ता जानि भोगपग। इति सम्वत १९१० साल मिति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय: १४६

DNA : 11/27

१ स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरूदावलिविराजमानमा–
२ नोनत्श्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजसुरेन्द्रप्रतापसाहवहादुरसम्सेर –
३ जङ्गदेवानांसदासमरविजयिनाम् ....
४ आगे सहर काठमाडौ टेगल टोल इवाहाल ननिवस्न्या विं नरसिं नेवारलाई नर्जा डा
५ डा गाउका सोहि वाहाल वस्न्या कृष्णविर फौजविर इन्द्रविर षवासले आफ्ना सुना
६ विर्ता सोहि वहालको घर वेच्यो तस्को साध राजिन्द्र नेवारको घर र धालापातदेषि पश्चि
७ म दाताभुक्ता र आलम् ज्यापुका साजालिविदेषि उत्तर दाताका घरको आधागा
८ रो र लिविदेषि पुर्व जितमान सिं काजिले चर्च्याको वारि पर्षालदेषि दक्षिन यति साध
९ भित्रका जाव घर षा २ जवा १ हात् १८ अंगुल् १२ लिवि पाताल जवा १ हात् १ अंगु
१० ल ७ वावत् नेपालि सम्वत् ९७१ वैसाष वदि १३ रोजमा रुपैया लि वर्ष २ को भाषा राषि दि
११ याको सुक्रिविक्रि गरि वेच्यो तस्को मोल रुपैया ६७१ तस्को दसवन रुपैया ६७ छेभ
१२ डेल प्रभुराम विष्ट मार्फत् हाम्रा हजुर दाषिलभयो वेचन्याको दाम पाको किंन्याको घ
१३ र लिविपाको तस्को दृष्ट साछि कनेष्ट पिता वागदल् मिझार: राघुज्मादार : साछि द्वा
१४ न्या गजकेसर षवास: सुवेदार धर्मानन्द झा: जित्मान नेवार: आलम् ज्यापु: भाजुधन्:
१५ रुपनारान् नेवार: थाक स्थापित कर्मि नायक सिनारान्: मषं तेजवन्त: वेचनु किंनु आ
१६ फ्ना मनोग्य गर्नु आफ्ना षातिरज्मासग सुनाविर्ता जानि भोगे गर इति सम्वत् १९१० साल मिती

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीदुर्गाजयः

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमा
नोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजसुरेन्द्रविक्रमसाहवहादुरसम्सेर
जङ्गदेवानांसदासमरविजयिनाम्

आगेसहरकाठमाडौटेगल्हाटोलइवाहालननिवध्याविनरसिंनेवारलाईनर्जाडा
डांगाउकासोहिवाहालवध्याजन्मवीर:फौजविर:इन्द्रविर:षवासलेआफ्नोसुना:
विर्नासोहिवहालकोघरवेच्यानस्कोसाधराजेन्द्रनेवारकोघर:धालापातदेषिपश्चि
म:हानापुकार:आलमज्यापुकासाजालिविदेषिउत्तर:दाताकाघरकोआधाग
रोर:लिविदेषिपूर्व:जितमानसिंकाजिलेवच्याकोवारिपर्खालदेषिदक्षिन:यतिसाध
भित्रकाजाषघरषा २ जवा १ हात १८ अंगल १२ लिषिपातालजवा १ हात १ अंग
ल ७ वावतनेपालिसम्वत् ९७१ वैसाषवदि १३ रोजमारुपैयालिवर्ष २ कोभाषाराषिदि
याकोमुक्तिविक्रिगरिवेच्यानस्कोमोलरुपैया ९७१ तस्कोदसवनरुपैया ९७= भ
डेजप्रभुरामविष्टमार्फतहाम्राहजुरदाषिलभयोयेचन्याकोदामपाकोकिंन्याकोथ
रलिषिपाकोनस्कोदस्तषसाहिकनेषपितावागदलभिमार:राधुन्नादार:साहिवा
सागजकेसरषवास:सुवेदारधर्मानन्दरुा:जितमाननेवार:आलमज्यापु:भाजुधन:
रूपनारान्नेवार:थाकस्थापितकर्मिनायकसिनारान:मषंतेजवम:वेचनकिंनुआ
क्रामनोग्यगर्नुआफ्नावातिरज्यामगरुनाविर्ताजानिभोगेगरइनिसम्वत् १९१० सा
लमिती

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय: १४७

DNA : 11/28

१ स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरूदावलिविराज
२ मानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजसुरेन्द्रप्रतापसाहव –
३ हादुरसम्सेरजङ्गदेवानांसदासमरविजयिनाम् ....
४ आगे सहर काठमाडौं डाकाढल थिता वस्न्या जवर कुसल्यालाइ मड्डुवाहल वस्न्या व
५ षा लाल राउतले प्याफ्ले टोलका लालसिं राउत्सग किनि लि राष्याको डाका ढ
६ लथिताको पाताल वेच्यो तस्का साध महाजन्या दमाइका घरमनिको पाताल देषि
७ पश्चिम् कुलादेषि उत्तर ज्ञाननाथ मिश्रका किलास् गारो देषि पुर्व सानु गाल्ली देषि दक्षिन यति साध भित्रका
८ पाताल षा २ जवा १ हात् ५ अंगुल १० वावत् सम्व
९ त् १९१० साल भाद्रवदि ५ रोज मा दिनभरको माल राषि दियाको सुक्रि विक्री गरि
१० वेच्यो तस्को मोल रुपैया ४३ तस्को दसवन रूपैया ४।२ छेभडेल प्रभुराम विष्ट मा
११ फर्त् हाम्रा हजुर दाषिल भयो वेचन्याको दाम पाको किंन्याका पाताल पाको
१२ तस्का दृष्ट साछि मड्डुवहिलको धमनारान् लाल सि राउत् जित्मन थाक स्थापि
१३ कर्मि नायक् मथ्याक वेचनु किनु आफ्ना मनोग्य गर्नु आफ्ना षातिरज्मासग सु
१४ नाविर्ता जानि भोग्य गर इति सम्वत् १९१० साल मि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीदुर्गाज्यू १

स्वस्ति श्रीगिरिराजचक्रचूडामणि[illegible]नरनारायणेत्यादि विविधविरुदावली विराज
मानमानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज सुरेन्द्र विक्रम साह बहादु
र समसेर जङ्ग देवानां सदा समर विजयिनाम्
आगे सहर काठमाडौं डाका ढल थिता बह्या जवाकुमल्यालाई मडुवाहल बह्या व
षालाल राउतले प्याफले टोलका लालसिं राउत सगा किनि लिराख्याका डाका टो
ला थताको पाताल बच्या तस्का साथ महाजन्या दमाइ काघा मानको पाताल देषि
पश्चिम कुलादेवि उत्तर ज्ञाननाथ अश्वका किला समगारा देषि पुर्व साङ्गाक:
देषि दक्षिन यति साध भिंगका पाताल षा २ जवा १ हात ५ अंगुल १ः बावत सम्ब
त १९१० साल भाद्र वदि ५ रोज [illegible] दिन भयाको मोल राषि दियाको सुक्ति विक्री गरि
बेच्या तस्को मोल रुपैया ४३ तस्का दसवन रुपैया ४।≈ छ भंडेल प्रभुराम विष्ट मा
र्फत हाम्रा हजुर दाषिल भयो बेचन्याको दाम पाको किन्याका पाताल पाका
तस्का दस्त साछि मडुवहिलको धर्मनारान लाल सिराउत जिम्मा नथा कस्या
कार्मिनायक मथ्या क बेचन किनन्या फ्रमनो गप गानै ग्या फ्रा षाति ज्मा सा: स
नावितर्जा नि भोगपगर इति सम्बत १९१० साल मि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयः १४८ DNA : 11/29

१ स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरूदावलिविराजमान
२ मानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजसुरेन्द्रप्रतापसाहवहादुरसम्सेर –
३ जङ्गदेवानांसदासमरविजयिनाम् ....
४ आगे सहर काठमाडौं मढुढाकाई मासिको टाल वस्न्या प्रताप सि तुलाधर रावतलाइ सयव
५ टोल षिउफल वस्न्या भिमनर लछिनर ज्यापुले आफ्ना सुनाविर्ता अस नाग सोहि टोलका
६ घर वेच्यो तस्का साध भाचा तुलाधर रावत्का घरदेषि पश्चिम् भुक्ताका घरदेषि उत्तर आसा
७ मदु ज्यापु र वुधलाल ज्यापुनिका ज्युनि घर देषि पुर्व गल्लिका वाटादेषि दक्षिण यति सा
८ ध भित्रका जाव घर जवा ३ हात ४ अंगुल १५ वावत् सम्वत् १९०८ साल ज्येष्ट सुदि ५ रोज ४
९ मा विहा गर्नके र अरु साहु तिर्नाके लि दिन ४ का भाषा राषि दियाका सुक्रि विक्रि गरि
१० वेच्यो तस्का मोल रुपैया २२६।। तस्का दसवन रुपैया २२।।३ छेभडेल प्रभुराम विष्ट मार्फ
११ त् हाम्रा हजुर दाषिल भयो वेचन्याको दाम पाका किंन्याको घर पाको तस्को साछि कांछा
१२ वावु आसामदु अन्या साछि तेजपति गुभाल वटु टोलका लक्ष्मिनारान् सालमि मदुढा
१३ काका हर्ष सालमि भवानि सि जित्मान थाक स्थापित कर्मि नायक सिद्धि नारान् धि
१४ र्ज विर वेचनु किंनु आफ्ना मनोग्य गर्नु आफ्ना षातिरज्मासंग सुनाविर्ता जानि भोग्य
१५ गर इति सम्वत् १९१० साल मिति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीदुर्गाज्यू १



स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमान
मानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्री महाराज सुरेन्द्र विक्रम साह बहादुर समशे
र जङ्ग देवानां सदा समर विजयिनाम —
आगे सदरका ठमाडौं मद्दु ठाकाई आमिसिको ढाल बन्न्या प्रतापमन्ला थरी बतलाइ सयब —
ढाल बिउ फते बन्न्या भिमनारायण ज्यापुल आफ्ना सुनाबता आइसनाइ साहु ढालका
घर बस्यो तस्का साथ आबानुल्ला थरी बतका घरदेखि पश्चिम मुल्काका घर दाखला आफ
मद्दु ज्यापा गुथला हरा ज्यापु नकाज्यू मिचा दक्षिण पूर्व गाल्हेकावालाई दक्षिण याँत सा —
थमिमका जाबघा जवाहात आफ्ना १५ बाबत सम्वत १९०८ साल ज्येष्ठ सुदि ५ रोज
माविहा गर्नाकिर आरुसाहुतनी कलिदन ४ का आषाढ विदयाका साहु विर्ता गरि
बेच्यातस्का माल रुपया १२६॥ तस्का दस्तुर रुपया २२॥ ५ ई मडल प्रभुराम विष्ट मार्फ —
त हाम्रा हजुरा दाखिल भयाबेचन्याका दाम पाका किन्याका घर पाको तस्का साहुकाढ
बाउ आमा मद्दु आफ्ना साहिते अपतिजुमाल बहुढोलकाला क्षमनारान सालाम मद्दुठा
काकाहरू सालाम स्वानिमि जिमान थाक स्थापत कर्मि नायक सिद्धनारान धि
जीविर बेचन्या किन्या आफ्ना सनाउगर्ने आफ्ना बालिजन्मा सन्तान सुनाबेर्ता जानि भोग
गर इति सम्वत १९१० साल मिति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्री देवताका

१

विषयः १४९ DNA : 11/30

१ स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरूदावलिविराजमान
२ मानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजसुरेन्द्रप्रतापसाहवहादुरस –
३ म्सेरजङ्गदेवानांसदासमरविजयिनाम् ....
४ आगे सहर काठमाडौं पोषल प्रा वस्न्या भवानि सि सालमिलाइ ठहाटि टोल वस्न्या
५ भि देउ सालमीले आफ्ना भाग सोहि टोलका सुनाविर्ता सो वासिक् पश्चिम् पट्टि
६ का घर वेच्यो तस्का साध दाताका घरको गारो र पुनसि ज्यापुका घरका गारोदेषि पश्चिम .....१.... सानु
७ वाटोदेषि उत्तर पुनसि साल्मीका घरदेषि पुर्व साजा चो
८ कदेषि दक्षिन यति साध भित्रका जाव घर जवा ३ अंगुल ४ वावत सम्वत् ९७३ सा
९ ल वैसाष सुदि ११ रोज ५ मा मैन्हा ३ का भाषा राषि दियाका सुक्रि विक्रि गरि वेच्यो
१० तस्को मोल रुपैया १४२ तस्को दसवन रुपैया १४ । छेभडेल प्रभुराम विष्ट माफ
११ त् हाम्रा हजुर दाषिल भयो वेचन्याका दाम पाको किन्याको घर पाको तस्का दृ
१२ ष्ट साछि दाताका छोरो कुलमान सिं भातृ सह कनष्ट भ्राता भिम नारान्ज्युला
१३ महंत सि किस्नारान् श्री कंठ जोसि थाक स्थापित कर्मिनायक रुपनारान् मथ्या
१४ क वेचनु किंनु आफ्ना मनोग्य गर्नु आफु षातिर ज्मासग सुनाविर्ता जानि भो
१५ ग्य गर इति सम्वत् १९१० साल मिति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीदुर्गा[illegible] १

श्रीदयाका

१

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमान

मानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज सुरेन्द्र विक्रम साह बहादुर

सम्सेर जङ्ग देवानां सदा समर विजयिनाम

आगे सहर काठमाडौं पाटन सावस्या भवानि सिमालामलाइ ६८। टिपलबन्द-

सिंदुर साल्मीले ग्याफलाम साहेबका गुनाबिर्ता सोबासिक पश्चिम पाट

का घर बेन्दा तलका साधुदासका घरको गारो पुनाम स्याउका घरका गारो देखि

पश्चिम ----- सानुद टा देखि उता पुनाम साल्मीका घर देखि पुर्व साजा चो

क देखि दक्षिन यति साँधभित्रका जग्गा जग्गा ३ रोपनी ४ बावत सम्बत १९३१

साल बैसाख सुदि ११ रोज ५ मा मोहर ३ का भाषाराघ दियाका हुकिम बाकगा बन्ध

तलको मालरूपैया १४२ तलको दमबन रुपैया १४। दमडेल प्रभुराम बिय माफ

त हाम्रा हजुरदाखिल भयो बन्ध्याका दाम पाके किन्या को घर पाकाल तलका द

स्सा दि दानको दाराकुल मानसि भात सहकन बाता भित्र नाता नगरा

महिनासका लाराव थीको जो सम्थाक स्थापित कसिनाय रूपनारान सथ

कबे बन्द किन ग्याफलाम नो गर्न ग्याफ बातरहन्या मालसुना बेता जान भा

उपगा इति सम्बत १९०० साल १ ता

विषय: १४९ DNA : 11/30

श्रीनाथ

छाप

१ स्वस्तिश्रीमन्महाराजाधिराजकस्यरुक्का........................

२ आगे इन्द्रसिं मिझार लोपसांग्या मिझार लेपध्र्या मिझारके ....कंपु मादरियाको ग्यांकुको

३ घा गाउको लगापातस्मेत को इस्तक् सम्वत् १८९५ साल वैसाष वदि १ रोज लगायेत् . चैत्र सुदि

४ १५ तक वर्ष १ को राज अंक वाहेक वाजविसेर्म्या साउन्या फागु . वेठि डंड कुंड मऱ्यो अपुतालिचा

५ क चकुर. अमालिले षान्या रकम कलम मारिमेटि वेमोजरै मोहोर रुपैया २८० मा अघिको

६ मोहोर झिकि ठेकको वंदेज वाधि वक्स्यौँ रस्ति चलाउनु. वस्ति वसाउनु. गाउ गुल्जार गर्नु. रैति रा

७ जि राषि दाम काम असुल तहसिल गरि किस्त वमोजिमका रुपैया अमालिलाइ तिरि. साल आं

८ षिरिको फारक् साल वसाल लिनु. आफ्ना षातिर्जमासंग ठेक वमोजिमका रुपैया तिरि जगाके

९ चलंगर ....

तपसिल्

मुहूंडा वैसाष किस्ता रुपैया १००

आश्विन किस्ता रुपैया ८०

चुक्ति चैत्र किस्ता रुपैया १००

....

इति सम्वत् १८९५ साल मिति मार्गवदि ११ रोज २ शुभम् ....

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीनाथ

स्वस्ति श्री मन्महाराजाधिराजकस्य रुक्का

आगे इन्द्रसिं मिझार लोपसांग्या मिझार लोपधन्या मिझारके —— कंपुमादरियाको ग्यांकुको
घागाउ को लगापात स्मेत को इजारा सम्वत् १८२५ साल वैसाष वदि १ रोज लगायेत चैत्र सुदि
१५ तक वर्ष १ को राजअंक वा हेक राजविसर्जा साउन्या फागु वेठि डंडकुंड मध्ये अपुतालि वा
कचकुइः आमा लिले षान्या रकम कलम मारि मेटिवे मोजरै मोहोर रुपैया २८० मा अघिको
मोहोर भिकि ठेकका वंदेज वाधिवक्स्यौं रमिता लाउनु वस्ति वसाउनु गाउ गुलजार गर्नु रैतिरा
जिराषि वा मकाम अमल तहसिल गरि किस्तवमोजिम कारुपैया अमालिलाइ तिरि साल आ
षिरिको फारक साल वसाल लिनु आफ्ना षातिर्जामा संग ठेक वमोजिम का रुपैया तिरि जगाक
वलंगर

तपसिल

मुऊंग वैसाष किस्ता रुपैया	१००
आश्विन किस्ता रुपैया	८०
अंत्ति चैत्र किस्ता रुपैया	१००

इति सम्वत् १८२५ साल मिति मार्गवदि ११ रोज २ शुभम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आर्थिक वर्ष २०७६/२०७७ को वार्षिक गतिविधि

सरकारी कार्यालयको दैनिक प्रशासन सञ्चालनका क्रममा सिर्जना भएका सरकारी कागजात वा रेकर्डहरू लगायत हस्तलिखित ग्रन्थहरू लालमोहर वा अफ्र भनौ देशलाई चिनाउने सम्पूर्ण अभिलेखहरूको संकलन गरी व्यवस्थित तवरले राखी सेवाग्राहीहरूलाई आवश्यक सेवा उपलब्ध गराउने देशको एकमात्रै अभिलेखहरूको भण्डारको रूपमा राष्ट्रिय अभिलेखालयको स्थापना भएको हो । यसले विभिन्न सेवाहरू दिनुका साथै अध्येताहरूलाई पनि यसको अध्ययनमा सहज होस् भन्ने उद्देश्य राखी वार्षिक रूपमा अभिलेख नामक पत्रिकाको प्रकाशन गर्दै आएको छ । यसका अतिरिक्त अन्य गतिविधिहरू यस कार्यालयले गर्दै आएको छ ।

राष्ट्रिय अभिलेखालयबाट सम्पादित कार्यहरू एवं यसका अन्य गतिविधिहरूकाबारेमा सर्वसाधारण एवं जिज्ञासुहरूलाई जानकारी गराउने उद्देश्यले राष्ट्रिय अभिलेखलयले यसै पत्रिका मार्फत् वार्षिक गतिविधि पनि समावेश गर्दै आएको छ । यसै क्रममा यस कार्यालयको आ.व. २०७६।०७७ को गतिविधि यहाँ प्रस्तुत गरिएको छ ।

अभिलेखालयले यस आर्थिक वर्षमा आफ्नो ५२ औं वार्षिकोत्सव संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीको प्रमुख आतिथ्यतामा सम्पन्न गरी सोही दिन राष्ट्रिय अभिलेखालयबाट सम्पादन भई प्रकाशन गरिएको परातन्त्र तथा प्रथम लगतको सूचीपत्र (भाग-१) पुस्तकहरूको लोकार्पण कार्यक्रम सम्पन्न गरेको छ । यसै कार्यक्रमको अवसरमा राष्ट्रकवि श्री माधवप्रसाद घिमिरे र वाङ्मय शताब्दीपुरुष तथा संस्कृतिविद् सत्यमोहन जोशीलाई सम्मान प्रदान गरिएको छ । अघिल्लो आ.व.भैं यो वर्ष पनि देशको पुरानो अभिलेखहरूलाई अडियो मार्फत् संकलन गर्ने उद्देश्यले पुरातत्त्व तथा अभिलेखालयमा कार्य गरेका ६ जना व्यक्तित्वहरू श्री सत्यमोहन जोशी, श्री हरिराम जोशी, श्री ऋद्धिबाबा प्रधान, श्री साफल्य अमात्य, श्री राममान प्रधान र श्री ईश्वरमान सिन्याको भनाइलाई संकलन गरि सुरक्षित गरिएको छ । अभिलेख तथा हस्तलिखित ग्रन्थमा भएका किटाणुहरू नष्ट गर्नका लागि फ्युमिगेसन च्याम्बरमा राखी किटाणु नष्ट गर्ने कार्यलाई निरन्तरता दिएको छ । कुमारीचोकका करिब ११,००० पाना कागजहरूलाई वैज्ञानिक संरक्षण गर्नुका साथै डिजिटइजेसन तथा बाइन्डिङ गरी सुरक्षित तवरले बक्समा राखी सुरक्षित गरिएको छ । भूकम्पबाट क्षति भएका काठमाडौ महानगरभित्रका ६३० थान शिलालेखहरू विस्तृत विवरण सहितको सूचीपत्र तयार गरी राखिएको छ । राष्ट्रिय अभिलेखालयमा संकलित भक्तपुर शिलालेखका १०० थान शिलापत्रहरूको लिप्यन्तर तथा भाषान्तर गर्ने कार्य सम्पन्न भएको छ । ग्रन्थ सम्पादन तर्फ तीनवटा ग्रन्थहरू पथ्यापथ्य संग्रह, वैद्यजीवनम् र निर्वाणतन्त्रको सम्पादन कार्य सम्पन्न भएको छ । यस आर्थिक वर्षमा अभिलेखसँग सम्बन्धित पुस्तक तथा पत्रिका खरिद गरी पुस्तकालयमा राख्ने तथा हस्तलिखित ग्रन्थहरूको सङ्कलन गरी संरक्षण भण्डारण र डिजिटाइजेसन गर्ने कार्यलाई निरन्तरता दिएको छ । संरक्षणतर्फ अभिलेखालयलाई प्राप्त भएका कागजातहरूको निरोधात्मक र उपचारात्मक विधि अपनाई संरक्षण गरेर मात्र भण्डारण कक्षामा लैजाने र पहिलेदेखि नै सङ्कलनमा रहेका कागजातलाई पनि समय समयमा तिनीहरूको अवस्था हेरी आवश्यक संरक्षण विधि अपनाउने गरिएको छ । नारायणहिटी राजदरबारमा रहेका विभिन्न कागजातको सूचीपत्र निर्माण गर्ने कार्य पनि यो वर्ष गरिएको छ ।

डिजिटल आर्काइभलाई व्यवस्थित गरी सेवाप्रवाहलाई प्रभावकारी बनाउन माइक्रोफिल्म शाखामा आवश्यक रील तथा केमिकल खरिद गरिएको छ । हस्तलिखित ग्रन्थका करिब आठ लाख डिजिटल इमेजहरू इमेज म्यानेजमेन्ट सिस्टममा अपलोड गरिएको छ । करिब एक लाख इमेजहरू स्क्यान गरिएको छ । ३० TB भण्डारण क्षमता सहितको दुई थान NAS storage Enclosure खरिद गरि एक थान राष्ट्रिय अभिलेखालयमा र अर्को थान सिंहदरबारस्थित GIDC मा जडान गरिएको छ ।

यस वर्ष पनि करिब २०० जना सेवाग्राहीहरूले पुराना पञ्चाङ्गहरूको अध्ययन, मिति रूपान्तरण, कुमारी चोकका कागजातको प्रतिलिपि प्राप्त गर्नुभयो । डिजिटल अभिलेख तर्फ करिब २१० जना सेवाग्राहीले माइक्रोफिल्म रिडरबाट अध्ययन गर्नु भएको छ । यसैगरी करिब ५,७६६ पाना रिडर प्रिन्ट सेवाग्राहीलाई उपलब्ध गराइएको छ भने २,९२५ Folios डिजिटल प्रिन्ट सेवाग्राहीलाई उपलब्ध गराइएको छ ।

□□

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वीर पुस्तकालय तथा राष्ट्रिय अभिलेखालयबाट प्रकाशित पुस्तकहरूको सूची

क्र.सं.	पुस्तकको नाम
१	अभिलेख (अंक १ देखि ३७ सम्म)
२	सूचीपत्र बौद्ध विषयक हस्तलिखित ग्रन्थहरू
३	सूचीपत्र हस्तलिखित नेपाली चिठ्ठी पत्र
४	नेपाली भाषामा लेखिएका हस्तलिखित ग्रन्थहरूको वर्णनात्मक सूचीपत्र
५	आयुर्वेद विषयका हस्तलिखित ग्रन्थहरूको सूचीपत्र
६	सूचीपत्र देवनागरी लिपिको हस्तलिखित ग्रन्थहरू
७	Catalogue of Tibetan Manuscripts (Vol. 1 to 9)
८	Catalogue of Guthi Paper (Vol. 1 to 2)
९	भूमिसम्बन्धी तमसूक ताडपत्र (अंक १ देखि ४ सम्म)
१०	कान्तिपुर शिलालेख सूची (अंक १ देखि ४ सम्म)
११	पुष्प चिन्तामणि
१२	राजविधान सार
१३	हस्तमुक्तावली
१४	अश्वमेधीय यात्रा
१५	ऐतिहासिक चिठ्ठीपत्र (अंक १ देखि ३ सम्म)
१६	कृत्यबाटिका
१७	बृहत् सूचीपत्र (अंक १ देखि १० सम्म)
१८	ब्रह्म शान्ति
१९	वास्तुशास्त्रीय ग्रन्थहरूको संक्षिप्त अध्यन
२०	PAINTED ILLUSTRATIONS OF THE MANUSCRIPT COVERS IN NATIONAL ARCHIVES FROM NEPAL
२१	व्रतकल्पलतिका

क्र.सं.	पुस्तकको नाम
२२	व्रतरत्न माला
२३	अगस्त्यसंहित रत्न परीक्षा (वी.पु)
२४	हरमेखलापूर्वीखण्ड
२५	हरमेखला मध्यखण्ड
२६	SAARC Voyage from Banglore to Kathmandu
२७	ऐतिहासिक कुण्डली
२८	सिद्धान्त सारणी
२९	भक्तपुर शिलालेख सूची
३०	संक्षिप्त सूचीपत्रम् (वी.पु)
३१	सूचीपत्रं ऐतिहासिक चिठ्ठीपत्र संग्रह
३२	नेपालभाषामा लेखिएका हस्तलिखित अभिलेख ग्रन्थहरूको वर्णनात्मक सूचीपत्र
३३	श्रीमद्वराहमिहिराचार्य विरचितम् विवाहपटलम्
३४	शिवधर्मोत्तर (शिवधर्म पुराण द्वितीयखण्ड)
३५	अजीर्णमञ्जरी (नेपाली-भाषानुवादसहित)
३६	वास्तु शास्त्र
३७	लिपि तालिका
३८	अनुपानमञ्जरी (प्रज्ञा नेपाली टीकासहिता)
३९	दङ्गीशरण (कथा)
४०	परातन्त्र
४१	प्रथम लगत (भाग-१,२)
४२	कालितत्त्व

राष्ट्रिय अभिलेखालयको अपिल र अनुरोध

राष्ट्रिय अभिलेखालय राष्ट्रिय महत्वका कागजपत्र र अभिलेखहरूलाई संरक्षण तथा व्यवस्थापन गर्न कानूनद्वारा स्थापित सरकारी निकाय हो । यहाँहरूको सङ्कलनमा रहेका हस्तलिखित पाण्डुलिपि, महत्वपूर्ण ग्रन्थहरू, लालमोहर, स्याहामोहर, सनद, सवाल र रुक्का लगायतका ऐतिहासिक महत्वका सामग्रीहरूको संरक्षण तथा व्यवस्थापनका लागि यस संस्थामा उपलब्ध गराइदिएर दस्तावेज संरक्षणमा सहयोग गर्नुहुन राष्ट्रिय अभिलेखालय सम्बन्धित सबैमा हार्दिक अपिल गर्दछ । साथै नेपाल सरकार अन्तर्गतका निकायहरू लगायत अन्य विभिन्न कार्यालयहरूमा रहेका पच्चीस वर्ष पुराना राष्ट्रिय महत्वका सङ्कलन (रेकर्डहरू) हामीलाई हस्तान्तरण गरी अभिलेख संरक्षण कार्यमा सहयोग गरिदिनुहुन सम्बन्धित सबै निकायहरूमा राष्ट्रिय अभिलेखालय हार्दिक अनुरोध गर्दछ ।

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
राष्ट्रिय अभिलेखालय
रामशाहपथ, काठमाडौं
फोन : ०१-४२००८५६ फ्याक्स नं : ९७७-०१-४२००८४८
Website : www.narchives.gov.np, Email : mail@narchives.gov.np

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection